सर्वोच्च अदालतको फैसला



# मूल्याङ्कन

मूल्य रु.१५/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क २१, भाद्र २०५१



## महान जुछे क्रान्तिकारीको मृत्यु

वभरिका कम्युनिष्टहरु यसरी भेला हुँदैछन्

र र दक्षिण कोरिया: एक तुलना

लीमा नसरीनको आँखामा लेनिन

साल-अन्तरिक्षका तीन प्रमुख घटनाहरु

## जापानको वर्तमान कम्युनिष्ट आन्दोलन

...ाभावी फालेको फोहरले
...ाई हानी गर्छ । त्यसैले
जथाभावी फोहर फाल्ने
कुलत नअपनाऔं ।



काठमाडौं
नगरपालिका

स्वच्छ सफा हराभरा स्वस्थ काठमाडौं



Mark of Quality
Leather Wings
for real walking pleasure

जहिले पनि जहाँ पनि सबैलाई हुने
अन्तर्राष्ट्रिय स्तरको लेदर विङ्सका जुत्ताहरू
सुपथ मूल्यमा ग्यारेण्टिका साथ धमाधम बिक्री हुँदैछ ।


"सित्तैमा"

आर्थिक वर्ष भित्र लेदरविङ्सका शोरुम भोटाहिटी कमलाक्षी गल्ली तथा पाटनढोका बसपार्क अगाडिबाट १८ जोर जुत्ता खरीद गरेमा एक जोर सित्तैमा प्रदान गरिने छ ।

अधिराज्यका सम्पूर्ण शहरहरूमा उपलब्ध छ ।

समय मै लेदर विङ्सका जुत्ता खरीद गरी ढुक्क हुनहोस् ।

कृपया लेदर विङ्सको छाप (लोगो) हेर्न नभुल्नु होला ।



लेदर विङ्स (प्रा०) लि०
पो. ब. नं. ७२४० बाँसबारी, रिंगरोड, काठमाण्डौं -३ फोन ४-११७२०

Leather Wings Leather Wings Leather Wings Leather Wings



नेबिको

नयाँ
आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, बचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल



# महान जुछे क्रान्तिकारीको मृत्यु

***किन त्यो मान्छेप्रति जनतामा यति धेरै प्रेम र श्रद्धा उर्लिरहेछ ?***

- स्व. क. किम इल सुंग र उत्तर कोरियाबारे विशेष सामग्रीहरू क रोहित र प्रा. माणिकलालका विचार र अनुभवहरु सहित
- उत्तर र दक्षिण कोरियाको तुलना

दक्षिण कोरियाका तानाशाहहरूलाई अमेरिकाले कसरी नचाइरहेको छ ?




## सर्वोच्च अदालतको कठघरामा उभिएको नेपाली राजनीति



## के नेपाली कांग्रेस लास-हरूको पार्टी हो ?

# *विश्वभरिका वामपन्थीहरु भेला हुँदैछन् !*

हालै ब्रुसेल्स, हलैण्ड र मेक्सिकोमा संपन्न विभिन्न वामपन्थी पार्टीहरूका भेला र छलफलहरूको ताजा विवरण १२

जापानी कम्युनिष्ट आन्दोलनका वर्तमान धारहरू

*चारलाखभन्दा बढी सदस्य संख्या भएको जापानी कम्युनिष्ट पार्टीको महाधिवेशनको झाँकी* १६

**पेरू, रूस र श्रीलंकाका ताजा घटनाहरू**

**हाम्रो मूल्यांकन**
नेपाल कतातिर ४
**घटना र प्रवृत्ति**
भारतीय हस्तक्षेप ८
क. रामवृक्ष यादवको हत्या ९
शिक्षक संगठन के गर्दैछ ? ९
नविनाको मृत्युमा एकेडेमी १०
**दृष्टिकोण**
पुच्छरवादको विकल्प ढोकाबन्दवाद हुन सक्दैन - प्रज्ञान रत्न १९
ढोकाबन्दवादबारे क. माओ २०
**उल्लेख्य**
तसलीमाको नजरमा लेनिन १८
**अनुभूति**
नेपालको साम्यवादी आन्दोलनको समस्या
- राजेन्द्र स्थापित २१
**नीति/संस्कृति**
हाम्रो आन्दोलनमा GOD र DOG
- चन्द्रदेव नेपाली १०
**पर्दा/रंगमंच**
"परिभाषा" फिल्म कस्तो छ ?
- हरिगोविन्द लुईटेल २३
कलाकार मणि थापासँग अन्तर्वार्ता २५
**साहित्य**
कथा : खगेन्द्र संग्रौला २२
लघु कथा : विवश वस्ती
**विज्ञान / प्रविधि** २७
गत तीन महिनाका चर्चित तीन विषयहरू
- डा. केदार खनाल २८
**अन्तर्क्रिया**
मूल्यांकनको संपादकीयबारे
- नीरब शेरचन ४३
**तपाईको प्रश्न, नेताको जवाफ**
- क. रोहितसँग ४५
**पाठकको कुरो** ४६

आवरण फोटो : क. किम इल सुंग / आवरण कला : आइडियल डिजाइनर्स / कलर स्क्यानिङ :- प्रिज्म कलर स्क्यानिङ, कुलेश्वर/ अन्य फोटोहरू : उषा तिवारी

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १२, पूर्णाङ्क २१
२०५१, भाद्र



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
खेलबहादुर महर्जन

**लेखा**
केदारमणि पोखरेल



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
नूसाल, फोछें, ख- २,२३७
काठमाडौं- २३
फोन २१३६९४
पोब नं. ३०२६


# नेपाल कतातिर ?

नेपाल अहिले फेरि तानाशाहीतन्त्रको अन्धकारमय खाडलतिर धकेलिँदैछ । यो यात्राको रथ कांग्रेसी शिर्षस्थ नेताहरू हाँक्दैछन् ।

कांग्रेसको ३ वर्षे शासन कालमा ३० वर्षे पञ्चायती शासन कालमा मारिएभन्दा तीन दोब्बर नेपाली नागरिकहरू मारिइसकेका छन् ।

टनकपुर, श्रम ऐन, कर्मचारी निष्काशन लगायत सर्वोच्चमा रीट परेका सबैजसो मुद्दामा गिरिजा सरकार नराम्ररी पराजित भएको छ । अदालतले उसलाई फटाहा, राष्ट्रघाती र संविधानमिचाहा प्रमाणित गरेको छ । यो प्रजातन्त्रवादी सरकार भएको भए राजीनामा दिनका लागि तीमध्ये कुनै पनि हार, नैतिकताको कारणवश, यथेष्ट छन् । तर गिरिजा सरकार यति निर्घिणी र प्रजातान्त्रिक नैतिकताको दृष्टिले दरिद्र छ कि उसको जुनसुकै अपराध अदालतबाट प्रमाणित होस्, उसलाई कुनै मतलव नै छैन ।

निरंकुशताको हद यति चुलीसम्म पुगिसकेको छ कि जुन कांग्रेस पार्टीले गिरिजालाई प्रधानमन्त्री बनाएको हो, त्यसैको सर्वाधिकार सम्पन्न केन्द्रीय समितिको बहुमतले उनको राजीनामा औपचारिक रूपमै मागिसक्यो । त्यसकै सर्वमान्य नेता, सभापति र महामन्त्रीले उनीउपर अविश्वास व्यक्त गरेर उनलाई अपदस्थ गर्नुपर्ने विचार सार्वजनिक रूपमा व्यक्त गरिसके । हजारौं कांग्रेसी कार्यकर्ताहरू देशव्यापी रूपमा यही माग गर्दै सडकमा उत्रिसके । तर गिरिजाको हिटलरी प्रवृत्ति कति बढिसकेको छ भने उनी पार्टीको कुनै निर्णय मान्नै तयार छैनन् ।

गएको असारको पछिल्लो हप्तामा पुग्दा उनीउपर संसदको बहुमतको पनि विश्वास बाँकी रहेन, जसको आधारमा कुनै पनि व्यक्ति प्रधानमन्त्री भएको हुन्छ । संसदको बहुमतले राजाले बाँची सुनाएको उनको सरकारी नीति र कार्यक्रमलाई अस्वीकृत गरेर उनीउपर संसदको बहुमतको विश्वास नभएको कुरो प्रष्टै जाहेर गयो । उनकै पार्टीका ३६ जना सांसदहरूले यस मामलामा साथ दिए । यो स्थिति भएपछि संसदीय व्यवस्थामा गिरिजालाई एक मिनेट पनि सत्तामा बस्ने हक थिएन । गिरिजाले राजीनामा दिनु त करै लाग्यो । तर राजीनामाको साथ-साथ संसदको बहुमतको विश्वास गुमाइसकेका उनले सार्वभौम संसदलाई भंग गर्नसमेत सिफारिश गरे, जसलाई स्वार्थवश राजाले तुरून्तै स्वीकार गरे । निरंकुशतन्त्रको यो भन्दा आदर्श नमूना अरू के हुन सक्छ ?

अहिले सम्पूर्ण सार्वभौम नेपाली जनता गिरिजाको सत्ताच्यूतको र संसदको पुनर्स्थापनाको माग गर्दै सडकमा छ । संसदको बहुमत सदस्यले (१०५ सदस्यले) यही लिखित माग गरेका छन् । तर गिरिजा सरकार सबैलाई टेरिरहेको छैन ।

गिरिजा न अदालत र कानूनको नियन्त्रणमा, न संसदको नियन्त्रणमा, न जनताको नियन्त्रणमा, न आफ्नै पार्टीको नियन्त्रणमा छन् । आखिर गिरिजा सरकार कसको नियन्त्रणमा छ त ?


गिरिजाको निरंकुश प्रवृत्तिलाई अदालतले दण्डित गर्दा पनि कांग्रेस पार्टीमा भने यस निरंकुश प्रवृत्तिको विरोध त हुन्छ, तर जब निर्णायक घडी आउँछ, भारतीय र पश्चिमाली साम्राज्यवादको निर्देशनमा, हरेक पटक गिरिजाकै निरंकुश प्रवृत्ति झन् बलियो हुने पक्षमा निर्णय हुने गरिरहेको छ । उनीहरूकै आदेशमा भट्टराई हमेशा र हरेक पटक गिरिजाको निरंकुशतन्त्रका बाहन र रक्षक भइरहेछन् ।

संयुक्त वाम शक्तिको अगुवाइमा नेपाली जनता डटेर यो निरंकुशतन्त्रको विरूद्धमा सडकमा उत्रने गरिरहेको छ । हरेक पटक अत्यन्त व्यापक र प्रभावकारी जनआन्दोलनको उभार उठ्ने गरेको छ । तर जब निर्णायक घडी आउँछ, साम्राज्यवादीहरूको महायोजनाअनुसार भट्टराई त्यसमा फुट र शिथिलता ल्याउन अर्घेल्याइँ गर्छन् । त्यो महाजालमा हरेक पटक वामपन्थी नेतृत्व फँस्ने, अल्झने गरिरहेको छ । जो अल्झिन चाहन्नन्, उनीहरूले पनि आन्दोलनलाई हाँकेर सफलताको चुलितिर अघि लान सकेको देखिएको छैन । यसरी एउटा कुचक्रमा नेपालको प्रजातान्त्रिक आन्दोलन फँसिरहेछ । यसपटक पनि त्यस्तै भयो । अब यो निरंकुशतन्त्रलाई रोक्ने कसले ?

जनताको भरोसा वामपन्थी नेतृत्वमाथि नै छ । तर उनीहरू यो साम्राज्यवादी महाजाललाई ठम्याएर, त्यसमा पटकै नफँसिकन, स्वतन्त्र रूपमा निरंकुशतन्त्र विरोधी प्रजातान्त्रिक आन्दोलनलाई सफलताको चुलीसम्म हाँकेर लैजान कहिले समर्थ होलान् ? प्रतीक्षा त्यसैको छ । अन्यथा, ढीलो चाँडोको कुरा मात्र हो, नेपालमा कुनै पनि बेला एकदलीय निरंकुशतन्त्रको सार्वजनिक घोषणा हुन संभव छ । हाल त्यही दिशामा नेपाल लम्कँदै छ ।

❑❑

कला सहयोग : संघराम महर्जन, दिलीप महर्जन / कम्प्युटर : **नेप्युटर**, बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार, फोन नं. २२५९५४



# अदालतको कठघरामा उभिएको नेपाली राजनीति

***अहिलेसम्मको कुनै पनि मुद्दामा सर्वोच्चमा सरकार जितेको छैन । टनकपुर, कर्मचारी निस्काशन, श्रम ऐन लगायत सबै जसो मुद्दामा ऊ त्यहाँ पराजित भएको छ । सरकार नै अपराधी सावित भएको छ ।***

*गिरिजा संसदीय व्यवस्था भित्रैबाट जंगबहादर बन्न चाहन्छन् । साम्राज्यवादीहरू आफ्नो सबैभन्दा इमान्दार र दृढ दलालका रूपमा गिरिजालाई सत्तामा राखिराख्न चाहन्छन् । दरबार यही बेलामा धमिलो पानीमा माछा मार्न चाहन्छ ।*

नेपालको सत्ता शक्तिको अहिलेको यथार्थ यस्तो छ । अहिले सारा राजनीतिक घटनाक्रमहरू यही दिशामा घटिरहेका छन् ।

यथार्थको अर्को पाटो पनि छ र त्यो जनताको पाटो हो । नेपाली जनता निरंकुशतन्त्रको र अन्याय-तन्त्रको अन्त चाहन्छ, चाहे त्यो दरबारको होस् वा बालुवाटारको, पुरानो जंगबहादुरको होस् वा नयाँ जंगबहादुरको । यस अन्तको लागि भएको प्रत्येक आन्दोलनमा र हालैको आषाढ २६ यताको आन्दोलनमा समेत ऊ ज्यू-ज्यान अर्पेर उत्रेको छ । फेरि उत्रन तयार छ ।

हरेक आन्दोलनले भरोसिलो अगुवा खोज्छ । जब त्यसले त्यो भेट्छ, आन्दोलनमा अपार उर्जा सञ्चार हुन्छ । गिरिजा प्रवृत्तिले लादेको निरंकुशतन्त्र र अन्याय-तन्त्र विरोधी अहिलेको जनआन्दोलनमा पनि जनताले खोजेको भरोसिलो अगुवा नै हो ।

उनीहरूको भरोसाको केन्द्र संयुक्त वाम शक्ति नै थियो र छ । वाम शक्तिको सवलता केमा देखिएको छ भने निरंकुशतन्त्र र अन्याय-तन्त्र विरोधी हरेक आन्दोलनमा ऊ जनतासँगै मैदानमा होम्मिन्छ । संयुक्त वामपन्थी शक्तिको नेतृत्व पाएर आम जनताहरू शक्ति बोध गर्छन् र ज्यान फालेर मैदानमा उत्रन्छन् । तर यो शक्तिको दुर्वलता केमा देखिएको छ भने आन्दोलनले जब निर्णायक उच्चाइ लिन्छ, जनताका दुश्मनहरू आन्दोलनमा फाटो ल्याउन वा त्यसमा चिसो पानी खन्याउन महाजाल बुन्छन् र यो शक्ति पटक-पटक त्यही महाजालमा फँस्ने गरिरहेको छ । फँसेर चेतेको छैन । जो महाजाल चिन्दछन्, उनीहरूमा चाहिँ यो हुर्मत देखिएको छैन कि उनीहरू त्यो स्थितिलाई चिरेर आन्दोलनलाई फेरि निर्णायक उँच्चाइतिर डोऱ्याउन् ।

### विशिष्ट स्थिति र महाभूल

राजाले गिरिजाको गैरसंवैधानिक सिफारिसमा प्रतिनिधि सभा भंग गरिसकेपछिको यही आन्दोलनमा पनि यस्तै भयो । २७ गते रातिको दरबारको यसबारेको विज्ञप्ति सुनिसकेपछि आम जनताहरू मध्य रातदेखि नै सडकमा उत्रिए । विरोध प्रदर्शन, आमसभा, पुतला जलाउने कार्यक्रम र मशाल जुलूस हुँदै श्रावण ५ गतेको एक दिने नेपाल-बन्द कार्यक्रम र ९, १०, ११ को तीन दिने नेपाल-बन्द कार्यक्रमसम्म आई पुग्दा संयुक्त वाम शक्तिको अगुवाईमा देशका सबै शहरी क्षेत्रमा जनआन्दोलन वार कि पारको स्थितिमा पुगिसकेको थियो । दरबार र गिरिजा गुटविरुद्ध देशका सबैजसो प्रजातान्त्रिक शक्तिहरू र तब्काहरू संयुक्त वाम शक्तिको वरपर जम्मा भइसकेका थिए । सत्तारूढ पार्टी नेपाली कांग्रेसभित्रै आन्दोलनको पक्षमा व्यापक फूट देखा परिसकेको थियो । गणेशमान, निधिहरू खुलेर वाम आन्दोलनको समर्थनमा आइसकेको स्थिति थियो । कांग्रेसी सांसद लगायत १०५ जना सांसदले प्रतिनिधिसभाकै पुन-स्थापनाको माग राजासमक्ष गरिसकेका थिए । शक्ति ध्रुवीकरणको यो एउटा विशिष्ट स्थिति थियो । ४६ साल यता पहिलो पटक गिरिजा गूट सबैतिरबाट एक्लिएको र दरबार चारैतिरबाट निन्दित भएको स्थिति थियो ।

यो निर्णायक स्थितिमा सही कार्यनीति हुन्थ्यो- अरू निर्णायक संघर्षका रुप र कार्यक्रमको तयारी र एकतावद्ध हुन तयार सबै शक्तिलाई गोलबन्द गर्ने काम, सांसदहरूको संसद पुनर्स्थापनाको संघर्षलाई अरू उच्चाईमा सडकमा ल्याउने काम । रामराजाप्रसाद सिंहले त्यतिखेर अब सांसदहरूले टुँडीखेलमा संसद चलाउन आँट गर्नुपर्छ भनेर ठीकै कुरा औंल्याउनु भएको थियो । संघर्षको यो एउटा आँटिलो र सशक्त रुप हुन संभव थियो ।

यस्तो संगीन स्थितिमा साम्राज्यवादीहरूले भट्टराईमार्फत एउटा कुटील चाल चले-चुलिँदो आन्दोलनमा चीसो पानी खन्याउनका लागि । त्यो हो- त्यतिखेरको संघर्षको सबैभन्दा उच्च कार्यक्रम ९, १०, ११ गतेको तीन दिने नेपाल बनद फिर्ता लिने शर्तमा-भट्टराई पक्ष साउन १४ गते वामशक्तिसित एउटा संयुक्त आमसभामा सामेल हुने बचन ।

गिरिजालाई ढाल्नै चाहेको भए आम जनसमर्थन प्राप्त संघर्षको त्यो उन्नत कार्यक्रम फिर्ता गराउन भट्टराई किन उद्यत हुन्छन् ? अनि संघर्षको कार्यक्रम किन आमसभा मात्रै र त्यो पनि एक हप्तापछि- १४ गते मात्र ? पटक-पटक भट्टराईले थाङ्नामा सुताएको महशूस आम जनताले गरिरहेको स्थितिमा उनै भट्टराईको अनुरोधमा एघारौं घडीमा संघर्षको सबैभन्दा सशक्त कार्यक्रम



वाम नेतृत्व आफैं निर्णायक आन्दोलन गर्न तयार छैन ?



संघर्षमा जनताको विशाल सहभागिता

फिर्ता लिँदा आन्दोलनकारी जनतामा के मनोभाव पैदा हुन्छ ? यी कुनै पनि कुरा विचार नगरीकन संयुक्त वाम शक्तिमध्येको प्रमुख वामशक्ति आन्दोलनको कार्यक्रम पूरै फिर्ता लिन तयार भयो । अरूको आग्रहमा वल्लतल्ल एक दिने नेपाल बन्द कार्यक्रमसम्म कायम राखियो ।

साउन १२ गते पुग्दा के प्रष्ट भयो भने भट्टराईले १५ गतेको संयुक्त आमसभा गिरिजासित मोलतोल मिलाउनका निम्ति धम्की-अस्त्रका रूपमा मात्र फ्याँकेका रहेछन् । ७ दिनको ग्याप मोलतोलका निम्ति चाहिने आवश्यक समयका लागि रहेछ । अन्ततः भट्टराईले साम्राज्यादीहरूको निर्देशनमा कम्युनिष्टलाई फाइदा पुग्छ भन्ने नाममा- गिरिजाका सारा तानाशाही र अनैतिक काम कार्वाहीलाई सकारे, राष्ट्रिय स्वाधीनता र प्रजातन्त्रमाथिको टडकारो खतरालाई भुले र गिरिजा प्रवृत्तिसित एकता गरे- अब तीनै नेता चुनाव नलड्ने शर्तमा । मानौं, तीन नेताले चुनाव नलडेपछि राष्ट्रियता, प्रजातन्त्र र नैतिकताका सारा लडाइँ सिद्धिए ! सारा समस्या समाधान भो ! अब गिरिजा प्रवृत्तिको विरुद्ध संघर्ष गर्नुपर्ने जरुरत नै रहेन ! गर्न त यी सबै भट्टराईले कम्युनिष्ट-भयले धूर्तताकासाथ गरे । तर यो आफ्नै स्वार्थका हिसाबले पनि उनको जीवनको सबैभन्दा ठूलो भूल थियो ।

यो घटनाले जनताको क्रान्तिकारी उत्साहमा तुरुन्तै चीसो पानी खन्यायो । आन्दोलनको नेतृत्वप्रति जनतामा भरोसा नै जाग्न सकेन । उँचाईमा पुगिसकेको आन्दोलनको उभार ओह्रालो लाग्यो । सम्पूर्ण जनताको आशा र विश्वासको केन्द्र पहिले सडकको जनआन्दोलन भइरहेको थियो, अब त्यो सर्वोच्च अदालत हुन थाल्यो ।

उता दरबारलाई पनि आफ्नो असंवैधानिक निर्णय सच्याउन बाध्य हुने खालको जनदवावको स्थिति सिर्जना भइरहेको थियो । उसको त्यो खड्को पनि टर्‍यो । खड्को गिरिजागुटको पनि टरेको छ । कांग्रेसमा गिरिजा गुट सबैभन्दा मजबूत र चक्रवर्ती हुन थालेको छ । अब त पुनर्गठन पछि केन्द्रीय कर्यसमितिमा समेत उसको बलवान स्थिति बनेको छ । अब कांग्रेस भन्नु नै गिरिजा र गिरिजा भन्नु नै कांग्रेस भएको छ । तानाशाही विरोधी गणेशमान प्रवृत्ति जो कांग्रेसमा वलवान भइरहेको थियो, अब त्यो कमजोर भएको छ ।

आखिर एउटा महाभूलले समग्र स्थितिमा कति ठूलो परिवर्तन ल्याउँछ ? त्यो यस घटनाबाट देखिएको छ ।

गिरिजा प्रवृत्तिविरुद्ध लडिरहेको कांग्रेसी शक्तिलाई वामशक्तिले एकताबद्ध गर्न खोज्नैपर्थ्यो, यो त नितान्त जरुरी कुरो थियो । तर वामशक्तिले निर्णायक स्थितिमा पुगिसकेको उर्लंदो जनआन्दोलन शिथिल हुने गरेर चाहिँ एकता खोज्नु हुनुहुन्थ्यो ।

कृष्णप्रसाद भट्टराईले पनि आफ्नै व्यक्तित्वलाई समेत क्षतविक्षत पार्ने गरी भूल गरेको कुरालाई पनि यहाँनेर हामीले उल्लेख गर्नैपर्छ । भट्टराईको महाभूल चाहिँ कम्युनिष्टलाई फाइदा पुग्छ भन्ने नाममा गिरिजा प्रवृत्तिसमक्ष त्वम् शरणम गर्नुमा भएको थियो ।

सिंगै नेपाल अहिले यी दुई परिणामले ल्याएको पीडा भोग्दैछ । कोही गिरिजा चाहँदैन, तर हावी गिरिजा नै भईरहेछ । भट्टराई आफैं अस्तित्वको चरम संकट भोगिरहेछन् ।

कथित "एकता" को लगत्तैपछि नै गिरिजाको "हनुमान भेला" मा भट्टराईले जिन्दगीमा सबैभन्दा बेइज्जतीपूर्ण र लामो हुटिङ खाए ।

**आ**खिर यो महाभूल किन भइरहेछ त ? किन वामशक्ति पनि बारम्बार प्रत्येक आन्दोलनको निर्णायक घडीमा महाभूल गरिरहेछ ?

कांग्रेसी महाभूलका पछाडि उनीहरूको विदेशी साम्राज्यवादी शक्तिप्रतिको अत्याधिक निर्भरता र आफ्नो स्वतन्त्र अडानको अभाव नै मुख्य कारणको रुपमा देखिएको छ । गिरिजा प्रवृत्तिविरुद्ध उनीहरू लड्छन् । तर जब निर्णायक घडी आउँछ, विमलप्रसाद र अमेरिकी कूटनीतिज्ञहरूका निर्देशनलाई उनीहरू टाँड्न सक्दैनन् । उनीहरू-को निर्देशन हुन्छ- राष्ट्रियता, प्रजातन्त्र, नैतिकता सारा भर्सेलोमा परे परोस्, तर कम्युनिष्टलाई चाहिं कदापि फाइदा पुग्नु हुँदैन ।

त्यसैले मतभेद थाँती राख, र गिरिजालाई बलियो पार ।

यता वाम खेमाको महाभूलका पछाडि भने- सत्ता अन्धता र त्यसले पैदा गरेको जनताको शक्ति र आन्दोलनप्रति अभरोसा र अवमूल्यन मुख्य कारणका रुपमा देखिएको छ । जसरी पनि र जे भए पनि चुनावमा जानु पर्छ, र जान सकेमा सरकार हाम्रो हुन्छ- यही मनोदशाले गर्दा उर्लंदो जन आन्दोलनप्रति भरोसा होइन, भय पैदा हुने गरिरहेछ । त्यसैले निर्णायक जनआन्दोलनलाई बीचैमा अर्घेलो पारेर पनि चुनावमै कुद्ने हतारो पैदा भइरहेछ ।

दुबै कारणहरूले अन्ततः देशमा गिरिजाकै निरंकुशतन्त्र र अन्याय-तन्त्रलाई दीगो र बलियो पार्न हरेक पटक मद्दत गरिरहेछ । ४८ सालमा यस्तै भयो । पोहोर पनि यस्तै भयो र, यस वर्ष पनि ।

**आ**न्दोलन अहिले पनि चलिरहेछ । जन-सहभागिता अहिले पनि व्यापक छ । ३० गते र भाद्र १ गतेको नेपालबन्द कार्यक्रमले त्यो प्रष्टै देखाएको छ । भाद्र ३ गते काठमाडौंको धर्नाको कार्यक्रममा पुलीसले पक्रेर लगेका वाम नेताहरूलाई र कार्यकर्ताहरूलाई आम जनताले पुलीस क्लबबाटै खोसेर बाहिर निकाले । भाद्र ७ गतेको जुलुस प्रदर्शन पनि जतातते सफल भएको खबर छ । यसले देखाएको छ- जनताहरू अहिले पनि निर्णायक आन्दोलन चाहन्छन् । लक्ष्यमा हरदम दृढ, सजग र सुस्पष्ट भएको नेतृत्व पाउन चाहन्छन् । तर समस्या के भएको छ भने वाम नेतृत्व आफैं निर्णायक आन्दोलन गर्न तयार छैन । जो तयार छ, उसित ल्याकत छैन ।

वाम आन्दोलनमा एक थरि जुझारु प्रवृत्ति अस्तित्वमा छ । तर उसलाई तात्कालीन घटनाक्रमको सूक्ष्म सूक्ष्म टेढोमेढो विकासप्रति कुनै सरोकार नै छैन । खालि सीधा र स्थूल स्थूल सवालमा मात्र उसको चासो छ । त्यसैले त्यो जुझारु शक्ति भएर पनि दिनानुदिनको जनताको आन्दोलनलाई नेतृत्व गर्न सक्ने हालतमा छैन । फगत दूर-दराजको कुरा मात्र उठाएर उसले आन्दोलनकारी उर्जा खेर फालिरहेछ ।

त्यसैले, आन्दोलन जारी छ, तर त्यसले फल ल्याउने हिसाबले विकास गरिरहेको छैन ।

### सर्वोच्च अदालतको कठघरामा

यस्तो स्थिति हुनाले अब सार्वभौम जनताको सडकको आन्दोलनबाट मामला सर्वोच्च अदालतको कठघरामा उभिन पुगेको छ । सबैका आँखा उतैतिर तानिएका छन् । यो पंक्ति लेख्दासम्म पनि अदालतमा बहस जारी छ । फैसला भएको छैन ।

जनताहरू आशा गरिरहेछन्- निर्णय प्रजातन्त्र र जनताको पक्षमा नै हुनेछ । उता साम्राज्यवादीहरू पनि छन्, उनीहरू निस्क्रिय छैनन् । निर्णयका प्रत्येक पाइलामा उनीहरू आँखा लगाएर बसिरहेछन् ।

सर्वोच्चले के गर्ला ? त्यो अहिले भन्न सकिने स्थिति छैन । तर अहिलेसम्मको कुनै पनि मुद्दामा सर्वोच्चमा सरकार जितेको छैन । टनकपुर, कर्मचारी निस्काशन, श्रम ऐन लगायत सबै जसो मुद्दामा ऊ त्यहाँ पराजित भएको छ । सरकार नै अपराधी सावित भएको छ ।

**बाँकी ८ पेजमा**



सरकारी दमनको प्रतिरोध !




# के नेपाली कांग्रेस लासहरूको जमघट हो ?

***ग**णेशमान स्वयंले बताएका छन्- "गिरिजा बाबु सत्तामा आएपछि नैतिकता र सिद्धान्तलाई तिलाञ्जली दिएर निस्प्राण बनाइएको ने.का. पार्टीलाई साउन १२ गतेको निर्णयले आगो लगाउने काम गरेको छ ।"*

गिरिजाको जनद्रोह र राष्ट्रद्रोही एवं अन्तरघाती चरित्रका कारण असन्तुष्ट रहेका प्रजातान्त्रिक मूल्य मान्यताका पक्षधर, गिरिजा प्रवृत्तिविरोधी कांग्रेसहरू आखिरमा आफ्ना नेता गणेशमानको विमारी र सांगठनिक कमजोरीका कारण र कृष्णप्रसाद भट्टराईको धूर्त र घुँडाटेकुवा प्रवृत्तिका कारण नराम्ररी एक्लिएका र पछारिएका छन् । गिरिजा गुट पार्टीबाहिर र भित्र दुबैतिर उन्मत्त र निरंकुश भएर आएको छ । पार्टी, पार्टीको कार्यक्रम र सिद्धान्त, विधान, पार्टीकर्मीहरू र जनतासँग यसले कुनै उत्तरदायित्व वहन गरीरहको छैन । सबै निरंकुश र भ्रष्ट तत्वहरू गिरिजाको वरपर जम्मा भएका छन् । गिरिजागुट भन्नु नै निरंकुशतन्त्र र विदेशी दलाल एवं अनैतिकतन्त्रको मुख्य अड्डा भएको छ ।

दुःखको कुरा, यतिखेर प्रजातन्त्र, ने.का. को सिद्धान्त, पार्टी विधान र नैतिकताको कुरा उठाएर गिरिजासँग डटेर लड्ने व्यक्तिहरू गणेशमान बाहेक कांग्रेसमा कोही पनि देखिएका छैनन् । गणेशमानले भने जस्तै ने.का. अब लासहरूको वा लास जलेर बनेको खरानीहरूको पार्टी बन्न पुगेको छ ।

कांग्रेसमा अहिले प्रष्टै रुपमा तीन वटा प्रवृत्ति देखा परेको छ । एउटा, निरंकुश, राष्ट्रघाती र अनैतिक प्रवृत्ति, जसको नेतृत्व गिरिजा आफैंले गरिरहेछन् । अर्को, प्रजातन्त्र र नैतिकताको पक्षमा अलिकता भए पनि संघर्ष गर्ने प्रवृत्ति, जसको नेतृत्व गणेशमानले गरेका छन् । र तेस्रो, दुईको बीचको ढुलमुल भइरहने, अन्तत : घुँडा टेक्ने आत्म-समर्पणवादी प्रवृत्ति, जसको नेतृत्व कृष्णप्रसादले गरिरहेका छन् । सबै घटनाक्रममा निर्णायक घडीमा तेस्रो प्रवृत्ति जहिले पनि गिरिजा प्रवृत्तिको रक्षक र सहायक भएको इतिहास छ ।

साउन १२ गते ने.का. केन्द्रीय कार्य समितिको बैठकले हल गर्नु पर्ने मुख्य मुद्दा थियो- गिरिजाको अनैतिक र निरंकुश प्रवृत्ति कसरी रोक्ने र अप्रजातान्त्रिक र असंबैधानिक रुपले आफ्नै पार्टीको सहमति समेत नलिई उनको सिफारिसमा भएको संसद विघटनको सवाललाई कसरी हल गर्ने ? तर बैठकले त्यो बारेमा छलफल सम्म गरेन, यसले सर्वसम्मतिले निर्णय गर्‍यो- "अब गिरिजा, भट्टराई, र महेन्द्र नारायण निधिले चुनाव लड्ने छैनन् ।"

यसपछि जनतालाई बताइयो- यो ऐतिहासिक निर्णय हो र यसले पार्टी एकता कायम गर्ने छ । गम्भीर समस्या एउटा छ, तर समाधान दिइयो- त्यससँग असंबन्धित ! र पनि जनतालाई बुद्धू भेंडा सरह ठानेर प्रचार गरियो- यो बडो ठूलो र महत्वपूर्ण निर्णय गरियो भनेर ।

यो एकताले छर्लंगै देखाएको छ- कांग्रेसभित्र जो अन्तर्गवरोध चर्केको छ, यो सारमा गिरिजा प्रवृत्तिका विरुद्धमा छैन । यो प्रजातान्त्रिक र नैतिक मूल्यको स्थापनाको लागि भइरहेको लडाइँ हैन । नत्र प्रजातन्त्र र नैतिकताको सारा मुद्दालाई थाँती राखेर, गिरिजा प्रवृत्तिलाई झन् बलवान हुने मौका प्रदान गर्दै कसरी "एकता" कायम हुन सक्छ ? के तीन नेताले चुनाव नलड्ने निर्णय गर्दैमा गिरिजा प्रवृत्तिले ल्याएको गंभीर समस्या हल हुन्छ ? के निरंकुश र अनैतिक प्रवृत्ति यसबाट नियन्त्रित हुन्छ ?

झगडा गिरिजा प्रवृत्तिलाई लिएर होइन, गिरिजालाई लिएर भएको थियो । अन्तरविरोध स्वार्थ बाझेकाले मात्र भएको थियो, सिद्धान्त र नैतिक मूल्य बाझेकाले होइन । त्यही कारणले गिरिजा प्रवृत्तिलाई फेरि फुक्काफाल छोड्ने गरी पार्टी "एकता" संभव हुन सक्यो- फगत चुनाव नलड्ने शर्तका आधारमा, गिरिजा जस्तो अनैतिक प्रवृत्तिको अगुवाले त्यो चुनाव नलड्ने निर्णयलाई नै भविष्यमा कति पालना गर्लान् भन्ने कुरामा नै विचार नपुर्‍याईकन ।

सो "एकता"को निर्णयले जम्मामा गिरिजा प्रवृत्तिलाई अरु नियन्त्रणहीन पारेको छ । गिरिजा प्रवृत्ति अरु दीगो र सुदृढ भएको छ ।

जनतालाई र देशको मूल समस्यालाई रत्तिभर पनि नगन्ने यो नौटंकीपूर्ण निर्णयपछि ने.का. भित्र अनौठा उतार-चढावहरू आए । आफ्नो पक्षको बहुमत भएको केन्द्रीय समितिलाई गिरिजाको र गिरिजाको हनुमान भेलाको दवावमा कृष्णप्रसाद भट्टराईले भंग गर्न बाध्य हुनु पर्‍यो । आफ्ना पक्षका मान्छेहरू नै घटाई गिरिजाको पक्षलाई झण्डै बराबरी संख्यामा ल्याउने गरी पुनर्गठन गरियो । गिरिजालाई अब मन्त्रीमण्डल पुनर्गठन गर्ने दवाव भट्टराईले दिंदैछन् । तर, गिरिजाले भने त्यसलाई लत्याएर हिडिंरहेका छन् । चुनावी टिकट बाँड्ने "संसदीय बोर्ड" मा पनि अब गिरिजा आफ्ना मान्छे ल्याउन भट्टराईलाई दवाव दिंदैछन् ।

यसैबीच, साउन १४ गते गिरिजा पक्षले काठमाडौंमा आफ्ना "हनुमानहरू" को बृहद भेला गरेर गणेशमान, भट्टराई, निधि पक्षको विरोधमा गिरिजाको "जयजयकार" गरायो । त्यसको केही दिनपछि गणेशमानका छोरा प्रकाशमानको काठमाडौं जिल्ला ने.का. समितिले अर्को पक्षको भेला बोलायो ।

यी दुई भेलाहरूमा फरक के देखिन्थ्यो भने- गिरिजापक्षको भेलाले गिरिजाको छत्रछायाँमा आफूले देश लुट्न नछोड्ने "दृढता" प्रदर्शन गर्‍यो । तर अर्को पक्षको भेलाले गिरिजाको त्यस प्रवृत्तिको सैद्धान्तिक वा नैतिक स्तरमा विरोध गर्ने दृढता देखाउन सकेन । "पार्टी एक हुनुपर्छ, तीन जना नेताले चुनाव नलड्ने भनेको कुरा पालना हुनु पर्छ" भन्ने वृत्तमै यो भेला टुंगियो ।

निरंकुश र अनैतिक गिरिजा गुटप्रतिको यो नरम नीतिले प्रष्ट गर्दथ्यो कि साँच्चै नेपाली कांग्रेसमा अब घोषित सिद्धान्त र नैतिकताकै पक्षमा दृढ भएर उभिने कोही छैनन् ।

गिरिजा विरोधीहरू यतिखेर बाहिर ठूलै विरोध गर्ने, तर भित्र र ऐन मौकामा चाहिं "रुझेको बिरालो" जस्तो बन्ने गरिरहेछन् । सबैभन्दा धूर्त र बेढंगानको अडान बोक्ने व्यक्ति कृष्णप्रसाद भट्टराई भएका छन् । वास्तवमा, कृष्णप्रसाद भट्टराई भनेका साम्राज्यवादी शक्ति र गिरिजाका लाचार छाँया मात्र हुन् भन्ने कुरा उनका हालका व्यवहारहरूले प्रष्ट देखाएका छन् ।

अहिले आएर प्रस्तावित मध्यावधि चुनावका लागि ने.का. का साथै ने.का. कै यी दुई गुटहरूको पृष्ठपोषणमा ने.का. वि.पी. वादीको नाममा दुई पार्टीहरू र सुवर्ण सम्सेरको नाममा एक पार्टी समेत गरी निर्वाचन आयोगमा कांग्रेसको नाममा ८-९ वटा पार्टीहरू दर्ता भएका छन् । यसले ने.का. भित्रको फूटको स्थितिको र फूटलाई गैर सैद्धान्तिक "मेलमिलाप" र मोलतोलद्वारा हल गर्न खोज्ने प्रवृत्तिको झल्को दिइरहेको छ ।

कांग्रेसी-विवादको सन्दर्भमा देखा परेको अर्को ठूलो र गंभीर प्रवृत्ति हो- यसको विदेशपरस्त प्रवृत्ति । भारतीय राजदूत विमलप्रसादको र अमेरिकी राजदूतको ठाडो हस्तक्षेपद्वारा र अन्य साम्राज्यवादीहरूको दवावद्वारा देशभित्रको र पार्टीभित्रको नीति तय गर्ने खतरनाक खेल नेपाली कांग्रेस खेल्दैछ । यी विदेशी शक्तिहरूसँगको साँठगाँठमा देशभित्रका देशभक्त वामपन्थी शक्तिहरूलाई "जसरी पनि अगाडि बढ्न नदिने" नियत बोकेर ने.का. अहिले आफ्ना सारा कामकार्वाही गर्दैछ ।

हालैको पार्टी एकता पनि विदेशी साम्राज्यवादी शक्तिहरूद्वारा नै निर्देशित देखिएको छ । र, त्यो पनि कम्युनिष्टले फाइदा उठाउन नपाओस् भन्ने नाममा । प्रजातन्त्र मरे पनि हुन्छ । नैतिकता रसातलमा पुगे पनि ठीकै छ । जनताको हितको कुरा निमिट्यान्न भए पनि केही छैन । तर कम्युनिष्टलाई चाहिं बलियो हुन दिनु हुन्न । साम्राज्यवादीहरू अहिले त्यही निर्देशन जारी गरिरहेछन् । ने.का. त्यही हुकुमको तावेदारी गर्दैछ ।

वामपन्थीहरूलाई फाइदा पुग्न दिनु हुन्न, बलियो हुन दिनु हुन्न भन्ने नाममा यसरी नै इमान्दार कांग्रेसहरू गिरिजा प्रवृत्तिलाई छूट दिईरहन्छन्, अनैतिक र निरंकुश प्रवृत्तिलाई बाँच्ने, मौलाउने मौका दिईरहन्छन् भने उनीहरूले हुर्काएको गोमन साँपले उनीहरूलाई नै पनि डस्ने पक्का छ । किनभने यो देशमा, यो धर्तीमा कसैले चाहँदैमा कम्युनिष्टहरू नष्ट हुनेवाला छैनन् ।

न्याय र सत्यको पक्षमा, देश र जनताको पक्षमा डटेर लड्ने कम्युनिष्ट नै हुन् । प्रजातन्त्र र नैतिकताको पक्षमा



भारतीय हस्तक्षेपको श्रृंखला

दृढतापूर्वक लड्ने कम्युनिष्टहरू नै हुन् । यो लडुञ्जेल चीर पर्यन्त उनीहरू यस धर्तीमा रहीरहने छन् । उनीहरू अस्तित्वमा हुञ्जेल कांग्रेसभित्र गिरिजाप्रवृत्तिलाई फुक्काफाल छाड्ने हो भने, हमेशाको लागि त्यो छोडिरहनु पर्ने स्थिति हुनेछ । स्थिति अन्ततः यस्तो आउनेछ कि गिरिजा प्रवृत्तिले अरु कुनै प्रवृत्तिलाई पार्टीभित्र बाँच्न दिने छैन । या त त्वम् शरणम् या सफाई, दुई मध्ये एउटा छान्नै पर्ने स्थिति आउने छ । त्यो स्थिति अहिले नै आउन थालिसकेको छ ।

त्यसैले कांग्रेसभित्र बाँकी रहेका सबै इमान्दार र नैतिकवान प्रजातन्त्रवादीहरूले निधार खुम्च्याएर सोच्नु पर्ने जरुरी छ- कम्युनिष्टलाई फाइदा पुग्छ भन्ने नाममा उनीहरूले गिरिजा प्रवृत्तिलाई जुन छूट दिईरहेका छन्- त्यसले जम्मामा कुन प्रवृत्तिलाई बलियो हुने मौका दिइरहेको छ ? र यो छूट उनीहरूले कतिञ्जेल दिन सक्लान् ? कम्युनिष्ट यो धर्तीमा बाँकी रहेसम्म ? - त्यो भनेको कहिलेसम्म ? उनीहरूले छनौट गर्न जरुरी छ- प्रजातन्त्र र नैतिकताको पक्षमा डटेर लडिरहेका नेपाली कम्युनिष्टहरूसित एकताबद्ध भएर प्रजातन्त्र र नैतिकताको रक्षा गर्न सकिन्छ कि गिरिजा प्रवृत्तिसमक्ष आत्मसमर्पण गरेर ? ❑

# नेपाल-भारत सीमा बन्द गर्नु पर्छ

*नेपाललाई आफ्नै कुनै राज्य जत्तिको पनि महत्व नदिई मिचाहा र हेपाहा नीति लिंदै आएको भारतीय विस्तारवादले हालैका समयहरूमा आएर नेपालमा आफ्नो ठाडो हस्तपक्षेप-अभियानलाई तीब्र पारेको देखिएको छ । गत चैत्रको वानेश्वर काण्डपछि नेपालगञ्ज, नवलपरासी, पुनः वानेश्वर, पुनः नेपालगञ्ज र तौलिहवामा खुला रुपले भारतीय प्रहरीहरू नेपाल पसिरहेछन् ।*

*भारतको आफ्नै एक राज्यबाट अर्को राज्यमा समेत पुलीस प्रवेश गर्न नपाइने प्रावधान छ । तर एउटा सार्वभौमसत्ता संपन्न देश नेपालमा भने भारतीय प्रहरीहरू यसरी सजिलै पटक पटक प्रवेश गर्नुले नेपालको प्रभुसत्ता र राष्ट्रिय स्वाभिमानमा ठूलो चोट पुऱ्याएको छ । यसले दर्शाएको छ- भारतीय विस्तारवादीहरू नेपाललाई आफ्नै कुनै राज्य जत्ति पनि पुछ्दैनन् । नेपाललाई उनीहरू नांगो तरीकाले हेप्छन्, ठाडै हस्तक्षेप गर्छन् ।*

*बानेश्वर काण्डमा र पछिका घटनामा भारतीय प्र.म. ले "दुःख प्रकट गरेर, फेरि यस्तो हुन नदिने" बचन दिएको प्रचार गरिएपछि पनि हस्तक्षेपका घटनाहरू घट्न छोडेका छैनन् । त्यो प्रचार आफै कति सत्य थियो, त्यो यसले छर्लंगै देखाएको छ ।*

*यसबाट के पनि देखिन्छ भने वास्तवमा भारतीय प्र.म. वा दूतावासले जतिसुकै खेद वक्तव्य छपाए पनि भारतीय विस्तारवादीहरूले नैतिक हुन सिकेका छैनन्, उल्टो उनीहरू हामीलाई धोकाधडीको जालमा पार्दैछन् ।*

*भारतीय प्रहरी प्रवेशमा नेपाली प्रहरीको पनि साँठगाँठ रहेको पाइनु, गोंगबुँमा भारतीय प्रहरीमाथि कार्यवाही गर्ने निर्दोष देशभक्त नेपालीहरूमाथि नै सरकारले लाठी प्रहार गर्नु र गिरफ्तारी लाद्नुले वर्तमान गिरिजा सरकार भारतीय तावेदार हो भन्ने कुराको प्रमाण पेश गरेको छ ।*

*याकुव मेमनलाई काठमाडौंमा पक्रिएपछि सुपुर्दगी सन्धि अन्तरगत अदालती कारबाही नचलाई सोझै भारतीयहरूलाई सुम्पिने कार्य सरकारले गर्नुले पनि यसको भारतीय दलाल चरित्र स्पष्ट पारेको छ ।*

*भारतको यस प्रकारको हैकमवाद र ने.का. सरकारको तावेदारीवादको विरुद्ध तमाम देशभक्त, राष्ट्रवादी नेपालीहरूले जोडदार संघर्ष गर्नु जरुरी भएको छ ।*

*यसरी पटक पटक भारतीय हस्तक्षेप हुनुले नेपाल-भारत सीमा नियन्त्रणका लागि अब ठोस कदम चाल्न जरुरी भएको टड्कारो देखिएको छ । भारत वा पाकिस्तानका जासूसहरू र अपराधीहरू एवं "तिब्बत हान्न हिंडेका" छिमेकी राष्ट्र चीनविरोधी एजेन्टहरूको खेल्ने थलो हुनबाट नेपाललाई जोगाउन पनि नेपाल-चीन सीमाना जस्तै नेपाल-भारत सीमा बन्द गर्नु पर्ने भएको छ । आर्थिक विकासमा र नीति निर्णयमा नेपाललाई स्वतन्त्र र आत्मनिर्भर बनाउन पनि यसो गर्नु अनिवार्य भएको छ । हामी यस दिशामा नेपालका जिम्मेवार पक्षहरुको गंभीर ध्यानाकर्षण गराउन चाहन्छौं ।*

## भारतीय हस्तक्षेपका हालैका घटनाहरू

*- गते चैत्र १४ गते काठमाडौं बानेश्वर निवासी शिवप्रसाद शर्मा र मदनकृष्ण श्रेष्ठका घरमा भारतीय प्रहरीहरूको ८ जनाको डफ्फा प्रवेश गरी कंचटमा पेस्तोल तेर्स्याई धम्क्याएर घरको खानतलासी गरी रु. ६० हजार र ४ वटा सुनका औंठीहरू चोरी भागे । कोही पल्लु सिंहको खोजीमा उनीहरू नेपाल सरकारको जानकारी र सहयोगमा त्यहाँ गएका थिए । यसका विरुद्ध व्यापक स्तरमा नेपाली जनताले प्रतिकार गरेका थिए ।*

*- श्रावण ९ गते नवलपरासीको त्रिवेणी नाकाबाट दुई भारतीय जीपहरूमा ७ थान पिस्तौल, ४ थान राइफल र एक थान मेशिन गन र थुप्रै गोली गठ्ठा सहित भारतीय प्रहरीहरूको एउटा डफ्फा नेपालमा घुस्यो । नेपाली पुलीस समेतको साँठगाँठमा पसेको यो डफ्फालाई बेलटारी नजीक जनताले घेरेर पक्री बेलाटारी प्रहरी चौकीमा बुझाए ।*

*- बम्बै बम काण्डका सूत्रधारमध्ये एक भनिने रज्जाक याकुव मेमनलाई ९ गते काठमाडौं एयरपोर्टमा गिरफ्तार गरी १३ गते अदालती प्रकृया पूरा नगरीकन नै भारतीय गुप्तचर प्रहरीको हात सुम्पिने काम भयो । मेमनले आफू भारतमा गिरफ्तार भएको भन्ने दुबै सरकारको झूठो कथनको पर्दाफास गरि सकेको छ ।*

*- श्रावण २१ गते भारतीय नम्बर प्लेटका BRE 9435, BEA 977, BR 22.3783 का तीन वटा जीपमा करीब १६ जना विहारका भारतीय प्रहरीको टोली युनिफर्म पोशाकमै वीरगञ्ज आदर्श नगरमा प्रवेश गरी केही अज्ञात कुराको निगरानी र खोज गरेर फर्किए । नेपाल प्रहरीले यसबारे "बुझ्ने" वचन दिएर पनि केही गरेन ।*

*- श्रावण २१ गते विहान काठमाडौंमा गोंगबु वसपार्कनेर गलत ठाउँमा पार्क गरिएका तीन भारतीय गाडीहरूलाई नेपाल ट्राफिक प्रहरीले ट्राफिक निर्देशन दिंदा त्यसमा रहेका भारतीय प्रहरी भएको आशंका गरिएका भारतीयहरूले नेपाल प्रहरीको व्याज च्यातेर कुटपीट गरे । वरपरका जनताले ती भारतीयहरूलाई घेराउ गरेपछि नेपाल प्रहरीले तिनीहरूलाई पक्राउ गरी लग्यो । पछि त्यहाँ उपस्थित देशभक्त नेपालीहरू माथि नेपाली प्रहरीको अर्को जत्थाले लाठी चार्ज गऱ्यो । उनीहरूलाई पनि पक्राउ गऱ्यो ।*

*- यही २०५१ साउन २३ गते ५ जना सशस्त्र भारतीय प्रहरीहरू उत्तर प्रदेशको नम्बर प्लेट भएको गाडीसहित नेपाल प्रवेश गरे । नेपालगञ्ज भंसारमा तिनीहरूलाई पक्राउ गरियो । महाराष्ट्रका ती भारतीय प्रहरीहरू दैलेखका कुनै नेपाली लक्ष्मणबहादुर कार्कीले बम्बैमा कुनै गीता नाम गरेकी केटी मारेको भन्ने निहुँमा खोज्दै पक्रन नेपाल पसेको विवरण प्राप्त भएको छ । स.ई. भाव राव डागरे र प्रहरी जवानहरू रविन्द्र तावाजी कापडे, सत्यवान, स्वर्णवर्ण र दीलिप नाम्दे सहित ती भारतीय प्रहरीहरूले साथमा एउटा हतकडी, एक थान रिभल्वर, ६ थान कार्तोस र ३८ बोर गोली ल्याएका थिए ।*

*- श्रावण २८ गते काठमाडौं बानेश्वरको होलीलैण्ड स्कूलमा महाराष्ट्रको प्रहरी इन्स्पेक्टर शशिपालसहित एक दर्जन जति सशस्त्र भारतीय प्रहरीहरू प्रवेश गरी जवरजस्ती छापा मारी नेपालीहरूलाई धम्क्याउने र आतंकित पार्ने काम गरे । उनीहरू सो स्कूलमा कार्यरत श्यामल पाल नामक भारतीय व्यक्तिलाई पक्रने निहुँमा त्यहाँ पसेका थिए ।*

*- यही भाद्र ४ गते तौलीहवामा २ जना भारतीय प्रहरीहरू बिना इजाजत नेपाल पसेकाले नेपाली प्रहरीले तिनीहरूलाई पक्राउ गरेको छ । उत्तर प्रदेशका ती प्रहरी औपचारिक प्रहरी पोशाकमा स्कुटर लिएर आएका थिए ।*

*- भाद्र ५ गते साँझ ७:१५ बजे काठमाडौं भोटाहिटीमा विहारबाट गाडी नं. B2 25/0018 मा आएको एक जना भारतीय प्रहरी स.ई. तेज नारायण सिंह सहित एक बृद्ध व्यक्ति र एक युवकलाई स्थानीय जनताले पक्रेर रत्नपार्क ट्राफिक कार्यालयमा बुझाएका छन् । निजले जथाभावी गलत साइडबाट गाडी हाँकेको र शंकास्पद व्यवहार देखाएको कुरा स्थानीय जनताले बताएका छन् ।* ❑


### ६ पेजको बाँकी

अहिलेसम्मका सबै मुद्दा मध्ये सबैभन्दा बेसी राजनीतिक महत्वको र सबैभन्दा चर्चित मुद्दाको रुपमा यो सामुन्ने आईरहेछ । अदालतको ११ जना न्यायाधीशको पूर्ण इजलासमा मुद्दा चलिरहेछ । देशका ४० जना प्रख्यात अधिवक्ताहरूले मुद्दाको पक्षमा वकालत गरिरहेछन् ।

यसको परिणतिले देशको प्रजातन्त्रकै भविष्य निर्धारण गर्नेवाला छ । यदि गिरिजाका कदमहरू बैध ठहरिए भने अव उताका सारा संसदहरू-प्रधानमन्त्री संकटग्रस्त हुने वित्तिकै मनपरी ढंगले भंग हुन थाल्नेछन् । संसद नाम मात्रको हुनेछ । चुनावमा दुई तिहाई बहुमत ल्याएर गिरिजाको मन माफिकको संविधान-संशोधन हुन सक्ने छ । सार्वभौम सत्ता प्रधानमन्त्रीमा सर्नेछ । र, प्रधानमन्त्री फेरि पनि जंगबहादुरहरू हुनेछन् । गिरिजा पराजित भयो भने- र संसदको पुनर्स्थापना भयो भने- निरंकुशतन्त्रमा केही हदसम्म ब्रेक लाग्ने छ । जंगबहादुर प्रवृत्ति निरुत्साहित हुनेछ । प्रजातान्त्रिक शक्ति अरु बलवान हुनेछ । त्यसैले अहिलेको प्रमुख मुद्दा गिरिजा हार्ने कि जित्नेको होइन, देशमा प्रजातन्त्र नै हार्ने कि जित्ने को हो । देशमा जंगबहादुर पैदा गर्ने कि नगर्नेको हो । अदालतले के छान्ने छ ? त्यो हेर्नै बाँकी छ । ❑

# शिक्षक संगठन के गर्दैछ ?

नेपाल राष्ट्रिय शिक्षक संगठनको गत मार्ग महिनामा सम्पन्न पांचौ राष्ट्रिय अधिवेशन पश्चात प्रथम पटक गत आषाढ २२-२४ मा तेश्रो राष्ट्रिय परिषदको बैठक सम्पन्न भएको छ । आफ्नो स्थापना कालदेखिको उद्देश्य शिक्षकहरुको पेशागत हक हितको सुरक्षा तथा पेशागत विकासमा केन्द्रित भै सम्पन्न भएको उक्त परिषदको बैठकले आगामी वर्षभरिमा सम्पादन गर्नु पर्ने कार्यक्रम सम्वन्धी प्रस्तावहरु पारित गरेको छ । आफ्नो संगठनको सुदृढीकरण गर्ने विविध योजनाहरु पनि परिषदको बैठकले पारित गरेको छ । संगठनलाई भौतिक रुपले विकास गर्ने योजनाहरु र आगामी वर्षमा सम्पन्न गर्न सकिने कार्यक्रमहरु पनि बैठकले पारित गरेको छ ।



शिक्षा नियमावली २०४९ लागु भएयता त्यस नियमावलीमा रहेका विसंगतिहरु हटाउन संगठनले गर्दै आएका हालसम्मका प्रयत्नहरुमा अझै तीव्रता त्याउनु पर्ने विषयमा गम्भीर छलफल गरी सम्वन्धित निकायलाई नियमावलीमा संशोधन गराउन दवाव दिने निर्णय लिएको उक्त बैठकले शैक्षिक विकास, संगठन विस्तार, तालिम आदि विषयहरुमा महत्वपूर्ण निर्णय लिएको छ ।

संगठनलाई विस्तार र विकास गर्न असल नेतृत्व निर्माण गर्नु पर्ने आवश्यकतालाई वोध गर्दै आगामी वर्ष ३० बटा जिल्लाहरुमा नेतृत्व विकास तालिम संचालन गर्ने र ६ वटा बिभिन्न स्थानहरुमा केन्द्रिय स्तरको संगठन तालिम तथा शिक्षा विकास तालिमहरु संचालन गरिने भएका छन् । त्यस्तै, ५ जिल्लाहरुमा जिल्लास्तरीय महिलाहरुको तालिम संचालन गर्ने र ४ विकास क्षेत्रमा विकास क्षेत्रस्तरीय महिलाहरुको तालिम संचालन गर्ने निर्णय पनि बैठकले लिएको छ ।

संगठनले निजी तथा आवासीय विद्यालयहरुको समस्या समाधान गर्न तथा प्रस्तावित मा.वि. का शिक्षकहरुको सेवा सुविधाका बारेमा सरकारसमक्ष माग प्रस्तुत गर्ने निर्णय गरेको छ ।

एउटै पेशामा आवद्ध शिक्षकहरुले एउटै उद्देश्यका लागि छुट्टा छुट्टै संगठन निर्माण गर्नु पर्ने आवश्यकता संगठनले नदेखेकोले शिक्षकहरु बीच व्यापक एकता कायम गरी एउटै संगठन निर्माण गर्नु पर्ने जिम्मेवारी संगठनलाई आएको महशूस गरी शिक्षक एकताका लागि कार्यक्रम तयार पार्ने र त्यस क्षेत्रमा पहल गर्नु पर्ने कुरामा राष्ट्रिय परिषदको बैठकले जोड दिएको छ ।

शिक्षकहरुलाई योग्य, सक्षम र असल नागरिक निर्माण गर्न प्रेरित गर्नु संगठनको अर्को महत्वपूर्ण जिम्मेवारी भएको र अधिकारको माग मात्र गर्ने र कर्तव्यप्रति वेवास्ता गर्ने परिपाटीले संगठन, शिक्षक र समुदाय कसैको पनि हित हुन सक्दैन भन्ने वोधका साथ नेपाल राष्ट्रिय शिक्षक संगठनले आफ्ना सदस्य शिक्षकहरुलाई विषयगत तालिम दिई अझ बढी सक्षम र क्षमतावान बनाउने दिशातिर अग्रसर गराउने निर्णय पनि लिएको छ । आगामी वर्ष यस्ता विषयगत तालिमहरु जिल्ला र केन्द्र दुवैले संचालन गर्ने योजनाहरु तयार भएका छन् ।

उक्त राष्ट्रिय परिषदको बैठकले आगामी वर्षमा प्रचार यन्त्रलाई व्यवस्थित पार्ने, प्रकाशन नियमित गराउने, भेला गोष्ठीहरुको आयोजना गर्ने, शैक्षिक विकासका कार्यक्रमहरु,- जस्तै वादविवाद, निवन्ध प्रतियोगिताहरु संचालन गर्ने, शिक्षकहरुको निमित्त गाइड पुस्तिकाहरु तैयार गर्ने, पाठयोजना र प्रश्नपत्रहरु निर्माण गर्ने तथा अन्य अनुसन्धानात्मक कार्यहरु सम्पन्न गर्ने निर्णय गरेको छ । उक्त कार्यक्रमहरु सम्पन्न गर्न आगामी वर्षको लागि करीव ६८ लाखको बजेट उक्त बैठकले पारित गरेको छ ।

६५ जिल्लाका ९० जना सहभागी रहेको उक्त बैठकको उद्घाटन वरिष्ठ शिक्षाविद् डा. त्रैलोक्यनाथ उप्रेतीले गर्नु भएको थियो ।

## महासचिवको भनाइ

**हामीले ने.रा.शि. संगठनका हालैका गतिविधिहरुबारे सो संगठनसंग संपर्क गर्दा महासचिव विष्णुपुकार श्रेष्ठको भनाइ थियो -**

*"नेपाल राष्ट्रिय शिक्षक संगठन शिक्षाको गुणस्तर विकास, पेशागत सुरक्षा र शिक्षक एकता जस्ता विषयलाई केन्द्र विन्दुमा राखेर आफ्ना गतिविधिहरु अगाडि बढाउन चाहन्छ । यथार्थमा यो शिक्षक संगठन निर्माणको उद्देश्यसंगै एकाकार छ । ने.रा.सि. संगठनले देशको गिर्दो शैक्षिक स्तर वृद्धि गर्न, शिक्षक भर्ना पद्धतिमा निष्पक्ष र धाँधलीरहित पद्धति अवलम्बन गर्ने माग गर्दै आएको छ । तर सरकार संगठनको यो आवाजलाई सुनिरहेको छैन, विसंगतिपूर्ण शिक्षा नियमावलीको प्रकाशन, त्यसको आधारमा शिक्षकहरुको सरुवा, घटुवा, खोसुवा, नसिहत जस्ता अनगिन्ति कार्वाही र शिक्षक छनौटमा भएका भ्रष्टाचार र धाँधलीले शिक्षकहरुमा रोष उत्पन्न भैरहेको छ ।"*

यस स्थितिप्रतिको आफ्नो धारणा व्यक्त गर्दै उहाँले बताउनु भयो -

*"हाम्रा सकारात्मक कदमहरुलाई सरकारले गम्भीरतापूर्वक लिएर हामीलाई राष्ट्र निर्माण र असल नागरिक निर्माणमा सहयोगी बन्ने अवसर देओस् भन्ने हाम्रो चाहना छ । हाम्रा अगाडि पुनर्वहाली, सरुवा फिर्ता, लगायतका अनगिन्ती समस्याहरु छन् र ती समस्याहरु समाधान गर्न सम्वन्धित निकायमा दवाव दिने कार्य जारी छ ।"* ❒

## ६ बटा केन्द्रमा तालिम संचालित

राष्ट्रिय परिषदको बैठक सम्पन्न भएको लगत्तै आषाढ २९ देखि श्रावण २३ गते सम्म नेपाल राष्ट्रिय शिक्षक संगठनले चितवन र पोखरामा ६ वटा केन्द्रहरुमा अंग्रेजी तथा गणित विषयको सेवाकालीन तालिम सम्पन्न गरेको छ । शिक्षाको गुणस्तर विकास गर्ने उद्देश्यले संचालन गरिएको उक्त विषयगत तालिम श्री ५ को सरकार विज्ञान शिक्षा परियोजनाले संचालन गर्दै आएको प्याकेजको आधारमा संचालन गरिएको थियो । क्यानेडियन तथा नेपाली प्रशिक्षकहरुले प्रशिक्षण दिएको उक्त विषयगत तालिम चितवनमा तीन वटा केन्द्रमा र पोखरामा तीन वटा केन्द्रमा संचालन भएको थियो । छ वटै केन्द्रमा देश भरका ६४ जिल्लाका १५७ शिक्षक शिक्षिकाहरु सहभागी रहनु भएको थियो । यस प्रकारको तालिमहरुलाई यसपछि जिल्ला जिल्लामा पनि संचालन गर्ने योजना संगठनले गरेको वुझिएको छ । ❒ ❒

# क. रामबृक्ष यादवको हत्या

*नेकपा एकता केन्द्र र संयुक्त जनमोर्चा नेपालका केन्द्रिय सदस्य क. रामवृक्ष यादवलाई गत भाद्र २ गते जनकपुर वरमझियामा १ गतेको "नेपालबन्द" को कार्यक्रम सकी आफ्नो घर फर्किरहेको बेला गोली र कोदाली एवं लाठी प्रहार गरी प्रतिकृयावादीहरूले उहाँको हत्या गरेका छन् । वच्चासिंह नामक भारतीय नागरिकलाई लगाएर स्थानीय कांग्रेसीहरूले आफ्नो संलग्नतामा उहाँमाथि प्रहार गरेका थिए ।*



क. यादव : भारतीय र नेपाली प्रतिकृयावादीहरूद्वारा प्रहार

*क. यादव त्यस क्षेत्रका लोकप्रिय वामपन्थी नेता हुनुहुन्थ्यो ।*

*यस निर्मम हत्याका हत्याराहरूको घोर निन्दा र भर्त्सना गर्दै हामी क. यादवप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, उहाँको पार्टी तथा परिवारजनहरूप्रति हार्दिक समवेदना पनि प्रकट गर्दछौं ।*

**- मूल्यांकन परिवार**

# श्रीलंकाको सत्तामा वामपन्थीहरु पनि

छिमेकी देश श्रीलंकामा भर्खरै सम्पन्न चुनावबाट निर्वाचित पिपुल्स एलायन्सकी उपनेता श्रीमती चन्द्रिका भण्डारनायके कुमारतुंगा प्रधानमन्त्री बन्न सफल भएका छन् ।

राष्ट्रपति विजेतुंगाको यूनाइटेड नेशनल पार्टीको १७ वर्ष शासनकाललाई चुनावबाट परास्त गर्न सफल भएको विपक्षी संयुक्त मोर्चामा वामपन्थीहरु पनि पहिलेदेखि सकृय रहिआएका छन् । यस मोर्चामा श्रीलंकाली कम्युनिष्ट पार्टीको सहभागिता र सकृयताले चुनाव जित्न एलायन्सलाई निकै सहयोग पुगेको देखिन्छ । त्यसैले नव-नियुक्त प्रधानमन्त्री चन्द्रिका कुमारतुंगाले आफ्नो नवगठित मन्त्रीमण्डलमा मोर्चाका अन्य घटकहरुका प्रतिनिधि लगायत श्रीलंकाली कम्युनिष्ट पार्टीका प्रतिनिधिलाई पनि समावेश गरेकी छिन् । कम्युनिष्ट पार्टीका प्रतिनिधि क. इण्डिका गुणवर्द्धनेलाई मत्स्य पालन र जल संसाधन मन्त्रीमा नियुक्त गरिएको छ ।

प्रजातान्त्रिक समाजवादप्रति आस्थावान प्रधानमन्त्रीहरु सोलोमन भण्डारनायके र विश्वकी प्रथम महिला प्रधानमन्त्री सिरी माओ भण्डारनायकेकी छोरी वर्तमान प्रधानमन्त्री चन्द्रिकाले पनि आफूलाई दिलै देखिको समाजवादी भएको दावी गर्दै यूनाइटेड नेशनल पार्टीको खुला बजार-अर्थतन्त्रको नीतिको कडा आलोचना गर्दै आएकी छिन् । खुला बजार अर्थतन्त्रलाई भ्रष्ट पूँजीवाद बताउने प्र.म. चन्द्रिकाले त्यसको ठाउँमा मानवीय आधारमा मुक्त अर्थव्यवस्था शुरु गर्ने बचन दिएकी छिन ।

"मानवीय स्वरुपको पूँजीवाद" लागू गर्न चाहने समाजवादी-प्रजातन्त्रवादी प्र. म. चन्द्रिका समाजवाद अहिले पनि महत्वपूर्ण रहेको र त्यसलाई साम्यवादबाट अलग्ग राख्नु पर्ने मतको समर्थन गर्छिन् । उनको यस मत उनी



आफैले दिएको बचन अनुसार लागू भएमा नग्न पूँजीवादबाट आहत भएका श्रीलंकावासीहरुले सामान्य राहत त पाउने छन्, तर सामाजिक मुक्ति होइन । सत्तामा सहभागी भएको श्रीलंकाली कम्युनिष्ट पार्टीले पनि सत्तामा सहभागी भएर अहिले नै समाजवाद स्थापित भएको रंगीन सपना देख्नु उचित हुँदैन । यस सत्ताबाट बढीभन्दा बढी जनतालाई राहत दिने सुधारवादी कार्यक्रमहरु मात्र गर्न सकिन्छ । यो राम्ररी, संगठित र संयोजित ढंगले लागू गर्न सकेमा वामपन्थीहरु अहिले भन्दा अरु बढी सबल र लोकप्रिय हुन सक्नेछन् ।

वामपन्थीहरुले यस्ता पूँजीवादी सत्तामा सहभागी हुँदा स्पष्टै भन्नु पर्दछ- हामी यस्तो सत्ता मार्फत सुधारवादी कार्यक्रम मात्रै लागू गर्न सक्छौं । हामी यस्ता सुधारवादी कार्यक्रमहरु राम्ररी लागू गर्दै क्रान्तिको लागि शक्ति संचय गर्ने काम गर्ने छौं । यसरी घोषणा नगरी चूपचाप सत्ताको भोग गर्ने प्रवृत्ति बढ्यो भने न सुधार हुन्छ, न क्रान्ति ! यसले त जनतामा भ्रम मात्र बढ्नेछ । त्यसैले श्रीलंकाली कम्युनिष्ट पार्टीले पनि विश्वका वामपन्थीहरुले सत्तामा सहभागी हुँदा गरेका यस्ता कमी-कमजोरीबाट सिक्दै क्रान्तिकारी दिशामा अगाडि बढ्ने छ भन्ने आशा हामी छिमेकका वामपन्थीहरुले लिनु न्यायोचित नै होला भन्ने हामीलाई लाग्दछ । ❑

# नवीना के.सी. को मृत्युमा प्राप्त रुखो जवाफ

## "एकेडेमी मुर्दाघर होइन"

नेपाली सिनेमा क्षेत्रकी एक चर्चित अभिनेत्री नवीना के.सी. को गत साउन ३२ गते काठमाण्डौंमा निधन हुँदा उहाँको शवलाई श्रद्धाञ्जलीका लागि केही समय प्रज्ञा भवनको प्रांगणमा राख्नका लागि अनुमति माग्दा उपकूलपति मदनमणि दीक्षितले इन्कार गर्दै जवाफ दिनु भयो - "एकडेमी मूर्दाघर होइन !"

चलचित्र कलाकार संघले औपचारिक चिठी र पदाधिकारीद्वारा औपचारिक अनुरोध गर्दा पनि नमानेका उपकुलपति पछि विशाल जन समूदायको आक्रोशबाट डराएर मात्र सोका लागि स्वीकृति दिन राजी भए ।

करीव २ वर्ष अघि युवा कलाकार मोहन खड्काको मृत्यु हुँदा तात्कालीन उपकूलपति ईश्वर बरालले पनि यस्तै रुखो र गैर जिम्मेवार जवाफ दिएका थिए र मोहन खड्काको शवलाई ललितकला क्याम्पसको प्रांगणमा राखिएको थियो ।

नेपालको कला, साहित्य, संस्कृतिको पक्षमा काम गर्न भनी जनताको पैसाबाट संचालित प्रज्ञा प्रतिष्ठानको यो रबैयाले दर्शाएको छ - अझै प्रज्ञा प्रतिष्ठानमा मण्डले- प्रवृत्ति हावी छ !

कुनै कलाकारको निधन जस्तो ठूलो घटना के प्रज्ञा प्रतिष्ठानको चासो र सरोकारको विषय हैन ? प्रज्ञा प्रतिष्ठानले आफैंले पहल लिएर त्यस्ता कलाकारको सम्मान गर्न अघि सर्नु पर्नेमा, जीबित मित्र कलाकारहरुले विशेष अनुरोध गर्दा



समेत एक छिन प्रांगण उपलब्ध गराउन इन्कार गर्ने र शोक सन्तप्तहरुलाई "एकेडेमी मूर्दाघर होइन" भन्ने जस्ता रुखा र धम्कीयुक्त जवाफ दिने काम कुनै पनि हालतमा प्रजातान्त्रिक र प्राज्ञिक व्यवहार हुन सक्दैन । यो व्यवहार घटीया स्तरको व्यवहार हो र यो निन्दनीय छ ।

जहाँसम्म मृतक साहित्यकार र कलाकारहरुको सम्मानमा एक छिन शव राख्दा एकेडेमी "मूर्दाघर" हुने तर्क छ, यो कुनै तर्क नै हैन ।

के त्यसो भए राजनेताहरूको मृत्युमा ठूला ठूला राजकीय स्थानहरूमा उनीहरूको शव केही समय वा केही दिन श्रद्धाञ्जलीका निम्ति राखिनुले ती स्थानहरू 'मूर्दाघर" बन्छन् ?

प्रज्ञा प्रतिष्ठानको यही अप्रजातान्त्रिक प्रवृत्तिको निन्दा गर्दै नेपाली साहित्यकी उज्ज्वल नक्षत्र पारिजातले ज्यूँदो छँदा नै इच्छ्याएकी थिइन- "मेरो शवलाई कुनै पनि हालतमा एकेडेमिमा नलानू !"

त्यसैले उहाँको श्रद्धाञ्जली खुलामञ्च टुंडीखेलमा राखेर गरिएको थियो । ❑

---

☆ एक जना बयोबृद्ध नेताले केही समय अघिसम्म एउटा वामपन्थी पार्टीलाई "भाँडहरूको भीड" भनेर गाली गर्ने गर्थे । पछि उनी त्यही पार्टीमा प्रवेश गरे । अब उनी त्यही पार्टीलाई भन्ने गर्छन्- यो जत्तिको असल र उम्दा पार्टी अरु कुनै छैन ।

☆ "हाम्रा वरिष्ठ नेता फलाना त्याग, तपस्या र लामो बलिदानका प्रतिमूर्ति हुन् ।" - एक वर्ष अघि कुनै छोटे नेताको भनाइ !

बीचमा उनीहरूको पार्टी फुट्यो ।

"निज फलानु घोर अवसरवादी र निकम्मा बूढो गोरु हो ।"

एक वर्षपछि उनै छोटे नेताको भनाइ !

☆ चुनावमा कुनै नेताले स्थानीय रुपमा आफ्नो पार्टीलाई समर्थन गऱ्यो ।

"निज जस्तो वरिष्ठ, विद्वान, त्यागी नेताले पनि हाम्रो उम्मेदवारलाई समर्थन गरेका छन्, यो गौरवको कुरा हो ।" -चुनावी नेताले भाषण गरे ।

केही महिनापछि भएको स्थानीय निकायको चुनावमा तालमेल विग्रिन गयो । ती नेताले अरुलाई नै चुनावी समर्थन गरे ।

निज जस्ता उग्रवादी, जडसूत्रवादी नेताले चुनावमा हामीलाई समर्थन नगर्नुले केही फरक पार्दैन । निज नेता २० वर्ष अघिदेखि नै शंकास्पद मान्छे हुन् । सरकारी सि.आई.डी हरूसँग निजको साँठगाँठ थियो ।" -चुनावी नेताले भाषण गरे ।

☆ पार्टी फूट भयो । भनियो- "गोपाल शर्मा भन्ने व्यक्ति दरबार र भारतको जासूस हो- हामीसँग प्रमाण छ ।"

केही समयपछि पुनः गोपाल शर्माहरुसँगै पार्टी एकीकरण भयो । भनियो- "क.गोपाल शर्मा हाम्रा होनहार युवा-हस्ती हुनुहुन्छ ।"

माथिको प्रसंगले नेपाली कम्युनिष्ट आन्दोलनभित्र व्यक्तिलाई मूल्यांकन गर्ने सन्दर्भमा प्रयोग गरिने मापदण्ड के हो भन्ने ठूलो प्रश्न उठाएको छ ।

पटक-पटक भएका फूटहरू र ती फूटहरूले फैलाउने आपसी द्वैष र घृणाहरूमा बहकिएर हामीहरूको चिन्तनशैली अति नै "आत्मगत" भईदिंदो रहेछ । पूर्वाग्रहले हामी शिरदेखि पाउसम्म

# हाम्रो आन्दोलनमा GOD र DOG

चन्द्रदेव नेपाली



पुरिंदारहेछौं । अनि हामीलाई होश नै हुँदोरहेनछ । आफ्नो गूटको पक्षमा छ भने हामी यत्ति हर्षित हुन्छौं कि- त्यो आफ्नो पक्षको बस्तुको ठूलो ठूलो दोष पनि हामीलाई रौं बराबर पनि लाग्ने गर्दैन । अनि आफ्नो गूटको पक्षमा छैन भने, हामी त्यस वस्तुमा दोषै दोष मात्र देख्न थाल्छौं । पक्षमा छ, हामी अति प्रशंसा गर्न थाक्दैनौं । पक्षमा छैन भने हामी अति निन्दा गरेर पनि अझै सन्तुष्ट हुन्नौं ।

> आफ्नो गूटको पक्षमा छ भने हामी यत्ति हर्षित हुन्छौं कि- त्यो आफ्नो पक्षको बस्तुको ठूलो ठूलो दोष पनि हामीलाई रौं बराबर पनि लाग्ने गर्दैन । अनि आफ्नो गूटको पक्षमा छ, हामी त्यस वस्तुमा दोषै दोष मात्र देख्न थाल्छौं । पक्षमा छ, हामी अति प्रशंसा गर्न थाक्दैनौं । पक्षमा छैन भने हामी अति निन्दा गरेर पनि अझै सन्तुष्ट हुन्नौं ।

वास्तवमा फूटभन्दा पनि खतरनाक कुरो रहेछ- फुटवादी मानसिकता ! फूट त एक दुई पटक हुन्छ, सकिन्छ, तर यो फूटवादी मानसिकता भने लामो समयसम्म रहीरहँदो रहेछ । आफ्नो गूटको पक्षमा आउनेलाई हामी ज्यादा मान्दा रहेछौं र प्रशंसा गर्दारहेछौं- अर्को गूटको पेलाईले गर्दा र अन्य गूटहरूका सामु धाक रवाफ देखाउन । यसै गरी, आफ्नो गूटको पक्षमा नआउने वा विपक्षमा जानेलाई हामी ज्यादाभन्दा ज्यादा निन्दा गर्दा रहेछौं- आफ्नो पछि लागेन भनेर वा आफ्नो वरिपरि झुम्मिएन भनेर क्रोधले गर्दा र अन्य गूटहरूले गर्ने खिसीटीउरीबाट बच्नको लागि ।

भिन्न मत भएका तर नेपाली समाजको जनवादी र देशभक्तिपूर्ण आन्दोलनमा लागेका वामपन्थी पार्टीहरू देशमा विभिन्न किसिम र संख्यामा कार्यरत छन् । यी सबैले सबैभन्दा उचित लाइनको पक्षपाति आफूलाई नै मान्नु अस्वाभाविक हैन, किनभने, सबैभन्दा उचित लागेको कुराकै पछि लाग्न चाहनु मानिसको विशेषता नै हो । तर हाम्रो आन्दोलनमा के देखिन्छ भने हाम्राबीच धेरै साझा र समान कुरा पनि छन् । यसका साथै अर्को कुरा के पनि सत्य हो भने हाम्रा राजनैतिक लाइनहरू पनि परीक्षणको प्रक्रियामै छन् । त्यसै कारणले गर्दा हो- हामी देख्दैछौं- हिजो अति उग्र लाइन लिनेहरू आज अति नरम पनि भएका छन्, हिजो साह्रै नरम हुनेहरू कतिपय आज आफ्नो लाइनमाथि "क्या हो ?" को प्रश्न चिन्ह खडा गर्दै पनि छन् ।

फूटवादी मानसिकताले भने यो हामीबीच साझा काम पनि थुप्रैछन् भन्ने कुरा र हामी गलत पनि हुन सक्छौं भन्ने कुरामाथि ख्याल राख्न हामीलाई घच्घच्याउँदो रहेनछ । उल्टो, यसले हामीबीच संकीर्ण व्यक्तिगत स्वार्थ जस्तै संकीर्ण गूटगत स्वार्थ जन्माइदिंदो रहेछ । अनि त्यही गूट स्वार्थको वरिपरि हामी दगुरिरहेका हुँदारहेछौं । यस कारण कसैले हाम्रो विशिष्ठ राजनैतिक लाइनमा काम गर्न छोड्न नपाइे उसले समग्र देश र समाजलाई भलो हुने दिशामा गरेका र गर्ने कामहरूको मूल्य-बोध पनि हामीलाई हुन छोड्दोरहेछ र हामी त्यस्तो व्यक्तिलाई तुरुन्तै भनिदिन पछि पर्दा रहेनछौं- "निज बेकम्माको बुढो गोरु हो वा निज शत्रुको दलाल हो ।"

पछि गुट-राजनीतिको चक्र घुम्दैफिर्दै जाँदा पुनः सोही व्यक्तिसँग हामी "एक" हुन पुग्दापनि रहेछौं । त्यसपछि त हिजोसम्म हामीले त्यस व्यक्तिलाई लगाएका फत्तुरहरू छिनभरमै साफ हुँदा रहेछन् । हिजोसम्मको "जासूस" आज "त्यागी कामरेड" हुँदोरहेछ, हिजोसम्मको "भाँडहरूको भीड" आज रातारात "उम्दा कोटीको पार्टी" हुँदोरहेछ ।

आफ्नो गुटको पक्षमा भएको व्यक्तिलाई हामी "मानिस" हैन, मानिसभन्दा ठूलो "भगवान" मान्दा रहेछौं । पक्षबाट पर हट्न गयो भने चाहिँ हामी उसलाई तुरुन्तै "मानिस" हैन, मानिसभन्दा चुत्थो जनावरै मान्दा रहेछौं ।

अंग्रेजीमा एउटा मिल्दो शब्द रहेछ । GOD अर्थात ईश्वर । यही शब्दलाई हिज्जे उल्टाईदिने हो भने DOG अर्थात कुकुर बन्दो रहेछ । यो GOD र DOG रुपी "अति" हरूबाट पर हटेर हामीले व्यक्तिलाई सवलता र दुर्वलता सहितको Man कहिले देख्ने ? अहिले त हामी कि कसैलाई GOD भन्छौं, हैन भने DOG भन्छौं । यही प्रवृत्ति हाम्रो मूल प्रवृत्ति भएको छ ।

फुटवादी मानसिकताले मानिसलाई यत्ति संकुचित बनाइदिदो रहेछ- मानिसले आफूलाई समग्रतामा हेर्नै भुल्दो रहेछ । आफ्नो लक्ष्य के हो भन्ने कुरा नै उसले भुल्न पनि पुग्दोरहेछ ।

मैले यस्ता एक दुई नेताहरू पनि भेटेको छु, जसले गुट-स्वार्थ र गुट-टक्करमा लिप्त भएर नेपाली जनताका समग्र राष्ट्रिय-अन्तर्राष्ट्रिय शत्रुहरूका विरुद्ध लड्ने जाँगर र रुची नै त्यागीसके भने पनि हुन्छ । केवल उनीहरू आफ्नो गुटलाई अरु गुटसँग भिडाउन मात्र रुची राख्दछन् । आफ्नो गुटका मानिसहरूले आफ्नो बाहेक अरुको कुरा सुने भने तिनीहरू "भड्किन्छन्" भनेर उनीहरू आफ्ना पार्टीका मानिसहरूलाई आफ्नो वरिपरि मात्रै सीमित गराएर आफ्नो "हनुमान" बनाउनमा मात्र रुची राख्छन् । अरुका कुरा सुन्न, जान्न, पत्रिका पढ्न, छलफल गर्नबाट कार्यकर्ताहरूलाई बंचित राख्ने कोशीस गर्छन् । साझा कामहरूमा अरु पार्टीका कार्यकर्ताहरूसँग आफ्ना कार्यकर्ताहरूलाई एकसाथ संलग्न गराएर काम गराउन उनीहरू डराउँछन् । अरुलाई हियाउन र आफ्नो अस्तित्व सावित गर्न जनआन्दोलनको बेला शत्रुपक्षलाई फाइदा पुग्ने काम गर्न पनि उनीहरू पछि पर्दैनन् र शत्रुलाईभन्दा मित्रहरूलाई बढी प्रहार गर्छन्

यो संकिर्णताले यत्ति धेरै अन्धो बनाइदिदो रहेछ कि गत चुनावताका केही मानिसहरूका दृष्टिकोण यस्ता पनि पाइए ।

**☆ "बरु कांग्रेसले जिते जितोस्, तर घमण्डी एमालेलाई चाहिँ हामी भोट दिन्नौं ।"**

**☆ "जो सुकैले जितोस् तर निमोठ्ठिएको ने.म.कि.पा. लाई त हामी भोट दिन्नौं ।"**

**☆ "बरु राप्रपाले नै किन नजितोस्, संयुक्त जनमोर्चा वा मसालका "टेकी" उम्मेदवारहरूलाई भने हामी भोट दिन्नौं ।"**

स्मरणीय के छ भने जहाँ जहाँ दोहोरो तालमेल मिल्यो, त्यहाँ-त्यहाँ चाहिँ उनीहरू आपसमा यो घमण्डी, निमोठ्ठिएको वा टेकीको आरोप छोडेर घाँटी जोडेर, अँगालो हालेर एकता गरिरहेका हुन्छन् । एमाले, रोहित, संजमो वा मसालका हुँ भन्ने यी व्यक्तिहरू राजनैतिक विश्लेषणमा चाहिँ एक अर्कोलाई "प्रतिकृयावादीहरूको तुलनामा राम्रा" पार्टीहरू मान्दछन् । तर गुट संकिर्णताले उब्जाएको द्वैषका कारण उनीहरू आफ्नै यस मान्यताकै विरुद्ध पनि काम गर्न भने पछि पर्दैनन् ।

व्यक्ति वा पार्टी वा गुटलाई हेर्ने यो अति हचुवा र पूर्वाग्रही प्रवृत्तिको चुरो कारण के हो ? यसबारे हामीले घोत्लिनु जरुरी छ र यस प्रवृत्तिको निराकरण गर्नेतिर लाग्नु जरुरी छ ।

वास्तवमा यो प्रवृत्तिको चुरो कारण हामीभित्र विद्यमान अन्ध व्यक्तिवाद नै हो । वर्गीय हिसाबले निकट रहेका र समग्रमा हाम्रो समाजको आमूल परिवर्तनको पक्षमा एक हदसम्म वा धेरै हदसम्म लागि परेका व्यक्तिहरू र शक्तिहरूका सकारात्मक पक्ष हेर्दा पनि हामीले त्यसको सीमा र कमजोरी सहित हेर्ने र नकारात्मक पक्ष हेर्दा पनि त्यसको सीमा र मात्रा सहित हेर्ने गर्नमा यो अन्ध व्यक्तिवादले हामीलाई छेक्ने गर्छ । गुटको अर्थमा जुन "हाम्रो" हुन्छ, त्यसैलाई "राम्रो" र "महान" ठान्ने तर समग्र समाजको अर्थमा "हाम्रो" हुनेलाई भने "नराम्रो" र "तुच्छ" ठान्ने यो अवैज्ञानिक चिन्तन प्रकृयाजनित प्रवृत्ति हो । आफ्नो खलकको भए "डाँका" लाई पनि "सज्जन" मान्ने र अर्को (र, प्रतिद्वन्द्वीको) खलकको भए "सज्जन" लाई पनि "डाँका" मान्ने सामन्ती जमिन्दारहरूमा हुने अहंकारी र दंभी प्रवृत्तिभन्दा यो प्रवृत्ति भिन्न छैन ।

अन्धतामा आधारित व्यक्तिवादले जन्माएको संकुचित गुटवादबाट मुक्त हुन व्यक्तिले आफैंले व्यक्तिगत र संगठित दुबै स्तरमा प्रयत्न गर्नु बाहेक यसको समाधानको लागि अरु के नै बाटो छ र ? सांस्कृतिक न्यूनताले जन्माएको समस्याको समाधान गर्नका लागि सांस्कृतिक उच्चता हासिल गर्न पट्टि लाग्नु बाहेक अरु के नै बाटो बाँकी हुँदो रहेछ र ?

❑ ❑

# विश्वभरिका वामपन्थीहरू भेला हुँदैछन् र छलफल गर्दैछन्



ब्रुसेल्सको सम्मेलनका सहभागी वामपन्थी नेताहरू

**मेक्सिको, हलैण्ड र बेल्जियममा भएका वामपन्थीहरूका अन्तर्राष्ट्रिय सम्मेलनहरू**

**विविध ठाउँका वामपन्थीहरूद्वारा विविध कोणबाट उठाइएका विचारहरू**

**– राजेन्द्र महर्जन**

## ब्रुसेल्सको अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलन

# वामपन्थीहरू वीच विश्वव्यापी एकताको खोजी

**विश्वका ३२ वटा वामपन्थी पार्टीहरु, १८ वटा क्रान्तिकारी संगठनहरू र ३१ देशका प्रख्यात वामपन्थी व्यक्तित्वहरु सहभागी**

प्रत्यक वर्ष अन्तर्राष्टिय श्रमिक दिवस (मई दिवस) धुमधामका साथ मनाउदै विश्वका वामपन्थी पार्टीहरुको अन्तर्राष्टिय सम्मेलन गर्दै आएको वेल्जियमको श्रमिक पार्टी (PTB) ले यस वर्ष पनि राजधानी व्रुसेल्समा भव्यताका साथ अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलनको आयोजना गरेको छ।

व्रुसेल्सको यस अन्तर्राष्टिय मार्क्सवादी सम्मेलनमा विश्वका ३२ वटा मार्क्सवादी लेनिनवादी पार्टी र १८ वटा कान्तिकारी संगठनहरु र ३१ देशका प्रख्यात वामपन्थी व्यक्तित्वहरु सहभागी भएका छन्। सहभागी वामपन्थी पार्टीहरुमा आफूलाई मार्क्सवादी लेनिनवादी भएको घोषणा गर्दै आएकाहरुको आधिक्यता रहेता पनि तिनीहरुको रंग भने एउटै छैन, दृष्टिकोण फरक फरक छ। यस सम्मेलनमा पूर्व सोभियत संघ र पूर्वी यूरोपका पुराना सत्तासीन संशोधनवादी पार्टी विघटित भएर, त्यहीभित्रै अन्तर्सघर्ष गरेर र पुनः नयाँ-नयाँ संगठनहरु मार्फत संगठित वामपन्थी पार्टीहरुको संख्या पनि बढी छ।

सम्मेलनका सहभागी वाम पार्टीहरुमा रुसको अल यूनियन कम्युष्टि पार्टी अफ वोल्शेभिक्स, पूर्व चेकोस्लोभाकियाको चेक गणराज्य अन्तर्गतका बोहेमिया र मोराभियाको कम्युनिष्ट पार्टी, पोलैण्डको पोलिश ऱ्याडिकल लेफ्ट पार्टी, क्यूबाको कम्युनिष्ट

पार्टी, जर्मनीको पार्टी अफ डेमोक्रेटिक सोशिलिज्म (PDS), बुलगेरियाको कम्युनिष्ट पार्टी, ब्राजिलको कम्युनिष्ट पार्टी उल्लेखनीय छन् । अन्य उल्लेखनीय वामपन्थी पार्टीहरूमा फिलिपिन्सको कम्युनिष्ट पार्टी, भारतको भाकपा माले (लिबरेशन समूह), टर्कीको क्रान्तिकारी वामपन्थी पार्टी, प्यालेस्टिनको PFLP, अमेरिकाको वर्कर्स वर्ल्ड पार्टी छन् ।

यी वामपन्थी पार्टीका अलावा विश्वका ३१ वटा देशका प्रख्यात वामपन्थी व्यक्तित्वहरू पनि सहभागी भएका छन् । यसमा मेक्सिकोका प्रख्यात नेतृ क. मार्गरिता जापाता एक हुन्, उनी मेक्सिको क्रान्तिका नायक इमिलिया नो जापाताकी नातिनी हुन् । उनले सम्मेलनलाई संबोधन गरेकी थिइन ।

चर्चित रुसी नेतृ, अल यूनियन कम्युनिष्ट पार्टी अफ दि बोल्शेभिक्सकी महासचिव क. नीना आन्द्रियेभाले पनि सम्मेलनलाई सम्बोधन गरेकी थिइन । अर्का प्रमुख वक्ता थिइन- क. इर्मा थल्मान, हिटलरको नाजी सेनाद्वारा निर्ममतापूर्वक मारिएका जर्मन कम्युनिष्ट नेता अर्नेष्ट थल्मानकी छोरी ।

३ दिवसीय सम्मेलनको वैचारिक अन्तर्क्रियाको लागि राखिएका विषयहरू विश्वका कम्युनिष्ट आन्दोलनकारीहरूका लागि अति नै महत्वपूर्ण छन् । ती विषयहरू हुन्- पहिलो, पूर्व समाजवादी देशहरूमा कम्युनिष्ट आन्दोलनको पुनर्जीवन र समाजवादी राष्ट्रहरूमा समाजवादको प्रतिरक्षा, दोस्रो, तेस्रो विश्वका राष्ट्रहरूमा भइरहेका क्रान्तिकारी आन्दोलनहरूका अनुभवहरू र तेस्रो, साम्राज्यवादी संसारमा भइरहेका कम्युनिष्ट पार्टी र क्रान्तिकारी संगठनहरूका संघर्षहरू ।

सम्मेलनको पहिलो विषयको रुपमा राखिएको पूर्व समाजवादी राष्ट्रहरूमा पुनर्जीवन प्राप्त गरिरहेको कम्युनिष्ट आन्दोलनको इतिहास, वर्तमान र भविष्यबारे बढी अन्तर्क्रिया भयो । यस विषयमा पनि उथलपुथलले भरिएको देश रुसमै बढी केन्द्रित भई सहभागी कमरेडहरूले प्रथमत : सोभियत संघमा समाजवादको पतन हुनाका कारणहरूबारे आ-आफ्ना दृष्टिकोणसहित विश्लेषण गरे । उनीहरूले रुसको पूँजीवादीकरणको फलस्वरुप ध्वस्त भएको अर्थतन्त्र, गरीबी, बेरोजगारी, हत्या र आतंकले ग्रस्त भएको जनजीवन र येल्तसिनको निरंकुशतन्त्र र त्यसको वरिपरि जम्मा भइरहेका फासिष्ट शक्तिमा परिवर्तित पुराना नोकरशाहहरूको चर्तिकलाको बारेमा रौचिरा विश्लेषण गरे ।

पूर्व सोभियत संघ र पूर्वी युरोपका वामपन्थी पार्टीका प्रतिनिधिहरूले "समाजवादको पतन" पछाडि स्थापित नग्न पूँजीवादको विरुद्ध आ-आफूले गरिरहेका जन-संघर्षहरुको रिपोर्ट प्रस्तुत गरे । उनीहरूको रिपोर्टमा समाजवादको पतनको पीडा मात्रै अभिव्यक्त भएको छैन, पूँजीवादको विरुद्ध संघर्षरत जनता र वामपन्थी कार्यकर्ताहरूको विद्रोह पनि अभिव्यक्त भएको महशूस अन्य सहभागी कमरेडहरूले गरेका छन् ।

ब्राजिल, टर्की, भारत जस्ता तेस्रो विश्वका देशका वामपन्थी प्रतिनिधि कमरेडहरूले अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेको पश्चिमी पूँजीवादी साम्राज्यवादी खेमाको आर्थिक अस्त्र- अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक र ग्याट (GATT) को शोषण र अतिक्रमणको विरुद्ध आ-आफ्नो देशका विशाल संघर्षहरूको बारेमा विस्तृत विवरण प्रस्तुत गरे ।

डेनमार्क, नर्वे र स्वीडेन जस्ता यूरोपीय राष्ट्रका वामपन्थी पार्टीहरूका प्रतिनिधि कमरेडहरूले पूँजीवादी शक्तिहरूको स्वार्थ अनुकूल बनाउन खोजिरहेको "यूरोपीय समूदाय" को विरोधमा संयोजित जन संघर्ष र १९९० को दशकमा उभारको रुपमा अगाडि बढाइएको मजदूर संघर्षको रिपोर्ट प्रस्तुत गरे । अमेरिकाका वर्कर्स वर्ल्ड पार्टीका प्रख्यात नेता क. साम मर्सीले अमेरिकी साम्राज्यवादको संकटको विश्लेषण प्रस्तुत गरे ।

यस महत्वपूर्ण सम्मेलनले विश्वका वामपन्थी पार्टीहरूबीच आपसी सम्पर्क विस्तार गर्ने, विचार र डकुमेन्टहरू आदान-प्रदान गर्ने, अनुभव र अनुभूतिहरू आदान-प्रदान गर्ने र विश्व कम्युनिष्ट आन्दोलनको दशा, दिशा र संभाव्यताको बारेमा अन्तर्क्रिया गर्ने सुअवसर प्रदान गर्नुका अलावा अर्को एउटा महत्वपूर्ण कार्य गरेको छ- यी र यस्तै कार्यक्रमबाट बृद्धि हुने विश्वव्यापी वाम एकताको संभावानाको क्षितिज उधारिदिने काम ।

विभिन्न धार, आ-आफ्नै रंग र रुप लिएर पूँजीवाद र साम्राज्यवादको विरुद्ध संघर्षरत विश्वका वामपन्थी पार्टीहरूबीच समानताका बुँदाहरूमा एकता कायम गर्दै जाने सहमति बन्ने संभावनाको आकाश केही खुलेको देखिन्छ ।

हुन त, तत्कालै औपचारिक रुपमा वैचारिक राजनीतिक सहमतिको आधारमा एउटै अन्तर्राष्ट्रिय संगठनमा सबै वामपन्थी पार्टीहरूबीच एकता संभव छैन र यसको लागि लामो वैचारिक अन्तर्क्रियाको जरुरी छ । तर यस्ता महत्वपूर्ण सम्मेलनहरूमा हुने वैचारिक अन्तर्क्रिया र संघर्षले वामपन्थी पार्टीका वैचारिक मतभेदहरू बुझ्ने र केही सुल्झाउने काम गर्नमा मद्दत गर्नुका साथै तत्कालका लागि साम्राज्यवाद विरोधी वाममोर्चा बनाउन भने कुनै कुराले पनि छेक्दैन भन्ने हामीलाई लाग्दछ । ☐☐



ब्रुसेल्समा सहभागी भएका KPD- पूर्वका वार्वर स्कीलीज, PTB का मिशेल मोम्मेरेन्सी र बुल्गेरियाको कम्युनिष्ट पार्टीका नेता भ्वादिमीर स्पास्शोभ

---

**शत्रुवर्गले अब मार्क्सवादीहरूको दिन गुज्रो भनी कु-प्रचार गरिरहेको वर्तमान समयमा के मार्क्सवादीहरू चुपचाप यो आरोप खपेर बसिरहेका छन् ?**

**वास्तविकताले भन्छ- हैन, मार्क्सवादीहरू चुपचाप बसिरहेका विल्कूलै छैनन् । उनीहरू इतिहासबाट पाठ सिक्दै पुनः अघि बढ्दैछन् । यो क्रम नेपाल वा संसारका एक दुई स्थानमा मात्र हैन, विश्वभरी नै जारी छ ।**

**आज मार्क्सवादीहरू व्यापक रूपमा चिन्तन मनन गरिरहेछन्, ऐक्यवद्धताको बाटो खोजिरहेछन् । यसको ज्वलन्त प्रमाण हो- गत करीब तीन महिनाभित्रमा भएका अन्तर्राष्ट्रिय स्तरका ४ वटा सम्मेलनहरू !**

**मेक्सिको, हलैण्ड, बेल्जियम र लण्डनमा भएका यी सम्मेलनहरूले विश्वका विभिन्न देशका मार्क्सवादीहरू आज कसरी सोचिरहेछन् भन्ने कुराको एउटा ज्वलन्त झलक पेश गरेका छन् ।**

**गतांकमा हामीले लण्डन सम्मेलनको विवरण पाठक सामु प्रस्तुत गर्‍यौं । यस पटक प्रस्तुत छ- मेक्सिको, हलैण्ड र बेल्जियम सम्मेलनको विवरण ।**

**यी विवरणहरूबाट विभिन्न देशका वामपन्थी मित्रहरू अबका दिनहरूमा कसरी अघि बढ्ने भन्नेबारे कसरी सोचीरहनु भएको छ भन्ने कुराको एउटा ताजा खाका पाठक वर्गलाई दिने छ भन्ने हामीले ठानेका छौं ।**

**हलैण्ड- सम्मेलनमा नेपालका तर्फबाट क. ईश्वर पोखरेलले भाग लिनु भएको थियो । सम्मेलनबारेको उहाँको प्रतिकृया पनि हामीले साथै प्रस्तुत गरेका छौं ।**

**- मूल्यांकन**

---

# हलैण्डमा चौथो अन्तर्राष्ट्रिय सम्मेलन

## १७ वटा वामपन्थी पार्टीहरूको सहभागितामा वैचारिक मन्थन

**आधुनिक शंसोधनवादको विरोध गर्दै, मार्क्सवादी लेनिनवादी सिद्धान्तलाई आ-आफ्नो देशमा लागू गरिरहेका क्रान्तिकारी पार्टी र संगठनहरू विशेषत: माओ त्से तुङ्ग विचारधारा पक्षधरहरूबीच ऐक्यबद्धता कायम गर्न र आपसी सहयोग सुदृढ बनाउने उद्देश्यले हलैण्डमा पनि वामपन्थीहरूको चौथो अन्तर्राष्ट्रिय सम्मेलन संपन्न भएको छ।**

जर्मनस्थित संयुक्त संयोजन समूह (Joint Co-ordinating Group) को निमन्त्रणमा र आयोजनामा हलैण्डमा सम्पन्न सो अन्तर्राष्ट्रिय सम्मेलन केही महत्वपूर्ण प्रतिनिधिहरूलाई ध्यानमा राखेर भूमिगत ढंगले विशेष सतर्कताका साथ आयोजना गरिएको थियो। चैत्र २० देखि २७ सम्म (अप्रिल २ देखि ९ सम्म) भएको ८ दिवसीय सम्मेलनमा चार महादेशका १७ वटा वामपन्थी पार्टीहरु सहभागी भएका थिए। यसमा नेपालको तर्फबाट नेकपा (एमाले) को प्रतिनिधित्व गर्दै क. ईश्वर पोखरेल सहभागी हुनुभएको थियो।



मार्क्सवादले लेनिनवाद र माओत्सेतुङ्ग विचारका पक्षधरहरूबीच ऐक्यबद्धता कायम गर्न र आपसी सहयोगलाई सुदृढ बनाउने उद्देश्यले सन् १९८८ देखि यस किसिमको अन्तर्राष्ट्रिय सम्मेलन शुरु गरिएको थियो। शुरुमा जम्मा ६ वटा वामपन्थीपार्टीहरू मात्रै त्यसमा सहभागी भएका थिए। ती सबै पार्टीहरू मार्क्सवाद लेनिनबाद र माओ विचारका प्रबल पक्षधर र आधुनिक संशोधनवादका विरोधीका रुपमा परिचित थिए, जसमा स्टालिनको मूल्यांकन गर्ने विषयमा मतैक्यता भने थिएन। १९९० मा दोस्रो सम्मेलन भएको थियो, जसमा माओको तेस्रो विश्वको सिद्धान्तमाथि गंभीर वाद-विवाद भएको थियो।

१९९० कै जुलाई २१-२८ मा यसको तेस्रो सम्मेलन भएको थियो। त्यसमा विश्वका ११ वटा वामपन्थी पार्टीका प्रतिनिधिहरू सहभागी भएका थिए। त्यस सम्मेलनका सहभागी पार्टीहरूबीच एकपछि अर्को विषयमा वैचारिक अन्तर्क्रिया गर्दै वैचारिक- राजनीतिक एकता कायम गर्दै जाने कुरा स्वीकार गरिएको कुरा थाहा भएको छ।

जर्मनीको मार्क्सवादी-लेनिनवादी पार्टी (MLPD) फिलिपिन्स कम्युनिष्ट पार्टी र अफगानिस्तानको मार्क्सवादी-लेनिनवादी संगठनको विशेष सकृयतामा सम्पन्न यस चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वका जल्दाबल्दा समस्याहरूको बारेमा छलफल भएको थियो। सम्मेलनमा छलफल भएका विषयहरू हुन् साम्राज्यवादको चुलिंदो संकट, साम्राज्यवादी मुलुकमा बढ्दो वर्ग-संघर्ष, त्यहाँका मार्क्सवादी-लेनिनवादीहरूको रणनीति र कार्यनीति, राष्ट्रिय मुक्ति संघर्षको विकास र त्यहाँका मार्क्सवादी-लेनिनवादीहरूको रणनीति र कार्यनीति, सोभियत संघको विघटनपछि संशोधनवादी प्रवृत्तिको स्थिति, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको स्थिति र श्रमिकहरूको अन्तर्राष्ट्रिय सहयोग संगठन!

सम्मेलनमा जर्मनीको मार्क्सवादी-

### सम्मेलनका सहभागी वाम पार्टीहरु र प्रतिनिधि संख्या

१) अफगानिस्तानको मार्क्सवादी-लेनिनवादी संगठन- २
२) वंगलादेश क्षमिक पार्टी- १
३) नेपाल कम्युनिष्ट पार्टी (एमाले)- १
४) भारतीय कम्युनिष्ट पार्टी (माले-लिवरेशन पर्यवेक्षक)- १
५) फिलिपिन्स कम्युनिष्ट पार्टी (CPP) - ३
६) इण्डोनेशियाको क्रान्तिकारी संगठन- ३
७) जायरेको प्रगतिशिल आन्दोलन यूनियन- १
८) अर्जेन्टिनाको कम्युनिष्ट क्रान्तिकारी पार्टी- २
९) उरुग्वेको कम्युनिष्ट क्रान्तिकारी पार्टी केन्द्र- ४
१०) पेरुको कम्युनिष्ट पार्टी (प्याट्रियो रोजा समूह) - २
११) जर्मनीको मार्क्सवादी-लेनिनवादी पार्टी (MLPD) -३
१२) नेदरल्याण्डको मार्क्सवादी-लेनिनवादी समूह - २
१३) इस्पानाको एकीकृत कम्युनिष्ट- २
१४) नर्वेको श्रमिक कम्युनिष्ट पार्टी- २
१५) युगोस्लाभियाको क्षमिक पार्टी- १
१६) EKIM (Oktuber), Turkey - २
१७) लक्जमवर्गको कम्युनिष्ट संगठन- १

यस चौथो अन्तर्राष्ट्रिय सम्मेलनलाई सहयोग र समर्थन गर्दा गर्दै पनि आन्तरिक कारणले गर्दा प्रतिनिधिहरु पठाउन असमर्थ भएका पार्टीहरु

१) Communist Party of Japan (Left)
२) Communist Party of India (ML-Provisional Central Committee)
३) Communist Party of India (ML- towards New - Democracy)
४) Marxists Workers' Party of Australia
५) Pan African Congress.

यिनीहरुले सम्मेलनप्रति शुभकामना पत्र पठाएका थिए।

### सम्मेलनका नेपाली सहभागी

## क. ईश्वर पोखरेल के भन्नु हुन्छ ?

यस अन्तर्राष्ट्रिय सम्मेलन विभिन्न मुलुकका कम्युनिष्ट पार्टी तथा संगठनहरुलाई एकै ठाउँमा भेला गराई विभिन्न समसामयिक सवालहरुमा छलफल गराउन सफल भएको छ। यो विभिन्न मुलुकका क्रान्तिकारी आन्दोलन सम्बन्धी अनुभवको आदान - प्रदान गराउन पनि केही हदसम्म सफल भएको र यसै क्रममा विभिन्न मुलुकका पार्टीहरुवीच द्विपक्षीय सम्बन्ध विकास गर्न पनि यसले उपयुक्त अवसर प्रदान गरेको महशूस हुन्छ।

सम्मेलनबाट विश्व कम्युनिष्ट आन्दोलनको एउटा प्रवृत्ति- मार्क्सवाद-लेनिनवाद, माओ-विचारलाई आफ्नो पथ-प्रदर्शक सिद्धान्त मान्ने विभिन्न कम्युनिष्ट पार्टी र तिनीहरुको विचार र कार्यहरुसँग केही परिचय प्राप्त भएको छ। साथै हाम्रो देशको वामपन्थी आन्दोलन, आफ्नो पार्टीको विचार र कार्यक्रमहरुको परिचय पनि त्यहाँ दिन पाइयो। यसले गर्दा नेपाली वामपन्थीहरुको सफलता देखेर उनीहरु धेरै जसो निकै प्रभावित भएका देखिए।

मार्क्सवाद-लेनिनवाद, माओ विचारलाई मान्ने कम्युनिष्ट पार्टीहरुसँग पनि सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको पतनपछि उठेका नयाँ नयाँ चुनौतीहरुको सही समाधान देखिएन। उनीहरुसँग पुरानै, रटिरटाऊ परम्परागत फर्मूला अर्थात "संशोधनवादीहरुको पतन भएको" व्याख्या बाहेक नयाँ केही देखिएन। कसैले त "संशोधनवादमा पतन भएका देशहरुको वारेमा के अध्ययन गर्नु र ?" भनेर बेवास्तै गरेको पनि देखियो।

सम्मेलनको सम्बन्धमा मान्यता, सीमा र पद्धतिका विषयमा मतैक्यता नरहेको कारणले त्यति उपलब्धिपूर्ण मान्न सकिने स्थिति भने बनेन। प्रस्तावहरुमाथि छलफल भएर पनि समाप्तिको अवसरमा सबै सहभागीहरुबाट हस्ताक्षर गर्ने काम नभएको र आ-आफ्नो देशमा प्राप्त हुने प्रस्तावमा कत्तिले हस्ताक्षर गर्लान् शंकै छ। यस किसिमका समस्यालाई समयमै चिन्न र तिनलाई हटाउन नसक्ने हो भने संयुक्त संयोजन समूह (JCG) ले आफ्नो निरन्तरतालाई सकारात्मक दिशामा अगाडि बढाउन कठीन हुने कुरा अनुमान गर्न सकिन्छ। ❒

लेनिनवादी पार्टी (MLPD), फिलिपिन्स कम्युनिष्ट पार्टी (CPP), नेकपा (एमाले), अर्जेन्टिनाको कम्युनिष्ट रिभोल्यूशनरी पार्टी, पेरुको कम्युनिष्ट पार्टी, स्पेनको एकीकृत कम्युनिष्ट पार्टी र लक्जम्बर्गको कम्युनिष्ट संगठनहरुले सम्बन्धित विषयहरूमा आफ्ना विचारहरू कार्यपत्रमार्फत प्रस्तुत गरेका थिए। अन्य सहभागीहरूले आ-आफ्ना टिप्पणीहरु प्रस्तुत गरेको सो सम्मेलन जर्मनीको मार्क्सवादी लेनिनवादी पार्टीका अध्यक्ष एन्जेल स्टेफन तथा फिलिपिनि कम्युनिष्ट पार्टीका अध्यक्ष जोसे मारिया सिसों लगायत अर्जेन्टिना, अफगानिस्तान र जायरेको प्रतिनिधि मण्डलका नेताहरुको अध्यक्षतामा सम्पन्न भएको थियो।

सम्मेलनमा आयोजकहरू तथा अन्य केही पार्टीका प्रतिनिधिहरुले ख्रुश्चोभी आधुनिक संशोधनवादको मात्र होइन, वर्तमान चीनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वलाई पनि संशोधनवादीको आरोप लगाएका थिए। उनीहरूले चीनमा पूँजीवादको पुनर्स्थापना भइसकेको, उत्तर कोरिया, क्यूबा तथा भियतनामका कम्युनिष्ट पार्टीहरु समेत संशोधनवादी पार्टीमा फेरिसकेको एवं अहिले संसारमा कतै पनि समाजवादी व्यवस्था नभएको धारणा प्रकट गरेका थिए। उक्त धारणाप्रति नेपाल, भारत, बंगलादेश, इण्डोनेशिया र युगोस्लाभियाका प्रतिनिधिले भिन्न मत राखेको पनि थाहा भएको छ।

यस वैचारिक भिन्नता बाबजूद, सम्मेलनले अमेरिकी साम्राज्यवादको नेतृत्वमा चलिरहेको विश्वको साम्राज्यवादको नांगो हस्तक्षेपको शिकार भइरहेका देश र जनताका पक्षमा प्रस्तावहरू तयार गरेको छ। नेकपा (एमाले) का प्रतिनिधि क. ईश्वर पोखरेलद्वारा प्रस्तुत उत्तर-कोरिया र क्यूबा लगायतका उत्पीडित देशहरूको विरुद्ध अमेरिकी साम्राज्यवादले गरिरहेको नांगो हस्तक्षेपको विरोधमा एक महत्वपूर्ण प्रस्ताव सम्मेलनले अगाडि सारेको छ। यस प्रस्ताव सहित सम्मेलनका सबै प्रस्तावहरूलाई सर्वसम्मतिबाट मात्र पास गर्ने परिपाटी अनुरुप सबै सहभागी देशका पार्टीहरूलाई पठाइसकिएको कुरा थाहा भएको छ।

सम्मेलनले अन्तमा हतार-हतारमा भए पनि MLPD का अध्यक्ष एंगेल स्टेफनको अध्यक्षतामा नयाँ संयुक्त संयोजन समूह (Joint Co-ordinating Group) को निर्माण पनि गरेको छ। त्यस समूहमा अफगानिस्तान, पेरु, जायर, जर्मनी र फिलिपिन्सका पार्टीहरू सहभागी रहेका छन्। ❑ ❑

# अमेरिकी महाद्वीपका वामपन्थीहरूको ठूलो भेला

## बैचारिक संघर्ष र वर्ग संघर्ष तीव्र पार्नमा जोड !

**म**ध्य अमेरिका र उत्तरी अमेरिकाका कम्युनिष्ट र श्रमिक पार्टीहरूको क्षेत्रीय भेलापछि हालै अमेरिकी महादेशका १७ वटा कम्युनिष्ट र वामपन्थी पार्टीहरूको ठूलो भेला भएको छ। जापातिष्टा आदिवासी-किसान विद्रोहका कारणले चर्चित भएको मेक्सिकोमा त्यहाँकै पपुलर सोसलिष्ट पार्टी (PPS) द्वारा आफ्नो पार्टीका संस्थापक नेता भिन्सेन्टेलो तोलेडानोको शतवार्षिकीको उपलक्ष्यमा सो भेला आयोजना गरिएको हो। उक्त भेला ठीक त्यस बेला भएको छ, जुन बेला सोभियत संघ र पूर्वी यूरोपमा कम्युनिष्ट-हरूलाई परेको धक्का सहन नसकेर विसर्जनवादी प्रवृत्ति समात्न पुगेका अमेरिकी महादेशका केही वामपन्थीहरूको विचार र व्यवहार विरुद्ध मार्क्सवादी लेनिनवादी शक्तिहरू संघर्षरत् छन्। यस वैचारिक संघर्षलाई अझ तीब्र पार्न र पूँजीवादी-साम्राज्यवादी खेमाबाट भइरहेको बैचारिक-सांस्कृतिक आक्रमणको प्रतिरोध गर्न एवं साम्राज्यवाद विरोधी राष्ट्रिय मुक्ति संघर्ष र वर्ग संघर्षलाई टेवा दिन यस भेलाको आयोजना गरिएको थियो। भेलाका सहभागी वामपन्थीहरूले बर्तमान समयमा चलिरहेको व्यापक वैचारिक संघर्ष र २१ औं शताब्दीको संघारमा टेकिरहेका अमेरिकी महादेशका जनताको संघर्षलाई केन्द्रबिन्दु बनाएर फागुन २७, २८ र २९ मा व्यापक अन्तर्क्रिया गरेका थिए।

तीन दिवसीय बहस-अन्तर्क्रिया पछि, उक्त भेलाले प्रकाशित गरेको घोषणा-पत्रमा ती पार्टीहरूले विसर्जनवादी प्रवृत्तिको विरोधमा उभिएर-मार्क्सवाद लेनिनवाद-प्रति दृढ आस्था प्रकट गरेका छन्। श्रमिक वर्गको मुक्तिको लागि मात्रै होइन, सम्पूर्ण मानव जातिकै उत्थान र मुक्तिका लागि मार्क्सवाद मार्ग निर्देशक सिद्धान्त भइरहने दावी गर्दै घोषणा-पत्रमा त्यसलाई आ-आफ्ना देश, काल र परिस्थिति अनुकूल लागू गर्दै वर्ग-संघर्ष तीव्र पार्ने अठोट व्यक्त गरिएको छ।

सोभियत संघ र पूर्वी यूरोपमा भएको प्रतिक्रान्तिको सम्बन्धमा घोषणा-पत्रमा समाजवादी कालका आर्थिक, सामाजिक, वैज्ञानिक र सांस्कृतिक उपलब्धिहरुको उच्च मूल्यांकन गर्दै त्यहाँको हुकुमी शासन अर्थात् नोकरशाही शासन मात्रै अन्त भएको व्याख्या गरिएको छ। श्रमिक वर्गको सत्तामा सहभागिता र जनप्रिय प्रजातन्त्रको अभाव, राजनीतिक सत्ता र अर्थतन्त्र लगायत सम्पत्तिको सामूहिकीकरण सम्बन्धी कठोर दृष्टिकोणको कारणले त्यहाँको हुकुमी शासनको अन्त भएको व्याख्या प्रस्तुत गरिएको छ।

सोभियत संघ र पूर्वी यूरोपको प्रतिक्रान्ति पश्चात् विश्वको वैचारिक क्षेत्रमा पूँजीवादी-साम्राज्यवादीहरूद्वारा चलाइएको "समाजवादको अन्त, मार्क्सवादको मृत्यु" सम्बन्धी प्रचारको विरुद्ध तीब्र बैचारिक संघर्ष चलाउनु परेको कुरालाई इंगित गर्दै घोषणा पत्रमा अब संकटग्रस्त पूँजीवाद साम्राज्यवादमाथि वैचारिक संघर्ष र वर्ग संघर्ष तेज पार्नु पर्ने कुरामा जोड दिइएको छ। उदार, खुला बजारअर्थतन्त्रको नकाब लगाएर ल्याटिन अमेरिकामाथि शोषण गरिरहेका पूँजीवादी साम्राज्यवादीहरूको सम्पूर्ण नकाब च्यातच्यूत भइसकेको ठोकुवा गर्दै घोषणा-पत्रमा ल्याटिन अमेरिकी देशहरूमा चलिरहेका तेज वर्ग-संघर्षहरूप्रति ऐक्यवद्धता, वीरतापूर्ण सशस्त्र संघर्षहरूप्रति समर्थन र सहयोग प्रदर्शन गरिएको छ।

भेलाले अमेरिकी साम्राज्यवाद विरोधी बृहत् संयुक्त मोर्चाको निर्माण गरी संघर्ष गर्न अपील गर्दै क्यूबा, उत्तर कोरिया, इराक, मध्यपूर्व, पानामा, सोमालिया, हैटी र पोर्टोरिको आदि देशमाथि भइरहेको साम्राज्यवादी आक्रमण, उत्पीडन र अत्याचारको भर्त्सना गरेको छ। ❑

### ल्याटिन अमेरिकी कम्युनिष्ट पार्टीहरूको सम्मेलनका सहभागीहरू

मेक्सिको सिटीमा भएको ल्याटिन अमेरिकी कम्युनिष्ट पार्टीहरू र श्रमिक पार्टीहरूको महादेशव्यापी सम्मेलनका सहभागी पार्टीहरू
- कम्युनिष्ट पार्टी अफ क्यानाडा
- कम्युनिष्ट पार्टी अफ क्यूबेक
- पपुलर भेनगार्डिष्ट पार्टी अफ कोष्टारिका
- कम्युनिष्ट पार्टी अफ होण्डुरस
- पपुलर शोसलिष्ट पार्टी अफ मेक्सिको
- कम्युनिष्ट पार्टी अफ दि यूनाइटेड स्टेट् अफ अमेरिका
- कम्युनिष्ट पार्टी अफ पेरु
- कम्युनिष्ट पार्टी अफ चिली
- कम्युनिष्ट रिभोल्यूशनरी यूनिट अफ डोमिनिकन रिपब्लिक
- डोमिनिकन बर्कर्श पार्टी
- डोमिनिकन पपुलर मुभमेन्ट
- पपुलर लिवरेशन एण्ड रेजिस्टेन्स फोर्स
- कम्युनिष्ट पार्टी अफ कोलम्बिया
- रिभोल्यूशनरी आर्मड फोर्सेज अफ कोलम्बिया
- वर्कर्स पार्टी अफ ग्वाटेमाला

पेरु

# गोन्जालोलाई दमन गर्ने फुजिमोरी अन्य वाम नेतामाथि पनि दमनकारी हुँदैछ !

***पे**रुको कम्युनिष्ट पार्टी (साइनिङ पाथ) का अध्यक्ष क. गोन्जालो, उहाँका सहकर्मी र संघर्षशील जनतामाथि दमन गरिरहेको तानाशाही फुजिमोरी सरकारले त्यहाँका अन्य वापमन्थी पार्टी र नेताहरूमाथि पनि हिटलरी दमन चलाउन थालेको छ।*

*फुजिमोरी सरकारले सुधारवादी वामपन्थीहरूको संयुक्त मोर्चा 'युनिफिकेशन अफ दि रिभोल्यूशनरी लेफ्ट (UNIR) का ऐतिहासिक नेता, युनाइटेड लेफ्टका सह-अध्यक्ष एवं सिनेटर क. जोर्गे ल्यूडोभिको हुर्टेडा पोजो माथि पनि "अतंकवादी कार्यमा संलग्न भएको" आरोपमा दमन गरेको छ। क. पोजोलाई गिरफ्तार गरिएको छ र उहाँको पनि जीवन रक्षाको समस्या उत्पन्न भएको छ।*

*स्मरणीय छ, संसदको मार्गबाट, सुधारवादी ढंगले क्रान्ति गर्ने लाइन लिएर अगाडि बढिरहेको यस वामपन्थी पार्टीका नेता तथा कार्यकर्ताहरूले पनि गत १४ वर्षदेखि नै दमनको मार खपिरहेका छन्। तानाशाही सरकारको यस दमन अभियानको क्रममा दर्जनौं कार्यकर्ता तथा नेतृत्वदायी कमरेडहरू मारिइसकेका छन्। सरकारद्वारा मारिइने कमरेडहरूमा UNIR- PUNO का विभागीय सचिव नोर्मान बेडोया, हुआका भेलिकाको संसदका सचिव-जुआँ कोरिल्लोक्ला, ओक्जपाम्पाका प्रान्तीय सचिव- अल्डिनो भेल्गारेजो, आशम्बारोका प्रान्तीय मेयर-मार्सिलिनो पाकारी, युवा नेता न्यूयन हिलारेस र हुनाकोका नेता-लेजर मुनोस आदि छन्।*

*यस दमनको साथसाथै सरकारले पेरुको कम्युनिष्ट पार्टी (प्याट्रिया रोजा समूह) तथा त्यस समूह संलग्न रहेको मोर्चा UNIR लाई प्रतिबन्ध लगाउने दुस्साहसपूर्ण तयारी गरिरहेको छ।*

*यस स्थितिमा UNIR ले संघर्षरत श्रमिक वर्ग, किसान वर्ग र अन्य उत्पीडित जनतालाई सैनिकीकरण र दमनको प्रतिरोध गर्न आह्वान गर्दै क. पोजोको व्यक्तिगत स्वतन्त्रता, राजनीतिक अधिकार र जीवनको रक्षार्थ अगाडि बढ्ने दृढता देखाएको छ।* ❑



# जापानी वामपन्थी आन्दोलनका वर्तमान धाराहरू

**केशवलाल श्रेष्ठ**

आजको विश्वमा एउटा ठूलो आर्थिक शक्ति राष्ट्र बन्न पुगेको जापानमा वामपन्थी आन्दोलनको हालत कस्तो छ भन्नेबारे पाठकहरूमा रहेको जिज्ञासा मेट्नका लागि हामीले क. केशवलाल श्रेष्ठ लिखित यो विवरण यहाँ प्रस्तुत गरेका छौं । यसै साथ प्रस्तुत छ, चार लाख भन्दा बढी सदस्य भएको जापानी कम्युनिष्ट पार्टी (JCP) को भर्खरै सम्पन्न बीसौं महाधिवेशनको रिपार्ट !

**- मूल्यांकन**

**जापानको समाजवादी आन्दोलन धेरै घुम्ती र मोडहरू पार गर्दै एउटा विशिष्ट स्थितिमा आइपुगेको छ । अहिले जापानको समाजवादी आन्दोलन धेरै समूहमा विभाजित छ ।**

**सिंगो जापानको समाजवादी आन्दोलन पाँच धारमा विभाजित छ ।**

**१. ट्रटस्कीपन्थी धार**
**२. मार्क्सवादी-लेनिनवादी धार**
**३. यूरोपिय समाजवादी धार**
**४. माओवादी धार**
**५. सामाजिक जनवादी धार**

१. ट्रटस्कीपन्थी धार :

यो धार क्रान्तिकारी कम्युनिष्ट लीगको नाममा स्थापना भयो र १९९१ देखि १९९२ सम्म आइपुग्दा नपुग्दै ३ समूहमा विभाजित भयो ।

क) चौथो अन्तर्राष्ट्रिय जापानी शाखा : यो समूह १९९० को दशकमा आइपुग्दा नपुग्दै पाँच समूहहरूमा विभाजित भयो र अहिले कुनै पनि समूह अस्तित्वमा छैनन् । व्यक्तिको रुपमा मात्र केही छन् ।

ख) क्रान्तिकारी कम्युनिष्ट लीग : यो समूह चुकाकु समूहको रुपमा अस्तित्वमा छ । यस समूहको विद्यार्थी र मजदूरहरूबीच केही प्रभाव छ । यो समूह विश्व कम्युनिष्ट आन्दोलनको पक्षमा छैन । स्टालिनको विरोध गर्दछ र चिनीया कम्युनिष्ट पार्टी, भियतनाम कम्युनिष्ट पार्टी, फिलिपिन्स कम्युनिष्ट पार्टी आदि शक्तिशाली कम्युनिष्ट पार्टीहरू विघटन गर्नु पर्छ भन्ने पक्षमा छ । यस समूहले ब्लांकीवादको पक्षपोषण गर्दछ ।

ग) क्रान्तिकारी काकुमारु समूह : यो समूहले जापानी पुलीससँग साँठसाँठ गरेको छ र वाम कार्यकर्ताहरूमाथि प्रहार गर्ने गरेको छ । त्यसैले यो समूह जापानी समाजवादी आन्दोलनमा प्रतिक्रान्तिकारी समूहको रुपमा चिनिन्छ ।

२. मार्क्सवादी लेलिनवादी धार :

यो धार कम्युनिष्ट लीगको नाममा १९५८ मा स्थापना भयो । पछि आएर पाँचभन्दा बढी समूहहरूमा विभाजित भएको छ । सबै विभाजित समूहहरू बीच केही भिन्नताहरू पनि छन् ।

क) लडाकु झण्डा (Fighting Flag) : यो समूह विद्यार्थी र जापानको मध्यमवर्गीय जनतामा आधारित छ । यस समूहले वर्ग संघर्षलाई छोडेको छ र यसको वर्ग दृष्टिकोण हराउँदै गएको छ । यसले सरकार र जनताबीचको अन्तरविरोध प्रधान हो भन्छ र हाल यो समूह विसर्जनवादतिर गैरहेको छ ।

ख) कम्युनिष्ट लीग (लडाकु झण्डा) : यो समूह विद्यार्थी, मजदूर र सामाजिक उत्पीडनमा परेका जनतामा आधारित छ । यो समूहले सर्वहारा अन्तर्राष्ट्रियवादलाई मान्दछ । यो क्रान्तिकारी मार्क्सवाद लेनिनवादको पक्षमा छ र विसर्जनवादको विरोधमा छ ।

ग) जापान कम्युनिष्ट लीग (राष्ट्रिय कमिटी) : यो समूह विद्यार्थी, मजदूर र श्रमजीवी जनतामा आधारित छ । यो समूह जडसूत्रवाद र विसर्जनवादको विरोध गर्दै क्रान्तिकारी मार्क्सवादी लेनिनवादी र सर्वहारा अन्तर्राष्ट्रवादमा दृढतापूर्वक उभिएको छ । र जापानी समाजको विशिष्टतामा मार्क्सवाद लेनिनवादको सृजनात्मक ढंगले प्रयोग गर्ने पक्षमा कटिबद्ध रहेको छ ।

घ) कम्युनिष्ट लीग (रातो झण्डा समूह) : यो समूहले विद्यार्थी र मजदूरबीच काम गरिरहेको छ र यसको प्रभाव ज्यादै कम छ ।

ङ) जापान लाल सेना समूह : यो समूह जापानबाट प्यालिष्टीनी जनताको

---

## जापानी कम्युनिष्ट पार्टी (JCP) को बीसौं महाधिवेशन

# पुन : वैज्ञानिक समाजवादप्रति निष्ठा प्रकट

# अमेरिकी साम्राज्यवादको विरुद्ध संघर्षलाई तेज पारौं

**विश्वको प्रमुख आर्थिक महाशक्ति जापानको राजनीतिमा वैकल्पिक शक्तिको रुपमा प्रकट भइरहेको जापानी कम्युनिष्ट पार्टी (JCP) को बीसौं महाधिवेशन गत साउनको पहिलो हप्तामा टोकियो नजिकको अतामी शहरमा अत्यन्त भव्यताका साथ खुला रुपमा सम्पन्न भयो ।**

१९२२ मा स्थापित जापानी कम्युनिष्ट पार्टीको बीसौं महाधिवेशनले सोभियत संघको विघटनका बाबजूद वैज्ञानिक समाजवादको जीवन्ततामा आफ्नो निष्ठा पुन: प्रकट गर्दै घोषणा गरेको छ- "समकालीन पूँजीवादलाई हेर्दा, वैज्ञानिक समाजवादको वैधता पनि पहिलेको कुनै पनि बेलाभन्दा बढी स्पष्ट भएको छ । सोभियत संघको विघटनपछि अमेरिकाको साम्राज्यवादी आकांक्षाहरू अरु बढेको छ । यस्तो स्थितिमा कम्युनिष्ट तथा प्रगतिशील आन्दोलनको सबैभन्दा महत्वपूर्ण काम हो- मानवताको प्रगतिको सबैभन्दा ठूलो शत्रु अमेरिकी साम्राज्यवादको विरुद्ध संघर्षलाई अझ तेज पार्नु ।"

जापानको राजनीतिक संकट र बढ्दो अस्थिरतालाई विश्लेषण गर्दै महाधिवेशनले चालीस वर्षदेखि सत्तासीन पूँजीवादी पार्टी लिवरल डेमोक्रेटिक पार्टी र अन्य सबैजसो पूँजीवादी राजनीतिक पार्टीहरू जन विरोधी, अनुदारपन्थी खेमामा जाक्किइसकेकाले जापानी कम्युनिष्ट पार्टीको उपस्थिति र त्यसको सकृयता नै जनविरोधी कुशासनको विरुद्ध र एउटा उन्नत जीवनको लागि संघर्षरत जनताको एक मात्र आशाको किरण भएको विचार पनि प्रस्तुत गरेको छ ।

महाधिवेशनबाट जापानी पूँजीवादी शासनको विरुद्ध संघर्ष गर्ने क्रममा अहिलेलाई एउटा शक्तिशाली आन्दोलन निर्माण गर्ने र त्यसका लागि तीन वटा प्रमुख मुद्दाहरूमा ध्यान केन्द्रित गर्ने फैंसला गरिएको छ । ती मुद्दाहरू हुन्- एक, लिवरल डेमोक्रेटिक पार्टीले आफ्नो प्रतिक्रियावादी राजनीतिलाई सुदृढ गर्नका लागि राखेको प्रस्ताव "एक सीटको चुनाव क्षेत्र" को व्यवस्थाको विरोध, दुई, किसान मारा- ग्याट (GATT) का शर्तहरू मुताविक चामल आयात गर्ने उदार व्यवस्थाको विरोध र तीन, उपभोग करमा बृद्धिको विरोध ।

यी विरोधहरूलाई अझ सशक्त आन्दोलनमा रुपान्तरण गर्नका लागि पहिले अनुदार रबैया अपनाउने शक्तिहरूप्रति पनि लचिलो कार्यनीति अप्नाई एउटा प्रगतिशील संयुक्त-मोर्चा निर्माण गर्ने लक्ष्य जापानी कम्युनिष्ट पार्टीले लिएको छ । यस मोर्चाका लक्ष्यहरूमा जापानी-अमेरिकी फौजी गठबन्धनबाट मुक्ति र सही अर्थमा स्वतन्त्र गैर- नाभिकीय, गूट निरपेक्ष र तटस्थ जापानको निर्माण, ठूल्ठूला व्यापार तथा हतियारहरूको फैलावटलाई ग्राह्यता दिने राजनीतिलाई परास्त गर्ने र जनताको जीवन यापन र शिक्षाको पक्ष पोषण गर्ने राजनीतिको स्थापना एवं सैन्यवादमा नयाँ स्वास थप्ने तथा त्यसलाई बचाई हुर्काउने बढाउने र जापानी शैलीको

हतियारबन्द आन्दोलनलाई सघाउन प्यालेष्टिनमा केन्द्रित छ । यसको जापानी जनताबीच कुनै आधार छैन, १९६९-७० तिर भियतनाममा अमेरिकी सेनाको विरोध गरिरहेको बेला यो समूह कम्युनिष्ट लीगको धारबाट अलग्गिएको थियो । यस समूहले केबल सशस्त्र संघर्षमा मात्र जोड दिन्छ, त्यसैले यो समूह आतंकवादी समूहको रुपमा चिन्हित छ ।

३. युरोपियन समाजवादी धार :

यस धारले मुखले मार्क्सवाद लेनिनवाद भने पनि यसले ढाँचागत रुपमा संशोधनवादी धार अंगालेको छ । यस धारले यूरोपका Green Party ले जस्तै वातावरणीय धार (Ecological Line) को व्याख्या गर्छ । यो धार दुई समूहमा विभाजित छ ।

क) Voice of Japan : यो समूह Pro-Russian समूह हो, यसको नीति अनुसार वास्तवमा यसको नाम Voice of Russia को रुपमा यो देखा परेको छ । यो पनि दुई समूहमा विभाजित छ ।

1. United Communist Movement
2. Peace and Social

यी दुबै समूहले अहिले विसर्जनवादको पक्षपोषण गरेका छन् ।

ख) Socialist Revolutionary Movement : यो चार समूहमा विभाजित छ ।

1. United Workers Party
2. Worker's Party
3. Communist Workers Party
4. Japan Communist Revolutionary Party

४. चीनवादी (Pro-China) धार अर्थात माओवादी धार :

**यो धार विभिन्न समूहमा विभाजित छ -**

१) जापान मजदुर पार्टी
२) माओवादी संस्था
३) जापान कम्युनिष्ट पार्टी वाम
४) जापान कम्युनिष्ट (मार्क्सवादी लेनिनवादी)
५) जापान श्रमिक पार्टी
६) शान्ति र प्रजातन्त्रको लागि आन्दोलन

उपरोक्त ६ समूहमध्ये माओवादी संस्था विघटित भयो । र, शान्ति र प्रजातन्त्रको लागि आन्दोलन नामक समूहले नाम परिवर्तन गरेर Mass Party राखेको छ । यस ६ समूहमध्ये जापान कम्युनिष्ट पार्टी (वाम) ठूलो समूहको रुपमा रहेको छ ।

यस धारका धेरै समूह भए पनि यसको एक विशेपता के छ भने- चिनीयाँ कम्युनिष्ट पार्टी (CPC) ले जति जस्तो नीति लिन्छ, यसले त्यसलाई नै समर्थन गर्दछ । र, यसै अनुरुपको नीति अवलम्बन गर्दछ । पहिले यी समूहहरू अल्बानियाको नीतिको पक्षपोषण गर्दथे । त्यसमध्ये कसैले तेङसियाओ पिङ्को लाइनको विरोध गर्दथ्यो र त्यसो गर्दा अल्बानियाको नीति अबलम्बन गर्दथ्यो । यस धारका समूहहरूको CPC सँग राम्रो सम्बन्ध रहेको पाइन्छ र CPC कै लाइनलाई समर्थन गर्दछन् । यसोभन्दा यस धारले CPC को अन्धानुशरण गर्ने र पुच्छरवादी ढंगले त्यसको नीति अनुशरण गर्ने काम गरेको छ भन्न सकिन्छ ।

जापान कम्युनिष्ट पार्टी (वाम) ले भने आधिकारिक ढंगले CPC को विरोध नगरे पनि यो वर्तमान चिनीया नेतृत्वको पक्षमा छैन र अल्वानियालाई पछ्याउने पुच्छर पनि यो बनेको छैन । अहिले आएर आफ्ना गल्तीहरू सच्याउने काममा आफ्नै दिमाग लगाउन थालेको यस धारका सबै समूहरू जापानी कम्युनिष्ट पार्टी (JCP) बाट अलग्गिएका छन् ।

५. सामाजिक जनवादी धार :

१९६९ मा यस धारले आफ्नो संगठन क्रान्तिकारी मजदूर संघको नाममा संगठित गरेको थियो । यो धार पछि आएर विभिन्न समूहमा विभाजित भयो ।

क) क्रान्तिकारी मजदूर संघ : यो समूह रोजालक्जम्बर्गका अनुयायीको रुपमा देखिएको छ । यसले मार्क्सवादको पक्षपोषण गरे पनि सर्वहारा अधिनायकवाद भनेको एउटा नीति मात्र हो, अधिनायकवाद होइन भनेर लेनिनवादको विरोध गर्दछ । यसले लडाकु पार्टी-संगठन होइन, सामाजिक जनवादीहरू-बीचको खुकुलो पार्टी बनाउन चाहन्छ ।

ख) क्रान्तिकारी मजदुर संघ (हाजमा समूह) : यो समूह विद्यार्थीमा आधारित छ र यसले ब्लांकीवादको पक्षपोषण गर्दछ ।

ग) जनशक्ति समूह : वास्तवमा यो राजनीतिक पार्टी होइन । यूनियनका केही व्यक्तिहरूको समाज (Society) हो । यसले SDP(J) को विरोध गर्दछ ।

घ) समाजवादी युवा लीग : यो अझ अस्तित्वमा छ । पहिले यो समूह रुसपन्थी समूहको रुपमा थियो । सोभियत संघको पतनपछि क्यूबा, उ. कोरिया, भियतनाम र तेस्रो विश्वका जनताको आन्दोलनलाई यसले समर्थन गर्दछ । यो पार्टी पार्टी-धारको मूख्य धार SDP(J) को रुपमा छ र जापानको राजनीतिक शक्तिहरू मध्ये दोश्रो शक्तिको रुपमा देखिएको छ ।

★ ★

## जापानी कम्युनिष्ट पार्टीको महाधिवेशनको एक झाँकी

- गत साउन ४ गते जापानी कम्युनिष्ट पार्टी (JCP) को बीसौं महाधिवेशन जापानको राजधानी टोकियोभन्दा ११० कि.मी. टाढा अवस्थित अतामीमा शुरु भयो । दक्षिणपन्थी शक्तिहरूबाट लाउडस्पीकरबाट ठूलो ठूलो आवाज प्रसारित गरी महाधिवेशन विफल पार्ने दुस्प्रयत्न भए । उनीहरूले बाटो रोक्ने असफल कोशिससम्म पनि गरे ।

- पार्टीका अध्यक्ष क. केञ्जी मियामोतो खराब स्वास्थ्यका कारणले महाधिवेशनमा सहभागी हुन सक्नु भएन । दक्षिणपन्थी प्रेसले मनमरी आरोप लागाई पार्टीमा फूट भएको हौवा खडा गर्ने चालवाजी गऱ्यो । तर वास्तविकता के थियो भने- साउन २ गतेको केन्द्रीय कमिटीको बैठकमै क. केञ्जीले आफ्नो खराब स्वास्थ्यका कारणले महाधिवेशनमा सहभागी हुन नसक्ने घोषणा गर्नु भएको थियो ।

- पार्टीका उपाध्यक्ष क. हिरोशी ताचिकीको उद्घाटन भाषणबाट महाधिवेशन औपचारिक रुपमा शुरु भयो । उहाँले अध्यक्ष क. केञ्जी मियामोताको सन्देश पढेर सुनाउनु भयो ।

- महाधिवेशनमा पार्टीको केन्द्रीय समितिका तर्फबाट क. काजुश शलीद्वारा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रस्तावहरू प्रस्तुत गरिए ।

- महाधिवेशनको अध्यक्ष मण्डलका सभापति क. तेत्सुजो फुवाले एउटा लामो सिद्धान्त केन्द्रित भाषणको क्रममा समाजवादको ७० वर्षको अनुभव र सोभियत संघ तथा पूर्वी यूरोपका समाजवादी देशहरुको समाजवादको पतनसँग जोडिएका अनेक वैचारिक मुद्दाहरूबारे प्रकाश पार्नु भयो ।

- धेरै प्रतिनिधिहरू वैचारिक अन्तर्क्रियामा सहभागी भए, जसमा महिला कमरेडहरूको संख्या पनि निकै बेसी थियो ।

★ ★

फासीवादलाई प्रयोग गर्ने प्रवृत्तिको विरोध, संसदको प्रजातान्त्रिक व्यवस्थापन गर्ने सुनिश्चित गर्ने र प्रजातन्त्र स्थापना गर्ने रहेका छन् ।

जापानको कम्युनिष्ट पार्टीले देशको शासक वर्ग जापानी एकाधिकारी पूँजी अमेरिकी साम्राज्यवादप्रति निर्भर रहेको छ भन्ने व्याख्या गर्दै भनेको छ- "शानदार आर्थिक प्रगतिको यस ३० वर्षमा जापानी एकाधिकारी पूँजीलाई स्वतन्त्र बनाउनुको सट्टा, अमेरिकी साम्राज्यवादप्रति बढीभन्दा बढी निर्भर बनाउने काम भएको छ । सैनिक, विदेश नीति र आर्थिक सबै क्षेत्रमा त्यसको अधीनता बढेको छ ।"

"जापानमा अब हुने क्रान्तिको स्वरुप एउटा नयाँ जनवादी क्रान्ति हुनेछ, अमेरिकी साम्राज्यवाद र जापानी एकाधिकारी पूँजीको शासनको विरुद्ध जनताको जनवादी क्रान्ति ।"

यस जापानी जनवादी क्रान्तिको घोषित लक्ष्य पूर्तिको लागि एकाधिकारी पूँजीपतिहरू बाहेक, अन्य सबै वर्गहरूबीच वर्गीय गठबन्धन गरेर- एउटा राष्ट्रिय प्रजातान्त्रिक संयुक्त-मोर्चा निर्माण गरेर अगाडि बढ्ने घोषणा पनि जापानी कम्यूनिष्ट पार्टीले गरेको छ । त्यस घोषणा अनुसार, जनवादी क्रान्तिपछि र चुनावबाट प्रतिविम्बित हुने जनताको चेतनास्तरको आधारमा समाजवादसम्म पुग्ने लक्ष्य पनि स्पष्ट रुपमा परिलक्षित गरिएको छ ।

यस महाधिवेशनका दौरानमा पार्टी-प्रतिनिधिहरूबीच भएको लामो बैचारिक अन्तर्क्रियापछि नेता र कार्यकर्ताहरूले मनोगत कमजोरीहरूलाई काबूमा राख्नु पर्ने, कामकाजमा आएको ढीलासुस्तीलाई रोक्नु पर्ने, बढ्दो चुनावी औसरवादलाई ध्यान दिनु पर्ने र पार्टी निर्माणलाई अझ ग्राह्‌ता दिनु पर्ने विचार र त्यस अनुरुपका कार्यक्रमहरू प्रस्तुत गरेका थिए । यसका अलावा जनताको वर्ग संघर्ष र त्यसमा जनताको आलोचनात्मक सहभागिताको ग्यारेण्टी गर्न सकेमा जापानी कम्युनिष्ट पार्टी भोलि जापानी राजनीतिमै स्पष्ट वैकल्पिक सत्ता स्थापित गर्न सक्षम हुने देखिन्छ ।

## जापानी कम्युनिष्ट पार्टीबारे केही तथ्यहरू

- जापानको कुल जनसंख्या १२ करोड ४० लाख छ भने जापानी कम्युनिष्ट पार्टी (JCP) का सदस्यहरूको संख्या चार लाखभन्दा बढी छ । ती पार्टी सदस्यहरू ३० हजार शाखाहरूमा संगठित छन् ।

यो संख्या पूँजीवादी संचार माध्यमले लगभग १ लाख पार्टी सदस्य घटेको दावी गरेपछिको हालैको ताजा तथ्यांक हो । पार्टीले सदस्य संख्यामा केही कमी आएको तथ्य स्वीकार्दै के स्पष्टीकरण दिएको छ भने यसको मूल कारण त निस्कृय सदस्यहरूको नाम सदस्यताबाट काट्ने नीति लागू गरिनु हो । अर्को कारण हो- सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद पतन भएको घटनाक्रमको नराम्रो असर । यस असरले पार्टीका केही अप्रतिबद्ध सदस्यहरूलाई छोएको थियो । तर यस घटनाले पनि पार्टीको सजीवतामा कुनै कमी आएको छैन भन्ने तथ्य गत वर्ष १९९३ मा मात्रै थप ४ हजार युवाहरू पार्टीमा सामेल भएकोबाट पुष्टि हुन्छ ।

- जापानी संसदको ५११ सदस्यीय प्रतिनिधि सदनमा कम्युनिष्ट पार्टीका १५ जना सदस्यहरू छन् र २५२ सदस्यीय काउन्सिलरहरूको सदनमा त्यसका ११ जना सदस्यहरू छन् ।

- पार्टीको मुखपत्र- "अकाहाता" (रातो झण्डा) को दैनिक र आइतवाशरीय संस्करणहरूको प्रसार संख्या अहिले २५ लाखभन्दा बढी छ । १९७० को दशकको मध्यतिर यसको विक्री संख्या ३६ लाखसम्म पुगेको थियो, जुन आफैंमा एउटा रेकर्ड थियो । गत वर्ष यसको प्रचार संख्या २४ लाख पुगेको थियो । अहिले पार्टीले पुनः यसको प्रसार संख्या बढाउने नीति लिएपछि यसको बृद्धिमा प्रगति हुन थालेको देखिन्छ ।

★ ★

### जापानी कम्युनिष्ट पार्टीको नवनिर्वाचित नेतृत्व

- ❐ अध्यक्ष - क. मिया मोतो
- ❐ उपाध्यक्ष - क. ताशिकी
- ❐ अध्यक्ष मण्डलका सभापति - क. फूवा

बाँकी ४५ पेजमा

**हाम्रो छिमेकी देश** बांगलादेशकी लेखिका सुश्री तसलीमा नसरीन आज ज्यानको परवाह नगरीकन निरन्तर लेखिरहेकी छिन् । आफ्नो लेखनीकै कारण मुसलमान कठमुल्लावादीहरूको ज्यान मार्ने धम्कीबाट बच्न तथा कथित प्रजातान्त्रिक सरकारको धरपकडबाट बच्न स्वीडेनमा गई निर्वासित जीवन जिइरहेकी यी लेखिका तसलीमा नसरीन पेशाले डाक्टर हुन् । तर आफ्नो बुद्धि विवेकलाई डाक्टरी पेशामा मात्रै सीमित नराखी आफ्नो सम्वेदनशील कलमबाट कथा, कविता र उपन्यासको माध्यमबाट जनताका पीडा र संघर्षहरूलाई अभिव्यक्त गर्दा उनलाई "अपराधी" ठहऱ्याईएको छ । उनको पछिल्लो "अपराध" थियो- "लज्जा" नामक उपन्यास लेख्नु !

भारतमा अन्ध हिन्दू धर्मावलम्बीहरूले बाबरी मस्जिद ढालेपछि त्यसको प्रतिक्रिया स्वरुप बांगलादेशका मुसलमान कठमुल्लावादीहरूले अल्पसंख्यक हिन्दूहरूमाथि मच्चाएको आतंक, हिंसा र अत्याचारमाथि केन्द्रित गरी "लज्जा" उपन्यास लेख्नु नै उनको पछिल्लो "अपराध" थियो । पहिलेदेखि नै कठमुल्लावादीहरूमाथि कलमद्वारा आक्रमण गर्दै आइरहेकी लेखिका तसलीमाको यस उपन्यासबाट बांगलादेशका मुल्लाहरू, कठमुल्लावादीहरू र तथाकथित प्रजातान्त्रिक सरकार यति रिसाए कि उनको हत्याको लागि हजारौं टाका (बांग्लादेशी मुद्रा) इनाम घोषणा गर्ने, जुलुस-प्रदर्शन गर्ने, सरकारले उपन्यासमाथि नै प्रतिबन्ध लगाउने र गिरफ्तारीको लागि धुवाँधार रुपले खोज्ने लामो अभियान नै चल्यो । यस स्थितिमा बांगलादेश, भारत र नेपालमा तसलीमा नसरीनको जीउज्यान र लेखनीको सुरक्षाको निम्ति सशक्त आवाज उठिरहेको तथ्य लेखक कलाकारहरूका वक्तव्य, सडकका प्रदर्शनहरूबाट स्पष्ट हुन्छ । यसै सन्दर्भमा उनको वैचारिक स्थितिलाई प्रष्ट पार्ने खालको लेनिन सम्बन्धी उनको रचना उनको "निर्वाचित कलम" भन्ने पुस्तकबाट अनुवाद गरी यहाँ प्रस्तुत गर्दै हामी उनको संघर्षप्रति आफ्नो समर्थन जनाउन चाहन्छौं

- मूल्यांकन

# तसलीमा नसरीनको नजरमा लेनिन





## लेनिन महा मानव हुनुहुन्थ्यो

"**प्ले** ब्वाय" (एक नग्न अश्लील पत्रिका- सं.) का जेफ कलिन्स अहिले खुशीले नाचिरहेका छन्, किनकि उनको मिशन सफल भएको छ । मास्कोका नारीहरूलाई उनले निर्वस्त्र बनाएर छोडेका छन् । भिनो बस्त्र मात्रै लगाएर मास्कोका केटीहरूले रेडस्क्वाएरमा फोटो खिचाएका छन् ।

जेफ कलिन्सले मास्कोका केटीहरूको बारेमा भनेका छन्- "सबै यूरोपका केटीहरू जस्तै उनीहरू पनि दुविधाहीन छन्, शरीरको बारेमा उनीहरू लज्जित छैनन् ! भरिभराउ कोठामा पनि मानिसहरूबीच भटपट लुगा फुकाल्नमा उनीहरूलाई अलिकति पनि संकोच छैन !"

जेफ कलिन्सले सोचेका थिए- आक्रामक पाठकहरूको खाद्यसूचीमा नयाँ मेनूको रुपमा रुसी सुन्दरीहरू रुचिकर हुनेछन् । उनले त्यति धेरै आशा पनि गरेको थिएनन् कि समाजवादी केटीहरू, जसले कमसेकम आफ्नो शरीरको व्यापार गर्न सिकेका थिएनन्, उनको एउटै आव्हानमा "मोडल" बन्नका लागि लाइनमा उभ्भिन आउनेछन् ।

गोर्वाचोभ र येल्तसीनको ध्वंशयज्ञलाई पूँजी बनाएर जेफ कलिन्स सिर्फ मौकाको फाइदा लुट्नका लागि मास्को गएका थिए । यस मौकामा उनको गोप्य इच्छा थियो- केही रुसी सुन्दरीहरूलाई पटाउन सकिन्छ कि सकिदैन भनेर जान्नु !

अहँ, कुनै छल-कपटको आवश्यकता नै भएन । रुसी केटीहरू "प्ले व्वाय" पत्रिकाको "मोडल" बन्नका लागि बकाइदासँग लाइनमा उभ्भिन आए । रेड स्क्वाएरमा मात्रै होइन, सेन्ट बासिलसको अगाडि, स्पा-टाउन सांचीमा, पुश्किन फाउण्टेनमा, रसिया होटलको स्वीमिङ्ग पुलमा, बाटोघाटो, बरण्डामा, रेष्टुराँहरुमा अर्धनग्न रुसी सुन्दरीहरूले फोटो खिचाए ।

लेनिनको चित्र अगाडि नग्न सुन्दरीहरूले उपरखुट्टी लगाई-लगाई फोटो खिचाए, मानौं लेनिन होइन, लेनिनभन्दा पनि महान बनेर आज रुसी महिलाहरूको नितम्ब खडा छ ।

जेफ कलिन्स, ग्लास्टनोस्ट जिन्दावाद, येल्तसीन जिन्दावादको नारा लगाउँदै आफ्नो देश फर्के !

लेनिन एउटा त्यस्तो मानिस हुनुहुन्थ्यो, जसले नारीहरूलाई माल बनाउन चाहनु भएन, बरु उहाँले नारीहरूलाई "गृहस्थीको चौघेरोको दासताबाट" मुक्त गर्न चाहनु भयो ।

लेनिन त त्यस्तो मानिस हुनुहुन्थ्यो, जसले नारीलाई "मानिस" को रुपमा सम्मान दिनु भयो, पूँजीवादको बेदीबाट निकालेर नारीलाई आर्थिक मुक्तिको बाटो देखाउनु भयो ।

लेनिन अवश्य पनि एउटा महामानव हुनुहुन्थ्यो, जसले नारीलाई धर्म र समाजका सबै किसिमका जंजीरहरूबाट मुक्त गराउनु भयो । नारीलाई चूल्हो-चौका गर्ने भान्छा घर र प्रसुतिगृहबाट निकालेर ल्याउनु भयो, कल-कारखानामा ल्याउनु भयो, जुलुसमा ल्याउनु भयो, स्कूलमा ल्याउनु भयो । त्यही लेनिनलाई अगाडि राखेर आज रुसी नारीहरू जाँघ-देखाउ- भूमिका अपनाइरहेका छन् । धिक्कार छ, यस पश्चिमी मोहलाई ! धिक्कार छ, यस नारी देहको विभत्स व्यापारलाई !

सोभियत संघका गाउँ-गाउँमा अब डिस्को चल्दछ, "मिस सुन्दरी प्रतियोगिता" चल्दछ । रुसी महिलाहरू अब ज्ञानको बारेमा चिन्तन मनन गर्नुभन्दा पनि शरीरको सौन्दर्य प्रदर्शनलाई बढी महत्वपूर्ण ठानिरहेका छन् । छाती, कम्मर र नितम्बको नाप लिएर दौड्नुमा नै उनीहरू अब असाध्य व्यस्त देखिन्छन् । सडक सडकमा अश्लील फोटोहरू भएका पत्रिकाहरुको पहाड छ । घर-घरमा ब्लू



# पुच्छरवादको विकल्प ढोकावन्दवाद हुन सक्दैन

प्रज्ञान रत्न

फिल्महरू चलिरहेका छन्।

बर्लिनको पर्खाल ढालेपछि पूर्वी जर्मनीका युवाहरू सबैभन्दा पहिले पश्चिम जर्मनीका बेश्यालयहरूमा पसेका थिए। स्वाधीनताको स्वाद उनीहरूलाई बेश्यालयमा पसेपछि मात्र प्राप्त भयो।

दुःख त यस कुरामा छ कि निर्वाध यौनलाई नै उनीहरू स्वाधीनता मानिरहेका छन्।

रुसमा पनि अब नारीलाई विकाउ माल बनाउने पश्चिमी नियम-कानून लागू गरिदै जान थालिएको छ। नारी अब फेरि मानिस होइन, भोगको बस्तु भएकी छे। नारी- संभोग अब स्वाधीनताको अर्को नाम भएको छ।

यदि यही नै ग्लास्टनोस्टको चरम उपलब्धी हो भने धिक्कार छ- त्यस्तो ग्लास्नोष्टलाई! धिक्कार छ- उनीहरूको स्वाधिनतालाई! साम्यवादलाई धूलोमा मिलाएर, अमेरिकी साम्राज्यवादसँग हात मिलाएर उनीहरूले पश्चिमी फोहर मात्रै घरमा भित्र्याउने छन्- यसभन्दा बढी अरु केही ल्याउन सक्ने छैनन्। यसभन्दा बढी अरु केही पनि पाउने छैनन्।

समाजवाद ढलेपछि नारी-वस्तुको बेचविखनको व्यापारले टाउको उठाएको छ। नारीलाई पूँजीको जंजीरले बाँधेर बेवकुफ नारी- पुरुष दुबै अहिले खुशी मनाइरहेका छन्, धुवाँधार नाचिरहेका छन्। नारी अब त्यस देशमा बिल्कूल पूँजीवादी मुलुकहरूमा जस्तै, स्वादिष्ट खाना भएकी छे। खाना खानेहरू लेनिनको आदर्शलाई आगोमा जलाएर विकृत सभ्यतातिर अगाडि बढ्दै छन्।

अफशोस छ- यस पतनमाथि, अपशोस छ- यस दानवीय उच्छ्वासमाथि।

लेनिन! तपाई क्षमा दिनुस्! तपाईका ती निर्वोध उत्तराधिकारीलाई क्षमा दिनुस्! जुन "गृहस्थीको चौघेरोको दासताबाट" नारीलाई तपाईले मुक्त गर्नु भएको थियो, तिनै नारीहरू सोखपूर्वक आफ्नो शरीरलाई प्रलोभनको वस्तु बनाइरहेका छन्। लेनिन्! तपाई लाजले, घृणाले आफ्नो आँखा बन्द गर्नुस्, कहीं यो विकृति, कहीं यो फोहरी सभ्यता तपाईले हेर्न नपरोस्।

*("आमुख" बाट साभार)*

**यस पटक जब कांग्रेसी नेता भट्टराई र निधिहरु वामपन्थीहरुसित मिलेर आमसभा गर्न तयार भए, यसलाई निकै महान उपलब्धिका रुपमा महत्व दिइयो। उर्लदो जन-आक्रोश ठण्डा हुने मूल्यमा पनि तीन दिने नेपाल बन्द कार्यक्रमलाई दुई दिन घटाएर एक दिनमा झारियो। उकालो लाग्दो व्यापक जन-आन्दोलनबाट दरबार र गिरिजालाई पर्दै गइरहेको चाप नै खत्तम हुने शर्तमा पनि साउन १५ गते अगाडिको अवधिलाई कार्यक्रम-शून्य पारियो। तर जब साउन १२ गते भट्टराई र निधिहरुले गिरिजा छेउ त्वम् शरणम् गरेर तथाकथित "एकता" गरे, भन्न थालियो कि अब उप्रान्त कांग्रेससित कहिल्यै एकता गरिनु हुन्न।**

**कांग्रेसलाई फुटाउन खोजेका थिए, आफै थाङ्नामा सुते!- एक थरि क्रान्तिकारीहरुले त के पनि टिप्पणी गरे भने उनीहरुले कांग्रेससित एकता गर्नु सैद्धान्तिक रुपले नै गलत हो भनेर पहिल्यै भनेका थिए। अहिले त्यसको सत्यता सावित भयो।**

**मेरो ठम्म्याइमा यी दुई परिघटनामा दुई वटा अतिले काम गरेका छन्।**

गिरिजा गूटलाई जताततैबाट एक्ल्याउन उसका विरोधीका रुपमा देखा परेका कांग्रेसीहरुलाई आन्दोलनको मैदानमा ल्याउन खोज्नु कुनै गल्ती थिएन। यो कुनै सैद्धान्तिक महाभूल थिएन। कांग्रेसभित्र आफ्नै कारणले प्रष्ट रुपमा फाटो देखा परिरहेको थियो। त्यो फाटोलाई जन-आन्दोलनको हितमा उपयोग गर्न खोज्नु बिल्कूलै सही कार्यनीति थियो। यसमा गल्ती भएको थिएन।

गल्ती भएको थियो- बिरोधी कांग्रेसीहरुलाई ल्याउनका लागि जन आन्दोलनको उर्लदो उभार शिथिल पार्न समेत सहमत हुनुमा। जनआन्दोलनमा आम जनताको व्यापकतम सहभागिताले दरबार र गिरिजा गुट दुबैमाथि ठूलो चाप परिरहेको स्थिति थियो। गल्ती भएको थियो, त्यो चाप नै खत्तम हुने गरी बिरोधी कांग्रेसको संघर्ष-थगन गर्ने प्रस्ताव समेत मान्नुमा। बिरोधी कांग्रेसलाई एकतावद्ध गर्नुको लक्ष्य थियो दरबार र गिरिजालाई अरु कमजोर पार्नु र उनीहरुमाथि अरु चर्को दबाब सिर्जना गर्नु। उर्लदो जन-आन्दोलन कमजोर र शिथिल पारेर त यो लक्ष्य कदापि हासिल हुन सक्दैनथ्यो। तर उनीहरुलाई स्वागत गर्नका लागि उर्लदो जन-आक्रोशमाथि ठण्डा पानी खन्याउन समेत सहमत हुने काम भयो। गल्ती यसैमा भएको थियो। यो गल्तीलाई पुच्छरबाद भनिनु उपयुक्त हुनेछ।

पुच्छरवादको मतलव त्यो प्रवृत्ति हो, जसमा हामी आफ्नो योजना, पहल र अगुवाइ गुमाउँ छौं, हामी खालि अरुको पहल, अगुवाइ र योजनाको पुच्छर बन्छौं। हामी घटना क्रममाथि आफ्नो नियन्त्रण गुमाउँछौं, उल्टो, हामी घटना क्रमकै पुच्छर बन्छौं। नतिजा के हुन्छ भने हामीले घटना क्रमलाई नेतृत्व र नियन्त्रण गर्ने होइन, अरुको योजना अनुसार घटना-क्रमले हामीमाथि नियन्त्रण र नेतृत्व गर्छ। गएको साउन १२ गते यस्तै भएको थियो।

पुच्छरवादको मुहान हो- ज्यूँदो यथार्थप्रति बेसरोकार वा बेहाशी तथा जनताको शक्तिमाथि अविश्वास र अभरोसा।

यस्तो वेसरोकार र बेहोशी, अविश्वास र अभरोसा आफ्नो स्वार्थमा अन्धो बन्नाले पनि हुन संभव हुन्छ। चिन्तनशैली मनोगत हुनाले पनि हुन सक्छ। र, यो दुबैको छयासमीस्बाट पनि हुन संभव हुन्छ। कारण जे होस्- जन आन्दोलन त्यतिखेर जुन उच्चाइमा उब्लिरहेको थियो, त्यस यथार्थप्रति हामी बेसरोकार र बेहाश रह्यौं -। हामीलाई जन आन्दोलनको उच्चाइप्रति र जनताको तागतप्रति विश्वास र भरोसा नै रहेन। त्यसैले त हामी उर्लदो जन-उभारको ठूलो नोक्सानीको शर्तमा पनि तीन दिने नेपाल वन्द स्थागित गर्न सहमत भएर कांग्रेसी एकताको पुच्छर भयौं। हामीले हाम्रो पहल, योजना र अगुवाइलाई बन्धकी राखेर उनीहरुको स्वागत गर्न तम्तयार भयौं। गल्ती बास्तवमा यही मामलामा भएको थियो।

> “हामीले ४६ सालको जन आन्दोलनमा गरे जस्तै गर्न सक्थ्यौं। त्यतिखेर कांग्रेससित एकताको निम्ति पूर्व घोषित कांग्रसी कार्यक्रमलाई फ़िर्ता लिने शर्त हामी वामपन्थीहरुले राखेका थियौं र ?”

हामीले गिरिजा गूट विरुद्ध उनीहरुसित एकतावद्ध हुनु पर्थ्यो। तर जन आन्दोलनको त्यतिखेरको उच्चाइ नै भाँच्चिने शर्तमा कदापि होइन। कार्यक्रम-शून्यताले जन आन्दोलनको उभार नै शिथिल हुने शर्तमा होइन। हामीले ४६ सालको जन आन्दोलनमा गरे जस्तै गर्न सक्थ्यौं। त्यतिखेर कांग्रेससित एकताको निम्ति पूर्व घोषित कांग्रसी कार्यक्रमलाई फिर्ता लिने शर्त हामी वामपन्थीहरुले राखेका थियौं र? हामी त कांग्रेसी कार्यक्रमलाई यथावत राखेर एकतावद्ध भएका थियौं। यस प्रकार हामी चाहि पूर्व घोषित कांग्रेसी कार्यक्रममा यथावत सरिक हुन हुने, उनीहरु चाहिं हाम्रो कार्यक्रममा यथावत आउन नहुने कारण के?

हामी पहिले पुच्छर भयौं र एउटा अति गर्‍यौं तर अन्ततः उनीहरुले धोका दिए। त्यसपछि निष्कर्ष निकालियो- कांग्रेससित कहिल्यै एकता गरिनु हुन्न उनीहरू धोकेबाज हुन्, कांग्रेससित एकता हुनु भनेको मार्क्सवाद बिपरीत कुरा हो-

यो अर्को अति हो।

पुच्छरवाद गलत हो। दुश्मनको पंक्ति फुट्ने भो भन्दैमा के-के न हुने भो भन्दै क्रान्तिकारी शक्तिले आफ्नो कार्यक्रम, योजना र पहललाई नै निषेध गर्न खोज्नु विल्कूलै गलत हो। यस्तो गर्दा घटनाक्रम हाम्रो नियन्त्रणमा हैन, त्यो शक्तिको नियन्त्रणमा पुग्छ, जोसित हामी एकतावद्ध हुन खोज्छौं। अनि उसले धोका दिनासाथ सारा कुरा चौपट हुन्छ। त्यसैले, क्रान्तिकारी शक्तिले यस्तो कदापि गर्नु हुन्न।

तर कुनै पनि प्रमुख दुश्मनलाई हटाउनु छ भने उसलाई जताततैबाट एक्ल्याउनै पर्छ। एक्लो दुश्मन नै कमजोर हुन्छ र कमजोर दुश्मनलाई हराउनु सबैभन्दा बेसी संभव हुन्छ।

प्रमुख दुश्मनलाई एक्ल्याउने कुरालाई मार्क्सवादले कुनै विरोध गर्दैन। बरु उल्टो मार्क्सवादले सिकाउँछ- दुश्मनलाई जित्नु छ भने एक्कै चोटी धेरै दुश्मनमाथि मुक्का प्रहार नगर। हरेक घटनामा प्रमुख दुश्मन ठेगान गर र गौण दुश्मनलाई पनि उसका विरुद्ध गोलबन्द गर। जताततैबाट उसलाई एक्लो बनाऊ र आक्रमण गर।

यसरी आक्रमण गरियो भने धेरै शक्तिशाली दुश्मनलाई पनि हराउन सकिन्छ । माओले जापान विरुद्ध लड्दा यही उपाय अप्नाए । च्याङ्काइ शेक जस्तो ज्यानी दुश्मनसित मिलेर प्रमुख दुश्मन जापान विरुद्ध लडे । स्तालीनले अमेरिका र वेलायत जस्ता खुँखार दुश्मनसित मिलेर महा खुँखार जर्मनी विरुद्ध लडे र पराजित गरे । युद्धको विज्ञान नै यही हो- प्रमुख दुश्मनलाई हमेशा एक्लो बनाउनु र आक्रमण गर्नु ।

यहाँ अहिले गिरिजा गूटलाई हटाउन पनि उसलाई एक्ल्याउनु नितान्त जरुरी थियो र अहिले पनि छ । उसलाई एक्ल्याउन उसका विरोधी सबैलाई एक गठ पार्नु पर्छ । ती विरोधीहरु सबै आफू जस्तै शुद्ध हुँदैनन् । ती अवसरवादी हुन्छन्, धोखेवाज हुन्छन् र आफ्नो स्वार्थको कारणले मात्र विरोधमा उत्रिएका हुन्छन् । एक गठ पार्ने भनेकै त्यस्तालाई हो, जसबाट कुनै पनि वेला धोका पाइने पनि प्रवल संभावना रहिरहन्छ । यिनीहरु शुद्ध शक्ति भए त पार्टी मै मिलाए भै हाल्थ्यो । जसले फगत शुद्ध शक्तिसंग मात्र एकगठ हुने कुराको वकालत गर्छ, उसले यथार्थमा प्रमुख शत्रुलाई कहिल्यै एक्ल्याउन सक्दैन । उसले एक्कैचोटी धेरै थरीलाई शत्रु साद्धछ र धेरै ठाउँमा मुक्का हान्छ । शत्रुहरु वीचको अन्तरविरोधलाई उसले कहिल्यै संचालन गर्न सक्दैन । फलस्वरुप, हार्ने जहिले पनि शत्रु हुँदैन, ऊ आफू मात्र हुन्छ । किनकि एक्लो शत्रु होइन, ऊ मात्र बनेको हुन्छ ।

गिरिजा गूट यतिखेर नेपाली समाजको प्रमुख दुश्मन बनेको छ । साम्राज्यवाद र दर्वार उसका पछाडि लामवन्द छन् र उसलाई थेगिरहेछन् । यो स्थितिमा उसलाई जताततैबाट एक्ल्याउन उसित सानोतिनो अन्तरविरोध राख्ने सबैलाई एकताबद्ध गर्नै पर्थ्यो । र ती शक्तिलाई एक गठ पार्दा उनीहरुले धोका दिने संभावना पनि रहिहाल्छ । तर त्यो खतरा नमोलीकन उनीहरुलाई एक गठ गर्नु संभवै हुँदैन । खालि शुद्ध शक्तिलाई मात्र संयुक्त- मोर्चाको निम्ति ढोका खुला गर्ने, अशुद्धहरुको निम्ति ढोका वन्द गर्ने नीतिले गिरिजा गूटलाई मात्र शक्तिशाली पार्छ, जनताको पंक्तिलाई होइन ।

त्यसैले गिरिजा गूट वाहेक ऊसित अन्तरविरोध राख्ने अरुसित एकतावद्ध हुन खोज्नु गलत कार्यनीति थिएन । यो मार्क्सवादी सिद्धान्त विपरीत कुरा थिएन । गलत कुरा त उसको पुच्छर हुनुमा थियो । त्यस्तै गलत कुरा त एकाध धोकाको आधारमा अव कहिल्यै शत्रुहरु वीचको अन्तरविरोध संचालन गर्न खोज्नु हुदैन भन्ने निष्कर्ष निकाल्नमा भईरहेछ । गलत कुरा त अब उप्रान्त प्रमुख दुश्मनलाई एक्ल्याउने कार्यनीति अप्नाउनु हुँदैन भन्ने निष्कर्ष निकाल्नमा भईरहेछ ।

ढूलमुल र अबसरवादी शक्तिलाई प्रमुख दुश्मन विरुद्ध एक गठ पार्न खोज्दा धोका पाइने संभावना त जहिले पनि रहन्छ । त्यही क्रममा यस पालि हामीले धोका पायौं । के यसबाट यो निष्कर्ष निकाल्नु उचित हुन्छ कि अब उप्रान्त ढुलमुल र अबसरवादी शक्तिलाई प्रमुख शत्रु विरुद्ध एक गठ पार्न कदापि खोज्नु हुँदैन ? यो त एउटा जाँच एउटा युद्धमा असफल भए जस्तै सवाल होइन र ? के एक दुई जाँच र एक दुई न्यायपूर्ण युद्धमा हामी पराजित भयौं भने यो निष्कर्ष निकाल्नु उचित हुन्छ कि अब उप्रान्त कहिल्यै जाँच दिनु हुँदैन, कहिल्यै युद्ध लड्नु हुँदैन ? के यसको निष्कर्ष यो हुन सक्छ कि अब उप्रान्त बिशुद्धशक्ति बाहेक अरूलाई ढोका बन्द गर्ने नीति नै एक मात्र सही कार्यनीति हो ?



ढोकाबन्दवाद नै सही सिद्धान्त हो भन्ने हाम्रो निष्कर्ष हुने हो भने अब उप्रान्त हामीले शत्रु खेमामा जतिसुकै अन्तरविरोध र मारकाट होस्, हामी त्यसप्रति आँखा चिम्लिदिने छौं । शुद्ध शक्ति खोज्ने क्रममा आफू वाहेक अरु कसैलाई शुद्ध भेट्टाउने छैनौं । र वाँकी सबैलाई शत्रु घोषित गर्ने छौं । अन्ततः एक्लो आफूले अन्य सबै शत्रुलाई एक्कैचोटि आक्रमण गर्नेछौं, जसबाट हमेशा हाम्रो पराजय मात्र हुने छ । यसबाट फाइदा कसलाई हुनेछ ?

तसर्थ ढोकावन्दवाद कुनै वैज्ञानिक दृष्टिकोण नै होइन । ढोकावन्दवादको मुख्य मुहान हो - घटना र वस्तुलाई हेर्ने स्थिर र एकांगी दृष्टिकोण ।

संसारमा कुनै पनि वस्तु स्थिर छैन । शत्रुको खेमा पनि कहिल्यै स्थिर हुँदैन । घटनाक्रम संगसंगै आफ्नै कारणले त्यसमा पनि लगातार परिवर्तन आइरहेको हुन्छ । हिजो गिरिजाको राम्रा सहायक महेन्द्रनाराण निधि, वेनीबहादुर आज घटनाक्रमको विकास संगसंगै उनीहरुको आफ्नै कारणले गिरिजाको विरोधी भएर आए जस्तै । १९२७ अघि क्रान्तिको साथी भएको चीनको क्वोमिताङ १९२७ पछि क्रान्तिको कट्टर शत्रु भएर आए जस्तै । घटनाको विकास क्रममा यस प्रकार अहिलेको शत्रु भरे मित्र हुने संभावना भइरहेको हुन्छ र मित्र शत्रु हुने स्थिति बनिरहेको हुन्छ । ढोकावन्दवादी दृष्टिकोणको मुख्य दोष के हो भने- यसले शत्रु र मित्रको खेमामा लगातार भइरहेको यस्तो परिवर्तनलाई देख्दैदेख्दैन । यसले एकचोटिको शत्रु सधैंको शत्रु, एक चोटिको मित्र सधैंको मित्र - ठान्ने दृष्टिकोण अप्नाउँछ ।

यो भनेको वस्तु र घटनालाई हेर्ने स्थिर दृष्टिकोण हो । यो गलत र अवैज्ञानिक दृष्टिकोण हो ।

शत्रुहरू पनि सबै र सधै एकनासका हुँदैनन् । एउटा घटनामा एउटा शत्रु प्रधान शत्रु हुन्छ, वाँकी गौण हुन्छन् । अर्को घटनामा तिनै गौण शत्रु पनि प्रमुख शत्रु भएर निक्लन्छन् । ४६ सालमा राजतन्त्र प्रमुख शत्रु थियो र कांग्रेस गौण शत्रु । त्यसैले हामी कांग्रेससित मिलेर राजतन्त्रसित लड्यौं । तर जन आन्दोलनपछि कांग्रेस सत्तारुढ भयो र प्रतिक्रान्तिकारी काम गर्न थाल्यो । त्यसैले अब कांग्रेस प्रमुख शत्रु बन्यो । अहिले कांग्रेसमा पनि फाटो आएको छ । गिरिजा गूट साम्राज्यवादी शक्ति र दरबारसित मिलेर नेपाली जनतामाथि तानाशाही लाद्न खोज्दैछ । त्यसैले हामी गिरिजा गूटसित लड्दा यी सबै शक्ति विरुद्ध लड्दैछौं । तर ढोकावन्दवादी दृष्टिकोणको मुख्य दोष के हो भने- यसले सबै शत्रुलाई एकनासले हेर्न सिकाउँछ । प्रत्येक घटनामा प्रमुख र गौण शत्रुको भेद गर्न सिकाउँदैन ।

बांकी २९ पेजमा

**गिरिजा गूट बाहेक ऊसित अन्तरविरोध राख्ने अरुसित एकतावद्ध हुन खोज्नु गलत कार्यनीति थिएन । यो मार्क्सबादी सिद्धान्त विपरीत कुरा थिएन । गलत कुरा त उसको पुच्छर हुनुमा थियो । त्यस्तै गलत कुरा त एकाध धोकाको आधारमा अव कहिल्यै शत्रुहरु वीचको अन्तरविरोध संचालन गर्न खोज्नु हुदैन भन्ने निष्कर्ष निकाल्नमा भईरहेछ ।**

## ढोकाबन्दवाद बारे माओ के भन्नुहुन्छ ?

*"..... ढोकाबन्दवादी कार्यनीतिका समर्थकहरु भन्छन् कि .... क्रान्तिका शक्तिहरु शुद्ध र बिल्कूलै शुद्ध हुनुपर्छ । क्रान्तिको बाटो सीधा र एकदम सीधा हुनुपर्छ । जुन कुरा धर्मग्रन्थमा लेखिएको छ, बस त्यही नै सत्य हो । राष्ट्रिय पूँजीपतिवर्ग पूरापूर र सधैंको लागि प्रतिक्रान्तिकारी हो । धनी किसानको लागि एक इञ्च पनि सहुलियत दिइनु हुन्न । पीत-ट्रेड यूनियनहरु विरुद्ध ज्यूज्यानको लडाइँ छेडिनु पर्छ । हामीले साइ टीङ काइसंग हात मिलायौं भने उसलाई त्यही घडीमा प्रतिक्रान्तिकारी भनिदिनु पर्छ । के माछा मन नपराउने बिरोलो र प्रतिक्रान्तिकारी नभएको युद्धसरदार कहिल्यै हुन्छ र ? बुद्धिजीवीहरु भनेका तीन दिने क्रान्तिकारीहरु हुन्, जसलाई भर्ती गर्नु खतरनाक हुन्छ । यसबाट निक्लने निष्कर्ष के हो भने ढोकाबन्दवाद मात्र जादूको छडी हो र संयूक्त-मोर्चा एउटा अवसरवादी कार्यनीति हो ।*

*कमरेडहरु, सही के हो ? संयुक्त-मोर्चा या ढोकाबन्दबाद ? मार्क्सबाद लेनिनवादले केलाई स्वीकार गर्छ ? मेरो निश्चित उत्तर छ- त्यसले संयुक्त-मोर्चालाई स्वीकार गर्छ र ढोकाबन्दवादको विरोध गर्छ । दूध खाईरहेको तीन वर्षे बच्चाको थुप्रै बिचार सही हुन सक्छ । तर उसलाई राज्य र संसारको गंभीर कामको जिम्मेवारी सुम्पन सकिन्न, किनभने उसले अझै यो बुझ्न सक्दैन । क्रान्तिकारी पंक्तिभित्र बिद्यमान बालसुलभ रोगको मार्क्सबाद लेनिनवाद बिरोध गर्छ । ढोकाबन्दवादको कार्यनीतिको कट्टर समर्थकले मात्र यस प्रकारको बाल सुलभ रोगको वकालत गर्छ । संसारको सवै गतिविधि जस्तै क्रान्तिको बाटो पनि टेढोमेढो हुन्छ, कहिल्यै सीधा हुँदैन । जसरी संसारको हरेक कुरा बदलिन सक्छ, त्यसरी नै क्रान्ति र प्रतिक्रान्तिको खेमाको पंक्ति पनि बदलिन सक्छ ।*

*... प्रतिक्रान्तिकारी शक्तिहरुमाथि हमला गर्नको लागि आज के जरुरी छ भने- क्रान्तिकारी शक्तिहरुले करोडौं करोड जनतालाई संगठित गरुन् र एक विशाल क्रान्तिकारी फौज परिचालन गरुन् । खालि यस्तो शक्तिले मात्र जापानी साम्राज्यवादीहरु, चिनीयाँ गद्दार र तावेदारहरुलाई चकनाचूर पार्न सक्छ, यो सत्य सबैको सामु स्पष्ट छ । त्यसैले संयुक्त-मोर्चाको कार्यनीति नै मार्क्सवादी लेनिनवादी कार्यनीति हो ।*

*यसको विपरीत ढोकाबन्दवादी कार्यनीति बास्तवमा अलगाववादी कार्यनीति हो । ढोकाबन्दबादले "माछाहरुलाई गहीरो पानीमा र भँगेराहरुलाई झाडीहरुमा लखेटिदिन्छ ।" यसबाट शत्रु निश्चितै रुपमा निकै खुशी हुनेछ । ढोकाबन्दबादी मानिसहरु वास्तवमा जापानी साम्राज्यवादीहरु, चिनियाँ गद्दार र तावेदारहरुका बफादार चाकर हुन् । ढोकाबन्दबादी मानिसहरु जसलाई "शुद्ध" र सीधा" भन्छन्, ती त्यस्ता कुरा हुन, जसलाई मार्क्सवादी लेनिनवादीहरु भर्त्सना गर्छन् । तर जापानी साम्राज्यवादीहरु भने तारीफ गर्छन । हामी निश्चय नै ढोकाबन्दबादलाई कुनै पनि हालतमा मन पराउँदैनौ । हामी क्रान्तिकारी राष्ट्रिय संयुक्त-मोर्चा कायम गर्न चाहन्छौं, जुन जापानी साम्राज्यवादीहरु, चिनीया गद्दार र तावेदारहरुको लागि प्राणघातक होस् !"*

स्रोतः माओका संकलित रचनाहरू ग्रन्थ १ हिन्दी, १९७१-पृष्ठ २७८-२८१ बाट

# नेपालको साम्यवादी आन्दोलनको समस्या हिजो जहाँ थियो, अहिले पनि त्यहीं छ

राजेन्द्र स्थापित

**विश्वमा, हाल विद्यमान समाजवादी राष्ट्रहरूलाई छोडेर अन्य राष्ट्रहरूको तुलना गर्ने हो भने नेपालको साम्यवादी आन्दोलनको भविष्य उज्ज्वल छ । अन्य राष्ट्रहरूको साम्यवादी पार्टीको भन्दा नेपालको साम्यवादी पार्टीको जनाधार बलियो छ । मुलुकका सम्पूर्ण कम्युनिष्ट पार्टीहरूले आफूले विगतमा गरेका गल्तिबाट पाठ सिक्ने र आफूभित्र विद्यमान कमजोरीहरूलाई हटाई एकीकृत रूपमा अगाडि बढ्ने हो भने उनीहरूले आफ्नो उद्देश्य पूर्तिको अभियानमा सफलता हासिल गर्नेमा कुनै शंका छैन ।**

तर स्थिति आफ्नो अनुकूल हुँदाहुँदै पनि ४५ वर्ष बिताइसकेको नेपालको साम्यवादी आन्दोलनको समस्या भने हिजो जहाँ थियो, अहिले पनि त्यहीं छ । न त गल्ती स्वीकार्ने परंपरा बसाल्न सकिएको छ, न त कमजोरीलाई महशूस गरी सच्चाउन नै । नेपालको साम्यवादी आन्दोलनका निम्ति यो तथ्य बिडम्बनापूर्ण नै छ ।

सबैभन्दा ठूलो समस्या, माथि उल्लेख गरिए जस्तै, आज पनि सैद्धान्तिक समस्या नै रहेको छ । यो समस्या, जडसूत्रवाद र विसर्जनवादको रुपमा प्रकट भएको छ । मुलुकका कतिपय कम्युनिष्ट पार्टीहरू आज पनि वैज्ञानिक साम्यवादका प्रणेता कार्ल मार्क्सद्वारा १८ औं शताब्दीमा व्याख्या गरिए अनुसारकै हुबहु किसिमको क्रान्ति गरेर मात्र आफ्नो उद्देश्य प्राप्त गर्न सकिन्छ भन्नेमा लागेका छन्- जबकि, त्यतिबेला व्याख्या गरिएअनुसारको विश्व न त आज छ, न त पूँजीवादको स्वरुप नै । पूँजीवाद यो अविधिमा निकै अगाडि बढिसकेको छ भने पूँजीवादबाट समाजवादमा संक्रमणको विधि चाहिं कसरी अहिले पनि एउटै हुन सक्दछ ? जडसूत्रवादीहरूले बुझ्न जरुरी छ ।

एकातिर जड्सूत्रवादीहरूको यस्तो चिन्तनको स्थिति छ भने, अर्कोतर्फ, हिजैदेखि ठूला समाजवादी राष्ट्रहरूको आड भरोसामा आफूलाई अधिसार्दै आएका पार्टीहरू आफ्ना छाता संगठनरुपी पावर-हाउसहरू ढलेपछि अब यो दर्शनको काम छैन भन्दै हुतिहारापन देखाउन पनि पछाडि परिरहेका छैनन् ।

त्यस्तै नेपालको साम्यवादी आन्दोलनले ४५ बसन्त पार गरिसक्दा पनि प्रधान शत्रु र शत्रु / मित्र शक्ति छुट्याउने कुरामा सबै पार्टीबीच मतैक्यता हुन नसक्नु ठूलो कमजोरी हो । प्रायशः पार्टीले विगतमा आफूले भन्दै आएका प्रधान शत्रु / शत्रु / मित्र शक्तिको बारेमा आफ्नो धारणामा परिवर्तन ल्याउदा आफूहरू सुधारवादी कहलाउने, "क्रान्तिकारीता" मा ह्रास आउने डरले आफ्नो अडान छोड्न तयार छैनन् । त्यस्तै, बस्तुस्थिति र बदलिंदो परिस्थितिको मूल्यांकन नगरी सधैंभरी जनयुद्ध, गोरिल्ला युद्धको कुरा गरी रोमाञ्चकारी राजनीति गर्ने प्रवृत्ति पनि यहाँ विद्यमान छ ।



स्पष्ट रुपमा भन्ने हो भने नेपालका कम्युनिष्टहरूले बदलिदो परिस्थिति अनुरुप आफूलाई परिचालन गर्न सकिरहेका छैनन्- यसको ठूलो उदाहरणको रुपमा अहिलेसम्म बहुदलीयतालाई स्वीकार्न नसक्नु वा संसदीय तथा पूँजीवादी व्यवस्थालाई पनि सक्दो उपयोग गरी शक्ति संचय गर्ने र जनताबीच जनताको जल्दोबल्दो समस्याको समाधानार्थ सक्षमता देखाउने अवसरको रुपमा लिन नसक्नुलाई लिन सकिन्छ ।

अर्को समस्या भनेको अन्तर्राष्ट्रिय प्रभाव पनि हो । विश्वमा भएका कुनै पनि घटनालाई वेवास्ता गर्न सकिन्न । अझ विश्वभरीका साम्य-वादीहरूबीच आपसी सहयोगहरू, समन्वयहरू कायम हुनु जरुरी छ । तर सबै मुलुकका क्रान्तिका शक्ति भनेका त्यही मुलुकका जनता नै हुन् भन्ने कुरालाई हृदयंगम गरी अन्य राष्ट्रहरूबाट सिक्ने तर कसैलाई दबाब नदिने र कसैको दवावलाई पनि नमान्ने परम्परा बसाल्नु पर्दछ । नेपालको विगत ४५ वर्षको साम्यवादी आन्दोलन पनि यसबाट मुक्त हुन नसकी छिन्न भिन्न हुन पुगेको थियो भने आज पनि कतिपय कम्युनिष्ट पार्टीहरू नेपालको बस्तुस्थिति, र आवश्यकतालाई बेवास्ता गरी अन्य राष्ट्र वा संगठनको दवावमा चल्ने क्रम जारी छ । उदाहरणको रुपमा यहाँ केही पार्टीद्वारा "रीम" को निर्देशनमा चुनावमा भागलिने वा नलिने, कुनै पार्टीसित एकता गर्ने वा नगर्ने वा माओवाद वा माओविचारधारा भन्ने वा नभन्ने जस्ता अनावश्यक विवादहरू सृजना गरी एकतामा भाँजो हाल्ने काम पनि गरिंदैछ । त्यस्तै कम्युनिष्ट पार्टीका नेताहरूले भाषण, लेख आदिमा कम्युनिष्टहरू संसारको सबैभन्दा जनतान्त्रिक हुन्छन्, समानतावादी हुन्छन् भने तापनि व्यवहारमा भने अति पूर्वाग्रहीपन र घोर असहनशीलता देखाउने र अन्तरपार्टी संघर्षलाई नाम मात्रको राखी आफूभन्दा भिन्न विचार राख्नेलाई शत्रुवत व्यवहार गर्ने कार्यले गर्दा उत्पन्न विवाद र मतभेदको कारण पार्टी फुट्नेदेखि लिएर आम जनतामा नैराश्यता तथा विकर्षण जगाउने हुनाले यो पनि एउटा ठूलो बाधकको रुपमा रहेको देखिन्छ । साथै, कम्युनिष्ट पार्टीका नेताहरू र जनतामाझ गई काम गर्नुपर्ने कार्यकर्ताहरूमा विद्यमान व्यवहारिक दक्षताको कमीको कारण तिनीहरूले गर्ने क्रियाकलाप जनतालाई अपच हुने, तिनहिरूबाट जनता रुष्ट हुने जस्ता स्थितिहरू पनि उत्पन्न भएका छन् ।

नेपाल कृषि प्रधान देश हो, अतः कृषक वर्ग नै क्रान्तिको मुख्य शक्ति हुनुपर्दछ । तर कम्युनिष्ट पार्टीको पकड कृषकहरूमा अपेक्षाकृत रुपमा निकै कम छ । कम्युनिष्टहरू छुवाछुत, उँचनीच मान्दैनन्, तर यी पिछडिएका र निम्नस्तरका जनतामा भने उनीहरूको पकड कम छ, जति राम्रो पकड मध्यमवर्गमा छ । त्यस्तै, नारी-समानताको कुरा गरे तापनि नारी वर्गलाई गोलबन्द गर्न सकेको देखिन्न । यसको मुख्य कारण कम्युनिष्ट पार्टीको थुप्रै पेशागत, वर्गीय तथा जनसंगठनहरू हुने भएतापनि ती संगठनहरूको काम आ-आफ्नो पार्टीको समर्थनमा वक्तव्यबाजी गर्नु मात्र हुनु हो, यसको बदला सम्बन्धित क्षेत्रमा गई काम गर्न नसक्नु हो ।

यस बाहेक, नेपालको सन्दर्भमा विद्यमान स-साना पार्टीहरूले देशको ज्वलन्त समस्याको समाधानार्थभन्दा आफ्नो अस्तित्वको लडाई लडी एकतामा भाँजो हाल्ने, कमजोर र निष्प्रभावी कार्यक्रमहरू संचालन गरी जनतामाझ अन्यौल श्रृजना गर्ने काम तथा कम्युनिष्टहरूले कांग्रेसको गल्ति, कमजोरीलाई उचित भण्डाफोर गरी फाइदा लिन नसक्नुको कारण उत्पन्न समस्यालाई पनि नकार्न मिल्दैन । यसबाहेक अन्तर्राष्ट्रिय प्रतिक्रियावादी तथा साम्राज्यवादी शक्तिद्वारा कुनै पनि हालतमा कुनै पनि देशको साम्यवादी आन्दोलनलाई सफल हुन नदिन गरिने ठूला साना षडयन्त्रहरू त समस्याको रुपमा तेर्सिएको त छ नै ।

> नेपालका कम्युनिष्टहरूले बदलिदो परिस्थिति अनुरूप आफूलाई परिचालन गर्न सकिरहेका छैनन्- यसको ठूलो उदाहरणको रूपमा . . .

***यस स्तंभमा वाम-आन्दोलनका युवा व्यक्तित्वहरूका अनुभव र विचारहरू प्रस्तुत गरिने छ ।***

**काठमाडौं नगरमा ०४१ साल देखि संगठित रुपमा सक्रिय रहनु भएका राजेन्द्र स्थापित ने.क.पा. एमालेको निकट हुनुहुन्छ ।**

# इन्साफ

**खगेन्द्र संग्रौला**

**कथा**

> **"गुहार !" डर र औडाहाले उधुम आत्तिएको स्वरमा रत्ने चिच्यायो, "गुहार ।" उसको चित्कारले भित्ताका कण-कण थर्के, हावाका एक-एक तरंग छियाछिया भए । तर मानव अधिकरको मानिस लेख्नमा यति मग्न थियो, त्यो चित्कार, त्यसमा घोलिएको त्यो पीडा, त्यसमाको त्यो छट्पटी- त्यो सबैको छनक पाउने उसलाई फुर्सद नै थिएन ।**

रत्ने हुरी झैं हुर्रिएर मानव अधिकारको अड्डामा पस्यो । उसको हातमा नांगो कुखुरी थियो । बिजुली बत्तीको चहकिलो टहकमा खुकुरीको आलो रगत टल्क्यो । पक्का मार्ने भयो भन्ठानेर मानव अधिकारको मानिसका हातगोडा ठण्डाराम भए ।

"बचाऊ", रत्ने चिच्यायो । "अपराधीको जालबाट मलाई बचाऊ ।"

वातवरण चकमन्न भयो । अलिबेर त्यत्तिकै बित्यो । रत्नेको उत्तेजना अलि शान्त भयो । मानव अधिकारको मानिसको डर अलि मत्थर भयो ।

"के पर्‍यो भैया ?" भित्रभित्रै डराउँदै र कलम हातमा लिएर केही लेख्न हतारिंदै मानव अधिकारको मानिसले सोध्यो ।

"हजूर ।" रत्नेले सशंकित भई पछिल्तिर हेर्दै, हड्बडाउँदै भन्यो, "पुलिसको बगाल मेरो पिछा गर्दैछ, हजूर । मलाई पक्रिन, मलाई कुटेर लास पार्न, मलाई झ्यालखानामा जाक्न...."

"किन नि ?" कागतमा चाँच्चाडो केही लेख्दै मानव अधिकारको मानिसले सोध्यो, "आखिर किन ?"

"किस्ने व्याधालाई मैले मारें" रत्नेले छिट्छिटो भन्यो । "उसले मेरी स्वास्नीलाई हातपात गर्न खोज्यो । उसको गलैंचा कारखानामा काम गर्ने मेरी स्वास्नीलाई । अस्ति मात्रै मैले बिहा गरेकी मेरी स्वास्नीलाई । हो, किस्नेलाई मैले मारें..." रत्नेको स्वर गर्वले गर्ज्यो । उसका हातको खुकुरी रगत टल्किंदै माथि उठ्यो, "मारें ।"

"अप्ठ्यारो परेछ," मानव अधिकारको मानिसले बुद्धि खियाएर घोरिंदै भन्यो ।

"हैन, हैन," रत्नेले हत्तपत्त भन्यो, "नमारेको भए अप्ठ्यारो पर्थ्यो ।"

"अब ?" मानव अधिकारको मानिसले विरक्त र सुस्त स्वरमा भन्यो, "हुनु नहुनु भइसक्यो, हामीले अब खै के गर्ने, भाइ ?"

"गर्नुपर्छ," रत्नेले जोडतोडका साथ पुकारा गर्‍यो, "मेरी स्वास्नीलाई मैले बचाएँ । अब के जाति मानव अधिकार भन्नेले यस खड्कोबाट मलाई बचाइदेला कि ?" उसले खुकुरीको बीँड दुई हत्केलाका बीचमा परेर हात जोड्दै बिन्ती बिसायो, "हजूर, मलाई..."

मानव अधिकारको मानिसले निधार तीन मुजा पारेर खायो । कलमको टुप्पोले सुस्तरी नाक रुसार्‍यो र गम्दारी स्वरमा भन्यो, 'हुन्छ, जो सकेको हामी गरौंला ।"

"हजूर तिनले एक्लो पारेर मलाई कुट्लान्..."

"कुटे भने हामी भनौंला- कुट्नु बेठीक हो ।"

"कुटेपछि ?" रत्नेले झस्केर तात्तातै सोध्यो ।

"हजूर !" मानव अधिकारको मानिसले सहज स्वरमा भन्यो, "कुट्दै नकुटीकन "नकुट" भन्न नियमले मिल्दैन ।"

रत्नेले कुरा बुझेन । ऊ बेसहारा झैं झन् अतालियो र रगत लत्पतिएका हातले उसले मुख छोप्यो ।

बाहिर प्रहरीको गाडीको सातो खाने खालको साइरन सुनेर रत्ने हुनुसम्म विचलित भयो । "हजूर !" हृदयको अन्तरबाट उठेको, आँसु-आँसुमा भिजेको अनाथ स्वरमा उसले दु:ख-पुकारा गर्‍यो, "हजूर, तिनले मलाई झ्यालखानामा सढाउलान् । यता बाहिर मेरी स्वास्नीलाई अरूले हातपात गर्लान्...."

दरिलो जोशिलो स्वरमा मानव अधिकारको मानिसले ढाडस दियो, "गरे भने हामी भनौंला- हातपात गर्नु बेठीक हो ।"

यतिकैमा प्रहरीहरूको झुण्ड कोठाका बाहिर आइपुग्यो । रत्नेका चल्लीमा एकाएक एक मुक्का बज्यो र उसको हातको खुकुरी उछिट्टिएर मानव अधिकारका मानिसको टेबुलनिर पछारियो । उसलाई तिनले फेरि कुटे- हातले कुटे, लात्तले कुटे, डण्डाले कुटे । रत्ने यसरी चिच्यायो, मानौं, उसका मुखबाट जुगजुगको पीडाको चिच्याहट एकमुष्ट भई पोखिएको हो । मानव अधिकारको मानिसले "नकुट" भन्नै भ्याएन । ऊ त लेख्नमा मस्त थियो । कति जनाले कुटे, के केमा कुटे, के केले कुटे, कुन बेला कुटे, कुन ठाउँमा कुटे, के कारणले कुटे ? सिन्को नबिराइकन उसले लेख्यो ।

"गुहार !" डर र औडाहाले उधुम आत्तिएको स्वरमा रत्ने चिच्यायो, "गुहार ।"

उसको चित्कारले भित्ताका कण-कण थर्के, हावाका एक-एक तरंग छियाछिया भए । तर मानव अधिकारको मानिस लेख्नमा यति मग्न थियो, त्यो चित्कार, त्यसमा घोलिएको त्यो पीडा, त्यसमाको त्यो छट्पटी- त्यो सबैको छनक पाउने उसलाई फुर्सद नै थिएन । लेख्दै जाँदा रत्नेले "गुहार" भनेको पनि उसले लेख्न भ्यायो । कुट्दै आमाको नाउँ काडेर फोहोर गाली गर्दै, ठेल्दै र घिसार्दै रत्नेलाई प्रहरीले तल झारे । मानव अधिकारको मानिसले लामो सास फेर्‍यो र जो लेखेको बेहोरा एकाग्र चित्तले पढ्यो । उसलाई लाग्यो- आज निकै ठूलो काम भयो । सधैं अरूले भनेका बासी कुरा सुनेर रिपोर्ट लेखिन्थ्यो । आज नाकै मुखेन्जी पर्तक्ष्य देखेर लेखियो । सिन्को नबिराइकन सत्य-साँचो जति सप्पै लेखियो ।



**प्रहरीको ओसिलो, दुर्गन्धी, अँध्यारो, एकान्त खोरमा रत्ने मुर्दा समान लम्पसार परेको थियो । एक्लासे खोलाको उजाड-उदास बगरमा घोप्टो परेर उसकी मायालु स्वास्नी लोग्नेलाई सम्झँदै र आफ्नो अँध्यारो भविष्य कल्पँदै एकनासले रोइरहेकी थिई । मानव अधिकारको मानिसले घरतिर बाटो लाग्दै मनमनै कुरा खेलायो- जे भए पनि आज केही काम भयो- नौलो, कसैले गर्न नसकेको काम !**

**रत्ने रगतपच्छे भई मुर्दा समान मुर्छा परेको-परेई थियो ।**

कुद्दा-कुद्दा ज्यान थिल्थिलो र हृदय छियाछिया भएको रत्नेलाई प्रहरीले अदालत सामू पेश गर्‍यो । पच्चीस वर्षको ऊ एक महिना खोरमा थुनिंदा झण्डै अर्को पच्चीस वर्षले बूढो भइसकेको थियो ।

रत्नेले तामा- तुलसी छोएर किरिया हाल्यो- "म जे बोलुँला सत्य-साँचो बोलुँला ।" त्यसपछि ऊ बयान दिंदा उभिने कठघरामाथि चढ्यो । उसको मुद्दा शहरमा निकै सनसनी र खुल्दुलीको विषय बनेको थियो । त्यसैले बयान सुन्न आएकाहरूको सानोतिनो हुल त्यहाँ थियो । हूलैतिर आँखा डुलाउँदा रत्नेका मनमा आशाको एउटा झिनो तरंग उठ्यो- म एक्लो छैन । सत्यको पक्षमा संसार खडा हुनेछ !

सरकारी वकिलले सोध्यो, "रत्नबहादुर घर्ती । गलैंचा साहु कृष्णलाल दासलाई तिमीले मारेकै हो त ?"

"मारेकै हुँ", सत्यको जीत हुन्छ-हुन्छ भन्ने आशाका साथ उसले निर्धक्क र ढुक्क भई बयान दियो, "खसोखास मारेको हुँ, साप् !" सुन्नेहरूको हाँसो सुनेर अघि सिकाए बमोजिम साइनो सपार्दै उसले भन्यो, "हो, श्रीमान् ।" त्यसपछि हाँसोको अर्को लहर हावामा तरंगियो ।

के कारणले मारेका हो त बाबु ?" भद्र, शान्त तर विरक्त स्वरमा वकिलले सोध्यो, "आखिर किन रत्नबहादुर ?"

इस्कूले केटाले घोकेको पाठ फटाफट् बुझाए झैं रत्नेले भन्यो, "त्यसले मेरी स्वास्नीलाई हातपात गर्न खोज्यो, साप् ! त्यसैले गर्दा हुँदा मैले त्यल्लाई... "

"हातपात गर्न खोज्दैमा काटिहाल्नु ठीक हो र रत्नबहादुर ?'"

"साप्", रत्नेको स्वर काम्यो, "नकाटेको भए, साप्, त्यल्ले नाश गर्थ्यो । काटेर मैले जोगाएँ...."

नियम-कानूनका चार किल्ला बाँधेर, तिनका नाम -नम्बर खोलेर वकिलले लामो के के एकोहोरा भाषण गऱ्यो । भाषणको बिट मार्दै आखिरमा उसले भन्यो, "तिमी चुक्यो रत्नबहादुर ! स्वास्नीलाई हातपात गर्नै नपाई गलैंचा साहु कृष्णलाल दासलाई तिमीले काट्यो । त्यसैले....."

रत्ने अताल्लियो । ननिको लक्षण बुझेर उसको अन्तरबाट बेचैनीको आगोको ज्वाला दन्दनी बल्दै उसको मथिंगलतिर उठ्यो । तसर्थ

"यी सव् भावुक कुरा हुन्, रत्नबहादुर ।" भावनाहीन, रुखो, रकमी स्वरमा वकिलले भन्यो, "कानूनको हिसाप सोझो हुन्छ, बाबु ! सोझो, सरल र सफा । कानूनको हिसापमा, बुझ्यौ रत्नबहादुर, एकमा एक जोडे दुई हुन्छ, दुईमा दुई जोडे चार हुन्छ । एक जना मारिंदा त्यसको सट्टा भर्ना गर्न अर्को ज्यान झ्यालखानामा थुनिन्छ ।"

त्यो सुनेर रत्नेलाई ऐठन होला कि जस्तो, भाउन्न हुने गरी रिंगटा लागे जस्तो लाग्यो । उसले सुन्न नसकेर दुई हातले आफ्नो शिर अँठ्यायो । त्यत्तिकैमा हिउँ सरी सेतै फुलेको, खिन्न अनुहार भएको जेठो न्यायाधीशले गाढा, अल्छे, निस्तेज

**नियम-कानूनका चार किल्ला बाँधेर, तिनका नाम -नम्बर खोलेर वकिलले लामो के के एकोहोरा भाषण गऱ्यो । भाषणको बिट मार्दै आखिरमा उसले भन्यो, "तिमी चुक्यो रत्नबहादुर !**

स्वरमा फैसला सुनायो- "ज्यान मारे बापत रत्नबहुर घर्तीलाई बीस वर्ष झ्यालखानाको सजाय ठेकियो ।"

निम्जो-स्वरमा सुनाइएको त्यो फैसला हज्जार घनको चोट भएर रत्नेका छातीमा बजयो । उसले दुई मुक्का उजाएर कठघराको डिलमा पछाऱ्यो । दाह्रा किटेर आफ्नो कपाल लुछ्यो । र, कामिरहेका दुई हात हावामा हल्लाउँदै क्रोधको लप्का पोखिएको स्वरमा भन्यो, "यो जंगली फैसला हो !"

प्रहरीले पाखुरामा समातेर लछार्दै रत्नेलाई तल झाऱ्यो । लड्खडाउँदै, क्रोधले सर्वाङ्ग काम्दै सहारा खोज्ने आँखा उसले रमितेहरूको कुँडुलोतिर उठायो । "गुहार !" जुगानुजुगको पीडा सोहोरिएको घायल स्वरमा ऊ चिच्यायो, "ममाथि जंगली फैसला भो ! जंगलको निसापले मेरो मायापिर्तीको घाँटी अँठ्यायो । गुहार !!"

सुन्नेहरूमा समेत निसापको पक्षमा खडा हुने चेत जगाउने सुरले ठूलो, टड्कारो र काम्दो स्वरमा उसले भन्यो, "साप्, हातपात गरिहालेको भए नाश हुन्थ्यो । त्यसैले गर्दा हुँदा साप्, पहिले नै व्याधालाई ढालेर मैले स्वास्नीको सत् जोगाएँ ।"

"रत्नबहादुर !" रुखो सहानुभूति मिसिएको स्वरमा वकिलले भन्यो, "कृष्णलाल दासले हातपात गर्न खोजेको तिमीलाई त थिएन, बाबु ! तर तिमीले उसलाई काट्यौ ..."

"साप !" चिच्याएर रत्नेले सक्कली कुरो बुझाउन खोज्यो, "त्यल्ले मेरी स्वास्नीका हात अठ्याएको थियो, त्यसैले ..."

"त्यहीँ त तिम्रो प्वाइन्ट तल पऱ्यो, रत्नबहादुर ! तिम्रो सट्टा तिम्री स्वास्नीले काटेकी भए अथवा हातपात गरिसकेपछि तिमीले काटेका भए..."

"साप् !" रत्नेको स्वर उदेकसँग थर्क्यो, "मैले नकाटेको भए हाम्रो मायापिर्ती नाश हुन्थ्यो, साप् ! हाम्रो जीवन बर्बाद हुन्थ्यो । बेलैमा काटेर मैले हाम्रो मायापिर्ती जोगाएँ ।"

"त्यहीँ त बर्बाद भयो, रत्नबहादुर !" वकिलको उदास स्वर रत्नेका कानका जाली छेड्दै उसको अन्तरमा गाडियो । "तिम्रो हानी-नोक्सानी हुनै नपाई उसको ज्यान जखम भयो..."

बीचैमा रत्ने बोल्यो, "तर श्रीमान साप् ! मेरो मायापिर्ती, मेरो जीवन, मेरो इज्जत, मेरो सर्वस्व...."

रमितेहरूको हुल निर्जीव, मौन मुर्ति झैं आँ गरेर उभिइरह्यो । हतकडीको साङलो झट्कार्दै प्रहरीहरूले पशुलाई झैं रत्नेलाई छिटछिटो घिसारेर बाहिर निकाले । हाई काड्दै बूढो न्यायाधीश आसनबाट उठ्यो । रकमी सूत्रको कैदखानामा धेरै अघिदेखि थुनिएको उसको जड हृदयमा सन्तोषको क्रुर तरंग उठ्यो- आज पनि सही फैसला भो । दूधको दूध, पानीको पानी छुट्टियो । ❑

# राजनीतिक विषय-वस्तुमा बनेको नेपाली फिल्म "परिभाषा" कस्तो छ ?




**ने**पाली फिल्म क्षेत्रमा "परिभाषा" मूलतः राजनैतिक विषयवस्तु बोकेर निजी क्षेत्रमा बनेको पहिलो ठूलो पर्दाको फिल्म हो । राजनीति र प्रेमको परिभाषाको रुपमा प्रचारित यो फिल्मको प्रथम प्रदर्शन काठमाडौंमा गत असार २३ गते भएपछि यो फिल्म पत्र पत्रिकाहरूमा निकै ठूलो चर्चाको विषय भएको छ । सामान्यतः "मसला" हरू मिश्रित फिल्महरू बन्दै र चल्दै आइरहेको समयमा यस फिल्मले अलिक भिन्न विषयलाई ओगटेको हुनाले नै यो यत्ति चर्चाको विषय बन्न पुगेको हो ।

राजेन्द्र सलभको निर्देशनमा शंकरनारायण लिङ्थेपद्वारा निर्मित यस फिल्ममा सार्थक कलाका पक्षपाती सुनील पोखरेल, निशा शर्माले पनि सरोज खनाल, करिश्मा मानन्धर, सुनील थापा, देशभक्त खनालहरूसँगै अभिनय गर्नु भएको छ भने राजेश हमालको लामो भूमिकासँगै यसमा सन्तोष पन्त र भुवन के.सी. का छोटा भूमिकाहरू पनि समाविष्ट छन् ।

**दर्शकहरूलाई चालू फिल्मी मसलाहरूको स्वादबाट अलि पर लगेर मुलुकको यथार्थ र राजनैतिक क्षेत्रतिर घोत्लिने रुचि पैदा गर्नमा यसले खेल्ने भूमिकालाई सकारात्मक मान्नु पर्दछ ।**

"परिभाषा" को विषय वस्तुले मूलतः देशमा नवस्थापित "प्रजातन्त्र" मा सत्ताको पक्ष र विपक्षका नेताहरुको स्वार्थी प्रवृत्तिलाई सँगेटेको छ । फिल्ममा "जनपक्ष" नामक साप्ताहिक पत्रिकाको सत्यनिष्ठा र नेताहरुको उनीहरूसँगको टक्करको वरिपरि घटनाहरू अघि बढेका छन् । ठाउँ ठाउँमा प्रदर्शित राजेश हमालद्वारा मारमुंग्रीहरू र वीचबीचमा प्रसँग मिलाएर घुसाइएका गीतहरू चाहिँ फिल्मको "बजार" फराकिलो पार्न समावेश गरिएका मसलाहरू हुन् । यस उद्देश्यमा गीतहरू चाहिँ कम सफल भएका छन्, किनभने यी गीतहरू आकर्षक हुन सकेका छैनन् ।

"जनपक्ष" साप्ताहिकले आफ्नो भण्डाफोर गरिदिएकोले सत्तापक्षीय नेता परशुराम



गुण्डाहरू लगाई पत्रिकाका प्रतिहरू नै लुटिदिन्छ । ऊ "जनपक्ष" माथि अठारौं मुद्दा लगाउँछ । परशुरामको भण्डाफोर भएकोमा विपक्षी नेता विक्रम खुसी हुन्छ र "जनपक्ष" लाई खरीद गरेर आफ्नो पक्षमा पार्न पत्रिकालाई आफूले "सहयोग गर्ने" प्रस्ताव राख्छ । तर पत्रकारहरूले यो "सहयोग लिन" स्वीकार्दैनन् ।

यसै गरी सत्तापक्षीय नेता परशुरामले पनि राम्रो प्रेस किनीदिएर पत्रकारहरूको कलम किन्न खोज्छ ।

"ठूलो प्रेसबाट तपाईंको गुणगानमा हामी पीत- पत्रकारिता गर्दैनौं ।"- उपसंपादक प्रकाशको यो अडानबाट परशुराम तिल्मिलाउँछ ।

हेटौडामा बस लुट्ने काममा विपक्षी नेता विक्रमको संलग्नताको भण्डाफोर गरेकोले पत्रिका "जनपक्ष" माथि गुण्डा कुमारद्वारा आक्रमण गराइन्छ । प्रेसमै गुण्डाद्वारा गरिएको यस आक्रमणबाट घाइते संपादक विवेक अस्पताल पुऱ्याइन्छ । फिल्म "परिभाषा" को कथानक यसरी अगाडि बढ्छ ।

यस फिल्ममा पक्ष विपक्षका नेताहरू परशुराम र विक्रम सिंहका अतिरिक्त अर्को एक पात्र छ, जो यी दुबै नेताहरूलाई पर्दाभित्रबाट खेलाइरहेको हुन्छ, नचाइरहेको हुन्छ । ऊ हो- प्रशिद्ध व्यापारी गोपाल बैध, जो भन्ने गर्छ- नेताहरूलाई चुनाव लड्नेदेखि लिएर गाडि चढ्ने पैसासम्म दिने म हुँ, मुलुक हैन, त्यसैले नेताहरूले मेरो निम्ति काम गर्नु पर्छ ।

यही धनाढ्य गोपाल बैद्यको हितमा नेताहरू काम गर्दछन् । भाषणको नाटक गर्छन् । भाडामा जुलुस निकाल्न लगाउँछन् । भाडाका मान्छेद्वारा नै जुलूस बिथोल्न लगाउँछन् । राजनीतिमा आपसमा विरोधी भूमिका खेले पनि नेताहरू गोपाल बैद्यको सेवा गर्नमा "एक" छन् । कुमार जस्ता गुण्डालाई संरक्षण दिई गुण्डागर्दी गराउनमा पनि उनीहरू "एक" छन् ।

उनीहरूको षड्यन्त्रको शिकार भएको उपसंपादक प्रकाश मोटरद्वारा कुल्चाइएर मारिन्छ । संपादक विवेकलाई पनि मार्नका लागि डेढ लाख रुपियाँ लिई गुण्डाले तयारी गर्छ । तर पछि उसको मन बदलिएकोले अब गुण्डा र संपादक दुबैलाई मार्ने तयारी गरिन्छ । आखिर "जनपक्ष पत्रिका" ले लगाएका लांछनाहरुबारे स्पष्टीकरण दिने निहुँमा एक पत्रकार सम्मेलन गरी त्यसमा आफ्नै मान्छेद्वारा आफूलाई आक्रमण गर्न लगाएर हुलदंगा खडा गरी त्यस हुलदंगाको बीचमा संपादक विवेकलाई मार्ने योजना गरिन्छ । मन बदलिएको गुण्डा कुमारले यस षड्यन्त्रलाई बिथोल्छ र ठूलो मारमुंग्री र लखेटालखेट पछि उसले परशुरामलाई मार्छ र ऊ आफू पनि मर्छ ।

राजनीति र प्रेमको परिभाषा हिंसाले हैन, चेतनाले लेख्नु पर्छ भन्ने आशय पर्दामा प्रस्तुत गर्दै फिल्म सकिन्छ ।

फिल्ममा प्रेमको प्रसंग चाहिँ सम्पादक विवेक र ऋचा नामकी एक गायिकाको वरिपरि घुम्छ । दुवैलाई फिल्मले देशको निम्ति राजनीति गर्दागर्दै मारिएका बाबुहरुका छोरा छोरीको रुपमा प्रस्तुत गरेको छ । ऋचालाई गुण्डा कुमारले पनि प्रेम गर्छ र ऋचाको प्रेम विवेकसँग भएको थाह पाएपछि ऊ ऋचा-विवेकको खुसीलाई नै आफ्नो खुसी मान्ने "महानता" आफूभित्र पैदा गर्छ । र, उनीहरुकै निम्ति आफ्नो ज्यान दिने काम गर्छ ।

**फिल्म हेरिसकेपछि भन्न सकिन्छ कि- निर्देशकले यस फिल्ममा "एउटा राजनीतिक विषयको फिल्म बनाउने, तर सत्तारूढ दललाई समग्रमा कुनै प्रहार नगर्ने" नीति लिएको देखिन्छ ।**

**यसै नीतिको क्रियान्वयनका लागि सत्तापक्ष र विपक्षलाई उत्तिकै भ्रष्ट देखाउने काम फिल्ममा भएको छ । अझ विपक्षी नेताले सिद्धान्तनिष्ट आफ्नै कार्यकर्ता मारको देखाएर यसलाई अरू "क्रूर" देखाउन खोजिएको छ ।**

समग्रमा भन्नु पर्दा, फिल्म "परिभाषा" चालू नेपाली फिल्महरूको लाइनमा केही भिन्न विषयवस्तु लिएर प्रस्तुत भएको छ । त्यसैले, दर्शकहरूलाई चालू फिल्मी मसलाहरूको स्वादबाट अलि पर लगेर मुलुकको यथार्थ र राजनैतिक क्षेत्रतिर घोल्लिने रुचि पैदा गर्नमा यसले खेल्ने भूमिकालाई सकारात्मक मान्नु पर्दछ । चालू समाजका कतिपय राजनीतिक पार्टी र नेताहरू मार्फत कसरी पूँजीपतिहरूको वर्गस्वार्थ पूरा हुने गर्छ भन्ने कुरा देखाउन केही हदसम्म यो फिल्म सफल देखिन्छ । यो स्वार्थ पूरा गर्न गरिने भित्री साँठगाँठ नै यिनीहरूको प्रमुख चरित्र हो, वाहिर प्रस्तुत गरिने "प्रजातन्त्र", "जनता" आदि आदि शब्दहरू केवल जनता भुक्याउने चालबाजी मात्र हुन् भन्ने पनि यो फिल्मले राम्ररी देखाएको छ ।

उपसंपादक प्रकाशको चितामा शवमाथि फूल चढाउन हत्यारा दुबै नेताहरू र व्यापारी गोपाल बैद्य पनि उपस्थित भई अँगालिएको पाखण्डलाई र उपसंपादक प्रकाशको सानो छोरा (बाल कलाकार श्रीतीद्वारा अभिनित) ले "प्रजातन्त्र" को बारे प्रस्तुत गर्ने परिभाषा र प्रश्नहरुमा मिश्रित कारुणिक प्रसंगलाई प्रभावकारी ढंगले प्रस्तुत गर्नमा फिल्म सफल देखिन्छ । आफ्नै पेशाको एउटा पत्रकार मारिंदा पनि सत्ताको दलालीमै लिप्त हुने जड्याहा दलाल पत्रकारहरूको चित्रण गर्नमा पनि फिल्मले सफलता पाएको छ ।


समाजको यथार्थलाई प्रस्तुत गर्ने र सामाजिक आदर्शको पक्षमा पात्रहरूलाई खडा गर्ने सकारात्मक प्रयत्नका वावजुद यस फिल्मको सबैभन्दा ठूलो कमजोरी हो- व्यक्तिगत "बहादुरी" लाई आदर्श मान्ने प्रवृत्ति ।

फिल्मले राजनीतिमा छाएको व्यक्तिस्वार्थ र भ्रष्टताको चित्रण गरेर त्यसको साथमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा दिएको सन्देश हो- यो भ्रष्टताको विरुद्ध बहादुरीपूर्वक व्यक्तिले एक्लै लड्नु पर्छ, जसरी कुमारले लड्यो ।

यस कुराले समाजको रुपान्तरणमा जरुरी संगठित संघर्षलाई नकार्ने काम गर्छ ।

साथै फिल्मले गलत सामाजिक परिपाटीका विरुद्ध हाम्रो समाजमा भइरहेका सिद्धान्तनिष्ट संगठित संघर्षहरूलाई वेवास्ता गरेको छ । यसले सबैलाई "एकै इयांगका मूला" प्रमाणित गर्न खोजेको छ । त्यसैले, यथार्थको चित्रणमा पनि यस फिल्ममा एकांगीपन अप्नाइएको पाइन्छ । कुमार जस्ता भाडाका दादाहरू अस्वाभाविक रुपमा तुरुन्ता तुरुन्तै "निस्वार्थ प्रेमी" र "दयालु बहादुर" मा बदलिएको देखाउनु वास्तवमा यथार्थ सम्मत कुरा हैन ।

"व्यक्ति" परशुराम लाई "व्यक्ति" कुमारले मार्दैमा र ज्यान दिंदैमा "सानो सत्कार्य" हनु मात्र सक्छ । तर त्यसले सिंगो समाजलाई डसिरहेको लुटाहा वर्गको लूट- तन्त्र सखाप हुन्न । लुटाहा वर्गले "सबैको निम्ति भलाई गर्छु" भनेर, सबै जनाको हित गर्छु भनेर वास्तावमा आफ्नै वर्गको मात्र सेवा गरी संपत्तिको भागवण्डा गर्ने गर्दछ । यसका विरुद्ध लुटिएका, तर सचेत जनताका तब्काहरूले लूटविहीन समाज निर्माणको वैज्ञानिक सिद्धान्तको अस्त्र लिएर संगठित संघर्ष



गर्नु जरुरी छ भन्ने बोधका आधारमा मानव समाजले प्रयत्न गर्दै आएको छ। तर यस मानव-प्रयत्नलाई चित्रण गर्ने र वाणी दिने काम तमाम व्यापारिक फिल्महरूले जसरी गरिरहेका छैनन्, फिल्म "परिभाषा" ले पनि त्यसरी नै यो काम गरेको छैन। समाजमा सबै थरी राजनीतिकहरू "गद्दारहरू" मात्र भएको चित्रणले दर्शकमा "सही राजनीति" को खोजिको चेतानाभन्दा बढी निराशा र हतोत्साह पैदा गर्ने प्रवल संभावना ज्यादा छ। "जनपक्ष" का पत्रकारहरूको "सत्प्रयत्न"लाई पनि व्यक्ति-वृत्तभन्दा माथि उठाउने प्रयत्न यस फिल्ममा हुन सकेको छैन।

फिल्म हेरिसकेपछि भन्न सकिन्छ कि- निर्देशकले यस फिल्ममा लिएको नीति "एउटा राजनीतिक विषयको फिल्म बनाउने, तर सत्तारुढ दललाई समग्रमा कुनै प्रहार नगर्ने।" देखिन्छ।


यसै नीतिको क्रियान्वयनका लागि सत्तापक्ष र विपक्षलाई उत्तिकै भ्रष्ट देखाउने काम फिल्ममा भएको छ। अझ विपक्षी नेताले सिद्धान्तनिष्ट आफ्नै कार्यकर्ता मारेको देखाएर यसलाई अरु "क्रूर" देखाउन खोजिएको छ। दुबै थरिले जुलूस गर्न भाडाका मानिसहरू लिने गरेको प्रभाव पनि फिल्मले दिन खोजेको छ। परशुराम पूरै सत्तारुढ दलको नेता हैन, उसलाई सत्तारुढ दलको एउटा गूटको मात्र नेताको रुपमा देखाई निर्देशकले भन्ने बाटो बाँकी राखेका छन्- "सत्तारुढ दलमा अर्को राम्रो गूट त होला नै!"

यसै गरी विपक्षी नेता विक्रम सिंह पुरानो पञ्चायती नेता हो वा हाल मुलुकको सशक्त वाम प्रतिपक्षी नेता मध्ये कुन हो भनी प्रष्ट शब्दमा छुट्याउने "रिस्क" निर्देशकले लिएका छैनन्। दुबै हुन सक्ने पनि वा हुन नसक्ने पनि संकेतहरू विविध प्रसंगबाट पाउन सकिन्छ।

यसरी बीच- बचाउको बाटो लिई राजनीतिक चित्रण गरिएकोले होला फिल्ममा प्रदर्शित राजनैतिक प्रवृत्तिहरू नेपाली राजनीतिक क्षेत्रसँगभन्दा बढी भारतीय राजनैतिक क्षेत्रसँग मिल्दाजुल्दा छन्। यद्यपि, फिल्ममा शिशु प्रजातन्त्रको कुरा उठाइएको छ, प्रजातन्त्रलाई भर्खर ढलान गरिएको छाना मानिएको छ र परशुराम एवं विक्रम सिंहले यसको फर्मा उखेल्दै गरेको कुरा पनि किटानीसाथ व्यक्त गरिएको छ, र पनि फिल्मले नेपाली राजनीतिक क्षेत्रको जमीनमा चलखेल गर्न भने सकेको छैन। यो फिल्मका घटनाहरू नेपालकोभन्दा ज्यादा भारतको लाग्ने खालको हुनुको कारण नेपाली "विशिष्टता" बाट जानाजान भाग्न खोजेर निर्देशकले अति "सामान्यीकरण" को शरण पर्नु नै हो।

**- हरिगोबिन्द लुईटेल**

# "हामी रुपवादी र नारावादी दुबै शैलीका विरोधी हौं"



**कलाकार मणि थापासँग अन्तर्वार्ता**

*हाल नेपाली जनपक्षीय कला परिवारहरूमध्ये एउटा सक्रिय परिवारको नाम हो- "सामना परिवार"।*

*देशका विभिन्न स्थानहरूमा हलमा र खुला ठाउँमा समेत गीत-संगीत, नृत्य र नाटकहरू प्रस्तुत गर्दै आइरहेको यो परिवार २०५० आश्वीनमा गठन भएको थियो। हालसम्म यसले "जनताका भाकाहरू", "हुरी चल्दैछ, आँधी आउँदैछ" र "जलजला" शीर्षकमा तीन गिती क्यासेटहरू पनि प्रकाशित गरिसकेको छ।*

*यस परिवारमा सक्रिय कलाकारहरू खुसीराम पाखिन, ध्रुब ज्ञवाली, धनकाजी गुरुङ्ग, कन्हैया सिंह परियार, पूर्ण घर्ती, अन्जना गुरुङ्ग, चुनु गुरुङ्ग, सीता आचार्य, जुजु गुरुङ्गका साथमा खासगरी अभिनय, नृत्य र गीत-संगीत सृजनामा सक्रिय एक चर्चित कलाकारको नाम हो- मणि थापा।*

*२०१८ सालमा प्यूठानमा जन्मनु भएका कलाकार मणि थापा २०३५/३६ को आन्दोलनपछि कला क्षेत्रमा संलग्न हुँदै आउनु भएको हो। भ्याली सांस्कृतिक संगम र सूर्योदय नाट्य मञ्चमा रहेर पनि उहाँले काम गर्दै आउनु भएको हो।*

*यस पटक हामी पाठकहरू सामु प्रस्तुत गर्दैछौं- उहाँसँग हामीले वर्तमान समय सन्दर्भमा हाम्रो कला क्षेत्रका विविध विषयमा गरेका कुराकानीको आधारमा उहाँबाट प्राप्त विचारहरू- कार्यकारी संपादक*

*० **आ**जकल सांस्कृतिक क्षेत्रमा तपाई कम सक्रिय देखिनु हुन्छ, किन?*

- मित्रहरू, तपाईहरूलाई त्यस्तो लाग्न सक्छ र लाग्न स्वभाविक पनि हो। तर हामीले हाम्रो सांस्कृतिक गतिविधिलाई निरन्तर संचालन गरिरहेका छौं। त्यसै अनुसार हाम्रो गतिविधिलाई २ भागमा विभाजित गरेका छौं। (१) आन्तरिक गतिविधि (२) बाह्य गतिविधि। यसलाई सांगठनिक भाषामा भन्ने हो भने संगठन र संघर्ष भन्न सकिन्छ। यो वर्षातको समय हामीले हाम्रो गतिविधिलाई आन्तरिक कामहरूलाई व्यवस्थित पार्नमा लगाएका छौं। त्यसै अनुसार अध्ययन, रचना श्रृजना, भेटघाट र प्रशिक्षणका काम अहिले जारी छन्। बाह्य गतिविधि कुनै नदेख्दा सक्रिय नभएको जस्तो लाग्न सक्छ। तर वास्तविकता त्यस्तो होइन। उपत्यका बाहिर त हाम्रा सांस्कृतिक कार्यक्रमहरू अहिले पनि भैरहेका छन्। जहाँसम्म मेरो सवाल छ, म पनि रचना श्रृजना र अध्ययनमा व्यस्त छु भन्दा पनि हुन्छ। छिट्टै हाम्रो वाह्य गतिविधि पनि देख्नु हुनेछ।

*० छिट्टै तपाईहरू कुनै कार्यक्रम प्रस्तुत गर्दै त हुनुहुन्न?*

- आश्विन महिनाभरि हामी देशका विभिन्न क्षेत्रहरूमा कार्यक्रमहरू प्रस्तुत गर्दै छौं। त्यसपछि हामी उपत्यकामा कार्यक्रम प्रस्तुत गर्ने छौं भने "सामना" को तेश्रो गिती एल्बम पनि नियमित रुपले जन समक्ष आउने छ।

*० तपाईहरूका विगतका कार्यक्रमहरू र क्यासेटहरूप्रति आम जनताले कस्तो प्रतिक्रिया जनाएको तपाईले अनुभव गर्नु भएको छ?*

- हामी विगत ३ वर्षदेखि निरन्तर रुपमा सांस्कृतिक आन्दोलनमा सक्रय रहेका छौं। यो तीन वर्षको अवधिभरि भेरी, राप्ती, नारायणी, गण्डकी, धौलागिरी, बागमती अञ्चलका र भारतका विभिन्न शहरहरूमा सयौं कार्यक्रमहरू हामीले प्रस्तुत गरिसकेका छौं। प्रस्तुत कार्यक्रमबाट हामी सन्तुष्ट छौं। हामी मात्र सन्तुष्ट होइन, हाम्रो कार्यक्रम हेरेर फर्कने दर्शकहरू पनि पूर्ण सन्तोष लिएर फर्केको जानकारी हामीलाई प्राप्त छ। यहाँ सम्म कि नेपाली कांग्रेसका मित्रहरूले समेत हाम्रो कार्यक्रमबाट प्रभावित भएर थुप्रै सहयोग गरेको रेकर्ड हाम्रो डायरीमा सुरक्षित छ भने हाम्रो कार्यक्रम हेरेर रुने दिदी, बैनीहरूको संख्या पनि ठूलो छ। यहाँ सम्म कि "भाइ, गोली लाग्यो भाइ, मर्छु कि बाँच्छु यो चिनो दिनु है घरकी उसैलाई" भन्ने श्रीलंकामा मरेको लाहुरेको अपेरा-नृत्य देखाउँदा एक जना महिला, जसको लोग्ने श्रीलंकाको लडाईमा मरेका थिए, उनी कार्यक्रम स्थलमा नै फेन्ट भएर केही समय हाम्रो कार्यक्रम स्थगित भएको रेकर्ड पनि हामीसँग सुरक्षित छ। यो त एउटा मात्र घटना भयो।

यस्ता थुप्रै घटनाहरू छन्, जसले हाम्रो सांस्कृतिक कार्यक्रम सफल छ भन्ने प्रमाण जुटाउँछ ।

जहाँसम्म हामीले उत्पादन गरेका गिती क्यासेटहरूको सवाल छ, हामी जति कार्यक्रममा सफल छौं, त्यही अनुपातमा गिती क्यासेटमा सफल हुन सकेको छैनौं, तर पनि हाम्रा गिती क्यासेटहरूको विक्री वितरण भने राम्रोसँग भैरहेको छ । हाम्रो आगामी गिती एल्बमलाई परिमार्जित गरेर ल्याउने कुरामा हामी ढुक्क छौं । त्यसै अनुसार हाम्रो तयारी भैरहेको छ ।

*○ तपाईहरूका प्रस्तुतीकरणमा ज्यादा नारावादिता रहेको छ भन्ने तपाईलाई लाग्दैन ?*

- वैचारिक रुपले हामी प्रतिक्रियावादी विषयवस्तुलाई कलात्मक रुपले प्रस्तुत गर्ने रुपवादी शैलीका विरोधी छौं भने, अर्कोतर्फ, प्रगतिशील विषयवस्तुलाई पोष्टरवाजी वा नारावाजी शैलीमा प्रस्तुत गर्ने चिन्तनको पनि हामी विरोधी छौं । हामी कलालाई राजनीति र कलाको एकता, विषय वस्तु र रुपको एकताको रुपमा बुझ्नु पर्दछ भन्ने मान्यतामा पनि प्रष्ट छौं ।

यति हुँदा हुँदै पनि कला र विचारलाई तालमेल गर्ने क्रममा कहिलेकाँही हाम्रा प्रस्तुतिमा कार्यनीतिक रुपले नारावाजी देखिन सक्दछ, त्यसलाई हामीले स्वाभाविक रुपले लिएका छौं । त्यसलाई हामीले दर्शकहरूको रुचीको रुपमा पनि बुझ्ने गरेका छौं । यो हामीले व्यवहारबाट सिकेको अनुभव हो, तर हामी नारावादी र रुपवादी शैलीका विरोधी छौं ।

उदाहरणको रुपमा हाम्रा कार्यक्रमहरूमा प्यारोडी र ताता गीतहरूको माग ज्यादा हुने गरेको छ, आखिर यस्तो किन हुन्छ भने मान्छेको श्रृजनशीलता, सौन्दर्यबोधात्मक क्षमताको विकास सामाजिक विकासको परिणाम र प्रभावमा भरपर्दो रहेछ, अहिले हाम्रो बर्तमान राजनैतिक संस्कृति हिंसामूलक संस्कृति छ । सडकमा रगत बगिरहेको छ । साना साना नानीहरूदेखि लिएर बृद्ध महिलाहरू समेत बलात्कृत भैरहेका छन् । जताततै हत्या, लूट, बलात्कार छ । जनताहरू निशस्त्र छन् । उनीहरू प्रतिरोध गर्न चाहिरहेका छन् । यस्तो अवस्थामा सर्जकलाई त्यसको प्रभाव पर्नु स्वभाविक छ भने दर्शकहरूले पनि त्यस्तै नृत्य र गीतहरूको माग गर्नु स्वाभाविक रहेछ । यही भौतिक परिवेशमा निर्माण गरिएका हाम्रा प्रस्तुतिहरू नारावादी जस्तो लाग्न सक्दछ तर हामीले वस्तुवादी भएर चीजलाई बुझ्न थाल्यौं भने अवश्य त्यस्तो लाग्ने छैन । कहिलेकाँही प्राविधिक रुपले त्यस्तो भएछन् भने हामी इमान्दारीपूर्वक त्यसलाई सच्याउने छौं ।



स्टेजमा मणि थापा

*○ वास्तवमा एउटा राम्रो गीत भन्नाले तपाई कस्तो गीतलाई बुझ्नु हुन्छ ?*

- आँशु, हाँसो, दुःख, सुख र विद्रोहको व्यवस्थित कलात्मक अभिव्यक्ति नै गीत हो भन्ने मलाई लाग्छ । जहाँसम्म एउटा राम्रो गीतको सवाल छ, "एउटा गरीबको लागि रेशमी कपडामा बुट्टा होइनन् हाम्रा गीतहरू, बरु आगो ताप्नका लागि दाउरा हुन् हाम्रा गीतहरू !"

*○ अहिले रेडियो, टि.भी. र फिल्मले दिइरहेको गीत र नृत्यहरू तपाईले कस्तो पाइरहनु भएको छ ?*

- अहिले संचारका माध्यमहरूबाट कलाका विभिन्न विधाहरूमा थुप्रै चीजहरू प्रस्तुत भैरहेका छन् । उनीहरूको अभिप्राय प्रकृति र प्रवृत्तिका दृष्टिले कलालाई प्रस्तुत गर्ने नभएर उनीहरूको मूल अभिप्राय व्यापार हो । कसरी उनीहरू बढी मुनाफा कमाउन सकिन्छ भन्ने हेतुले फिल्महरू निर्माण गरिरहेका छन् ।

कलाकर्मका हिसाबले उनीहरूले कैयौं चीजहरू आकर्षक बनाएका पनि छन् । यसरी उनीहरूले निर्माण गरेका आकर्षक चीजहरू हेर्दा- उनीहरूले कलाप्रति इमान्दार भएर निर्माण गरेको हुन् भन्ने निस्कर्ष हामीले निकाल्नु हुन्न । उनीहरू न कलाप्रति इमान्दार छन्, न उनीहरू विचारप्रति इमान्दार छन् । उनीहरू इमान्दार छन् भने मुनाफाप्रति इमान्दार छन् र सस्तो नाम कमाउने प्रवृत्तिप्रति इमान्दार छन् ।

अर्कातर्फ, उनीहरूका अधिकांश गीतहरू प्रेमसँग सम्बन्धित छन् । तर उनीहरू प्रेमप्रति पनि इमान्दार छैनन् । प्रेमको आन्तरिक सौन्दर्य, प्रेमको आदर्शलाई पनि उनीहरूले भद्दा तरीकाले प्रस्तुत गरिरहेका छन् । यसैले हामी भन्न सक्छौं- आजकल रेडियो, टि.भी. र फिल्मबाट जे-जति गीत, नृत्यहरू प्रस्तुत भैरहेका छन्, ती हाम्रो माटो सुहाउँदो भन्दा पश्चिमबाट आयातित छन् । ती भारतीय फिल्म, जि. टी.भी., स्टार टि.भी. का फोटो कपि हुंन् भन्ने लाग्दछ । हाम्रो मौलिकता कता कता हराइरहेको भैं लाग्न थालेको छ ।

*○ जनताको पैसाले चल्ने रेडियो, टि.भी. मा तपाईहरू किन नजाने ?*

- हेर्नोस, आखिर राजसंस्था पनि जनताको पैसाले चलेको छ । सरकार पनि जनताकै पैसाले चलेको छ । जनता कसलाई भन्ने तर्क पनि आ-आफ्नै छन् । जनताको पैसाले चलेको बाहानामा जनतालाई ढाल बनाएर त्यहाँ जाने थुप्रै छन् र क्यूमा बस्नेहरू पनि थुप्रै हामीले



कार्यक्रमः *सामना परिवार को*


## प्र.ले संघको सूचना

प्रगतिशील लेखक संघ नेपालले यही भाद्र २५ गते काठमाडौंमा आफ्नो स्थापना दिवसको उपलक्ष्यमा "वार्षिकोत्सव कविता गोष्ठी" को आयोजना गर्ने भएको छ । सो गोष्ठीमा सहभागिताका निम्ति साहित्यकारहरूमा हार्दिक अनुरोध छ । कविता पो.ब.नं. ३५०३ मा पठाउन वा यस संघका पदाधिकारीहरूलाई उपलब्ध गराउन सकिने छ । वाचित कविताहरू प्रकाशित गरिने छन् ।

**संयोजक**

कविता गोष्ठी संयोजन समिति



देखेका छौं । तर हामी जनवादी कलाकार भएको हुँदा, हाम्रा छुट्टै मान्यता र मूल्यहरू छन् । हामी मात्र- कलाकार नभएर सचेत कलाकार भएको हुँदा हरेक घटनाको निर्क्योल राजनीतिले गर्दछ, राजनीति प्रधान हो, साहित्य र कलाले राजनीतिको सेवा गर्नु पर्दछ भन्ने मान्यतामा हामी प्रष्ट छौं । हामी त्यहाँ गएर हाम्रो मूल्य मान्यतामा निर्माण भएका सामाग्रीहरू जस्ताका तस्तै प्रदर्शन गर्न सक्छौं जस्तो हामीलाई लाग्दैन । किनकि स्वयं उनीहरूको वर्ग स्वार्थमा धक्का लाग्ने चीजहरू उनीहरू प्रदर्शन गर्न दिंदैनन् । यो हाम्रा अग्रजहरूको अनुभवले पनि देखाएको कुरा हो भने अर्कातिर सैद्धान्तिक रुपले पनि गलत हो भन्ने हामीलाई लाग्दछ ।

अर्कोतिर, हेर्नोस्- भारतीय कलाकारबाट स्वयं नेपाली कलाकारहरू कति डोमिनेटेड छन् ? स्वयं रेडियोभित्र लोक कलाकारहरू कति उपेक्षित छन् ? यसले के बुझाउछ भने यहाँको वर्तमान राजनैतिक प्रणाली खराब छ । जबसम्म यही प्रणाली कायम रहन्छ, तबसम्म यहाँको संस्कृति, भाषा, जनजातिका संस्कृति आदिको विकास हुनेवाला छैन । यदि यस्तो प्रवृत्तिको भण्डाफोरमा हामीले जोड दिनुको सट्टा हामी पनि रेडियो, टि.भी. मा जाने सोच गराउँछौं भने- हामी त्यहाँ गएर त्यसलाई बदल्ने त कता हो कता स्वयं हामी बदलिने छौं । व्यवहारले यही सावित गरेको छ । अहिले हामीले गर्ने भनेको संगठित रुपले रेडियो, टि.भी. का उच्छृंखल कला साहित्यको व्यापक भण्डाफोर गर्दै जनताको पैसाले चलेको रेडियो, टि.भी.ले जनताको निम्ति स्वस्थ कला, साहित्यको निर्माण गर्नु पर्दछ भनेर जनमत तयार गर्नमा ध्यान केन्द्रित गर्ने काम हो भन्ने लाग्दछ ।

*० हाल नेपालको जनपक्षीय गीत संगीतको स्थिति चाँहि तपाईले कस्तो भेट्नु भएको छ ?*

- हाल नेपालको जनपक्षीय गीत संगीतको स्थिति भनेको हाम्रा सांस्कृतिक कर्मीहरूको वैचारिक स्थिति हो, हाम्रा सांस्कृतिक कर्मीहरूको श्रृजनशीलताको मापदण्ड हो । यो स्थितिलाई हेर्दा भन्न मन लाग्छ- हाम्रो वैचारिक धरातल ज्यादै न्यून छ । जब हाम्रो वैचारिक धरातल न्यून हुन्छ, हाम्रो सांस्कृतिक धरातल पनि न्यून हुन्छ । जब वैचारिक र सांस्कृतिक धरातल न्यून हुन्छ भने हाम्रो श्रृजनशीलताको धरातल पनि न्यून हुन्छ ।

यसरी दुई शब्दमा भन्नु पर्दा- नेपालमा जनपक्षीय गीत-संगीत बाँचिरहेको छ, बचाउनु पर्छ, यसको भविष्य उज्जल छ तर बाटो कठीन छ । यो हाम्रो गीत संगीतको यथार्थ पाटो हो । यो यथार्थ पाटोलाई आजको नयाँ पिढीले बुझ्ने र बदल्ने जुन कोशीस गरिरहेको छ, त्यसले हाम्रो जनपक्षीय गीत संगीतको उज्जल भविष्यको संकेत गर्दछ ।

*० तपाईहरूसहित विभिन्न जनपक्षीय कलाकारहरुद्वारा उत्कृष्ट गीतहरूको सामूहिक क्यासेट निकाल्न संभव छैन ? प्रतिकृयावादी गीत-संगीतको भेलका विरुद्ध आज जनतालाई सर्व सुलभ तरीकाले उन्नत विकल्प कसरी दिने ? यस बारेमा कसरी सोचिरहनु भएको छ ?*

- निश्चित रुपले सामूहिक क्यासेटहरू निकाल्न संभव छ । हामीले विभिन्न समूहका साथीहरूसँग एक राउण्ड छलफल पनि चलाइसकेका छौं । हाम्रा आफ्नै व्यस्तताले गर्दा यसलाई कार्यान्वयन गर्न सकेका छैनौं । हामी यसलाई कार्यान्वयन गर्न तुरुन्त लाग्नेवाला छौं । यसको निम्ति एउटै कुरा छ- हामीले हाम्रा सोचाइका संकुचित पर्खालहरूलाई भत्काउनु जरुरी छ ।

जहाँसम्म प्रतिकृयावादी गीत संगीतको भेलको विरुद्ध विकल्प कसरी दिने भन्ने सवाल छ, यसलाई हामीले मात्रा र संख्यामा भन्दा गुणमा बुझ्नु पर्दछ भन्ने लाग्दछ । अर्कातर्फ विज्ञान र टेक्नोलोजीलाई हामीले बढी भन्दा बढी प्रयोग गर्ने तर्फ ध्यान केन्द्रित गर्नु पर्ने कुरालाई बिर्सिनु हुन्न । हाम्रो मूल सांस्कृतिक आन्दोलन भनेको जनतासँग प्रत्यक्ष सम्बन्ध र सरोकार हो भन्ने कुरालाई कहिल्यै पनि भुल्नु हुँदैन । संचारको सबैभन्दा भरपर्दो र उन्नत साधन भनेको जनतासँगको प्रत्यक्ष सम्बन्ध हो भन्ने वैज्ञानिक मान्यतालाई योजनाबद्ध र संयुक्त रुपमा संचालन गर्नु पर्ने आजको दायित्व हो भन्ने हामीलाई लाग्दछ ।

*० जनपक्षीय कलाकारहरूको साझा मञ्च जरुरी छैन ?*

- निश्चित रुपले जरुरी ठानेर हाम्रा अग्रजहरूले कलाकारको मात्र होइन लेखक कलाकारहरूको साझा मञ्च "प्रलेक संघ" निर्माण गरेका थिए । तर त्यो ऐतिहासिक कार्यलाई लत्याई प्रलेक संघले प्रथम सम्मेलनमा कलाकारहरूको इच्छा विपरीत प्रलेक संघलाई छोट्टाउने कार्य भयो । त्यो नै ऐतिहासिक गल्ती भयो भन्ने मलाई लाग्दछ । के कलाकार र लेखक एकै ठाउँमा बस्न नसक्ने स्थिति थियो ? के कलाकार र लेखक भनेका विपरीत ध्रुवका चीज हुन् ? के लेखक भनेका बौद्धिक प्राणी र कलाकार भनेका गौ प्राणी हुन् ? -यसको उत्तर समयले माग्ला ।

प्रलेक संघको प्रथम सम्मेलनमा जब प्रलेस बनाइयो, त्यसबेला एउटा समझदारी बनाइएको थियो- कलाकारहरूको साझा मञ्च निर्माणमा प्रलेसले वातावरण मिलाई दिने भन्ने । तर प्रथम के.स. ले त्यो गरेन । प्रलेसको दोश्रो सम्मेलनपछि केही साथीहरूले कलकारहरूको साझा मञ्च निर्माणमा पहल गर्नु भयो । त्यो राम्रो शुरुवात थियो र समझदारीका हिसाबले एउटा अलिखित समिति पनि बन्यो तर नेतृत्व निर्माणमा हामीले पुनः गल्ती गर्‍यौं र त्यो गर्भाधन मै मर्‍यो ।

प्रलेसको तेश्रो सम्मेलन पनि भयो । म पनि प्रलेसको राष्ट्रिय पार्षद हुन पुगें र तेश्रो के.स. को प्रथम बैठकमा मैले कलाकारको साझा मञ्चको बारेमा कुरा उठाएँ तर त्यसलाई गंभीरतापूर्वक लिइएन । अहिले प्रलेसको सहयोगार्थ सांस्कृतिक कार्यक्रम देखाउने निर्णय प्रलेसले गर्‍यो । त्यसमा मेरो विरोध छैन । तर कार्यान्वयन गर्दा कलाकारहरू जुटाउन ज्यादै कठीन भयो । कलाकारहरू छरिएका छन् । यदि त्यो ऐतिहासिक गल्ती हामीले गर्दैनथ्यौं भने यो कार्यक्रम सहज र सरल तरीकाले सम्पन्न भैसक्थ्यो ।

त्यसैले म के भन्न चाहन्छु भने- कलाकारहरूको साझा मञ्च निर्माणमा प्रलेस आफ्नो ऐतिहासिक बचनबाट चुक्नु हुँदैन भने, अर्कोतर्फ हामी कलाकारहरूले पनि स्वतन्त्र पहल गर्नु पर्ने ऐतिहासिक आवश्यकता भैसकेको छ । त्यो ऐतिहासिक आवश्यकतालाई मंनन गरी हामीले सम्मान गरेका रामेश, रायन र खुसिराम पाखीनले यसको नेतृत्व गर्न अगाडि बढ्नु पर्दछ । यसलाई उहाँहरूले बोझ नठानेर आफ्नो नयाँ गति, नयाँ जीवनको शुरुवातको रुपमा बुझ्नु पर्दछ । हामी नयाँ पिढीले त्यसलाई सहयोग गर्नु पर्दछ । यदि वहाँहरूले त्यसो गर्न सक्नु हुन्न भने अगाडि बढ्ने शुभेक्षा दिनु पर्दछ र बाटो छेक्ने काम गर्नु हुन्न भन्ने हामीलाई लाग्दछ । ★

लघु कथा

# उपाय

विवश वस्ती

**आ**फूलाई ज्यादै चलाक र बाठो ठान्ने शासकले एक दिन संकटकालीन स्थितिको घोषणा गर्दै आफ्ना सम्पूर्ण भाइभारदार र मन्त्री गणहरूलाई दरबारमा बोलाए ।

"महाराज ! हामीलाई किन बोलाईबक्सनु भएको हो ?"

एकजना मन्त्रीले मुख फोरे ।

मुसुक्क हाँस्दै आदेशात्मक तरीकाले महाराजको बोली भूँइमा खस्न पुग्यो- "यो दरबारको पश्चिम क्षेत्रतिर विषालु साँप, गोमन र करेतहरू पाल्नू, क्याक्ट्स जस्ता विषालु काँढाका घारीहरू उमार्नू । किनकि, प्रत्येक आन्दोलनहरूमा मेरा विरोधीहरू त्यही पश्चिमी क्षेत्रबाट दरवार प्रवेश गर्न खोज्छन् । त्यस्ता आन्दोलनमा मेरा सैनिकहरू यदि असफल ठहरिए भने पनि ती विषालु चीजहरूका डरले जुनसुकै आन्दोलनकारी पनि दरबार पस्न सक्दैनन् ।"

केही समय दरबारमा मौनताको बादल मडारियो । मौनतालाई चिर्दै एक जना मन्त्रीले आफ्नो कुरा बिसाए- "महाराज ! यदि आन्दोलनको समयमा हाम्रा शत्रुहरूले पूर्व, दक्षिण र उत्तर क्षेत्रहरूमा घेरेर त्यही विषालु चीजहरू पालिएको पश्चिमी क्षेत्रबाट हामीले भाग्नु पर्‍यो भने चाँहि के गर्ने नि ?"

शासकसित यसको कुनै उत्तर थिएन, मात्र हेर्न लायकको रातो र पीरो अनुहार थियो । ★ ★



"रक्तिम" परिवारको नयाँ क्यासेट चक्का "हस्तक्षेप"




प्यूठान काण्ड, पेरुको जनक्रान्ति, बानेश्वर काण्ड, दलितहरूको आवाज, कुर्सी तानातान, बाग्लुङको सेतो आतंक

*तीजको लयमा आधारित गीतहरूको संगालो ।*

बजारमा उपलब्ध छ ।



## सुमेकर लेभि - ९ ले वृहस्पतिमा ठक्कर दियो

## ठक्करको निरीक्षणबाट प्राप्त नतीजा के ?

## चन्द्रमामा मानिस पुगेका २५ वर्ष पुग्यो

## मंगल ग्रहमा मानव यात्रा शुरू गरिने

# गत महिना अन्तरिक्षबारे चर्चामा आएका तीन प्रमुख बिषयहरू

- डा. केदार खनाल

# अस्तित्वहीन सुमेकर लेभि- ९

**अन्तरिक्ष सम्बन्धी समाचारहरुको कारण यो वर्ष १९९४ को गत जुलाइ महिना निकै चर्चित रह्यो । जुलाई १६ देखि २२ सम्म बृहस्पतिमा ठक्कर खान पुगेका सुमेकर लेभि- ९ का २१ टुक्राहरु बृहस्पतिलाई ठक्कर हानेर सधैंका लागि बिलीन भएका छन् । जुलाई २० चन्द्रमामा मानिसले पाइला टेकेको २५ वर्ष पुगेको दिन थियो ।**

**अब मंगल ग्रहमा पनि मानिस उतार्ने सोचाई अमेरिकी सरकारले राखेको छ भन्ने समाचार प्रचारमा आएको छ। यसबारेमा यो महिना निकै चर्चाहरु चले ।**

**आउनु होस् यी चर्चित विषयहरुमै यहाँ पनि थोरै चर्चा चलाऔं ।**

सुमेकर- लेभि- ९ ले बृहस्पति ग्रहमा ठक्कर खाने बेलामा दुई बेग्ला-बेग्लै परिस्थिति उब्जिएका थिए । सर्वसाधारण व्यक्तिहरु कतै यसको कारणले पृथ्वीमा महाप्रलय हुने हो कि भनेर त्रसित थिए भने यस धुम्रकेतुका आविस्कार एवं अन्य खगोल शास्त्रीहरु दामी ह्विस्की, ब्राण्डी अगाडि राखेर त्यो खुसीको क्षणको प्रतीक्षामा थिए ।

आज बृहस्पतिमा धुम्रकेतुका २१ टुक्रा ठोकिंदै जाने क्रमसँगै सर्व साधारणको चिन्ता तथा आविश्कारक एवं अन्य खगोल शास्त्रीहरुको खुसी क्रमशः घट्दै गएर यथावत स्थितिमा पुगिसकेको छ । मानव ईतिहासमा सौर्य मण्डलमा हुन पुगेको यो महत्वपूर्ण घटना अब खगोल शास्त्रीहरुको रेकर्डमा संकलित भइसकेको छ । उनीहरु अब संकलित डाटाको विश्लेषण गर्न लागेका छन् । यसबाट सौर्यमण्डल र खास गरी बृहस्पति सम्बन्धमा रहस्यहरु पत्ता लाउने क्रममा महत्वपूर्ण सहयोग पुग्ने आशा गरिएको छ ।

जब सुमेकर लेभि- ९ को पहिलो टुक्रा जुलाई १६ का दिन बृहस्पतिको ठूलो रातो दाग भन्दा दक्षिणमा ठोकिनपुग्यो, त्यसको केही समयपछि एक कालो धब्बा केन्द्रमा पारेर वरिपरि कालो धुवाँको बादल पृथ्वीबाट देखिन पुग्यो । खगोल शास्त्रीहरुले त्यो बृहस्पतिको बायुमण्डलभित्र धुम्रकेतुको टुक्रा घुस्ता बनेको प्वाल हुनुपर्ने ठानेका मात्र होइनन्, उक्त टुक्रा बृहस्पतिभित्र रहेको हाइड्रोजन धातुको भागसम्म नपुगेको अन्दाज गरेका छन् ।ठक्करपछि देखिएको सम्पूर्ण भाग करीब-करीब पृथ्वीको आधा आकार जत्रो भएको ठानिएको छ । त्यसपछि क्रमशः अन्य टुक्राले साढे पाँच दिन अर्थात जुलाई २२ सम्म बृहस्पतिलाई ठुंगने क्रम जारीराखे । अब त्यो क्रम सकिएको छ ।

यो ठक्कराहटको निरीक्षणबाट निम्नानुसार नतीजा प्राप्त भएका छन् :

१) सन् १९९२ जुलाई ७ मा बृहस्पतिको क्षेत्रमा पसेर नटुक्रिदासम्म यो धुम्रकेतु एउटा सिंगो पिण्डको रुपमा थियो । २१ टुक्रामा विभाजित भएपछि टाढाका दुई टुक्राहरुको फासला करीब ३ करोड (२.८ करोड) किलोमिटर (ठक्कर खाने बेलामा) पुगेको थियो ।

२) सन् १९०८ मा साइवेरियामा खसेको पिण्डको तुलनामा यसबाट लाखौं गुना बढी उर्जा उत्पन्न भएको थियो । त्यो खरबौं टन टी.एन्.टी बराबरको थियो ।

३) यो नै सम्भवतः आजसम्म थाहा भएको एउटै धुम्रकेतु थियो, जसको आयु ४.५ अरब वर्ष भएता पनि पृथ्वीवासीहरुले थाहा पाएको करीब २ वर्षपछि नै यसले आफ्नो अस्तित्व सदाका लागि गुमाउन पुग्यो ।

४) मेडियाको नचाँहिदो प्रचारले गर्दा सर्वसाधारणहरु पृथ्वीमा पनि महाप्रलय होला कि भनेर त्रसित भएका भए पनि पृथ्वीवासीलाई यसको केही प्रभाव परेन ।

यस घटनाले मेडियामा जुन प्राथमिकता पायो, त्यो विकसित देशले आफ्नो महत्व बढाउन गरेको प्रचारको रुपमा रह्यो । यो हल्ला शायद त्यो पिण्डले पृथ्वीमा ठक्कर दिने स्थिति हुँदो हो त सही ठहरिन पुग्थ्यो ।

अर्कोतर्फ विकासशील देशमा विज्ञान र प्रविधि सम्वन्धमा भएको कमजोरी पनि यसले प्रष्ट्याउँछ । हाम्रा ज्योतिष शास्त्रीहरुमध्ये कसैले त यो घटना नघट्ने तर्क पनि प्रचारमा ल्याएका थिए ।

यदि पूर्वीय ज्योतिष शास्त्र पश्चिमी भन्दा सही छ भने हाम्रा ज्योतिषशास्त्रीहरुले यो प्रष्ट पार्नु आज जरुरी भएको देखिन्छ ।

तर "मानिस चन्द्रमामा पुगेका होइनन्, पुग्नै सक्तैनन् । चन्द्रमामा पुगेका भनेको अन्य कतै पुगेका होलान्" भन्ने जस्ता तर्कलाई आज कोही पनि मान्नेवाला देखिदैनन् । यहाँ कहिले ग्रह एउटै रेखामा परेकाले महाप्रलय हुन्छ भनेर भविष्यवाणी गरिन्छ, कहिले भूकम्प भएर तहस-नहस् हुन्छ भनेर मनगढन्ते समाचार प्रसार गरिन्छ ।

पहिलो त, यस्ता समाचार दिनुभन्दा पहिले कसैले पनि एक पटक राम्ररी सोच्नु आवश्यक हुन्छ । यस्ता समाचार ठीक वा बेठीक भनेर छुट्याएर जनतालाई त्रसित हुनबाट बचाउनु सरकारको पनि उत्तिकै जिम्मेवारी रहन्छ ।

सुमेकर लेभि- ९ को यस ठक्कराहटपछि जम्मा गरिएका नतीजाको विश्लेषणबाट खगोल शास्त्रीहरुले जे जति नतीजा पाउँछन्, शायद ती महत्वपूर्ण सावित हुनेछन् । यो सौर्य मण्डललाई अझ राम्रोसँग बुझ्ने क्रममा संकलित तथ्यांकहरुले महत्वपूर्ण योगदान पुऱ्याउने छन् भन्ने विश्वास गर्न सकिन्छ । ❑

# चन्द्रमामा मानिस



**सो**भियत संघ (तत्कालीन) का प्रथम अन्तरिक्ष यात्री युरि गागरिन अप्रिल १९६१ का दिन अन्तरिक्षमा प्रवेश गरेर पृथ्वीको परिक्रमा गर्न थाले । यो समाचार अमेरिकाका तत्कालीन राष्ट्रपति जे.एफ. केनेडीलाई सुनाइयो । सोभियत संघ अघि पर्ने यो घटना राष्ट्रपति केनेडीलाई सह्य भएन । उनले आफ्ना वैज्ञानिक सल्लाहकारसँग सल्लाह गरेर घोषणा गर्न पुगे- "६० को दशकमा अमेरिकाले चन्द्रमामा मानिस उतार्छ ।"

यो त्यस बेलाको यति ठूलो योजना थियो कि यसको लागि त्यस बेलाको अमेरिकाको बार्षिक बजेटको करीब आधा रकम जरुरी हुन आउँथ्यो । (तुलनात्मक रुपले हेर्दा हाम्रो अरुण तेश्रो योजना त्यो भन्दा दुई गुना महँगो देखिन्छ । किनकि यसको लागि देशको एक बर्षको सम्पूर्ण बजेट आवश्यक पर्छ) ।

यसको अतिरिक्त राष्ट्रपतिलाई अरु राष्ट्रपतिले गरेको भन्दा महत्वपूर्ण काम देखाउने इच्छा जाग्यो पनि भनिन्छ । स्मरणीय छ, राष्ट्रपति रुजबेल्टले पनामा नहर खोल्ने र जेफरसनले "अमेरिकन वेष्ट" उत्खनन् कार्य गराएर ख्याति आर्जन गरेका थिए । तेश्रो कारण के पनि ठाँनिन्छ भने, सोभियत संघभन्दा अगाडि पुग्ने यो योजना पूरा गर्नकै लागि पनि अमेरिकी जनताले उनलाई दोश्रो पटक पनि राष्ट्रपति चुन्न आवश्यक ठान्ने थिए ।

जे कारणले भए पनि यो योजना शुरु भयो । राष्ट्रपति केनेडीलाई पहिलो कार्य-कालमा नै हत्या गरिए पनि योजना यथावत रह्यो ।

सन् १९६९ जुलाई २० का दिन एपोलो ११ का तीन अन्तरिक्ष यात्रीमध्ये निल आर्मस्ट्रंगले सर्वप्रथम चन्द्रमामा पाइलो राख्न पुगे । यसरी चन्द्रमामा मानिस पठाउन शुरु भएको यो क्रम एपोलो १७ सम्म जारिरहेको भएता पनि एपोलो १३ लाई चाहिं प्राबिधिक त्रुटीले गर्दा चन्द्रमामा नपुगी अन्तरिक्षको वीचबाटै पृथ्वीतिर फर्काइयो र अन्तरिक्ष यात्रीहरु सकुशल पृथ्वीमा आए ।

यी चन्द्र यात्राद्वारा वैज्ञानिकले चन्द्रमाका सम्वन्धमा मात्र हैन, पृथ्वीको सम्बन्धमा पनि कैयौं महत्वपूर्ण नवीन जानकारी प्राप्त गरे ।

सन् २०२० सम्ममा रोबोट पठाएर सबै काम गराएर मानिसले यात्रा गर्न हुने स्थिति सृजना गरिने

अब करीब २०-२२ वर्षपछि आएर पुन: चन्द्रमामा मानिस पठाउने योजना युरोपीय अन्तरिक्ष केन्द्र र जापानले भिन्दा-भिन्दै रुपमा गरिराखेका समाचारहरु प्रकाशमा आएका छन् । युरोपीय अन्तरिक्ष केन्द्र (European Space Agency) ले सन् २०२० सम्ममा रोबोट पठाएर सबै काम गराएर मानिसले यात्रा गर्न हुने स्थिति सृजना गर्ने उद्देश्य राखेको छ भने जापानको चन्द्र एवं ग्रह समाज (Lunar and Planetary Society) ले २०२४ सम्म त्यहाँ मानिस पुऱ्याउने उद्देश्य राखेको छ । यसको लागि करीब २८ अरब डलर खर्च गर्नु पर्नेछ । ❑

# मंगलमा मानव-यात्रा

**च**न्द्रमामा मानिस पठाएको समयतिरै मानवरहित यानहरु मंगल ग्रहमा पठाइसकिएका थिए । त्यहाँबाट प्राप्त नतीजाबाट उक्त ग्रहका सम्बन्धमा नवीनतम जानकारी पाइएको थियो ।

बृहस्पति र पृथ्वीको वीचमा रहेको यो ग्रह धेरै ठण्डा भएको एवं यसमा पानी भएको पनि अन्दाज गरिएको छ । मानवरहित यान धेरैपछिसम्म मंगलमा उतारेर अध्ययन, अनुसन्धानको क्रम जारी रह्यो । एउटा गजबको समाचार के पनि प्राप्त भएको छ भने सौर्य मण्डलका टाढाका ग्रहहरु नेपच्यून र प्लूटो मंगल ग्रहको अनुसन्धानकै क्रममा पत्ता लागेका थिए ।

करीब पृथ्वीको ब्यासको आधा जति मात्र ब्यास (४२१७ माइल) भएको मंगल ग्रहमा पृथ्वीको तुलनामा आधाभन्दा कम आकर्षण (३८%) र तापक्रम धेरै न्यून (५९° फारेनहाइटको तुलनामा -६७° फारेनहाइट) छ । मंगलको उत्तरी गोलार्द्धमा हिउँ, मिथेन र वायुमण्डलमा कार्वनडाइअक्साइड, अक्सिजन आदि ग्यास भएको ठानिएको छ । त्यस्तै दक्षिणी गोलार्धमा ठूला-ठूला चट्टानी भाग (ज्वालामुखी विष्फोटनबाट बनेका) अवस्थित छन् ।

वैज्ञानिक र इञ्जिनियर हरूले मंगलमा मानिस उतार्न करीब ५० अरब डलर र समय पनि कम लाग्ने ठहऱ्याएका छन्

हालै आएर पुन: अमेरिकी अन्तरिक्ष संस्था "नासा" ले मानव उतार्ने योजनाको लागि अरु ३० वर्ष लाग्ने र त्यसको लागि ४०० अरब अमेरिकी डलर जरुरी हुने प्राथमिक रिपोर्ट सरकार समक्ष पेश गरेको छ ।

तर सम्वन्धित वैज्ञानिक र इञ्जिनियरहरुले त्यो रकमको बदला मंगलमा मानिस उतार्न करीब ५० अरब डलर र समय पनि कम लाग्ने ठहऱ्याएका छन् । उनीहरुका अनुसार मंगलको यात्रा गरेर पृथ्वीमा फर्कन करीब ५०० दिनको कार्यक्रम बनाउनु पर्छ । यो समय पृथ्वीबाट पठाएको अन्तरिक्ष यानमा मंगलको गतिको आधारमा उर्जा कम तर लामो बाटो प्रयोग गर्ने आधारमा लिईएको छ । यो समाचारले मंगलमा भविष्यमा मानिस पुऱ्याउने कुरालाई प्राथमिकता दिएको अन्दाज गर्न सकिन्छ ।

र अन्त्यमा, विकसित राष्ट्रले विकासशील राष्ट्रको नाजूक आर्थिक अवस्था देख्ता देख्तै कुनै एक अन्तरिक्ष योजनाको लागि यति ठूलो रकम खर्च गर्न नहिच्किचाउनुले आज मानिस मानिस बीचमा झन् चौडा अन्तराल फैलिरहेको प्रष्ट्याउँछ । यी कार्यक्रमले यसै पृथ्वीमा उत्तिकै अधिकार लिएर बसेका दु:खी दरिद्री जनताको खिसी गर्न पुगेको भान हुन्छ । यदि विकसित राष्ट्रले आफ्नो सम्पत्ति यस पृथ्वीको दु:खी दरिद्री अवस्थालाई हटाएर सबैलाई उन्नत बनाउन प्रयोग गर्ने हो भने मात्र अन्य ग्रहतर्फको सोचाई सान्दर्भिक ठहरिन सक्तछ । अन्यथा, मानिस-मानिस बीचको अन्तरालले सभ्यतालाई नै चुनौति दिन पुग्ने अन्दाज गर्न सकिन्छ । ❑

२० पेजको बाँकी

शत्रु भनेपछि सबै प्रमुख शत्रु ठान्नु पर्छ, मित्र भने पछि सबै उस्तै शुद्ध मित्र खोज्नु पर्छ । वास्तविकता भने यस्तो सीधा हुदैन, टेढामेढो हुन्छ । तर त्यसले भने यस्तो एकांगी दृष्टिकोण राख्न सिकाउँछ ।

कुनै पनि वस्तु र घटनालाई यसरी स्थिर र एकांगी तवरले हेर्नु गलत दृष्टिकोण हो । दर्शनमा यस्तो दृष्टिकोणलाई अधिभूतवाद भन्छन् । मार्क्सवादसित अधिभूतवादको गोरु वेचेको साइनो पनि हुँदैन । मार्क्सवादको दृष्टिकोण त द्वन्दवाद हो, यसले त हरेक वस्तु र घटनालाई स्थिरतामा होइन, गतिमा हेर्न सिकाउँछ । मित्र र शत्रु दुबैको खेमालाई पनि यसले गतिमा हेर्न सिकाउँछ । कुनै पनि वस्तु र घटनामा द्वन्दवादले प्रमुख र गौण अन्तरविरोध छुट्याऊ भनेर सिकाउँछ, सबै अन्तरविरोधलाई एक समान मान्न कदापि सिकाउँदैन । जोसित प्रधान अन्तरविरोध हुन्छ, उसैलाई मुख्य शत्रु ठानेर बाँकीसित मिलेर उसमाथि आक्रमण गर्न द्वन्दवादले सिकाउँछ ।

यस प्रकार ढोकाबन्दवाद गैर-मार्क्सवादी दृष्टिकोण हो । यो अवैज्ञानिक दृष्टिकोण हो ।

हामीले न त पुच्छरवादकै अभ्यास गर्नु ठीक छ, न त ढोकाबन्दवादको । ढोकाबन्दवादको सट्टा प्रमुख शत्रु विरुद्ध संयुक्त- मोर्चा नै ठीक बाटो हो । साथै सबै कुरा संयुक्त- मोर्चा मार्फत मात्र गर्न खोज्नु पनि पुच्छरवादी बाटो हो । संयुक्त- मोर्चा गर्दा पनि आफ्नो स्वतन्त्रता, आफ्नो योजना, आफ्नो पहल र अगुवाइलाई जोगाई राख्नु नै सही बाटो हो । ❑



# दक्षिण कोरिया : अमेरिकाको सैनिक अड्डा !

## सिओलका तानाशाही शासक-हरूलाई अमेरिकाले यसरी नचाउँदै आएको छ

कोरियाली जनता विरूद्ध अमेरिकी साम्राज्यवादले चलाइरहेको युद्ध जारी छ।

सेप्टेम्बर, १९४५ मा दक्षिण कोरियाली भूमिमा अमेरिकी सैनिक जनरलहरूको बूँटले कुल्चे पछि यो युद्ध शुरू भएको हो, र अहिले एक्काइसौं शताब्दीको शुरूवातको संघारसम्म पनि जारी छ।

यो युद्ध कहिले वामपन्थी उत्तर-कोरियाको विरूद्ध केन्द्रित भयो त, कहिले दक्षिण कोरियाली जनता कै विरूद्ध निर्देशित भई जारी रह्यो छ।

यो युद्धको सूत्रधार अमेरिकी साम्राज्यवादलाई थाहा छ– कोरियाली प्रायद्वीप राजनीतिक र सैनिक दृष्टिकोणले अति महत्वपूर्ण ठाउँमा रहेको छ। यस महत्वलाई आफ्नो साम्राज्यवादी स्वार्थ अनुकूल प्रयोग गर्न उद्दत अमेरिकी साम्राज्यवादले साम्यवादी विचारलाई रोक्न यो युद्ध जारी राखेको हो, चीन र पूर्वी एशियामा आफ्नो प्रभुत्व कायम राखी राख्न जारी राखेको हो।

यो युद्धले अब त्यसको आर्थिक स्वार्थ पनि पूर्ति गर्न थालेको छ।

यी नै स्वार्थहरूलाई पर्दाफास गर्ने तथ्य, तथ्यांक र विश्लेषण सहित सोभियत लेखक मिखाइल सेविनको सान्दभिक लेख यहाँ प्रस्तुत गर का छौं। प्रस्तुत लेख १९८८ मा नै प्रकाशित भए तापनि यो अमेरिकी साम्राज्यवादको मानव अधिकारवादिताको नकाव उतार्न सफल देखिन्छ र अमेरिकी साम्राज्यवादको दक्षिण कोरियाप्रतिको रवैयामा अहिलेसम्म पनि कुनै परिवर्तन नभै सकेकोले यो लेख अत्यन्त सान्दर्भिक नै देखिन्छ।

**– मूल्यांकन**

१९५० मा पेन्टागनद्वारा शुरु गरिएको युद्ध तीन वर्षसम्म चल्यो। १९८३ को गर्मीमा कोरियाको युद्ध विरामले ३० वर्ष पूरा गरिसकेको थियो। यति समयपछि पनि कोरियामा सुरक्षित शान्ति कायम भैसकेको थिएन।

दक्षिण कोरिया महत्वपूर्ण रणनैतिक स्थितिमा रहेको छ। त्यसैले अमेरिकाले तनावको गरम धरातललाई जलाइराख्नका लागि दक्षिण कोरियालाई प्रयोग गर्दै आएको छ। अमेरिकाले दक्षिण कोरियालाई आफ्नो नवउपनिवेशवादी आर्थिक विस्तार गर्ने पूलको रुपमा विकासोन्मुख एशियाली राष्ट्रहरूको विरुद्ध प्रयोग गर्दै आएको छ। यसरी त्यसलाई अमेरिकाले पेन्टागनको अड्डाको रुपमा फेरिदिएको छ।

दक्षिण कोरियामा अमेरिकी साम्राज्यवाद "सशक्त व्यक्तित्वहरू" माथि आश्रित रहँदै आएको छ। "स्वतन्त्र विश्व" मा तानाशाही शासन स्थापित गर्नेहरूलाई उनीहरू "सशक्त व्यक्तित्व" भनी विभूषित गर्दछन्। प्रारंभमा सिओलको कठपुतलीसरकारको अध्यक्षता सिङ मन रीद्वारा गरिएको थियो। पछि उनलाई राष्ट्रपति पदबाट अप्रिल १९६० मा जन आन्दोलनको कारणले हटाइदियो र एउटा अर्को निरंकुश शासक पार्क चुंग ही लाई सत्तामा आसीन गराइयो।

पार्क चुंग हीको नाम दक्षिण कोरियाको इतिहासमा सर्वाधिक अन्धकारमय कालसँग जोडिएको छ। उनले व्यवहारिक रुपले सबै प्रजातान्त्रिक संस्थाहरू नष्ट गरेका थिए। शासनको अध्यक्ष भएर उनले व्यवस्थित ढंगले र निर्दयतापूर्वक आफ्ना विरोधीहरूलाई आफ्नो बाटोबाट पन्छाइदिए र मनपरी ढंगले विपक्षलाई दबाए। पार्क चुंग ही र उनका निकटतम साथीहरूको आदेशमै दक्षिण कोरियाको गुप्तचर पुलिसका एजेन्टहरूद्वारा गरिएका अपराधहरू यति धेरै थिए कि त्यसको विवरणसम्म पनि यहाँ दिन संभव छैन।

अक्टोबर, १९७९ मा तानाशाह पार्क चुंग हीको हत्या गरियो। दक्षिण कोरियाका जनताले अब एउटा प्रजातान्त्रिक र श्रेष्ठ जीवनले युक्त परिस्थितिहरूतिर देश तुरुन्तै परिवर्तित हुने आशा गरेका थिए। वास्तवमा एउटा नागरिक सरकार पनि गठन गरियो र एउटा कार्यबाहक नागरिक-राष्ट्रपतिको नियुक्ति पनि गरियो। तर अमेरिकाले भने पहिलेदेखि नै दक्षिण कोरियाको लागि अर्को एउटा तानाशाहको निर्माण गरिरहेको थियो।


अमेरिकाले मन पराएको तानाशाह थिए- जनसुरक्षा बलका कमाण्डर जनरल चुन दू ह्वान ! चुन दू ह्वान तानाशाह पार्क चुंग ही कै सच्चा मित्र र उनीद्वारा संरक्षण गरिएर हुर्काइएका जनरल थिए। उनले अरु जनरलहरूलाई पनि गलत



सिओलमा भएको सडक संघर्ष

ढंगले सत्ताको निम्ति लालयित राख्दै एउटा विशेष राष्ट्रिय सुरक्षा परिषद रचना गर्ने र गठन गर्ने काम गरे। निःसन्देह उनले त्यसको अध्यक्षता गरेर सम्पूर्ण दक्षिण कोरियामा मार्शल ल लागू गरे। आफ्नो बाटो सफा गर्नका लागि चुन दू ह्वान पनि विपक्ष र सम्पूर्ण प्रजातान्त्रिक आन्दोलनमाथि आक्रमक हुन थाले!

त्यहाँ धेरै समय अगाडिदेखि पैदा भइरहेका सामाजिक र आर्थिक समस्याहरु झन् झन् विकराल र भीषण हुँदै गए, भाऊ बृद्धि चर्को रुपमा भयो। १९८० को दशकभन्दा पहिलेका तीन वर्षहरूमा मुद्रास्फीतिको दर ४८% थियो। बेरोजगार जनता ७ लाख ५० हजारसम्म बढ्न पुगे।



## वाशिंगटनका रणनीतिज्ञहरू

**जो संसारको सबैभन्दा बढी महत्वाकांक्षले भरिएका रणनीतिज्ञहरू हुन, आफ्नो उपस्थिति दक्षिण कोरियामा बनाइराख्न चाहन्छन्। त्यहाँ यसबेला ४० हजार भन्दा बढी अमेरिकी सैनिक शक्ति छन्।**

तानाशाहको बूँठबाट अत्यधिक रुपमा पीडित हजारौं-हजार जनता आफ्ना मूलभूत मानवअधिकारको प्राप्तिको लागि लड्नको लागि जागृत हुन थाले। जनताको धैर्यमाथि चरम सीमासम्म प्रहार परिसकेको थियो र धैर्यको बाँध जन- उभारको रुपमा फुट्यो। यसको चरम सीमा मई, १९८० मा क्वांगजू विद्रोहको रुपमा प्रकट भयो।

क्वांगजू दक्षिण कोरियाको ८ लाख जनसंख्या भएको ठूलो शहर हो। त्यस शहरलाई जनताले आफ्नो नियन्त्रणमा लिए। कठपुतलीहरूलाई निष्काशन गरे तथा स्वतन्त्र चुनावको माग गरे। दण्ड दिने नियतले राज्य शक्तिले हिंसाका असभ्य हतियारहरूले विद्रोही जनतामाथि आक्रमण र आघात गर्‍यो। क्वांगजूका गल्लीहरू रगतको नदीमा डुबे। त्यहाँका लगभग ३ हजार जनता अमेरिकाद्वारा प्रशिक्षित हत्याराहरुद्वारा मारिए। तानाशाह चुन दू ह्वानले भियतनाममा अमेरिकी सेनाले प्राप्त गरेका सबै अनुभवहरु प्रयोग गरे!

क्वांगजूको दुःखान्त वाशिंगटनका "प्रजातन्त्रका सेनानीहरुको" र "मानव-अधिकारको अभियान चलाउनेहरुको" लाजमर्दो क्रियाकलापको परिणाम थियो। क्वांगजूका जनताहरु अमेरिकी गोलीहरुका साथै अमेरिकामा बनेका स्वचालित वन्दूकहरुबाट "दंगा नियन्त्रक परामर्श दाता" को रुपमा स्थापित अमेरिकामा प्रशिक्षित सैनिकहरुद्वारा मात्र मारिएका थिएनन्। अझ स्पष्ट भन्ने हो भने, सम्पूर्ण क्वांगजूका- जनताको रगतले लथपथ क्वांगजू विद्रोहमाथि निर्मम दमन गर्ने भीषण अपराध अमेरिकाकै निर्देशनमा, अमेरिकाकै योजना बमोजिम उसकै व्यावहारिक कृयान्वयनमा भएको थियो। सिओलका अफ्ना कठपुतलीहरुको दुर्भाग्यबाट भयभीत अमेरिकी सरकारले संयुक्त अमेरिकी -दक्षिण कोरियाली कमानको सशस्त्र इकाईलाई बोलाउने आधिकारिक स्वीकृति दिएको थियो। यसका साथै वाशिंगटनले कोरियाको समुद्रमा आफ्नो नौसैनिक वल-हवाइ जहाज- वाहक "कोरल-सी" संगै पठाएको थियो।

दक्षिण कोरियामा आफ्नो प्रशासनको कारवाहीलाई न्यायोचित ठहर्‍याउनका लागि त्यतिखेर अमेरिकी राष्ट्रपति कार्टरले उत्तेजक ढंगले बोलेका कुरा यहाँ उल्लेखनीय छ। उनले भनेका थिए - "अमेरिकाले आफ्ना सहयोगीहरु र मित्रहरुसंगको सम्वन्ध केवल यसै कारणले मात्रै तोड्ने छैन कि तिनीहरु आफ्नो मानव- अधिकारहरुको मापदण्ड अनुरुप छैनन्।"

आकाशवाणीबाट सम्वोधन गर्ने क्रममा एक पटक राष्ट्रपति कार्टरले अझ विशेष रुपले भनेका थिए "दक्षिण कोरियामा प्रजातन्त्रको पुनर्स्थापनाको तुलनामा कम्युनिष्ट खतारा (?) को विरुद्ध जवाफी उपाय अत्यधिक महत्वपूर्ण छ।"

अमेरिकाको मानव अधिकारको सम्वन्धमा आधिकारिक घोषणाहरुको सत्यता यही थियो। वाशिंगटनद्वारा कथित मानव अधिकार अभियानको यो एउटा अर्को नग्न मामिला थियो।

रोनाल्ड रेगनले हवाइट-हाउसमा प्रवेश गरेपछि अमेरिकाले दक्षिण कोरियाको प्रशासनसंग एक पटक फेरि एकता प्रदर्शन गर्‍यो। सैनिक तानाशाह चुन दू ह्वानद्वारा वाशिंगटनको आधिकारिक यात्रा, रेगन प्रशासनद्वारा घोषित अमेरिकी विदेश नीतिको एउटा उदाहरण थियो- जस्तो कि अमेरिकी प्रेसले टिप्पणी गरेको थियो- दक्षिण कोरियाका तानाशाहलाई हार्दिक स्वागत गरियो! उनको निम्ति, एउटा नयाँ प्रशासनको लागि, ब्रिटिश प्रधानमन्त्रीको पहिलो अतिथि हुने परम्परालाई त्यागियो।

१९८१ को फेबुअरीको आरम्भमा अमेरिका र दक्षिण कोरियाबीच एउटा महत्वपूर्ण वार्ता भएको थियो। यस वार्ताबाट थाहा हुन्छ- अमेरिका अमेरिकी-दक्षिण कोरिया वीचको सम्वन्धको इतिहासमा एउटा नयाँ अध्याय प्रारंभ गर्न तयार थियो। आफ्ना पूर्व राष्ट्रपति कार्टरको नीति विपरीत रेगनले दक्षिण कोरियाबाट आफ्ना सैनिक टुकडीहरु फिर्ता बोलाउने सबै संभावनाहरुलाई इन्कार गरे। उनले मानव- अधिकारका समस्याहरुलाई पूरै वेवास्ता गरी, दक्षिण कोरियाका नयाँ नेताहरुलाई आफ्नो पूरै समर्थन रहेको घोषणा गरे। विश्व-जनमतलाई भनी दिए कि- एशियामा अमेरिकी नीतिको लागि दक्षिण कोरिया एउटा महत्वपूर्ण चौकी हो।

एटलान्टिक भन्दा पर रहेको "परोपकारी" अमेरिकालाई यसमा अलिकति पनि लाज-गाल र घिन थिएन कि आफ्नो मित्र-दक्षिण कोरियाली तानाशाहहरुको वास्तविक घरेलू नीतिको अंग नै दमन र आतंक थियो। यही दमन र आतंक नै दक्षिण कोरियाली शासकहरु आफ्ना जनतालाई दिइरहेका थिए। र, उनीहरु दिन सक्थे पनि यही नै! मारपीट, उत्पीडन् र मृत्युदण्ड त्यस देशको स्थायी व्यवहार बनीसकेको छ। सैनिक शासनको जन-विरोधी नीतिको कुनै पनि विरोध र असन्तोषलाई समाप्त गर्नको लागि र विपक्ष एवं प्रजातान्त्रिक आन्दोलन-लाई दबाउनका लागि, दक्षिण कोरियाको पुलिस र गुप्तचर सेवालाई अति निर्दयतापूर्वक काम गर्नका लागि आह्वान गरिएको थियो।

दक्षिण कोरियामा सामाजिक "शुद्धिकरण" को नारा अत्यधिक रुपमा प्रचारित थियो। यस नाराको मुख्य उद्देश्य- तथाकथित आफ्ना विरोधी राजनीतिकहरुलाई शिकार गर्नु थियो। लगभग १६ हजार दक्षिण कोरियावासी पहिलेदेखि नै "पुनर्शिक्षा" शिविरहरुको अनुभव प्राप्त थिए। सिओलबाट प्रकाशित हुने "कोरिया हेराल्डका अनुसार ४० हजार जनता वर्तमानमा सैनिक शिविरहरुमा "शिक्षा" प्राप्त गरिरहेका छन्।

लगभग ६०० विपक्षी सदस्यहरुलाई कुनै पनि प्रकारको राजनीतिक गतिविधिहरुमा भाग लिनबाट कठोरतापूर्वक प्रतिवन्धित गरिएको छ। मजदूर यूनियनहरु र विद्यार्थी आन्दोलनहरुमा लागि परिरहेका व्यक्तिहरुमाथि र क्रियाशील नव युवकहरुमाथि आधिकारिक रुपले स्वीकृत उत्पीडन ठूलो अनुपातमा भइरहेको छ।

यी सवका बावजूद पनि चुन दू ह्वानको प्रशासनको प्रतिरोध बढिरह्यो। १९८३ अप्रिल र मई महिनामा जन-

सभाहरु र विद्यार्थी-प्रदर्शनहरुले दक्षिण कोरियाका जनताका आफ्ना तात्कालीक हितहरु एवं अधिकारहरु पूरा गर्न र प्रजातान्त्रिक सुधार गर्न एवं राज्य आतंकवाद र दमनको विरुद्ध आफ्नो दृढता र अठोट प्रदर्शन गरे। जन-असन्तोषको यस तेज ज्वार-भाटादेखि चिन्तित भएको चुन दू ह्वानको प्रशासनले बल प्रयोग गरी यसमाथि दमन गऱ्यो। सिओलमा अनेक उच्च शिक्षण-संस्थाहरुमा पुलिसले घेरावन्दी नै गरे। नगरका विश्व-विद्यालय परिसरमा "सुरक्षा शक्तिहरु" आँधी भैं पसेर एक छत्र रजाई गरे। ती "सुरक्षा बलहरु" जन-प्रदर्शनकारीहरुमाथि नियन्त्रण गर्न तथा अश्रुग्याँस - सशस्त्र वाहनहरु प्रयोग गर्नका लागि विशेष रुपले प्रशिक्षित गरिएका थिए। सयौं - हजारौं विद्यार्थीहरु गिरफ्तार गरिए तथा जेलहरुमा कोचिए।

यी सबका बावजूद पनि "मित्र" दक्षिण कोरियामा मानव अधिकारको हननको बारेमा अमेरिकालाई अलिकति पनि शिकायत थिएन। यति मात्रै होइन, अमेरिकाले दक्षिण कोरियालाई दमनकारी संयन्त्रहरु-ठूलो मात्रामा हतियार, गोलावारुद र दंगा-नियन्त्रणका उपकरणहरु उपलब्ध गरायो। उदाहरणको लागि, १९८२ मा अमेरिकाको वाणिज्य विभागले प्रदर्शनकारीहरुलाई तितर-वितर गर्नको लागि ५०० वटा विशेष प्रकारका विद्युतीय डण्डाहरु सिओललाई बेच्नको लागि स्वीकृति प्रदान गरेको थियो।

वाशिंगटनको मानव-अधिकारका अभियानकर्ताहरु मध्ये कसैलाई पनि दक्षिणकोरियामा छाएको गहिरो आर्थिक संकटको कुनै चिन्ता थिएन। व्यापार घाटा ५ अरब डलरसम्म पुग्यो। बेरोजगारी लगभग १० लाख वा दक्षिणकोरियाको समर्थ शरीर भएको जनसंख्याको लगभग ८% पुग्यो। मुद्रा-स्फीति लामो समयसम्म दुई संख्या भएको अंकमै अड्किरह्यो। विदेशी ऋण ३३ अरब डलर अर्थात कुल राष्ट्रिय उत्पादनको आधा भन्दा बढी पुग्यो।

सिओलको विदेशी कारोवारको सम्बन्धमा "उदारवादी कार्यक्रम" ले वास्तवमा दक्षिण कोरियालाई विदेशी पूँजीको बजारको रुपमा खोलिदियो। त्यहाँ अमेरिकी र जापानी व्यापारीहरु धेरै नै आनन्दित अनुभव गरिरहेका छन्। उनीहरुले कुल विदेशी व्यापारको १० भागमा ९ भाग ओगटिरहेछन् र विदेशी कारोवारको तीन भागमा दुई भागभन्दा बढी समेटिरहेका छन्। एकाधिकारी पूँजीपतिहरु लाज-गाल र धिन छोडेर मजदूरहरुको शोषणमा व्यस्त छन्। अन्तराष्ट्रिय श्रम संगठन (ILO) का अनुसार, दक्षिण कोरियामा विश्वमै सबै भन्दा बढी "लामो" श्रमको घण्टा छ।

दक्षिण कोरियाका मजदूरहरुको कठीन आर्थिक दुर्दशासंग त्यहाँको अत्यधिक सैनिक खर्च पनि जोडिएको छ। अमेरिकाका सैन्यवादीहरुद्वारा छेडिएको युद्ध-उन्मादले ग्रस्त सिओल आफ्नो राष्ट्रिय बजेटको लगभग ४०% भाग हतियारहरुमा खर्च गरिरहेको छ। त्यसका ६ लाख भन्दा बढी व्यक्तिहरु भएको सेना अत्याधुनिक हतियारहरुले सुसज्जित छन्। एशोसिएटेड प्रेस (ए.पी.) को सूचना अनुसार त्यसको सैनिक बलहरुको आधुनिकीकरणको पंचवर्षीय कार्यक्रमको खर्च १० अरव ३० करोड डलर हुनेछ। १९८४ को आर्थिक वर्षमा वाशिंगटनले दक्षिण कोरियालाई २३.करोड डलरको सैनिक सहायता दियो अर्थात १९८३ को आर्थिक वर्षभन्दा २ करोड डलर बढी!

वाशिंगटनका रणनीतिज्ञहरू जो संसारको सबैभन्दा बढी महत्वाकांक्षले भरिएका रणनीतिज्ञहरु हुन, आफ्नो उपस्थिति दक्षिण कोरियामा बनाइराख्न चाहन्छन्। त्यहाँ यसबेला ४० हजार भन्दा बढी अमेरिकी सैनिक शक्ति छन्।

विभिन्न सूचनाहरुका अनुसार अमेरिकाले दक्षिणको सीमामा ७०० देखि १००० को बीचको संख्यामा आणविक हतियारहरु थुपारेर राखेको छ। भनिन्छ-वाशिंगटन अमेरिकी सातौं जंगी बेडालाई कोरिया प्रायद्वीपमै आधार बनाएर आणविक प्रक्षेप्यास्त्रहरु सहित स्थापित गर्ने र दक्षिण कोरियामा न्यूट्रोन अस्त्रहरु स्थापित गर्ने योजना बनाइरहेको छ। यसको अर्थ-दक्षिण कोरियालाई अमेरिकाको आणविक बन्धक बनाउनु हो र अमेरिकी कब्जालाई निरन्तर कायम राख्नु हो। पेन्टागनको सैन्य दल, दक्षिण कोरियाका जनतामाथि आफ्नो हिंसा, नैतिक पतन र भ्रष्टाचारको ढर्राले भरिएको "आफ्नो अमेरिकी जीवन-शैली" लाई थोपरिरहेको छ।

रेगन प्रशासनले कोरिया प्रायद्वीपलाई "अमेरिकाको महत्वपूर्ण हितहरुको क्षेत्र" घोषित गरेको थियो। यसले सोभियत र समाजवादी समुदायका अन्य राष्ट्रहरुको शान्ति र विश्वास निर्माण गर्ने प्रयत्नलाई अस्वीकृत गर्दै दक्षिण कोरियाको शासनलाई सुदूर - पूर्वमा महत्वको- रणनीति महत्वको- शक्ति बनाउने आफ्नो योजनालाई अपूर्व तेजीका साथ बढाउन खोजेको थियो।

यसका साथसाथै, अहिलेको स्थितिमा वास्तविक मानव अधिकारहरुको प्रतिरक्षा र संरक्षणको अर्थ हो- अमेरिकी साम्राज्यवादको महत्वाकांक्षामाथि नियन्त्रण, जनवादी कोरियाली गणतन्त्रका विरुद्ध युद्ध भड्काउने सबै कार्यहरुको अन्त, कोरियाली प्रायद्वीपबाट अमेरिकी सैनिक बलहरुको बिनाशर्त वापसी, जुन संयुक्त राष्ट्र महासभाका प्रस्तावहरुद्वारा निर्धारित गरिएको अर्थहरु हो। यसले राष्ट्रहरुलाई शान्तिपूर्वक प्रजातान्त्रिक ढंगल तरीकाले पुनर्एकीकरण गर्नका लागि भरोसिलो र कामलाग्दो अवसर उत्पन्न गर्ने छ। ☆

**(मानव अधिकारको विरुद्ध अमेरिकी जेहादः US Crusade Against Human Rights बाट साभार)**

# के कति फरक छ उत्तर र दक्षिण कोरियामा ?

**दीपक वैद्य**

**अहिले उत्तर कोरिया र दक्षिण कोरिया संसारभरि नै चर्चित मुलुक भएका छन्। तर १९४८ सम्म यी दुबै मुलुक एउटै राष्ट्रको रुपमा थिए। ४६ वर्ष यता उत्तर कोरियामा साम्यवादी शासन प्रणाली छ। दक्षिण कोरियामा चाहिँ पूँजीवादी। यी दुई विपरीत शासन प्रणाली लागू भए यता यी दुई देशका जनताको जीवन र विकास स्थितिमा के कति फरक आएको छ ? यो कुरा धेरैको लागि चासोको विषय भएको छ। आउनुहोस् , एकै छिन् तथ्यहरूको आधारमा यी दुईको तुलना गरौं :**

उत्तरमा क्रान्तिद्वारा मान्छेको मान्छे माथिको शोषण र व्यक्तिगत संपत्ति खत्तम पारिएको छ। त्यहाँ अहिले चुस्नका लागि पूँजीपति र जमीन्दार वर्ग नै बाँकी छैनन्। त्यसैले चुसिएका वर्ग पनि बाँकी छैनन्। उत्तर कोरिया अहिले शोषणबाट मुक्ति पाएका मजदूर, किसान र बौद्धिकहरूको राज्य भएको छ। त्यहाँ अहिले गरीब र मगन्ते भनेका बाँकी छैनन्। बेरोजगार मानिसहरू उत्तरमा छैनन्

दक्षिणमा भने त्यस्तो छैन। त्यहाँ मान्छेको मान्छेमाथिको शोषण यथावत बाँकी छ, किनकि त्यहाँ निजी संपत्ति बाँकी छ। त्यहाँ पूँजीपति वर्ग नै मुख्य चुसाहा वर्गको रुपमा रहेको छ। र, केही जमीन्दार पनि बाँकी छन्। तर धेरै जमीन्दारहरू अब नयाँ पूँजीपति वर्गका रुपमा बदलिसके। त्यहाँ अहिले पूँजीपति वर्गको राज्य छ। मजदूरहरू र किसानहरू त्यहाँ शासित छन्। त्यसैले त्यहा गरीब र मगन्तेहरू ठूलो मात्रामा छन्। २१ लाख मानिसहरू त्यहाँ निरपेक्ष गरीबीको रेखामुनी ठूलो अभाव र भोकमरीको दरिद्र जिन्दगी बाँच्छन्। १० लाख मानिसको कुनै रोजगारी छैन। काम गर्न सक्ने जनसंख्या मध्ये ८ प्रतिशत त्यहाँ पुरै बेरोजगार छ।

उत्तर कोरिया विदेशी ऋणबाट मुक्त देशका रुपमा छ। त्यहाँ जनताले कुनै कर तिर्नु पर्दैन। संसारमा करमुक्त देश यही एउटा मात्र छ।

दक्षिण कोरिया भने विदेशी ऋणमा चुर्लुम्म डुबेको छ। उसको विदेशी ऋण ४० अरब डलर पुगेको छ। त्यहाँ जनताले आय कर, बिक्री कर, मनोरंजन कर लगायत थुप्रै प्रकारका कर तिर्नु पर्दछ।

उत्तर कोरियामा स्वास्थ्य उपचार पूरै निःशुल्क छ। कुनै पनि अस्पतालमा कुनै पनि खालको उपचार गराउन जनताले त्यहाँ एक पैसा पनि तिर्नु पर्दैन। प्रत्येक ३७० जना जनताको निम्ति त्यहाँ एक जना डाक्टर उपलब्ध छ। प्रत्येक ७४ जनाको लागि एउटा अस्पताल बेड छ। त्यहाँ डाक्टरहरू स्वयं बिरामीको घर घरमा पुग्ने प्रणाली छ।

तर दक्षिण कोरियामा यस्तो छैन। त्यहाँ प्राथमिक स्वास्थ्य सेवा मात्र निःशुल्क छ। बाँकी सबै अत्याधुनिक



**उत्तर कोरियाले दक्षिणलाई जनताको आधारभूत आवश्यकता, अधिकार र विकासका कैयन फाँटमा उछिनेको छ। तर के दक्षिणले केही कुरामा पनि उत्तरलाई उछिनेको छैन त ?**

उपचार सेवा पैसा भएकाले मात्र किन्न सक्छन्, नेपालमा जस्तै। दक्षिणमा प्रत्येक १३७० जना नागरिकको लागि एउटा डाक्टर उपलब्ध छ र हरेक ४५८ जनाको लागि मात्र एउटा अस्पताल बेड। त्यहाँ स्वास्थ्य सेवा भनेको खरिद गर्ने वस्तु हो, त्यसैले विरामी स्वयंले स्वास्थ्य सेवा किन्नु र खोज्नु पर्छ भन्ने प्रणाली छ।

उत्तर कोरियामा सबै तहको शिक्षा निःशुल्क छ। त्यहाँ ११ वर्षको निःशुल्क अनिवार्य शिक्षा प्रणाली छ। ९९ प्रतिशत मानिसहरू त्यहाँ साक्षर छन्। राज्यले शिक्षालाई त्यहाँ रोजगारीसित जोडेको छ। तर दक्षिणमा चाहिँ ६ वर्षे शिक्षा मात्र निःशुल्क र अनिवार्य गरिएको छ। बाँकीको लागि त्यहाँ शुल्क लाग्छ। त्यहाँ शिक्षालाई राज्यले रोजगारीसित जोडेको छैन। त्यसैले त त्यहाँ त्यति धेरै शिक्षित बेरोजगारहरू भएका छन्। त्यहाँ ९६ प्रतिशत मानिसहरू साक्षर छन्।

उत्तर कोरियाका महिलाहरूले दक्षिण कोरियाका महिलाहरूभन्दा बेसी स्वतन्त्रता र समान अधिकार तथा अवसर भेट्टाएका छन्। यो कुरा कुल श्रमिकहरूमा महिलाहरूको अनुपात र सांसदहरूमा महिलाहरूको अनुपातले प्रष्टै देखाउँछ। उत्तरका कुल श्रमिकहरूमा महिलाहरूको अनुपात प्रतिशत ४६ छ। झण्डै झण्डै पुरुष बराबर। तर दक्षिणमा यो अनुपात ४० प्रतिशत मात्र छ। त्यस्तै उत्तरमा पुरुषहरूको दाँजोमा महिला सांसदहरूको अनुपात २७ प्रतिशत छ। तर दक्षिणको यही अनुपात ३ प्रतिशत मात्र छ। यसले देखाउँछ- दक्षिणमा देशको विकास र नीति निर्णयमा महिलाहरू कति "बेसी" अवसर पाउँछन्!

उत्तरकोभन्दा दक्षिणको खेतीयोग्य र सिंचाइ योग्य जमीनको अनुपात निकै बेसी छ। उत्तरको १४.१ प्रतिशत जमीन मात्र खेतीयोग्य छ र त्यो मध्ये ५० प्रतिशत मात्र सिंचाइ योग्य छ। तर दक्षिणको भने २०.१ प्रतिशत जमीन खेतीयोग्य छ र त्यसमध्ये ६४ प्रतिशत जमीनमा मज्जाले पानी लाग्छ। यति हुँदाहुँदै पनि उत्तरले दक्षिणलाई खाद्यान्न उत्पादनमा कता हो कता उछिनेको छ।

१९७९-८१ को खाद्यान्न उत्पादनलाई सय मान्ने हो भने दक्षिण कोरियाको प्रतिव्यक्ति खाद्यान्न उत्पादन घटेर १९९१ मा ९५ पुगेको छ, जबकि उत्तरको भने १०४ पुगेको छ। दक्षिणले आफूलाई चाहिने खाद्यान्न मध्ये ५०.८ प्रतिशत खाद्यान्न बाहिरबाट आयात गर्नु पर्ने स्थिति छ तर उत्तरले भने ८% खाद्यान्न मात्र बाहिरबाट झिकाए पुग्छ। ऊ मुलभूत रुपमा खाद्यान्नमा आत्म निर्भर छ। कृषि उत्पादनमा समाजवाद किन श्रेष्ठ छ- यो कुरा उत्तरले यसरी प्रष्टै देखाएको छ। दक्षिणले आफ्ना नागरिकलाई हरेक दिन २८३० क्यालोरी खाद्य पदार्थ प्रदान गर्न सक्छ। उत्तरले त्योभन्दा बेसी, अर्थात २८४० क्यालोरी खाद्य पदार्थ हरेक दिन प्रदान गर्न सक्छ।

उत्तरले श्रेष्ठता पाएको अर्को क्षेत्र हो- बालक र बृद्धहरूको जीवन स्थितिमा। उत्तरमा बालक र बुद्धहरूको सुखी जिन्दगीको पूरा ग्यारेण्टी राज्यले लिएको छ। त्यहाँ कुनै दुहुराले र बूढाले भोको, नांगो, अपहेलित र घरवारविहीन भएर बस्नु पर्दैन। तर दक्षिणमा त्यो स्थिति छैन। त्यहाँ असंख्य गरीब, टुहुरा र बुढाहरूको त्यसरी नै बिचल्ली हुन्छ- जसरी हरेक पूँजीवादी राज्यमा हुन्छ।

१९४८ देखि नै उत्तर र दक्षिण कोरिया दुबैमा गणतन्त्र छ। तर उत्तरमा भने शुरुदेखि नै चुनिएको संसद र त्यसबाट निर्वाचित राष्ट्रपति छ। दक्षिणमा भने ठूलो जनसंघर्षपछि जुलाई १, १९८७ देखि मात्र निर्वाचित राष्ट्रपति हुने प्रणाली आएको छ। यसभन्दा अघि त्यहाँ अमेरिकी पिठ्ठूहरूको सैनिक शासन थियो।

यसरी उत्तर कोरियाले दक्षिणलाई जनताको आधारभूत आवश्यकता, अधिकार र विकासका कैयन फाँटमा उछिनेको छ। जम्माजम्मीमा उत्तर कोरियाली जनताको जीवन स्थिति र सांस्कृतिक स्तर दक्षिणको भन्दा धेरैमाथि देखिएको छ। तर के दक्षिणले केही कुरामा पनि उत्तरलाई उछिनेको छैन त ?

अहँ, त्यस्तो हैन, उसले पनि उछिनेको छ- जस्तो प्रतिव्यक्ति टेलिभिजन र रेडियोमा दक्षिण उत्तरभन्दा अघि छ। उत्तरमा प्रत्येक ९० जनामा एक जनासित टेलिभिजन उपलब्ध छ, जबकि दक्षिणमा प्रत्येक ५ जनामा एक जनासित। दक्षिणमा हरेक एक जनामा एउटा रेडियो भाग लाग्छ, तर उत्तरमा ६ जनामा एउटा।

प्रतिव्यक्ति कुल घरेलु उत्पादनमा पनि दक्षिणले उत्तरलाई उछिनेको तथ्यांकले देखाउँछ। उत्तरको प्रतिव्यक्ति कुल घरेलु उत्पादन १७५० अमेरिकी डलर छ, जबकि दक्षिणको भने ८३२० डलर। त्यस्तै, कुल औद्योगिक उत्पादनमा पनि दक्षिणको कुल ४३८ अरब डलर बराबरीको उत्पादन रहेकोमा उत्तरको भने २९ अरब डलर मात्र छ।



द. कोरियाली जनताहरू [illegible]को निम्ति संघर्ष गर्दै

तथापि रेडियो-टेलिभिजनको वालछ्याल उपलब्धता नै उच्च जीवनस्तरको मुख्य परिचायक होइन। पूँजीवादी मुलुकहरूमा अधिक नाफा र उत्पादनले गर्दा धनी र मध्यम वर्गसित चर्पीमा समेत राख्न पुग्ने गरी ती वालछ्याल हुन्छन् नै। तर साथसाथै लाखौं मानिसहरू यस्ता हुन्छन्, जोसित रेडियो टेलिभिजन त के, एक छाक खाने बन्दोबस्त र राति बास बस्ने एउटा ओत पनि हुँदैन। दक्षिण २१ लाख त्यस्ता मानिस छन्।

प्रतिव्यक्ति कुल घरेलु उत्पादन पनि रंगीन तथ्यांक हो। कुल घरेलु उत्पादनमा देशका कुल उत्पादनमा सारा धनाढ्यहरूको उत्पादनको मूल्य समेत गाभिन्छ र त्यसलाई जनसंख्याले भाग दिएर यो निकालिन्छ। त्यसैले यस विधिबाट नागरिकहरूको औसत आम्दानी चाहिँ निकै माथि देखिन्छ। तर वास्तविकता चाहिँ त्यस्तो हुँदैन। धनीहरूको आम्दानी पनि औसतमा गाभिनाले मात्र तथ्यांक मोटाएको हुन्छ। दक्षिणमा अमेरिका, जापान र दक्षिण कोरियाकै ठूला ठूला एकाधिकार पूँजीपतिहरू छन्। उनीहरूको आम्दानी समेत गाभिनाले औसत तथ्यांक निकै मोटो देखिएको छ। तर त्यति नै पैसाको किन्ने क्षमताको हिसाबले हेर्ने हो भने यो त्यस्तो छैन।

तथापि तथ्यांकले देखाएको कुरा भन्नै पर्छ। र, यी सबालमा दक्षिण अघि छ। तर आम जनताको जीवनस्तर, सामाजिक न्याय र समताको क्षेत्रमा भने उत्तर कोरियाको दाँजो दक्षिणसित हुनै सक्तैन। त्यो कता हो कता दक्षिणभन्दा अघि छ। ❑ ❑

तथ्यांक स्रोत :

1.UNDP, Human Development Report 1994 र 1991

2. The Word Almanac, 1993, USA.

## १५ हजार किताब जफत र क्याम्पस हाताभित्र १० हजार प्रहरी प्रवेश

*गत साउनको अन्तिम साता द. कोरियाली सरकारले कोरियाली एकिकरणका पक्षपाती आफ्ना विद्यार्थीहरूलाई घोर दमन गरेको छ। क्याम्पस हातामा विद्यार्थीहरूले सभा गरिरहेको स्थानमा दश हजार सशस्त्र प्रहरीहरूले प्रवेश गरेर लाठी गोली बर्साए। सिउल र क्वांग्जू लगायतका शहरहरूमा सरकारले यस अघि क. किम इल सुंगको मृत्युमा शोक सभा गरिरहेका जनताहरुमाथि पनि नांगो दमन गरेको थियो।*

*क. किम इल सुङ्गको मृत्युको केही दिनपछि सिउलका एक प्रकाशककहाँबाट क. किमको जीवनीको १५ हजारभन्दा बढी पुस्तकहरू जफत गर्ने काम पनि दक्षिण कोरिया सरकारले गरेको छ।*

*जनताको जनतान्त्रिक हकमाथि र वाक्-प्रकाशन स्वतन्त्रतामाथि यसरी नांगो दमन गर्ने द. कोरियाली शासक वर्ग अझै आफूलाई "प्रजातान्त्रिक" भएको दावी गरिरहेको छ।*

*आफूलाई "प्रजातन्त्र" को प्रवक्ता मान्ने पश्चिमी प्रचार यन्त्रहरूले पनि दक्षिण कोरियाको यो तानाशाहीका विरुद्ध चूँसम्म पनि बोलेनन्। मानव अधिकारको डंका पिट्ने पनि यसबारे बालेनन्।*

*यसले प्रष्ट पारेको छ- "प्रजातन्त्र" र "मानव अधिकार" यिनीहरूको देखाउने मुकुण्डो मात्र हो। कुनै समाजवादी देशमा घटेका "तील" जत्रा कुरालाई भने "पहाड " जत्रो बनएर विश्व भर हल्ला मच्चाउन मात्र यिनीहरू ससरकाउने गर्दछन्।*

# महान जुछे क्रान्तिकारीको मृत्यु

श्याम श्रेष्ठ



## किन त्यो मान्छेप्रति जनतामा यति धेरै प्रेम र श्रद्धा उर्लिरहेछ ?



**आ**षाढ २४ गते प्योङ्याङ समय अनुसार बिहान २ बजे त्यो घडी आयो, जब उपचार गरिरहेका डाक्टरहरू यो घोषणा गर्न बाध्य भए कि अब यो संसारमा कोरियाली जनताका महान नेता कमरेड किम इल सुङ रहनु भएन !

मुटुको व्यथाबाट ८२ वर्षको उमेरमा उहाँको देहावसान भयो । बढी मानसिक कामको बोझले गर्दा अघिल्लो दिन मात्र उहाँलाई गंभीर हृदयाघात भएको थियो ।

मृत्युको खबर संसारभरी स्वच्छ आकाशबाट चट्याङको झट्का झैं बजियो । उत्तर कोरियामा त लाखौं मानिसहरू सडकमा निस्किए । मन्सु पहाडस्थित आफ्नो प्रिय नेताको शालिकमा छाँद हाल्दै भक्कानी छाडेर रोए । बालकदेखि बृद्धसम्म शोक-विह्वल भएको दर्दनाक दृश्यलाई पूँजीवादी संचार माध्यमहरूले समेत छोपछाप पार्न सकेनन् । तर शोकको लहर कोरियामा मात्र सीमित रहेन । एक महान क्रान्तिकारीको मृत्युमा संसार भरिका क्रान्तिकारीहरू शोक संतप्त भए ।

कोरियामा १० दिनको शोक-दिवस घोषण गरियो । तर आफ्नो सर्वाधिक प्यारो नेताको शवमा अन्तिम श्रद्धाञ्जली दिनेहरूको ओइरो नथामिएकाले अन्त्येष्टि समारोह दुई दिन पछि सार्नु पर्‍यो । जुलाई १९ का दिन कालो लामो लिंकन कण्टिनेण्टल कारमाथि फूलैफूलको वेदीमा क. किमको शवको बाकस राखेर जब शव-यात्रा शुरु भयो, राजधानी प्योङ्याङमा २० लाख मानिसहरू सडकको दुबै छेउमा शोक-विह्वल भएर रोइरहेका देखिन्थे ।

पूँजीवादी खेमामा भने राष्ट्रपति किमको मृत्युले भिन्नै हलचल ल्याएको देखिन्थ्यो । सानो समाजवादी मुलुक भएर पनि किमको नेतृत्वमा उत्तर कोरियाले पूँजीवादी खेमालाई कति त्रस्त पारेको रहेछ, त्यो उनीहरूको गतिविधि र प्रतिक्रियाबाट छर्लंगै देखिन्थ्यो । मृत्युको खबर पाउनासाथ त्रस्त दक्षिण कोरियाली सरकारले नयाँ परिस्थितिको आकलन गर्न भनेर कैयन् पटक मन्त्री मण्डलको संकटकालीन बैठक बस्नु परेको थियो । उसले आफ्नो सेना र प्रहरीलाई "क" दर्जाको सतर्कता अप्नाउन निर्देशित गरेको थियो ।

नेपल्समा भईरहेको सात औद्योगिक राष्ट्रहरूको शिखर सम्मेलनमा आपसमा मारामार परेर राती निकै अबेर सुतेका अमेरिकी राष्ट्रपति बील क्लिण्टनलाई फगत यही समाचार दिन बिहान ६:३० बजे ब्युँझाइएको थियो । त्यस सात समूहको बैठकमा तुरुन्तै एउटा प्रमुख छलफलको एजेण्डा क. किमको मृत्युपछिको स्थितिको मूल्यांकन बनेको थियो ।

## आखिर राष्ट्रपति किमको योगदान के थियो, जसले गर्दा कोरियाली र विश्वभरिका जनताबाट उहाँले यति धेरै श्रद्धा र प्रेम पाउनु भयो ? र, किन पूँजीवादी खेमामा उत्तर कोरियाप्रति यति धेरै चासो र त्रास छ ?

२ करोड २० लाख जनसंख्या भएको उत्तर कोरिया साइजमा सानो अवश्य छ । तर राष्ट्रपति किमको नेतृत्वमा करीब पाँच दशकको छोटो अवधिमा यसले हासिल गरको उपलब्धि सानो छैन । जुन समाजवादी "जुछे" बाटोबाट कठोर श्रमद्वारा, पूरै जनता एक ढीको भएर यो उपलब्धि हासिल गरियो, त्यो बाटो सानो छैन ।

**एक महान रणनीतिज्ञ**

कोरिया १९१० देखि नै जापानको प्रत्यक्ष उपनिवेश थियो । जापानी उपनिवेश विरोधी संघर्ष कोरियालाई जापानीहरूले कब्जा गर्नासाथ शुरु भएको थियो । तर त्यो सफल भईरहेको थिएन ।

कम्युनिष्ट पार्टी कोरियामा १९२५ मै स्थापना भएको थियो । तर यसले पनि उपनिवेशवाद विरोधी संघर्षको नेतृत्व गर्न सकिरहेको थिएन । कम्युनिष्ट आन्दोलन ४/५ वटा गुटमा विभाजित थियो, नेपालमा जस्तै । उनीहरूले साम्राज्यवाद विरुद्ध जनतालाई गोलबन्द गर्ने काम होइन, एकले अर्कोलाई संशोधनवादी र अशुद्ध भन्दै आपसमै मारामार गरिरहेका थिए ।

किम इल सुंग भने यी मध्ये कुनै पार्टी र कुनै गुटमा पनि सामेल हुनु भएन । उहाँले आफूलाई १९२६ मा एउटा "साम्राज्यवाद मुर्दाबाद संघ" संगठित गर्नमा सामेल गर्नु भयो । जापानी साम्राज्यवाद विरोधी संघर्ष तब तेज हुन थाल्यो, जब १९३४ मा "कोरियाली जनताको क्रान्तिकारी सेना" बन्यो । साम्राज्यवाद विरोधी संघर्षकै दौरानमा सेनाभित्र पार्टी समितिहरू देशभित्र र देश बाहिर समेत फैलाइए ।


१९२६ मा "पितृभूमिको पुनर्प्राप्ति संघ" बन्यो, जसले जापानी साम्राज्यवाद विरोधी सबै शक्तिहरूको संयुक्त मोर्चाको काम गर्‍यो । क्रान्तिकारी सेना र सेनाभित्र पार्टी समितिहरू र यही संयुक्त मोर्चाले जापान विरोधी सबै शक्तिलाई एकै ठाउँमा गोलबन्द गर्‍यो । थुप्रै ठाउँमा मुक्त इलाकाहरू स्थापना गर्‍यो । अन्तमा दिग्विजय गर्दै जब सोभियत लाल सेना १९४५ मा कोरिया आइपुग्यो, जापानी साम्राज्यवादलाई संपूर्ण रुपमा कोरियाबाट लखेट्न संभव भयो ।

यो युद्ध विजयमा टुंगिनुमा क. किमको योगदान र रणनीतिक बुद्धिमत्ता केमा छलंगियो भने व्यर्थको गुटगत



प्रिय नेताको मृत्युमा बच्चादेखि बुढासम्म कोरियाली जनताहरू रुँदै

*मृत्युको शोकमा मन्शु पहाडस्थित क. किमको सालिकसामु जनताहरू*





क. किम (१९३० को दशकतामा)

विवादमा अल्झिएर मुख्य शत्रुलाई बलवान हुने मौका उहाँले कहिल्यै दिनु भएन । मुख्य शत्रु विरुद्ध हमेशा व्यापकतम जनताको मोर्चाबन्दी र जनताको संघर्षको आवश्यकता अनुसार संघर्षकै विकासको सिलसिलामा क्रान्तिकारी सेना र पार्टीको विकास- यिनै दुई बाटा हुन्, जसलाई किमले अंगीकार गर्नु भयो र शक्तिशाली शत्रुलाई हराउनु भयो ।

केन्द्रीकृत कम्युनिष्ट पार्टी त कोरियामा मुक्तिको दुई महिना जतिपछि मात्र बन्यो । श्रमिक वर्गको अर्को पार्टी- नयाँ जनवादी पार्टी-सित यसको पार्टी एकीकरणपछि १९४६ मा मात्र वर्तमान कोरियाली श्रमिक पार्टी बन्यो ।

जापानसँग युद्ध सिद्धिएर ५ वर्ष पनि गुज्रेको थिएन, रणनीतिक हिसाबले पूर्वको ढोकाको रुपमा रहेको कोरियामाथि साम्यवादीहरूको कब्जा भयो भनेर जुन २५, १९५० मा अमेरिकाले भीषण आक्रमण गऱ्यो । तीन वर्षसम्म घोर घमासान युद्ध चल्यो । ५ लाख कोरियालीहरू मारिए । तथापि किमकै नेतृत्वमा माथिकै विधि अप्नाएर यो लडाईमा पनि उत्तर कोरियाले बिजय प्राप्त गऱ्यो । क. माओको निर्देशनमा चीनले पठाई दिएको ५ लाख स्वयम्-सेवक सेनाले यो विजयमा महत्वपूर्ण भूमिका खेल्यो । अमेरिकी सेना "३८ समानान्तर रेखा" भन्दा दक्षिणतिर धपाइए ।

यी दुबै युद्धमा प्राप्त शानदार विजयले क. किम एक महान सैनिक रणनीतिज्ञ हुनुहुन्थ्यो भन्ने देखाएको छ ।

**समाजबादका निर्माता**

युद्ध सकिंदा कोरिया उद्योग, कृषि, र सेवा- सबै क्षेत्रमा तहस नहस थियो । अमेरिकी वम वर्षाले छोडेको खरानीको थुप्रो पन्छाउँदै त्यहाँ समाजवादी पुनर्निर्माण थाल्नु परेको थियो ।

हुन त जापानी उपनिवेशबाट मुक्तिपछि औपचारिक रुपमा प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाको स्थापना सेप्टेम्बर ९, १९४८ मै भैसकेको हो । र, यसभन्दा अघि नै त्यहाँ "जमीन जोत्नेको" भन्ने कार्यक्रमका आधारमा क्रान्तिकारी भूमिसुधार गरिसकिएको थियो । तर पछिल्लो युद्धले अधिकांश उर्बरा जमीन ध्वस्त गरिसकेको थियो । अब जोत्नलाई त्यहाँ जमीन नै थिएन । तसर्थ यही जगमा १९५३ देखि मात्र कोरियामा वास्तविक रुपमा समाजवादी पुनर्निर्माण थालिएको थियो ।

तर ४१ वर्षको छोटो अवधिमै समाजवादी बाटोबाट कोरियाले गरेको प्रगति नियाल्ने हो भने जो कोहीलाई पनि चकित हुन कर लाग्छ ।

१९४५ मा कोरिया भोकमरीको देश थियो । ५६.७ प्रतिशत जनता त्यति खेर एक छाके गरीब किसान थिए, जोसँग अघौंजी खाने अन्न नै हुदैनथ्यो । किनभने उनीहरूसित खेती लाग्ने जमीनको ५.४ प्रतिशत भाग मात्र साथमा थियो । तर ४ प्रतिशत जमीन्दारसित भने दशको ५८.२ प्रतिशत अब्बल जग्गा थुप्रिएको थियो । अधिकांश जमीनमा कुलो लाग्दैनथ्यो । जमीनको उत्पादकत्व सारै न्यून थियो ।

तर "जुछे बाटो" बाट जमीनमा भूमि सुधार र समाजवादीकरण गरिएपछि- उत्तर कोरियामा अब कोही जमीन्दार बाँकी छैन, कोही गरीब किसान बाँकी छैन । कोरिया खाद्यान्नमा पूर्ण आत्मनिर्भर देश भएको छ । त्यहाँ खालि भोकमरी

# तीन वटा क्रान्ति किन ?

**कमरेड किम इल सुंगले जुछे विचारधारा अन्तरगत तीन वटा क्रान्ति चालू गर्नमा जोड दिनु भएको थियो । यसको औचित्य र प्रासंगिकताबारे क. किम इल सुङ्को उल्लेखनीय अवधारणा उहाँकै शब्दमा यहाँ प्रस्तुत छ-**

*"साम्यवादको निर्माण गर्नको लागि हामीले जुछे विचारधाराको आवश्यकता अनुसार मानिसहरू र समाजलाई पूरै बदल्नु पर्दछ र साम्यवादको विचारधारात्मक तथा भौतिक दुबै किल्ला कब्जा गर्नु पर्दछ । भौतिक किल्ला मात्र कब्जा गर्दैमा हामीले साम्यवादी समाज निर्माण गर्न सक्दैनौ । समाजवाद र साम्यवादको निर्माण गर्ने भनेको मानिसहरूले नै हो, यस कारण विचारधारात्मक किल्ला कब्जा गर्ने जोडदार संघर्षद्वारा विचारधारात्मक चेताना नयाँ साँचामा नबदलीकन हामीले भौतिक किल्ला पनि कब्जा गर्न सक्दैनौं । त्यस्तै, हामीले भौतिक किल्ला कब्जा गर्न आर्थिक निर्माण राम्ररी चलाएमा मात्र हामीले विचारधारात्मक किल्ला सफलतासाथ कब्जा गर्न सक्ने छौं । त्यसकारण, साम्यवादको निर्माण गर्ने काममा विचारधारात्मक र भौतिक दुबै किल्ला कब्जा गर्ने सिद्धान्तमा हामी दरोसित अडेका हौं ।*

*यी दुई किल्लाहरू कब्जा गर्नको लागि हामीहरूले विचारधारात्मक क्रान्ति, प्राविधिक क्रान्ति र सांस्कृतिक क्रान्ति चलाउनै पर्दछ । हामीले यी तीनवटा क्रान्तिहरू अगाडि बढाएर दुबै किल्लाहरू कब्जा गरेमा मात्र हामीले साम्यवादको निर्माण गर्न सक्ने छौं ।*

*यी तीन क्रान्तिमध्ये सबभन्दा जरुरी विचारधारात्मक क्रान्ति हो, विचारधारात्मक क्रान्ति सबै मानिसहरूलाई शिक्षा दिएर कम्युनिष्ट बन्ने गरी बदल्ने क्रान्ति हो ।*


> सबभन्दा जरुरी विचारधारात्मक क्रान्ति हो, विचारधारात्मक क्रान्ति सबै मानिसहरूलाई शिक्षा दिएर कम्युनिष्ट बन्ने गरी बदल्ने क्रान्ति हो ।

*विचारधारात्मक क्रान्तिमा हामीले खराब सामाजिक पृष्ठभूमि भएका मानिसलाई अलग पार्नु हुँदैन । मार्क्स र एंगेल्स्ले प्रस्तुत गर्नु भएको साम्यवादको लक्ष्य प्राप्त गर्नु सजिलो काम होइन । साम्यवादी समाज भन्नु सबै मानिसहरूले आ-आफ्नो योग्यता अनुसार काम गरेर आ-आफ्नो आवश्यकता अनुसार भाग पाउने विकसित समाज हो । साम्यवादी समाजको निर्माण गर्नको लागि हामीहरूले राम्रो सामाजिक पृष्ठभूमि भएका मानिसहरू मात्र होइनन्, समाजका अरु पनि मानिसहरू सबैलाई शिक्षा दिएर कम्युनिष्ट मानिस बन्ने गरी बदल्नु पर्दछ ।*

*मानिसहरूलाई कम्युनिष्ट हुने गरी बदल्न हामीले उनीहरूलाई क्रान्तिकारी बनाउनु र मजदूर वर्गमा परिणत गर्नु पर्दछ ।*

*मानिसहरू कठीन अवस्थामा परुञ्जेल उनीहरूमा उच्च क्रान्तिकारी उत्साह हुन्छ र राम्ररी काम गर्छन् । तर उनीहरू सम्पन्न भएपछि उनीहरूको क्रान्तिकारी उत्साह अलि अलि गरी चिसो हुँदै जान्छ र उनीहरूले कडा मेहनत गर्दैनन् । त्यसकारण, उनीहरूलाई क्रान्तिकारी संघर्ष राम्ररी चालू राख्न लगाउन हामीले उनीहरूलाई क्रान्तिकरण गर्नु र मजदूर वर्ग रुप दिनु पर्दछ ।*

*मानिसहरूलाई क्रान्तिकरण गर्न र मजदूर वर्ग रुप दिनको लागि हामीले उनीहरूलाई स्वाधीन विचारधारात्मक चेतना र 'एकको लागि सबै तथा सबैको लागि एक' को ढंगले काम गर्ने र बाँच्ने समष्ठिवादी भावनाद्वारा दरोसित सुसज्जित पार्नु पर्दछ । यसरी हामीले मानसिक श्रममा काम गर्ने होस् वा शारीरिक श्रममा काम गर्ने होस्, समाजका सबै सदस्यहरूलाई देश तथा जनताको इमान्दारीसाथ काम गराउन सक्नै छौं ।*



*ऐनाभित्र राखिइनु भएका क. किमको अन्तिम दर्शन गर्न आएका मानिसहरूको भीड !*

## किम इल सुङका मननीय भनाइहरु

*❑ केही मानिसहरु के दाबी गर्छन् भने क्रान्ति भनेको खालि पुरानो व्यवस्था मिल्काएर नयाँ व्यवस्था स्थापना गर्नु हो । तर हामी तिनीहरुको मतसित सहमत छैनौं । क्रान्ति भनेको विचारधारा, प्रविधि र संस्कृतिको क्षेत्रमा पुरानोको ठाउँ नयाँले लिनु पनि हो ।*

*❑ जतिखेर एउटा राष्ट्रले स्वतन्त्र राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न सक्छ, त्यतिखेर मात्र उसले राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्न सक्छ, देशलाई धनी, बलियो र उन्नत बनाउन सक्छ र राष्ट्रिय संपन्नता हासिल गर्न सक्छ ।*

*❑ पूरै समाजलाई बुद्धिजीवीकरण गर्नु हाम्रो पार्टीको सांस्कृतिक क्रान्ति संबन्धी नीतिको रणनीतिक लक्ष्य हो र समाजवाद र साम्यवाद निर्माण गर्नका लागि बैध आवश्यकता हो ।*

*❑ जब क्रान्तिको परीक्षा भोगीनसकेको नयाँ पुस्ता समाजवादी निर्माणको मालिक भएर निक्लन्छ, जब जनताहरु चिन्ता र फिक्रीविहीन जीवन जीउँछन्, विशेष गरी, जब साम्राज्यवादीहरु समाजवादलाई विचारधारात्मक र सांस्कृतिक रुपले खतम गर्नका लागि घनीभूत गतिविधिहरु गर्छन्, हामीले विचारधारात्मक क्रान्तिलाई अरु अधि बढाउनु पर्छ र श्रमिक जनसमुदायमा गहीरो र चूरो चूरोसम्म विचारधारात्मक काम गर्नु पर्छ । समाजवादको उद्देश्यलाई रक्षा गर्न र पूर्ण गर्न गरिने संघर्षमा यो सबैभन्दा महत्वपूर्ण र आवश्यक शर्त हो ।*

*❑ अनुभवले के देखाएको छ भने समाजवादी समाजमा विचारधारात्मक क्रान्तिलाई उपेक्षा गरियो भने समाजवादी व्यवस्थालाई सुदृढ र विकसित गर्नु तथा प्राप्त गरिसकेको क्रान्तिको उपलब्धिलाई रक्षा गर्नु असंभव हुनेछ । यस्तो भयो भने थोत्रा भईसकेका विचारहरु फेरि विउँभिने छन् र श्रमिक जनसमुदायको विचारधारामा पक्षाघात हुनेछ ।*

*❑ समाजवाद र साम्यवादको स्थापनाको लागि चामल नै पहिलो लक्ष्य हो, जसलाई हामीले हासिल गर्नु पर्छ । समाजवाद र साम्यवाद त्यस्तो कुरा होइन, जसलाई खालि एउटा कार्यक्रम प्रकाशित गरीदिएर वा एउटा घोषणा पारित गरेर वास्तविकतामा बदल्न सकिन्छ । जनतालाई प्रशस्त खानेकुरा प्रदान गर्न सकिएन भने सफलतापूर्वक त्यसलाई स्थापना गर्नु असंभव हुनेछ ।* ❑

मात्र हटेको हैन, १९८७-९३ को तेस्रो सप्तवर्षीय योजनापछि त्यहाँ अहिले प्रत्येक नागरिकलाई प्रत्येक दिन पर्याप्त खाद्यान्नको अलावा १७५ ग्राम मासु, ४०० ग्राम माछा, एउटा अण्डा, ३०० ग्राम फलफूल र १०० ग्राम मिठाई भाग लाग्न सक्ने स्थिति पैदा भएको छ । चामल र समुद्री खाद्य उत्पादन त कोरियाले अब प्रशस्त निर्यात समेत गर्न सक्ने भएको छ ।

यो अपूर्व स्थिति क. किम इल सुंगको समाजावादी ग्रामीण थेसिस, १९६४ मुताविक समाजावादी सहकारीकरण गर्ने "जुछे" बाटोबाट आएको हो । जमीनमा सम्पूर्ण शोषणकारी संबन्धहरू सत्तम गर्ने, उत्पादक शक्तिहरूलाई मुक्त पार्ने र कृषिमा सिंचाइकरण, यान्त्रीकरण, विद्युतीकरण र रासायनिकीकरण गर्ने र यसरी कृषि उत्पादनमा पुरै आत्मनिर्भर र अत्याधुनिक बन्ने- यो बाटोलाई क. किमको परिभाषामा कृषिमा "जुछे बाटो" भनिएको छ ।

यही बाटो अन्तर्गत अहिले कोरियाको संपूर्ण खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुर्याईसकिएको देखिन्छ । ८० प्रतिशत भू-भाग पहाडै पहाडले ढाकिएको कोरियामा, यो अत्यन्त कठीन कार्य हो । तर ४० हजार किलो-मिटरभन्दा बेसी नहर खनेर र २ हजारभन्दा बेसी पानीका रिजर्भ्वायर बनाएर पहाडी टप्पुहरूमा समेत सिंचाइ पुर्याइएको छ ।

अहिले कोरियाको संपूर्ण खेतीपाती मेशीनद्वारा गरिन थालिएको छ । बाली रोप्नु, गोडमेल गर्नु, काट्नु, थन्क्याउनु जस्ता सबैजसो खेतीपातीको काम अब मेशीनद्वारा नै हुन्छ । अब समतल क्षेत्रमा प्रत्येक १०० हेक्टर जमीनमा ७ वटा ट्र्याक्टर र पहाडमा ६ वटा ट्र्याक्टर भाग लाग्न सक्ने भएको छ । यसबाट किसानहरू ढाड भाँच्चिने गरी श्रम गर्नबाट मुक्त भएका छन् ।

अब कोरियामा संपूर्ण गाउँले क्षेत्रमा समेत विजुली पुर्याईसकिएको छ । त्यस्तो कुनै क्षेत्र बाँकी छैन, जहाँ विद्युत सुविधा छैन ।

खेतीपातीमा प्रत्येक एक हेक्टर (करीब डेढ विगाहा वा २० रोपनी बराबर जमीन) जमीनमा २ टन रासायनिक मल प्रयोग गर्ने हैसियतमा अब कोरिया पुगेको छ । हानिकारक किट-पतंगहरू र झारहरूलाई पनि रासायनिक पदार्थद्वारा नै मार्ने प्रविधि सबै ठाउँमा व्यापक पारिएको बुझिएको छ ।

खेतीपातीमा विश्वको अत्याधुनिक वैज्ञानिक उपलब्धि पुर्याउन सबै क्षेत्रमा विज्ञान, प्रविधि र अनुसन्धान संस्थानहरू स्थापना गरिएका छन् ।

यी सबैको फलस्वरुप, १९८२ मै प्रत्येक हेक्टरमा धानको उत्पादन ८ टन र मकैको उत्पादन ७.५ टन पुगेको छ । यो विश्वकै सबैभन्दा बेसी उत्पादकत्वको रेकर्ड मध्ये एक मानिन्छ ।

उद्योगको क्षेत्रमा पनि "जुछे बाटो" बाट कोरिया चार दशकमै आधारभूत रुपमा आत्मनिर्भर भएको देखिन्छ । पेट्रोलियम पदार्थ बाहेक सबै आधारभूत आवश्यकता अब कोरियाले आफ्नै आद्योगिक उत्पादनबाट धान्न सक्छ । टेक्सटाइल, कोइला, मेशिनहरू, सिमेण्ट, स्टील, रसायन र धातुहरू त अब उसले प्रशस्त मात्रामा निर्यात समेत गर्न सक्ने भएको छ ।

खनिज पदार्थको उत्खननबाट के पत्तो लागेको छ भने कोरियामा कोइला, फलाम, शिशा, जस्ता, टीन, चाँदी, सुन र यूरेनियमको निकै राम्रो भण्डार छ । विश्वको म्याग्नेसाइटको भण्डार मध्ये ४० देखि ५० प्रतिशत भण्डार उत्तर कोरियामा मात्र छ ।

विद्युत उत्पादनमा पनि उसले काफी प्रगति गरेको देखिएको छ । १९९० मै उसले २७ अरब ८९ करोड किलोवाट प्रति घण्टा विद्युत उत्पादन गरिसकेको थाहा भएको छ । यो परिमाण कोरियाको विजुलीको संपूर्ण आवश्यकता धान्नका लागि काफी हुने उनीहरूको दावी छ ।

पेट्रोलियम पदार्थ कोरियाले चीन र इरानबाट आयात गरिरहेको छ । तथापि त्यसमाथि आफ्नो निर्भरता घटाउन कोरियाले कोइलालाई अत्यधिक मात्रामा प्रयोग गर्ने प्रविधि विकास गरेको छ । अहिले उसले आफ्नो संपूर्ण उर्जा आवश्यकताको तीन चौथाई भाग कोइलाबाटै धान्छ ।

शिक्षाको क्षेत्रमा पनि किम इल सुङको नेतृत्वमा कोरियाले हासिल गरेको

### कोरियाली संमाजवादी संविधानमा जनताको मौलिक अधिकार के के छ ?

धारा ६५: राज्य र सार्वजनिक क्रियाकलापको क्षेत्रमा समानताको अधिकार

धारा ६६: १७ वर्षका सबै नागरिकको चुन्ने र चुनिने अधिकार, सेनामा काम गर्नेहरुको समेत चुन्ने र चुनिने अधिकार

धारा ६७: वाक् स्वतन्त्रता, प्रेस स्वतन्त्रता, भेला र प्रदर्शन गर्ने स्वतन्त्रता, संगठित हुने स्वतन्त्रताको अधिकार

धारा ६८: कुनै पनि धर्म मान्ने स्वतन्त्रताको अधिकार

धारा ६९: राज्य विरुद्ध उजुरी र निवेदन पत्र (Petition) हाल्ने अधिकार

धारा ७०: रोजगारी पाउने अधिकार

धारा ७१: आराम गर्ने अधिकार

धारा ७२: निःशुल्क स्वास्थ्य उपचारको अधिकार

वृद्ध अवस्था, विमारी र शारीरिक अक्षमताका कारणले काम गर्न नसक्नेलाई, सहारा नभएका वृद्ध र बालकहरुलाई भौतिक सहायता पाउने अधिकार

धारा ७३: शिक्षा प्राप्त गर्ने अधिकार

धारा ७४: वैज्ञानिक, साहित्यिक र कलात्मक काममा लाग्ने अधिकार, लेखकीय कपीराइटको अधिकार र पेटेण्टको अधिकार

धारा ७५: क्रान्तिकारी योद्धाहरु, क्रान्तिकारी योद्धाका र शहीदका परिवारहरु, जनसेनाका सिपाहीका परिवारहरु र अक्षम सैनिकहरुलाई राज्यबाट विशेष सुरक्षा प्राप्त गर्ने अधिकार

धारा ७६: महिलाहरुलाई पुरुष सरह समान सामाजिक मर्यादा र अधिकार

धारा ७८: व्यक्ति र घरको अनुउल्लंघनीयता र चिठी पत्रको गोपनीयताको अधिकार

धारा ७९: शान्ति र प्रजातन्त्र, राष्ट्रिय स्वतंन्त्रता र समाजवाद वा वैज्ञानिक र सांस्कृतिक कार्यमा लागेका विदेशी नागरिकहरुलाई उत्तर कोरियामा शरण लिने अधिकार ❑ ❑



**शोक सन्तप्त कोरियालीहरू**

प्रगति उदाहरणीय छ ।१९८४ मै उसले देशबाट निरक्षरता उन्मूलन गरिसकेको तथ्यांक त पूँजीवादी संचार माध्यमहरूले नै दिईरहेका छन् । त्यहाँ औसत मजदूरहरूको योग्यता नै अब आई.एस.सी. सरह हुन पुगेको छ । र, औसत किसानहरूको योग्यता उच्च निम्न माध्यमिक (Higher middle school) उत्तीर्ण सरह भएकोले पूरै श्रमिक वर्ग त्यहाँ बुद्धिजीवीकरण भैरहेको छ ।

यो उपलब्धी पुरै श्रमिक समुदायलाई बुद्धिजीवीकरण गर्ने र किसान र मजदूर बीचको भेद खत्तम पार्ने क. किमको समाजवादी योजना अन्तर्गत हासिल भएको हो । यसका लागि देशभरि ११ वर्षे निःशुल्क अनिवार्य शिक्षा प्रणाली लागु भएको छ । कार्खानाहरू, खेत खलीहान, गाउँले वस्तीहरूमा समेत "काम गर्दै पढ्ने बेलुकीका स्कूल कलेजहरू" स्थापना गरिएका छन् । उच्च शिक्षामा सरकारले छात्रवृत्ति दिएर पढाउने प्रणाली लागु गरिएको छ ।

शिक्षासित रोजगारीलाई जोडिएको छ । त्यसैले कोरियामा कोही पनि शिक्षित बेरोजगार छैनन् ।

स्वास्थ्य उपचार प्रणालीमा पनि कोरियाले ठूलो प्रगति गरेको देखिन्छ । त्यहाँ स्वास्थ्य उपचार संपूर्ण रुपले निःशुल्क पारिएको छ । अत्याधुनिक विधिबाट कुनै पनि दुरुह रोगको उपचार गर्नलाई पनि त्यहाँ जनताले एक पैसा पनि तिर्नु नपर्ने गराइएको छ । डाक्टरकहाँ विरामी होइन, डाक्टरहरू नै आफ्नो जिम्माको विरामीकहाँ जानु पर्ने व्यवस्था त्यहाँ लागु गरिएको छ । आम गाउँहरूमा समेत अस्पताल र क्लिनिकको सुविधा पुऱ्याइएको छ । अहिले हरेक ३७० जना विरामीको निम्ति एक जना डाक्टर पुग्ने स्थिति कोरियामा पैदा भईसकेको छ ।

यही हुनाले कोरियालीहरूको औसत आयु ७५ वर्ष पुगेको छ । मुक्ति अघि यो ३८ वर्ष मात्र थियो ।

बासको समस्या पनि कोरियाले आधारभूत रुपमा हल गरिसकेको देखिन्छ । त्यहाँ निजी घरको व्यवस्था छैन । सरकारले नै अत्याधुनिक सुविधाले युक्त फ्लाटहरू बनाउने र न्यूनतम भाडामा त्यो जनतालाई प्रदान गर्ने प्रणाली लागु गरिएको छ । यसनिम्ति जनताले आफ्नो

## अन्ध सिद्धान्त र आडम्बरवाद विरुद्ध क. किम इल सुङ्ग

*क. किम इल सुङ्गको प्रमुख वैचारिक विशेषता भन्नु नै आफ्नो देशलाई राम्ररी चिनेर त्यसै अनुसार पाइला चाल्नु पर्छ भन्ने धारणालाई आत्मसात गर्नु देखिन्छ । उहाँ इतिहासबाट र अन्यन्त्रबाट छानेर, जाँचेर राम्रा कुराहरू र आफ्नो परिस्थितिमा मिल्दा कुराहरूको नक्कल गर्न रुचाउनु हुन्थ्यो तर अन्धतापूर्ण नक्कलप्रति उहाँको ठूलो अरुची र विरोध थियो ।*

*प्रस्तुत छ- यस बारेमा उहाँ कति साना साना कुरामा समेत ध्यान दिनु हुन्थ्यो भन्ने एक झलकको रुपमा उहाँकै केही भनाइहरू । यी भनाइहरू १९५५ मा उहाँले आफ्ना सहकर्मीहरूको अन्ध अनुशरणवादको आलोचना गर्दै र तिनलाई सुझाव दिंदै भन्नु भएको थियो*

❐ "स्कूलहरूमा पनि कोरियाली इतिहासको पाठ्यक्रमलाई बेवास्ता गर्ने प्रवृत्ति छ । युद्धको समयमा केन्द्रीय पार्टी स्कूलको पाठ्यक्रममा विश्व इतिहासको लागि सालको १६० घण्टा राखिएको थियो, तर कोरियाली इतिहासको निम्ति भने निकै थोरै समय थियो । पार्टी स्कूलमा यस्तो हुन्थ्यो भने हाम्रा कार्यकर्ताहरूलाई आफ्नै देशको इतिहासको बारे ज्ञान नहुनु बिल्कूलै स्वाभाविक छ ।

हाम्रो प्रचार र आन्दोलन कार्यमा विदेशी चीजलाई मात्र उच्च स्थान दिएर आफ्नैलाई हेला गरिएका धेरै उदाहरण छन् ।

एक चोटी म जन-सेनाको आराम गृह हेर्न गएँ, त्यहाँ भित्तामा साईबेरियाको मैदानको तस्वीर झुण्ड्याइएको थियो । शायद रुसीहरू त्यस दृश्य मन पराउँछन् होला । तर हामी कोरियालीहरू त हाम्रै देशका सुन्दर दृश्य बढी मन पराउँछौं । हाम्रो देशमा कुमगाङ-सान् म्योह्याङ सान् जस्ता सुन्दर पर्वतहरू छन् । निर्मल खोलानालाहरू, छाल उठिरहेका नीला सागरहरू र पाकेको बालीले टम्म भरिएका खेतहरू छन् । हाम्रा जन-सेनाका जवानहरूलाई आफ्नो जन्मस्थान र आफ्नै देशप्रति प्रेमको भावनाले प्रेरित गर्ने हो भने हामीले हाम्रै दृश्यहरूका धेरै तस्वीरहरू प्रदर्शित गर्नु पर्छ ।

यही ग्रिष्मको एक दिन म स्थानीय जनतान्त्रिक संस्कृति भवनमा जाँदा त्यहाँ सोभियत संघका पञ्च वर्षीय योजनाका चित्रहरू देखें, तर हाम्रै त्रि-वर्षीय योजना देखाइएको चित्र भने एउटा पनि थिएन । फेरि, विदेशी मुलुकहरूका ठूलठूला कारखानाहरूका तस्वीर थिए, तर हामीले जिर्णोद्वार गरिरहेका वा नयाँ बनाइरहेका कारखानाहरूको भने एउटा पनि तस्वीर थिएन । हाम्रो देशको इतिहासको अध्ययन गर्ने त कुरै छोडौं, उनीहरूले त हाम्रो आर्थिक निर्माण देखाउने चित्र र तस्वीरहरूसम्म पनि झुण्ड्याउँदैनन् ।

मैले एउटा प्राथमिक पाठशालामा के देखें भने- भित्तामा झुण्ड्इएका सबै तस्वीरहरू मायाकोभ्स्की र पुस्किन् जस्ता विदेशीहरूका थिए, तर कोरियालीहरू भने एक जनाको पनि थिएन । केटाकेटीहरूलाई यस प्रकारले शिक्षा दिएर उनीहरूमा राष्ट्रिय गौरव कसरी होला ?

एउटा हास्यास्पद कुरा लिऊँ । पुस्तिकामा सूचीपत्र गाँस्ने ढंगसम्म पनि विदेशी चलनको नक्कल गरिन्छ । अनि सूचीपत्र पछाडि राखिन्छ । हुन त हामीले अरु देशहरूको समाजवादी निर्माणको राम्रो अनुभवबाट शिक्षा लिनु पर्छ, तर यसरी विदेशी ढंगको नक्कल गरेर पुस्तिकाको पछिल्तिर सूचिपत्र राख्नु पर्ने किन ? यो त कोरियालीहरूको रुचिसित एकदम मिल्दैन । साँच्चै नै हामीले त सूचिपत्र पुस्तकको अगिल्तिर राख्नु पर्दछ, होइन र ?

❐ पार्टीको प्रचार विभागमा काम गर्ने केही कामरेडहरूले आफ्नो कार्यमा सोभियत संघको हुबहु नक्कल गर्न खोजे । उनीहरूमा हाम्रो यथार्थताहरूको अध्ययन गर्ने इच्छा नभएको र जनतालाई हाम्रै गुण र क्रान्तिकारी परम्पराको शिक्षा दिने सच्चा मार्क्सवादी दृष्टिकोण नभएकोले गर्दा पनि यस्तो भएको हो । धेरै कामरेडहरू मार्क्सवाद-लेनिनवादलाई पचाएर ग्रहण नगरी काँचै निल्छन् । त्यसकारण, उनीहरूले क्रान्तिकारी पहलकदमी देखाउन नसकेको स्पष्टै छ ।....

मुख्य कुरा के भने हामीले सोवियत संघको रुप र ढंग आँखा चिम्ली नक्कल गर्न हुँदैन, बरु उसको संघर्षका अनुभव र मार्क्सवाद लेनिनवादको सत्यबाट सिकेर लिनु पर्दछ । त्यस कारण सोवियत संघबाट अटूट सिकेर लिइरहनको साथै हामीले उसको अनुभवको रुपमा होइन, सारमा जोड दिनु पर्दछ ।

मार्क्सवाद-लेनिनवादको सत्य नसिकीकन खालि अर्काले प्रयोग गरेको ढंगको मात्र नक्कल गरी हिंड्नुले हामीलाई असल गर्दैन, खालि नोक्सान मात्र पर्दछ ।

क्रान्तिकारी संघर्ष र निर्माण दुवै काममा हामीले मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा दृढता साथ अड्नु पर्छ र त्यस सिद्धान्तलाई हाम्रो देशको खास परिस्थिति र राष्ट्रिय गुण सुहाउने गरी सिर्जनात्मक रुपले प्रयोग गर्नु पर्छ ।

हामीले हाम्रो देशको इतिहास र हाम्रा जनताको परम्परालाई वेवास्ता गरेर र हाम्रा आफ्ना वास्तविकताहरू र हाम्रा जनताको राजनैतिक तयारीको विचार नगरी विदेशी अनुभवलाई आँखा चिम्ली प्रयोग गऱ्यौं भने हामीले अन्धसिद्धान्तवादी गल्ती गर्नेछौं र क्रान्तिकारी हेतुलाई निकै हानी पुऱ्याउने छौं । यस्तो गर्नु मार्क्सवाद-लेनिनवादप्रति र अन्तराष्ट्रवादप्रति वफादारी होइन । यो त त्यसको विपरीत छ ।

मार्क्सवाद-लेनिनवाद कुनै जडसूत्र होइन । यो त कार्यको पथप्रदर्शक र सिर्जनात्मक सिद्धान्त हो । तसर्थ, यसलाई प्रत्येक देशको खास परिस्थिति सुहाउने गरी सिर्जनात्मक ढंगले प्रयोग गरेमा मात्र यसको अविनाशी शक्ति देखिने छ । बन्धु पार्टीहरूको अनुभव पनि यस्तै हो । हामीले यसलाई अध्ययन गरेर यसको सारलाई समाई हाम्रो वास्तविकतामा ठीक तरीकाले प्रयोग गऱ्यौ भने मात्र यो हाम्रो निम्ति मूल्यवान सिद्ध हुने छ । तर हामीले यसलाई घुटुक्क मात्र निलेर हाम्रो काम बिगाऱ्यौं भने यसले हाम्रो काममा पनि हानी गर्छ, बन्धु पार्टीहरूको अमूल्य अनुभवको महत्व पनि खतम पार्ने काम हुन्छ ।

❐ ❐

आम्दानीको १ प्रतिशतभन्दा पनि कम तिर्नु पर्ने गराइएको छ ।

यही हुनाले कोरियामा कोही पनि बासविहीन, सडकमा सुत्ने, मगन्तेहरू छैनन् । अब कोरियालीहरूको घर घरमा ग्याँस र केन्द्रिय तातोको व्यवस्था पुऱ्याउने उनीहरूको लक्ष्य रहेको छ ।

क. किमको नेतृत्वमा उत्तर कोरियाले हासिल गरेको अर्को ठूलो उपलब्धी गाउँ र शहरबीच, मजदूर र किसानबीच र शारीरिक श्रम र मानसिक श्रमबीचको अन्तर मेट्न योजनाबद्ध रुपमा कामको थालनी हो ।

गाउँ र शहरबीचको भेद मेट्न- योजनाबद्ध रुपमा संपूर्ण गाउँहरूमा समेत बिजुली, सिंचाइ र यान्त्रिकीकरणको व्यवस्था पुऱ्याईसकिएको छ । अधिकांश गाउँमा सडक र यातायात सुविधा पुऱ्याईसकिएको छ । अब संपूर्ण गाउँमा सडक र बस सेवा पुऱ्याउने लक्ष्य राखिएको छ । यस उद्देश्यले २३ हजार कि.मी. सडक र ८५३३ कि.मी. रेल सेवा तयार नै गरिसकिएको छ ।

यस बाहेक गाउँलेहरूको विचारधारा र संस्कृतिमा पनि क्रान्ति ल्याउन-लगातार पार्टी टीमहरू ग्रामीण क्षेत्रमा खटाउने कार्य पार्टीले गरिरहेको छ ।

"समाजवादी गाउँको सवाल हल गर्नको लागि मुख्य काम शहरको तुलनामा गाउँले समुदायमा विद्यमान रहेको विचारधारात्मक, प्राविधिक र सांस्कृतिक पछौटेपन खत्तम पार्नु हो ।" किम इल सुंगको भनाइ छ ।

तर "किसानहरूको विचारधारा रुपान्तरण गर्नु र उनीहरूलाई क्रान्तिकारी बनाएर श्रमिक वर्गसित एकाकार बनाउनु कठीन छ । किसानहरूको मन मस्तिष्कमा रहने स्वार्थीपन निकै परम्परागत र हठी हुन्छ । छोटो समयमा सजिलै यसलाई खत्तम पार्न सकिन्न । अझ हाम्रो पंक्तिभित्र उदारवादी हावा बहाउनाको कारण साम्राज्यवादीहरूले गरेको निरन्तर प्रयत्नलाई ध्यानमा राख्ने हो भने हामीले हाम्रो विचारधारात्मक कामलाई एक छिन पनि छोड्नु हुन्न" - किम अझै भन्नु हुन्छ ।

मजदूर र किसान बीचको भेद मेट्न कृषिलाई पनि औद्योगिकीकरण गर्न लागिएको छ । कोरिया अहिलेसम्म समाजवादी सहकारीकरणको स्तरमा मात्र छ- कृषि क्षेत्रमा । तर उद्योगमा संपूर्ण रुपमा राज्यको सार्वजनिक स्वामित्व स्थापना भैसकेको छ । यो भेद मेट्नका लागि अब कृषि क्षेत्रमा पनि समाजवादी सहकारी स्वामित्वको ठाउँमा राज्यको समाजवादी स्वामित्व स्थापना गर्न थाल्ने निधो गरिएको छ ।

केही ठाउँमा त यो काम प्रयोगको रुपमा शुरु पनि गरिसकिएको छ । किम इल सुंगको भनाइ अनुसार अब कोरियामा यसो गर्नका लागि स्थिति परिपक्व भएको छ ।

यसका लागि "श्रमिक वर्गले किसानलाई बाटो देखाउनु पर्छ, उद्योगले कृषिलाई सहायता दिनु पर्छ र शहरले गाउँले क्षेत्रलाई सहयोग गर्नु पर्छ"- क. किम भन्नु हुन्छ ।

शारीरिक श्रम र मानसिक श्रमबीचको अन्तर खत्तम पार्न कोरियामा उठाइएको क्रान्तिकारी कदम हो- संपूर्ण श्रमिक वर्गलाई बुद्धिजीवीकरण गर्नु ।

अहिले नै त्यहाँ संपूर्ण औसत मजदूरहरूलाई आई.एस.सी. उत्तीर्ण गर्ने कार्य सम्पन्न भै सकेको देखिनु यसको एक उदाहरण हो । अब किसानलाई पनि त्यही स्तरमा पुऱ्याउने लक्ष्य राखिएको छ ।

मुक्तिपछिको साँढे चार दशकको छोटो अवधिमा उत्तर कोरियाले गरेको यो प्रगति आश्चर्यजनक छ । यो प्रगतिको मूल अगुवा किम इल सुङ नै हुनुहुन्थ्यो । कोरियाको हरेक महान उपलब्धिमा उहाँको प्रत्यक्ष नेतृत्व रहेको थियो ।

यही कारणले त कोरिया देश सानो भए पनि यसको समाजवादी उपलब्धि सानो रहेको छैन । किम इल सुङप्रतिको अपार प्रेम र श्रद्धा यही उपलब्धिले पैदा गरेको छ । किम इल सुङ यी उपलब्धिहरू हासिल गर्न कोरियाली राष्ट्रले गरेको संपूर्ण प्रयत्नहरूको मूर्त अभिव्यक्ति हुनुहुन्थ्यो ।

## जुछे विचार र तीन क्रान्ति

वैचारिक क्षेत्रमा पनि क. किमको योगदान विचारणीय रहेको छ ।

साम्यवादलाई उहाँले नयाँ ढंगले परिभाषित गर्न खोज्नु भएको देखिएको छ । उहाँले भन्नु भएको छ- "साम्यवाद भनेको जनसत्ता + तीन क्रान्ति हो ।"

तीन क्रान्ति भन्नाले उहाँको तात्पर्य विचारधारात्मक क्षेत्रमा क्रान्ति, सांस्कृतिक क्षेत्रमा क्रान्ति र प्राविधिक क्षेत्रमा क्रान्ति हो ।

उहाँको ठम्याइ के देखिन्छ भने श्रमिक वर्गले आफ्नो सत्ता स्थापना भयो र समाजवादी राज्य व्यवस्था आईहाल्यो भनेर कहिल्यै ढुक्क हुनुहुँदैन । समाजवादी व्यवस्था स्थापना भैसकेपछि पनि क्रान्तिलाई निरन्तर जारी राखिनु पर्छ । विशेषत: त्यो विचारधारा, संस्कृति र प्रविधिको क्षेत्रमा जारी राखिनु पर्छ । यो प्रयत्न अलिकता पनि धीमा हुनासाथ कुनै पनि बेला पूँजीवादको पुनर्स्थापना हुन सक्छ ।

उहाँको भनाई छ- "विचारधारात्मक, प्राविधिक र सांस्कृतिक- यी तीन क्रान्तिहरू नै समाजवादी व्यवस्थाको स्थापनापछि श्रमिक वर्गले गर्नै पर्ने क्रान्तिका मूल विषयवस्तुहरू हुन् । तिनीहरू निरन्तर क्रान्तिका कार्यभारहरू हुन्, जसलाई साम्यवाद हासिल नभएसम्म जारी राख्नु जरुरी हुन्छ ।"

किम इल सुङको आफ्नै अनुभवमा आधारित यी भनाइहरू सोभियत संघ र पूर्वी यूरोपमा समाजवादी व्यवस्था ढल्नुको परिप्रेक्ष्यमा हेर्दा निकै महत्वपूर्ण, सटीक र सान्दर्भिक लाग्दछन् ।

जनसत्ता, प्राविधिक र सांस्कृतिक क्रान्तिको आवश्यकताको सवाल प्रथमत: लेनिनले उठाउनु भएको थियो । माओले विचारधाराको क्षेत्रमा क्रान्तिलाई विस्तार गर्नु पर्ने सवाल उठाउनु भएको थियो । उहाँको बेसी जोड सांस्कृतिक क्रान्तिको निरन्तरतामा रहेको थियो ।

क. किमले उहाँहरू सबैका अनुभव र धारणाहरूलाई समेत विकसित पार्दै र संश्लेषण गर्दै साम्यवादको उपरोक्त परिभाषा विकसित गर्नु भएको देखिन्छ । साम्यवादको यो नयाँ परिभाषा अत्यन्त स्पष्ट र पूर्णांगी देखिन्छ ।

वैचारिक क्षेत्रमा क. माओ जस्तै क. किमको पनि हमेशा जोड जननीति अभ्यास गर्नुमा रहेको देखिन्छ । जहाँसुकैको जतिसुकै राम्रो अनुभव वा शिक्षा किन नहोस्, जनता तम्तयार नभएसम्म जबर्जस्ती कुनै पनि कुरा नलाद्ने, बरु जनतालाई तम्तयार पार्ने काम गर्ने र प्रतिक्षा गर्ने- यो जनता केन्द्रित "जुछे" कार्यशैली किमले जिन्दगीभर अभ्यास गर्नु भयो । संसारभरिकै क्रान्तिकारीहरूका लागि यो सिक्नयोग्य कार्यशैली हो ।

मुक्ति प्राप्त हुनासाथ कोरियाली जनता समाजवादी सहकारीकरणका लागि तयार थिएन । त्यसैले किमले पहिले लोकप्रिय भईरहेको माग "जमीन जोत्नेको" नै लागु गर्नु भयो । लगातार काम र अमेरिकी युद्धपछि तिनै जनता सहकारीकरणको निम्ति पनि तयार भए । अत: त्यसपछि नै समाजवादी सहकारीकरण थालियो । अब जनता जमीनमा समाजवादी सार्वजनिक स्वामित्व स्थापना गर्न समेत तयार भएका छन् । त्यसैले बल्ल अहिले त्यो लागु हुन लागिरहेछ ।

उहाँको संपूर्ण जीवन र व्यवहारको एउटा महत्वपूर्ण सन्देश हो- सन्दर्भ र परिस्थितिको विचार नगरी कुनै पनि कुराको यान्त्रिक नक्कल नगर्नु, चाहे त्यो कुरा जतिसुकै महान व्यक्तिले भनेको किन नहोस् । महान पुस्तकमा महान व्यक्तिले भनेको भनेपछि आँखा चिम्लेर स्वीकार गर्ने जडसूत्रवादी प्रवृत्तिको किमले जिन्दगीभर डटेर विरोध गर्नु भएको देखिन्छ ।

क. किमका अनुसार, साम्यवादको सार र उन्नत वैज्ञानिक दृष्टिकोण मार्क्सवादबाट लिइनु पर्छ । आफ्नो देशको यथार्थ र सन्दर्भ हेरेर त्यसलाई हामी आफैले सोचेर लागु गर्नु पर्छ । किमको जीवन र व्यवहारको यो सन्देश हामी सबैको लागि निकै मननयोग्य देखिन्छ ।

क. किमले विकास गर्नु भएको "जुछे विचार" को अर्को महत्वपूर्ण पक्ष हो- हमेशा आत्मनिर्भरता र स्वतन्त्रतामा अत्यधिक जोड ।

अर्थतन्त्रमा "जुछे" को तात्पर्य आफ्नै सामग्री र बलबूतामा उभिएको आत्मनिर्भर अर्थतन्त्र रहने गरेको छ । यसैको अभ्यासको फलस्वरुप आज उत्तर कोरिया आफूलाई चाहिने संपूर्ण आधारभूत वस्तुहरूमा आत्मनिर्भर बन्न सकेको छ । कुनै अमेरिकी "आर्थिक नाकाबन्दी" ले कोरियालाई अहिले केही लछारपाटो लगाउन सक्दैन ।

प्रतिरक्षामा "जुछे" को तात्पर्य आफ्नै देशका उमेर पुगेका संपूर्ण जनताको सशस्त्र बलमा र पूरै देशको किल्लाबन्दीमा आधारित प्रतिरक्षा प्रणाली रहने गरेको छ । कोरियामा उमेर



पुगेका सबै नागरिकहरूलाई सैनिक तालीम दिने प्रणाली छ । विश्वस्त सूत्रहरू भन्छन्- त्यहाँ एक करोड नागरिकहरू कुनै पनि बेला सैनिक भएर युद्धको मैदानमा जान सक्छन् । पूरै देशलाई भावी युद्धको संभावनाको हिसाबले किल्लाबन्दी गरिएको छ । अन्न अनाजहरू त्यही हिसाबले सुरक्षित गर्ने गरिएका छन् ।

शिक्षामा "जुछे" को मतलब आफ्नो भाग्यको मालिक आफैं बन्न सक्ने स्वतन्त्र समाजवादी मान्छे पैदा गर्ने शिक्षा रहने गरेको देखिन्छ ।

किमका यी शिक्षाहरु सिक्नयोग्य छन् र संसारभरिका क्रान्तिकारीहरूका लागि महत्वपूर्ण छन् ।

यिनै महत्वपूर्ण योगदानहरूका कारणले क. किम संसारभरि श्रद्धेय हुनु भएको छ । उहाँको शरीरको मृत्यु भएको छ, तर उहाँका योगदान र विचारहरू अहिले पनि उत्तिकै जीवित छन् । समता र न्यायको बाटो खोज्ने जो सुकैको लागि ती मुक्ति मार्ग बनेर खडा छन् । क. किम एक महान "जुछे" क्रान्तिकारी हुनुहुन्थ्यो ।

### दोष, जो हटाउनु जरुरी छ

क. किम जीवित हुँदै नेपालको राजधानीमा थुप्रै गोष्ठी र सेमिनारहरू आयोजित भएको मैले देखेको छु । ती गोष्ठी र सेमिनारहरूमा कुनै पनि प्रस्तावित विषय वस्तुबारे सहभागीहरूबीच छलफल हुने गरेको मैले कहिल्यै देखिनं । सबैमा एउटै कार्यशैली रहेको पाइयो- प्रबुद्ध आयोजकले पहिले नै तम्तयार प्रस्ताव पढ्ने र ताली बजाएर त्यसलाई अनुमोदन गर्न माग गर्ने ।

के यस्तै पद्धति कोरियामा पनि विद्यमान छ ? मैले यो प्रश्न कोरियाको पटक पटक भ्रमण गरिसक्नु भएका एक जना वामपन्थी व्यक्तित्वलाई सोधें । उहाँले त्यहाँ पनि आफूले यस्तै पद्धति आफू उपस्थित केही कार्यक्रमहरूमा देखेको बताउनु भयो । यो निकै ठूलो दोष हो ।

आम रुपमा यो पद्धति कोरियाभरि छ कि छैन, मलाई थाहा छैन । तर छ भने यसले काम कुरा गर्ने र निर्णय गर्ने नोकरशाही कार्यशैलीको अभिव्यक्ति दिन्छ । काम गर्ने यो पद्धतिबाट नीति निर्णयमा आम जनताको आलोचनात्मक सहभागिता हुँदैन । उनीहरूको क्षमता पनि विकास हुँदैन । केही प्रबुद्ध मानिसहरूको बाँकी सबैमाथि नोकरशाही नियन्त्रण हुने स्थिति पैदा हुन्छ । यसबाट केही राम्रा, असल, जनमुखी नेता हुन्जेल उसको व्यक्तिगत प्रभावका कारणले सबै कुरा ठीक ठाक रहने, र नेता ढल्नासाथ सबै गर्ल्यामगुर्लुम ढल्ने स्थिति जहिले पनि रहिरहने हुन्छ । कैयन् समाजवादी मुलुकमा यस्तो घटना घटी नै सकेको देखिएको छ ।

"जुछे" जस्तो मान्छेलाई आफ्नो भाग्यको मालिक आफैं बनाउने महान लक्ष्य बोकेको विचारधाराले आम रुपमा व्यापक जनताले नसोच्ने र केही नेतृत्वदायी व्यक्तिहरूले मात्र सोच्ने यो नोकरशाही पद्धतिलाई हटाउन सक्नु पर्छ । अन्यथा, असल नेता बाँकी रहुन्जेल कोरिया ठीकठाक रहने छ । नेता ढलेपछि व्यवस्था पनि ढल्ने छ । र, यो पद्धतिबाट त्यहाँका जनता आफ्नो भाग्यको मालिक आफै कदापि बन्न सक्ने छैनन् ।

प्रत्येक समाजवादी मुलुकको एउटा प्रमुख नैतिक दायित्व विश्वभरि समाजवादी साहित्यको प्रचार गर्नु हो । यो प्रचारले संसारमा समाजवादका पक्षधरहरू मात्र विकास गर्ने होइन, यसले आफ्नै देशमा समाजवादी व्यवस्था दीगो बनाउने काम समेत गरिरहेको हुन्छ । संसारमा समाजवादका पक्षधरहरू विकास हुनु भनेको आफ्नो देशको संकटमा साथ दिने प्रतिबद्ध मानिसहरू संसारभरि बढ्नु पनि हो । त्यसैले आफ्नै व्यवस्थाको दीगोपनका लागि पनि समाजवादी साहित्यको निरन्तर प्रचार जरुरी हुन्छ । तर के आश्चर्य छ भने क. किमको नेतृत्वमा पनि कोरियाले आफ्नो मुलुकका नेताहरूको साहित्य बाहेक अरुको साहित्य छाप्ने, प्रचार गर्ने गरेन । आखिर किन ? जुन देशमा सत्ता नै समाजवादीहरूको हातमा छ, त्यहाँबाट पनि अन्तर्राष्ट्रिय समाजवादी साहित्यको प्रचार नगर्नुको कारण के ? या त दायित्वबोध नभएर या उपादेयता नदेखेर नै यस्तो भएको हुन सक्छ । दुबै स्थितिमा यो दोष हो । यसलाई हटाउनु जरुरी छ । पूँजीवादी साम्राज्यवादीहरूले विश्वभरि वैचारिक सांस्कृतिक प्रदुषण गर्न गन्दा सामग्रीहरूको बाढी लगाएको परिप्रेक्ष्यमा त असल समाजवादी साहित्यको बाढी लगाउनु अरु धेरै जरुरी र महत्वपूर्ण काम भएको छ ।

नेताहरु अत्यन्त लोकप्रिय भएपछि एकातिर उनीहरूको व्यक्तिपूजा बढ्ने र अर्कोतिर उनीहरू नियन्त्रणहीन खोज्ने खतरा जहिले पनि रहन्छ । क. किमको सन्दर्भमा उहाँ कति व्यक्ति पूजा चाहनु हुन्थ्यो, त्यो थाहा छैन । तर उहाँका प्रशंसकहरूमा भने व्यक्ति पूजाको प्रवृत्ति देखिएको छ । नेताप्रतिको प्रशंसा पनि प्रायोजित गर्ने र निकै खर्चिला जन्मदिवसहरू आयोजित गर्ने प्रवृत्तिले यो कुराको अभिव्यक्ति दिएको छ । नेताको असीम आदर हुनु पर्छ । तर साम्यवादी नेताप्रतिको आदर पनि आलोचनात्मक र द्वन्दात्मक हुनुपर्छ । जब त्यसो हुन छोड्छ र अन्ध आदर शुरु हुन्छ, त्यो व्यक्तिपूजा हुन्छ । यस्तो व्यक्ति पूजाले निरंकुश नेताको उत्पादन गर्छ । अतः त्यो दोषलाई पनि कोरियाले हटाउनु जरुरी छ ।

क. किमका महान योगदानहरूका सामुन्ने यी दोषहरू धेरै साना हुन् । तथापि हटाइएनन् भने साना दोषहरू नै बढेर ठूला हुने हुन्छन् । त्यसैले, दोष सानै भए पनि तिनलाई बेलैमा हटाउन जरुरी छ ।

# के–के छन्, किम इल सुङ का योगदानहरू ?

# जुछे कोरिया

प्रो. माणिकलाल श्रेष्ठ

***कोरियाली जनताका महान नेता तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका एक विशिष्ट नेता राष्ट्रपति किम इल सुङको निधनले वर्तमान विश्वका अग्रणी क्रान्तिकारीहरूमध्ये एकको अवसान भएको छ र कोरियाको निम्ति त आधुनिक कोरियाका इतिहासका निर्माताको निधन भएको छ । यस घडीमा कोरियाली क्रान्तिको शुरु र विकासमा किम इल सुङको देन र विश्व कम्युनिष्ट आन्दोलनमा उहाँको योगदानका विषयमा केही चर्चा गर्नु उपयुक्त होला ।***

कोरियालाई जापानी औपनिवेशिक शासनबाट मुक्त गर्ने राष्ट्रिय मुक्ति आन्दोलनका सबभन्दा शीर्षस्थ नेता उहाँ हुनुहुन्थ्यो । राष्ट्रिय मुक्ति आन्दोलनमा सही दिशा उहाँले दिनुभयो र यसलाई पूरा गरी कोरियालाई मुक्त पनि उहाँले गर्नुभयो । कोरियाको राष्ट्रिय मुक्ति आन्दोलनमा उहाँले लिनुभएको नीति विश्वका कैयौं देशहरूमा (उदाहरण भारतमा) झैं औपनिवेशिक शासन खतम गरी स्वतन्त्रता प्राप्त गरेपछि पूँजीवादी उदारवादी संसदीय व्यवस्था कायम गर्ने अर्थात् औपनिवेशिक शोषण व्यवस्था हटाई त्यसको ठाउँमा पूँजीवादी शोषण व्यवस्था स्थापना गर्ने नीति थिएन, उहाँले त जापानी औपनिवेशिक शासन हटाई त्यसको ठाउँमा समाजवादी र साम्यवादी समाज खडा गर्ने लक्ष्य लिनुभयो । मतलब, उहाँको निर्देशनमा अगाडि बढेको कोरियाली राष्ट्रिय मुक्ति आन्दोलनको उद्देश्य राष्ट्रिय मुक्तिको साथै वर्गीय मुक्ति पनि प्राप्त गर्ने थियो ।

यसरी कोरियाको राष्ट्रिय मुक्ति संघर्षलाई जनताको सशस्त्र संघर्षको रुपमा उहाँले अगाडि बढाउनु भयो, विश्वका विभिन्न देशका जनताहरूको क्रान्तिकारी संघर्षको लागि एउटा नमूना, एउटा आदर्श पनि खडा गरिदिनुभयो ।

राष्ट्रिय मुक्ति आन्दोलनको सफलतापछि कोरियाको इतिहासमा पहिलो पटक उत्तर कोरियामा सच्चा जनसरकार त कायम भयो, तर कोरियाली समाज पुरानो औपनिवेशिक र अर्ध-सामन्ती अर्थतन्त्रको समाज थियो, त्यस्तो ठाउँमा समाजवादको निर्माण गर्नुभन्दा पहिले जनवादी क्रान्ति सम्पन्न गर्नु आवश्यक थियो, अर्थात् पूँजीवादी क्रान्तिका अभिभाराहरू पूरा गर्नु आवश्यक थियो । सन् १९४५ अगस्ट महिनामा राष्ट्रिय स्वाधीनता प्राप्त गरेपछि सन् १९४६ मा केही हप्ताको छोटो अवधिमा पूर्ण रूपले भूमि सुधार सम्पन्न गरी छोटो समयमा जनताको जनवादी क्रान्तिको चरण पूरा गर्ने विश्व कीर्तिमान पनि उहाँले स्थापना गर्नुभयो ।

त्यसपछि कोरियामा समाजवादी क्रान्तिका अभिभारा पूरा गर्ने अर्थात् समाजवादी निर्माण सम्पन्न गर्ने अभिभारा अगाडि आएको थियो । कोरियाको दक्षिणी भाग त अमेरिकी साम्राज्यवादको कब्जामा परेको थियो । उत्तरी भागमा समाजवादको सफल निर्माण भएमा त्यसको प्रभावले दक्षिण कोरियाका जनताको संघर्ष अगाडि बढ्ला, अमेरिकी साम्राज्यवादी नियन्त्रणविरुद्ध विद्रोह चम्किएला भन्ने डरले उत्तर कोरियाको जन सरकार र जन-व्यवस्थालाई शिशु अवस्थामै दबाउने



कोरियाको पाँच हजार वर्ष लामो इतिहासमा सबभन्दा विशिष्ट जन-नेता कमरेड किम इल सुङ

उद्देश्यले अमेरिकी साम्राज्यावादले सन् १९५० मा उत्तर कोरियामाथि आक्रमण गऱ्यो । अमेरिका तथा तिनका पिछलग्गू १५ देशका संयुक्त सेनाले कोरियामा गरेको त्यस भयंकर आक्रामक युद्धबाट देशलाई जोगाउने ३ वर्ष लामो पितृभूमि मुक्ति युद्धका उज्ज्वल रणनीतिज्ञ किम इल सुङको कुशल सैनिक रणनीतिकै कारण कोरियाली जनताको विजय भयो, उहाँको निर्देशनमा कोरियाली जनताले आक्रमणकारी साम्राज्यवादी शक्तिहरूलाई धपाएर प्रजातान्त्रिक जन-गणतन्त्र कोरिया (उत्तर कोरिया) को स्वाधीनता र स्वतन्त्रता जोगाउन सफल भए ।

कोरियाली लडाइँले ध्वस्त भएको देशको पुनर्निर्माण गर्ने र युद्धोत्तर पुनर्निर्माणको लगत्तैपछि कृषि सहकारीकरण र समाजवादी अर्थतन्त्रको निर्माण गर्ने काममा पनि राष्ट्रपति किम इल सुङले सफल नेतृत्व दिनुभयो र १४ वर्षको छोटो अवधिभित्र समाजवादी औद्योगिक समाजको सफल निर्माण गरेर विश्वकासामु अर्को कीर्तिमान खडा गरिदिनुभयो ।


यसरी कोरियाली क्रान्तिको सन्दर्भमा कामरेड किम इल सुङ राष्ट्रिय मुक्ति आन्दोलन, वर्गीय मुक्ति संघर्ष, आक्रमणको प्रतिरोध गर्ने संघर्ष तथा जनवादी र समाजवादी क्रान्तिका सबै चरणहरूमा कोरियाली जनतालाई अनवरत नेतृत्व र पथ-प्रदर्शन गर्ने अद्वितीय नेताको रूपमा स्थापित हुनुभयो । विश्वका दुई भयंकर साम्राज्यवाद- जापानी साम्राज्यवाद र अमेरीकी साम्राज्यवादको विरुद्ध संघर्ष गरी कोरियाली क्रान्ति दुई चरणमा विजय प्राप्त गर्ने नेता उहाँ हुनुभयो । कोरियाको पाँच हजार वर्ष लामो इतिहासमा सबभन्दा विशिष्ट जन-नेता कमरेड किम इल सुङ हुनुहुन्थ्यो ।

कोरियाली क्रान्तिको सफल सम्पादन गरेर एउटा समाजवादी राज्य कायम गरेको घटना नै विश्व कम्युनिष्ट आन्दोलनमा एउटा महत्वपूर्ण योगदान थियो । यसको अतिरिक्त, कमरेड किम इल सुङले कोरियाली क्रान्तिको क्रममा समाजवादी निर्माण सम्बन्धमा एउटा मौलिक सिद्धान्त- तीन क्रान्तिको सिद्धान्त- प्रतिपादन गर्नु भएर विश्व कम्युनिष्ट आनदोलनकै लागि एउटा सैद्धान्तिक योगदान दिनुभयो । सर्वहारा वर्गको नेतृत्वमा क्रान्ति सफल भई समाजवादी राज्य-सत्ता कायम भइसकेपछि वास्तवमा समाजवादी क्रान्ति शुरु भयो भन्नु पर्दछ, अन्त्य होइन, किनभने, त्यसपछि मात्र समाजवाद निर्माण गर्ने कार्य शुरु हुन्छ ।

सोभियत संघमा लेनिनको नेतृत्वमा सर्वहारा-क्रान्ति भई सर्वहारा वर्गको राज्य-सत्ता कायम भइसकेपछि लेनिन र उहाँपछि स्तालिनले समाजवादको निर्माण गर्ने काममा निर्देशन दिनुभयो, तर सोभियत संघको अनुभव सबै देशहरूको लागि नमूना थिएन । साथै त्यसरी स्थापित समाजवाद फेरि बिग्रन भत्कन नसक्ने गरी सुदृढ कसरी गर्ने, समाजवादकै निर्माण सूचारु रुपले कसरी अगाडि बढाउने भन्ने समस्या विश्व कम्युनिष्ट आन्दोलनको सामु थियो ।

यस समस्याको समाधानको लागि किम इल सुङले तीन क्रान्ति-विचारधारात्मक क्रान्ति, प्राविधिक क्रान्ति र सांस्कृतिक क्रान्तिको सिद्धान्त प्रस्तुत गर्नुभयो ।

राज्य सत्ता कब्जा गरी समाजवादी राज्य स्थापना गर्ने राजनैतिक क्रान्ति सफल भएपछि सर्वहारा वर्गको नेतृत्वमा रहेको सरकारको समाजवादी समाजको निर्माण गर्ने क्रान्ति तीन क्रान्ति हो । विचारधारात्मक क्रान्ति, प्राविधिक क्रान्ति र सांस्कृतिक क्रान्तिलाई साथसाथै जोडतोडले सञ्चालन गरेमा मात्र समाजवादको सफल निर्माण गर्न सकिन्छ भन्ने मौलिक धारणा विश्व कम्युनिष्ट आन्दोलनकै लागि एउटा उज्ज्वल योगदान थियो । कामरेड किम इल सुङले यो सिद्धान्त मात्र प्रस्तुत गर्नुभएको होइन, यसलाई लागू गरी समाजवादको सफल निर्माण पनि गरेर देखाउनुभयो ।



> **विश्वका दुई भयंकर साम्राज्यवाद- जापानी साम्राज्यवाद र अमेरिकी साम्राज्यवादको विरुद्ध संघर्ष गरी कोरियाली क्रान्ति दुई चरणमा बिजय प्राप्त गर्ने नेता उहाँ हुनुभयो ।**

तीन क्रान्तिमा विचारधारात्मक क्रान्ति भनेको मानिसको सोचाइमा क्रान्ति ल्याई जनतालाई समाजवादी र साम्यवादी समाजको लागि योग्य बनाउने र समाजवाद तथा साम्यवादको स्थापना र रक्षाको लागि तन-मन दिएर संघर्ष गर्ने मानिसहरू बनाउने हो । प्राविधिक क्रान्ति भनेको प्रविधिको विकास गरी यन्त्रद्वारा काम गर्ने व्यवस्था बसाली श्रमिक जनतालाई कठीन परिश्रमबाट मुक्त पार्ने र साथै उत्पादन बढाउने क्रान्ति हो । अनि सांस्कृतिक क्रान्ति भनेको मजदूर तथा किसान लगायत सम्पूर्ण जनतालाई सुसंस्कृत, सभ्य जीवन बिताउन लगाउने क्रान्ति हो, यसमा सम्पूर्ण जनताको बौद्धिक विकास गर्न शिक्षाको अवसर प्रदान गरिने कार्य पनि पर्दछ ।

विश्व कम्युनिष्ट आन्दोलनको लागि मात्र होइन, विश्व जनताका प्रगतिशील क्रान्तिकारी संघर्षहरूको लागि कमरेड किम इल सुङको सबभन्दा ठूलो सैद्धान्तिक योगदान उहाँले प्रतिपादन गर्नुभएको जुछे विचारधारा हो । कोरियाली क्रान्तिको क्रममा शुरुमै अर्थात् जापान-विरोधी सशस्त्र संघर्षको बेला नै उहाँले जुछे स्थापना गर्नुभयो र कोरियाली क्रान्तिको सम्पूर्ण क्रममा उहाँले जुछे विचारधाराको विकास गर्नुभयो ।

जुछेको सार अर्थ "मानिस नै मालिक हो" भन्ने धारणा हो, अर्थात् क्रान्ति र निर्माणका मालिक जनता हुन्, आफ्नो देशको क्रान्ति र निर्माणको मार्ग-निर्धारण त्यहाँकै जनताले गर्दछ, प्रत्येक देशको क्रान्तिको आफ्नै विशेषता हुन्छ र आफ्नै देश र समाजको स्थिति अनुरूप आफ्नै ढंगले क्रान्ति अगाडि बढाउनु पर्छ भन्ने धारणा जुछे विचारधारा हो ।

क्रान्तिको उद्देश्य मानिसहरू अर्थात् जनतालाई शोषण र दमनबाट मुक्त पारी आफ्नो समाज र राज्य-सत्ताको मालिक बनाउने, आफ्नो भाग्यको निर्माता आफैंलाई बनाउने हो । आम जनता नै सच्चा मालिक हुने व्यवस्था नै सच्चा जन-व्यवस्था हो भन्ने जुछे अडानबाट उहाँले समाजवादी व्यवस्थाभित्र कर्मचारीतन्त्रलाई हावी हुन नदिई आम जनताको पूर्ण नियन्त्रण कायम राख्ने नीति प्रस्तुत गर्नुभयो ।

वास्तवमा कमरेड किम इल सुङ एक कम्युनिष्ट क्रान्तिकारी हुनुहुन्थ्यो, सच्चा मार्क्सवादी-लेनिनवादी हुनुहुन्थ्यो । उहाँले मार्क्सवाद-लेनिनवादको विपरीत जुछे विचारधारा खडा गर्नुभएको होइन, बरू मार्कसवाद लेनिनवादको पूरकको रुपमा जुछेलाई प्रस्तुत गर्नु भयो भन्न मिल्दछ । मार्क्सवाद लेनिनवाद एक दर्शन हो, त्यस दर्शनलाई बुझ्न, त्यस दर्शनअनुसार चल्न र त्यस दर्शनलाई व्यवहारमा लागू गर्न लिनुपर्ने अडान जुछे विचारधारा हो । मार्क्सवाद-लेनिनवाद-लगायत सबै कुराहरू र विश्वलाई नै हेर्ने एक दृष्टिकोण जुछे विचारधारा हो ।

जुछे विचारधारा "मानिसमा केन्द्रित दर्शन" हो । यस दर्शनले मानिसलाई विश्वको सबभन्दा मूल्यवान र सबभन्दा शक्तिशाली प्राणी ठान्दछ । जुछेले मानिसलाई नै (मानिस व्यक्तिको रूपमा होइन, सामाजिक प्राणीको रूपमा) सब थोकको निर्णायक शक्ति मान्दछ । मानिसहरूले विश्वलाई नियन्त्रण गर्ने कारण मानिसहरूमा स्वाधीनता, सिर्जनात्मकता र चेतना हुने हुनाले हो । यसकारण विश्वका सबै जनताहरूलाई स्वाधीन बनाएर उनीहरूको सिर्जनात्मकताको पूर्ण प्रयोग हुन दिने र उनीहरूको चेतनशील प्रयत्नबाट समाज र प्रकृतिलाई बदल्न दिने उद्देश्य जुछे विचारधाराको हो ।

मानिसहरूले वा जनताले यो कार्य गर्न समर्थ बन्नको लागि मानिसहरू स्वाधीन हुनु पर्दछ, तसर्थ सम्पूर्ण जनताको मुक्ति, राष्ट्रिय मुक्ति र वर्गीय मुक्तिको लक्ष्य जुछेले लिन्छ । एक राष्ट्रले अर्को राष्ट्रमाथि प्रभुत्व कायम गर्ने होस्, वा एकै राष्ट्रभित्र एक वर्गले अर्को वर्गमाथि आधिपत्य जमाउने कुरा होस्, सबै प्रकारको प्रभुत्व र आधिपत्यलाई अन्त गर्न जुछेले आह्वान गर्दछ, यो अभिभारा पनि आम जनताकै संघर्षबाट पूरा हुन्छ ।

जुछे विचारधारालाई यथार्थमा परिणत गरी, आम जनताको हातमा राज्य-सत्ता रहेको राज्य प्रजातान्त्रिक जन-गणतन्त्र कोरिया उहाँले स्थापना गर्नुभयो । आजसम्म शोषक-वर्गको हतियारको रूपमा रहेको राज्यको ठाउँमा अब आम जनताले क्रान्ति र निर्माण अगाडि बढाउनको लागि साधनको रूपमा रहने राज्यको कल्पना र स्थापना किम इल सुङले गर्नुभयो । किम इल सुङको क्रान्तिकारी विचारधाराको मूर्त-रूपको रूपमा जुछे- कोरिया खडा छ । ❑ ❑

# प्रा. माणिकलाल श्रेष्ठले देखेको कोरिया

**प्रा.** माणिकलाल श्रेष्ठ उत्तर कोरियाको पटक पटक भ्रमण गर्ने प्रबुद्ध नेपाली नागरिकहरु मध्ये एक हुनुहुन्छ । हाम्रा पाठकहरुको लागि हामीले उत्तर कोरियामा जनताको लागि समाजवादी राज्यले के कस्तो व्यवस्था गरेको छ भन्ने प्रश्न उहाँसमक्ष राखेका थियौं । प्रस्तुत छ- उहाँबाट प्राप्त उत्तरहरुको सार संक्षेप -मूल्यांकन

**शिक्षा क्षेत्रमा**

*त्यहाँ ११ कक्षासम्मको शिक्षा पूरै निःशुल्क र अनिवार्य गरिएको छ । निःशुल्क भन्नुको मतलव खालि फीस र पाठ्यपुस्तक मात्र निःशुल्क होइन । विद्यार्थीहरुको लुगा फाटो, खाने पिउने, र बाँकी सबै कुराको व्यवस्था पनि राज्यले आफ्नो खर्चमा गर्ने हो ।*

*विहान ६ बजेतिरै घर घरबाट विद्यार्थीहरु स्कूलमा लगिन्छन् । विहानको खाजा, दिउँसोको लञ्च, साँझको डिनर र सपर सबै स्कूलमै ख्वाइन्छ । त्यसपछि मात्र तिनीहरुलाई घर घर पुऱ्याइन्छ । यस्तो गरेपछि आमा बाबुले आफ्ना छोराछोरीलाई ख्वाउने-पियाउने केही पनि गर्नु परेन । स-साना बच्चालाई आमा बाबुको मायाँ चाहिन्छ भनेर त्यहाँ तिनीहरुलाई बोर्डिंगमा चाहिं राखिन्न । बरु घर घरबाट लगिन्छ ।*

*कुनै एउटा विद्यार्थीले पनि पढ्ने अवसरबाट वंचित हुन नपरोस् भनेर त्यहाँ राज्यले ध्यान पुऱ्याउने गर्दोरहेछ । हामीले भ्रमण गर्दा के पायौं भने त्यहाँ समुद्रको बीचमा एउट "लाइट हाउस" रहेछ । त्यहाँ एउटा परिवारले काम गर्दोरहेछ र उनीहरुका तीन वटा बच्चा रहेछन् । त्यहाँ नजिकै कतै स्कूल रहेनछ । यस्तो स्थितिमा उनीहरुले समेत पढाइबाट वंचित हुन नपरोस् भनेर त्यहाँ राज्यले उनीहरुकै निम्ति शिक्षक पठाउने वन्दोवस्त मिलाएको रहेछ ।*

*कुनै एउटा गाउँमा सानो जनसंख्याको कारणले त्यहाँ हाई स्कूल रहेन छ भने राज्यले रेलद्वारा त्यहाँका*

*बच्चाहरुलाई ल्याउने लैजाने प्रबन्ध गरेर नजिकैको हाई स्कूलमा ल्याउँदो रहेछ ।*

*उत्तर कोरियामा एउटा अनौठो व्यवस्था के पाएँ भने त्यहाँ बाजे, बाबु र छोरा- तीनै पुस्ताका मान्छेहरुले पढिरहेका हुँदारहेछन् । त्यहाँ बूढाखाडा र प्रौढ मजदूर किसानले समेत अनिवार्य रुपमा पढ्नै पर्दोरहेछ । यसको निम्ति कार्खाना कार्खानामा र कृषि फार्महरुमा स्कूल कलेजको व्यवस्था छ । आठ घण्टा काम, आठ घण्टा अध्ययन, आठ घण्टा आरामको नियम त्यहाँ लागु गरिएको छ । बूढा र अशक्तहरुले आठ घण्टा काम गर्नु पर्दैन, तर पढ्न चाहिं उनीहरुले छुट्टी पाउँदा रहेनछन् । देशमा कोही पनि अशिक्षित बाँकी नरहोस्, सबैले माध्यमिक तहसम्मको योग्यता प्राप्त गरेको होस् भनेर यस्तो गरिएको रहेछ ।*

*एक थरि बूढाहरुले त किम इल सुंगलाई यसबारे गुनासो पनि गरेछन् । हामी बूढा भई सक्यौं, हामीले हाईस्कूल पास गरेर के काम ? हामी त अब चाँडै मरिहाल्छौं भनेर । किमले भन्नु भएछ- "ठीक छ, तपाईहरु मर्नुहुन्छ । तर मर्नुअघि मूर्ख भएर किन मर्नुहुन्छ ? कम से कम ज्ञानी भएर त मर्नोस् ।"*

*११ कक्षा भन्दा माथिचाहिं त्यहाँ फीस मात्र निःशुल्क छ । बाँकी खर्च आफैले व्यहोर्नु पर्छ ।*

**स्वास्थ्य सेवा क्षेत्रमा**

*निःशुल्क स्वास्थ्य सेवाको ग्यारेण्टी पनि त्यहाँ राज्यले लिएको रहेछ । राज्यले स्वास्थ्यको जिम्मा लिनु भन्नाले त्यहाँ बिरामी अस्पतालमा आयो भने उपचार गरेर पठाईदिने भन्ने मात्र बुझिंदो रहेनछ । कुनै पनि घरमा बिरामी छ भने- घरले अस्पताललाई रिपोर्ट गर्दोरहेछ । रिपोर्ट प्राप्त भएपछि अस्पतालले उसलाई गाडीबाट अस्पतालमा लिएर गएर उपचार गरेर पूरा स्वस्थ बनाएर घरसम्म पुऱ्याईदिनुलाई उनीहरु राज्यको जिम्मा ठान्दारहेछन् ।*

*कोरियामा त पहाडै पहाड छ, यहाँ जस्तै । दुर्गम अनकण्टार-पहाडमा एउटा बिरामी तुरुन्तै अत्याधुनिक सुविधाप्राप्त केन्द्रिय अस्पतालमा उपचार हुनु पर्ने गरी गंभीर रोगले ग्रस्त भयो भने के गर्ने ?*

*त्यहाँ पनि उनीहरु स्थानीय क्लिनिकमा रहेका जिम्माको डाक्टर मार्फत केन्द्रिय अस्पतालमा खबर गर्दारहेछन् । केन्द्रिय अस्पतालले त्यहाँ हेलिकोप्टर पठाएर समेत बिरामी ल्याउँदो रहेछ । हेलिकोप्टर खर्चको क्षतिपूर्ति राज्यले दिँदोरहेछ । यस उपायबाट कोरियामा "सबैको लागि स्वास्थ्य" को कार्यक्रम कार्यान्वयन गरिएको छ ।*

**संपूर्ण करबाट मुक्ति**

*कोरियामा जनताले कुनै पनि प्रकारको कर तिर्नु नपर्ने गराइएको छ । मालपोत, बिक्रीकर, आयकर, कुनै पनि कर तिर्नु पर्दैन । विश्वमै कोरिया एक मात्र करमुक्त देशका रुपमा छ ।*

*त्यसो भए उनीहरु कसरी राज्यको खर्च चलाउँछन् त ? प्रश्न उठ्छ नै ।*

*त्यहाँ सबै कार्खाना राज्यको छ, त्यसको उत्पादन राज्यकै हुन्छ, मजदूरले त ज्याला मात्र पाउँछ । प्रशस्त खानीहरु छन् र खानीहरुको उत्खनन् र खनिज पदार्थको बिक्री राज्यबाटै हुन्छ । राष्ट्रिय अन्तराष्ट्रिय व्यापार राज्यले नै गर्छ । बिधुत राज्यले निकालिरहेको छ । माछा मार्ने, त्यो बेच्ने र निर्यात गर्ने राज्यले नै गर्छ । यी सबबाट प्रशस्तै आम्दानी हुन्छ । त्यस कारणले राज्य चलाउन त्यहाँ करको आवश्यकता नै पर्दैन ।* ❑ ❑

# क. रोहितले देखेको कोरिया

**क. नारायणमान बिजुक्छे रोहितले २०४१, २०४९ र २०५० मा गरी तीन पटकको आफ्नो उ. कोरियाको भ्रमणका स्मृतिहरू संगेटेर एउटा पुस्तक लेख्नु भएको छ । २०५० मंसीरमा प्रकाशित यस पुस्तकबाट प्रस्तुत छन्- केही प्रसंगहरू- मूल्यांकन**

## घरायसी आय-व्याय

मजदूर बस्तीतर्फ जाँदा सभा भवन अगाडि हामीले परम्परागत भेषभुषामा सिंगारिएका २ जोडी भेट्यौं । जिज्ञाशावस हामीले सोध्दा- नव दम्पत्ति भएको बताइयो । दुबै एउटै कारखानामा काम गर्ने कामदार रहेछन् । नव दम्पत्तिलाई सफल दाम्पत्य जीवनको शुभकामना दिँदै अगाडि बढ्यौं ।

पछि हामी त्यो गाउँ हेर्न गयौं । ४-५ तल्लाका ती घरहरूमा जम्मा १००० परिवार बस्छन् र हरेक परिवारले ३-४ कोठा पाउँछन् । लोग्ने-स्वास्नी र ३ जना केटाकेटी भएको एउटा परिवारमा हामी पस्यौं । त्यस परिवारका दुबै लोग्ने-स्वास्नी काम गर्छन् र महिनाको ३२१ वन पाउँछन् ।

मैले सोधें- 'खानालाई महिनामा कति खर्च हुन्छ ?'

तिनले जवाफ दिइन्- '५१ वन खर्च हुन्छ ।'

'अरू पैसा के गर्नु हुन्छ ?' मैले सोधें ।

'हरेक महिना १५० वन बैंकमा राख्छु' तिनीले उत्तर दिइन् ।

चुल्होमा गएर हेऱ्यौं । कोठा तताउने बन्दोवस्त केन्द्रीय ताप व्यवस्थाले गर्छ, तर चुल्हो बाल्न भने मट्टीतेल नै प्रयोग गर्दा रहेछन् ।

त्यसपछि हामी मजदूरहरूको सांस्कृतिक केन्द्र वा सभा भवनमा गयौं । त्यहाँ हामीले पार्टी सचिवसँग वहाँको पारिश्रमिक वा ज्यालाको कुरा सोध्यौं । त्यसको जवाफमा उहाँले भन्नुभयो- 'मेरो महिनाको २३१ वन छ, तर हाम्रो इञ्जिनीयर कामरेडले २४० वन पाउनु हुन्छ । प्राविधिक आविष्कार गर्नेहरूले त ६०० वनसम्म पाउँछन् ।

कारखानाका मख्य मुख्य ठाउँमा लेखिएको थियो- "आफ्नै ढंगले जिऔं, सबै मिलेर लडौं ।"

## जनताको विशाल अध्ययनगृह

बाहिरबाट हेर्दा साधारण कोरियाली घर जस्तो देखिने जनताको विशाल अध्ययन गृह वास्तवमा नामअनुसारको भव्य विशाल छ । मैले १९६० मै पेकिङ्गको पुस्तकालय, नेपालमा राष्ट्रिय र अन्य पुस्तकालयहरू, भारतका केही नाउँचलेका पुस्तकालयहरू पनि हेरेको छु । तर मैले हेरेका ती पुस्तकालयहरूभन्दा यो अध्ययन गृह हरेक कुरामा अर्थात् अकार, गुण र विविधतामा धेरै अगाडि छ र मैले कल्पना गरेको भन्दा विशाल छ ।

१८ महिनाभित्र महान नेता किम इल सुङ्ग, प्रिय नेता किम जोङ ईल र कोरियाली मजदूर पार्टीको निर्देशनमा निर्माण भएको यस अध्ययन गृहले १ लाख वर्ग मिटर ओगटेको छ । १ अप्रैल १९८२ मा अर्थात् २१ महिनामा यो पूरा तैयार भैसकेको थियो । निर्देशिकाले भन्दै गइन्- अहिले यसमा १७० देशका ८४ भाषाका १ करोड ३० लाख पुस्तकहरू छन् र यसको क्षमता ३ करोड पुस्तकहरूको छ । यसका ६०० कोठाहरू छन्, ५००० मानिसहरूलाई बसेर बढ्ने बन्दोबस्त छ र दिनको १२,००० मानिसहरूले यसलाई प्रयोग गर्न सक्छन् ।

कामदारहरूलाई पनि बुद्धिजीवीकरण गर्ने उद्देश्यले निर्माण भएको यस अध्ययन गृहमा मजदूरहरू आउँछन्, अध्ययन गर्छन् र कक्षामा समेत बस्छन् । यसमा अध्ययन गर्ने १५ वटा कोठाहरू छन् र १७ वटा प्रवचन दिने वा कक्षा सञ्चालन गर्ने कोठाहरू छन् । ती कोठाहरूमा विभिन्न उमेरका केटा र केटी, महिला र पुरुषहरू अध्ययन गर्दै थिए, कोही आँखा चिम्लेर सम्झन कोसिस गर्दै थिए भने कोही पुस्तक र कापीमाथि घोप्टो परेर बसेका थिए । अखबार र पत्र-पत्रिका पढ्नेहरू अर्कै कोठामा थिए । प्रवचन कक्षामा स्वचालित अर्थात् आफैं लेख्ने र मेटिने कालो पाटी, ध्वनिको बन्दोवस्त, टेप रिकर्ड, भि.डिओ रेकर्ड आदि हुने र गर्ने व्यवस्था देखें । प्रवचन कोठाहरूको जम्मा ८०० सीटको बन्दोवस्त छ । पुस्तक लेनदेन गर्ने र पुस्तक ल्याउने कार्य सबै कम्प्यूटर स्वचालित थियो । पुस्तकको नाम, विषय, लेखकका सूची अथवा नम्बर दिएपछि तुरून्तै व्यवस्थापकले कम्प्यूटरमार्फत उक्त पुस्तक मगाउँछन्, पुस्तक स्वचालित यन्त्रद्वारा त्यहाँ हाजिर हुन्छ ।

विदेशी पुस्तकहरू घर लान सक्छन् र त्यसलाई रेकर्डमार्फत सुन्न सक्छन्, साथै सामाजिक, प्राकृतिक विज्ञान, अर्थशास्त्र र अन्य विषयहरूको गोष्ठी र छायाँकन ती कोठाहरूमा हुन्छन् । टेलिफोन र पत्रहरूबाट प्रश्नहरू अध्ययन- गृहको प्रश्न विभागमा मानिसहरूले पठाउँदा त्यस्तै २-४ वटा प्रश्नहरू भएपछि वा एकै जनाको प्रश्न भए पनि समय समयमा त्यसबारे सम्बन्धित विद्वान, विशेषज्ञ वा जानकारलाई निम्त्याई प्रवचन गर्न अध्ययन- गृहले बन्दोवस्त गर्छ । त्यसबारे प्रश्नकर्ताहरूलाई टेलिफोन वा पत्रबाट जनाउ दिन्छ । त्यस प्रवचनलाई रेडियो र टि.भि. मा प्रसारण गर्छ र अध्ययन गृहको पत्रिकामा समेत छाप्छ । प्रश्नकर्ता टाढाको भएमा उसले रेडियो र टि.भि. मार्फत वा अखबारमार्फत त्यो उत्तर वा त्यसबारे प्रवचन प्राप्त गर्छ । केही दिनपछि प्योङयाङ आएर त्यस प्रवचनको सुन्ने टेप वा हेर्ने टेप चाहन्छ भने कक्षामा भिडियो प्रदर्शन गर्ने बन्दोवस्त छ ।

महाविद्यालय र विश्वविद्यालयमा कारणवश वा पाठ छुटेमा विद्यार्थीहरूले यहाँ आएर त्यसलाई प्रश्न र प्रवचनबाट पूर्ति गर्छन् ।

जीवनका विभिन्न क्षेत्रका अधिकारीहरू, वैज्ञानिकहरू, प्रतिनिधिहरू, विश्वविद्यालयका प्राध्यापकहरूबाट नियमित रूपमा अध्ययन- गृहमा प्रवचन हुन्छ, कक्षाहरू हुन्छ र प्रश्न उत्तर पनि गर्न सकिन्छ । त्याँ छाप्ने, फोटोकपी गर्ने आदि विभिन्न सुविधाहरू पनि उपलब्ध छ । ❑ ❑



*(कोरिया भ्रमणको बेला क. रोहित त्यहाँको मजदूर पार्टीका सचिव ह्वाङ वाङ योपसँग)*

# "मूल्यांकन" को द्वन्दवाद : भौतिकवादी कि आदर्शवादी ?

## एकता केन्द्रको फूटबारे लेखिएको मूल्यांकनको गतांकको सम्पादकीयमाथि टिप्पणी

**नीरव शेरचन**

"मूल्यांकन" मासिकको पूर्णांक-२० नेकपा एकता केन्द्रको फूटलाई विशेष महत्व दिएर पाठकहरू समक्ष आईपुगेको छ। एकता केन्द्रका दुई विभाजित शक्तिहरूका प्रतिनिधिहरूको अधिकारिक भनाइलाई समावेश गरेर यथार्थ स्थितिबारे बुझ्न निकै सहयोग पुऱ्याएकोमा मूल्यांकनको योगदान सह्राहनीय हुने थियो होला । तर फूटको दार्शनिक पक्षबारे यसै अंकमा प्रकाशित प्रज्ञान रत्नको सतही लेख (जसलाई धेरै सकारात्मक रुपले हेरे अल्वानियाई कम्युनिष्ट पार्टीका नेता अनवर होक्साको संशोधनवादी चिन्तनसँग दाज्न मिल्ला) को सार अभिव्यक्त भएको मूल्यांकनको सम्पादकीयले फूट र एकताबारे थुप्रै सैद्धान्तिक अन्यौल र भ्रमहरू पनि सिर्जना गरेको छ । र, ती सबैको श्रोत मूल्यांकनको दृष्टिकोणमा आएको आदर्शवादी विचलन हो भन्ने मलाई लागेको छ । त्यसैले उक्त सम्पादकीय पढीसकेपछि मेरो मनमा उत्पन्न भएका प्रश्नहरूलाई बियालो नगरी सार्वजनिक छलफलमा ल्याउन आवश्यक ठानेको छु ।

"मूल्यांकन" मा प्रकाशित सबै लेख रचनाहरूमा व्यक्त विचार लेखकको व्यतिगत जिम्मेवारी हुन्छ तर सम्पादकीय भने सम्पादक मण्डलको सामूहिक प्रतिक्रिया (विचार ?) हो भन्ने घोषणा मूल्यांकनको प्रायः सबै अंकमा गरिएको हुन्छ र सम्पादक मण्डलको विचार उपर पनि विचार अन्तर्क्रियालाई स्वागत गरिने जानकारी दिइन्छ । मलाई आशा छ, एकता र फूटबारे नौला प्रस्थापना (?) प्रस्तुत गर्ने जमर्को गरिएको यो सम्पादकीय मूल्यांकनको सम्पादक मण्डलको सामूहिक प्रतिक्रिया हो र यो मूल्यांकनका सम्पादकहरू बीच "बिना हतारो" र "पर्याप्त अन्तर्क्रिया" गरेर विकास गरिएको विचारधारात्मक एकता र "सत्यको अंशलाई प्रत्येकले संगेटने वा केन्द्रिकरण गर्ने प्रक्रिया" बाट निर्मित गरिएको हो । आफ्नै आग्रहको विधि नपुऱ्याई यो सम्पादकीय प्रकाशित भएको रहेछ भने मूल्यांकनको उपदेश अरुमाथि मात्र लागु हुँदारहेछन्- आफूमाथि चै होइन भन्ने निष्कर्ष निकाल्नु पर्ने हुन्छ ।

एकता केन्द्रको फूटको विश्लेषण गर्दै सम्पादकीयले फूटको मुख्य कारण "भिन्न भिन्न विचार भएका समूहबीच पर्याप्त अन्तर्क्रिया गरेर विचारधारात्मक एकता नै विकास नगरिकन अपरिपक्व अवस्थामा गरिएको पार्टीको सांगठनिक एकता" लाई ठहऱ्याएको छ, जसको फलस्वरुप "पार्टीमा अलग अलग वैचारिक केन्द्र र वैचारिक अराजकता" उत्पन्न भएको र त्यसलाई जनवादी केन्द्रियता हैन, यांत्रिक केन्द्रियताद्वारा हल गर्न खोजिएकोले "पार्टी गुटबन्दी अझ बढ्न गई अन्ततः फूट भएको" निश्कर्ष निकालेको छ ।

यस फूटबाट सम्पादकीयले सिकेको पाठ बडो रोचक छ- "पार्टी एकीकरण भनेको भिन्न टाउको चाहिं यथावत राखेर फगत शरीरको एकीकरण होइन, टाउको र शरीर दुबैको पूरापूर एकीकरण हो । अर्थात, भिन्न भिन्न विचारहरूको र संगठनको अन्त गरेर एउटै विचार र संगठन बनाउन संभव भएपछि साम्यवादी पार्टीको एकीकरण उचित हुन्छ ।

उपरोक्त हरफहरू पाढ्दा यस्तो लाग्छ, मानौं मूल्यांकनका सम्पादकहरू कुनै अलौकिक लोकमा बसेर पृथ्वीवासीहरूका समाज विकास र वर्ग संघर्षका जटिल प्रक्रियामा देखा पर्ने समस्याका शाश्वत हलहरू बताईरहेका कुनै स्वैर काल्पनिक उपन्यासका पात्रहरू हुन् । जीवनको यथार्थ अनुभव र समाज विकासको सैद्धान्तिक ज्ञानको डरलाग्दो खडेरी प्रदर्शन गर्दै वहाँहरू कुनै यस्तो "निर्वाणमय" समयको परिकल्पना गर्नुहुन्छ, जुन विन्दुमा सबै भिन्न विचार र संगठनको अन्त्य हुनेछ र एउटै विचार र संगठनको उदय हुनेछ। त्यस्तो एकीकृत संगठन, जसमा भिन्न विचार हुँदैनन्, मात्र एउटै सर्वव्यापी विचार हुन्छ- त्यो हो मूल्यांकनको साम्यवादी पार्टीको अवधारणा ।

मूल्यांकनको यो प्रस्थापनालाई अझ एक कदम अगाडि बढाउने हो भने त्यसले यसो पनि भन्ला "त्यसरी बनेको साम्यवादी पार्टीमा फेरि भिन्न विचारहरू जन्मिने छैनन् र सदावहार वैचारिक केन्द्रीयताको राज अनन्तसम्म भई नै रहने छ । अनि चारैतिर खुशियाली छाउने छ .... आदि आदि ।"

घटनाक्रमहरूलाई मार्क्सवादी विश्लेषण पद्धतिद्वारा प्रशोधन गरी आफ्ना पाठकहरूलाई गम्भीर र स्तरीय सामग्रीहरू दिन प्रयत्नशील मूल्यांकनका सम्पादकहरूमा देखा परेको यो वैचारिक दिवालियापन साच्चै नै आश्चर्यलाग्दो छ ।

> "पर्याप्त छलफल" वा "वैचारिक अन्तक्रिया" गरिदिए सबै समस्याहरू हल भै जाने एक मात्र उपायको खोजी गरेर रमाइरहेका मूल्यांकनका संपादकहरूको द्वन्द्ववाद भौतिकवादी हो कि "आदर्शवादी" ?

मार्क्सवादीहरू तथ्यहरूको आलोकमा आफ्ना प्रस्थापनाहरूको पुष्टी गर्ने गर्दछन् । साम्यवादी विचार र व्यवहारको इतिहासलाई मात्रै हेर्ने हो भने पनि कम्युनिष्ट घोषणा पत्र प्रकाशित भएको इ.सं. १८४८ देखि यता १४६ वर्षको अनुभव हाम्रो अघि छ । इ.सं. १८९८ मा स्थापना भएको रुसको कम्युनिष्ट पार्टी-त्यति बेलाको नाम रुसी सामाजिक जनवादी श्रम पार्टी (RSDLP), लगायत चीन, उत्तर कोरिया, क्यूबा आदि क्रान्ति सफल भएका देशहरूमा पार्टी निर्माण र विकासको प्रक्रियामा वहाँहरूले खिच्नु भएको सार जस्ता क्षणहरू कहिले कहिले आए बताईदिनु हुन्थ्यो कि ? तेश्रो विश्वका क्रान्ति सम्पन्न नभइसकेका देशहरूमा पो त्यसको ज्वलन्त उदाहरणहरू छन् कि ? आफ्नै देशको कम्युनिष्ट आन्दोलनको आरोह अवरोहमा त्यस्तो आल्हादित हुने क्षण कहिले आयो होला ?

२००६ सालमा जन्मेको कम्युनिष्ट पार्टीमा भिन्न मतहरू जन्मिने, अलग वैचारिक केन्द्र बन्ने र पार्टी फुट्ने स्थितिहरू बने । मूल्यांकनको दृष्टिकोण अनुसार टाउको र शरीरको पूरापूर एकीकरण नभई र भिन्न विचारहरूको अस्तित्व समाप्त नभई जन्मिन पुगेको त्यति बेलाको कम्युनिष्ट पार्टीले जन्म लिने गल्ती नै पो गर्नु हुँदैन थियो कि ?

यो सही कुरा हो कि पार्टी एकताको स्थिति राम्रोसँग तैयार नहुदै, पर्याप्त अन्तर्क्रिया नगरी हतारोमा एकता गर्नुले दीगो साम्यवादी पार्टीको निर्माणमा वाधा पुऱ्याउन सक्छ । त्यसमाथि नोकरशाही केन्द्रियताद्वारा भिन्न भिन्न विचारहरूको द्वन्द्वलाई हल गर्ने प्रयत्न गरियो भने सर्वहारा वर्गीय वैचारिक केन्द्रीयता निर्माण हुने प्रक्रियालाई नै कुण्ठित पार्दछ । तर यो पनि त्यतिकै सत्य हो कि वस्तुगत परिस्थितिको सीमा र संभावनालाई दृष्टिगत गर्ने र तिनीहरूको विकासमा मद्दत पुऱ्याउने आत्मगत प्रयत्नले मात्रै इतिहासको अग्रगामी कदमलाई सहयोग पुऱ्याउँदछ । सबै भिन्नता समाप्त हुने समय कुरेर मिल्न सकिने आधारहरूको खोजी गर्ने र आफूभित्र भिन्न विचारहरूको द्वन्द्व चलाउँदै क्रान्तिको निम्ति शक्ति संचयन र त्यसको बांगो टिंगो बाटोमा हिड्नलाई कुशलता प्राप्त गर्ने प्रयत्नलाई हतोत्साहित गर्नुलाई कसरी औचित्यपूर्ण मान्न सकिएला ?

सामाजिक व्यवहारका जटीलतालाई नबुझी र त्यसभित्र नपसी एउटा अमूर्त आंकाक्षाको हवा-महल खडा गर्नु, अनि त्यसैलाई मापक बनाएर ठोस व्यवहारका वास्तविक तर अपूर्ण प्रयत्नहरूप्रति उपेक्षा भाव राख्नु के मार्क्सेली विचार पद्धति होला ? टाउको र शरीरको पूरापूर एकीकरण" (सम्पादक ज्यू, जीव बैज्ञानिक दृष्टिकोणले भन्ने हो भने एउटै मान्छेमा पनि त्यस्तो पूरापूर एकीकरण हुने गर्दैन । स्वस्थ्य शरीरमा कतिपय प्रक्रिया (उदाहरणको लागि कतिपय reflex हरू) मा टाउकोको कुनै भूमिका हुँदैन । अर्कोतिर मान्छेमा टाउको र शरीर बीचको संतुलनमा गडबडी पनि आउन सक्छ, धेरै मानसिक र कतिपय शारीरिक रोग, जसलाई Psychosomatic disease भन्ने गरिन्छ, त्यो त्यस्तै गडबडीहरूको उपज हुने गर्छन् !) भिन्न भिन्न विचारहरूको अन्त र एउटै विचारको स्थापना जस्ता आदर्शवादी आग्रहहरू अघि सारिनु तर वहाँहरूको मानसिक चिन्ता (पार्टी एकता, विचारधारात्मक केन्द्रियता आदि) लाई प्रभावित गरिरहेको सामाजिक व्यवहारको धरालतप्रति चैं कुनै चासो नराखिनुले मार्क्सवादी ज्ञान सिद्धान्तबारे मूल्यांकनका संपादकहरूको ज्ञानमै प्रश्न चिन्ह खडा गर्दैन र ?

मनोगत र वस्तुगत बीचको, विचार र व्यवहार बीचको प्रष्ट दूरी बिना कुनै हिच्किचाहट सम्पादकीय जस्तो महत्वपूर्ण पृष्ठमा अभिव्यक्त गर्ने मूल्यांकनका सम्पादकहरूलाई सोध्न जरुरी भै सकेको छ- विचारहरू कसरी पैदा हुन्छन् ? एउटै पार्टीभित्र एउटै वस्तु वा घटनालाई लिएर भिन्न भिन्न विचारहरू पैदा हुन सक्छन् कि सक्तैनन् ? त्यस्ता भिन्न विचारहरू "पर्याप्त छलफल" गरिदिने हो भने समाधान भएर गै हाल्छन् ? विचार र व्यवहारको अन्तसंबन्ध के हो ?

यी प्रश्नहरू यस कारण पनि उठाउन आवश्यक भै सकेको छ कि मूल्यांकन पार्टी एकीकरणको आदर्शवादी आग्रह मात्रै राख्दैन- त्यस्तो पार्टी निर्माण हुने आदर्शवादी प्रक्रियाको पनि वकालत

गर्दछ । मूल्यांकनको सम्पादकीय "एउटै विचार र एउटै संगठन पैदा गर्ने एक मात्र उपाय" को छाति ठोकेर घोषणा गर्दछ- र त्यो हो- क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालहरूमा पर्याप्त वैचारिक अन्तर्क्रिया !

"विचार अन्तर्क्रिया" वा "पर्याप्त छलफल" माथिको एकोहोरो जोड, अझ त्यसलाई एक मात्र उपाय ठहऱ्याएर विचार अन्तर्क्रियाको जसरी अतिशयोक्तिपूर्ण बखान गरिएको छ, त्यसले क्रान्ति, पार्टी र जीवनका व्यवहारिक र वस्तुगत प्रक्रियाको उपेक्षा त गरेको छ नै, त्यसले विचार-अन्तर्क्रियाको महत्तालाई पनि घटाएको छ र आम पाठकहरूमा विचार र व्यवहारको द्वन्द्वात्मक संबन्धबारे भ्रम सिर्जने काम गरेको छ । वहाँहरूले प्रयोग गर्ने गरेको "विचार अन्तर्क्रिया" शब्दावलीले सामाजिक व्यवहारलाई पनि स्वत: ओगटीहाल्छ भने बेग्लै कुरा हो, नत्र मार्क्सवाद, जसलाई अर्को शब्दमा "व्यवहारको दर्शन" (Philosophy of Practice) पनि भनिन्छ, त्यसका ध्वजाबाहकहरूले "वैचारिक अन्तर्क्रिया" को एकोहोरो जपना रट्नु र एक मात्र उपायको प्रेस्क्रिप्सन पाठकहरूलाई बाँड्नुको के तात्पर्य होला ?

आदर्श र यान्त्रिक भौतिकवाद विरुद्धको कठोर संघर्षबाट जन्मिएको, हुर्किएको मार्क्सवादले विचार र व्यवहारको द्वन्द्वात्मक संबन्धलाई आत्मसात गर्न सक्नु र त्यो ज्ञानलाई संसार फेर्ने काममा लगाउन सक्नुले नै यसको अजश्र उर्जा श्रोतको प्रत्याभूति गरको हो । विचारमा देखा पर्ने द्वन्द्वहरू सामाजिक व्यवहारका ठोस परिस्थितिहरूबाट सिर्जित हुने गर्छन, चाहे त्यो एउटा व्यक्तिभित्र होस् अथवा विशाल पार्टीभित्र । व्यवहारबाट जन्म लिन पुगेका विचारहरूले पुन: व्यवहारलाई नै परिवर्तित गर्ने भूमिका खेल्न सक्दछन् । वर्गीय समाजमा मान्छे र पार्टीका चेतना धरातलमा वर्गीय रुपमै पनि भिन्न भिन्न विचारहरूको उदय, संघर्ष र अस्तको अविरल प्रक्रिया चलिरहन सक्छ भने समाजमा वर्गहरूको विलोप भै सकेपछि पनि अशत्रुतापूर्ण (non-antagonistic) अर्न्तविरोध र त्यसलाई प्रतिनिधित्व गर्ने भिन्न विचारहरूको अस्तित्व कायमै रहन सक्छ । यो मार्क्सवादको आधारभूत ज्ञान सिद्धान्त हो र यस परिप्रेक्षमा मूल्यांकनको "एउटै विचार" को आग्रह दार्शनिक दृष्टिकोणबाट हेर्दा अन्तरविरोधको सत्यतालाई नै निषेध गर्ने आग्रह हो । वैचारिक अन्तर्क्रियाको झण्डालाई एकांगी रुपमा उठाइरहेका मित्रहरूले यो बुझ्न असल हुने थियो कि व्यवहारबाट अलग्गिएर न त वैचारिक द्वन्द्वलाई बुझ्न सकिन्छ न वैचारिक एकता वा वैचारिक केन्द्रीयताको निर्माण प्रक्रियालाई, न त त्यस केन्द्रिकृत विचारको सत्यतालाई नै ।

"केवल सामजिक व्यवहार नै सत्य जाच्ने कसी हुन सक्छ । द्वन्द्वात्मक भौतिकवादी ज्ञान सिद्धान्तमा व्यवहारको दृष्टिकोण प्रमुख र आधारभूत दृष्टिकोण हो" । माओका शब्दहरूमा अभिव्यक्त यो मार्क्सवादी पद्धतिको आलोकमा एकता केन्द्रको निर्माण र फूटका पछाडि रहेका वस्तुगत कारणहरूको गम्भीर विश्लेपण, त्यसका सीमा र संभावना, सवल र कमजोर पक्षको यथार्थपरक विवंचना नेपालको समग्र कम्युनिष्ट आन्दोलनको पृष्ठभूमिमा यो घटनाको विश्लेपण गरिने अपेक्षा मूल्यांकनबाट राखिनु शायद अतिशयोक्तिपूर्ण थिएन । तर त्यस उत्तरदायित्वलाई निर्वाह गर्नुको सट्टा टेबलमा, चौरमा या चौबाटोमा बसेर "पर्याप्त छलफल" वा "वैचारिक अर्न्तक्रिया" गरिदिए सबै समस्याहरू हल भै जाने एक मात्र उपायको खोजी गरेर रमाइरहेका मूल्यांकनका संपादकहरूको यथार्थ अवलोकन गर्दा वहाँहरूको द्वन्द्ववाद भौतिकवादी हो कि "आदर्शवादी" ? यो प्रश्न उठाउनु आवश्यक भै सकेको छ भन्ने मलाई लागेको छ ।

अन्तमा, द्वन्दात्मक भौतिकवादी विश्व दृष्टिकोणद्वारा जीवन र जगतलाई हेर्ने तथा त्यस पद्धतिद्वारा घटनाक्रमहरूलाई विश्लेषण गरी पाठकहरू बीच पुऱ्याउने कार्यमा सह्रानीय भूमिका निभाउँदै आएको मूल्यांकनले आफ्नो चिन्तन पद्धतिमा मनोगत र वस्तुगतको बीच उत्पन्न भईरहेको खाल्डोप्रति आँखा चिम्लने कार्य गऱ्यो भने वा विचार र व्यवहारलाई अलग्याएर हेर्ने गर्न थाल्यो भने यसले आम नेपाली जनतामा जन्माएको अपेक्षासँग आफैले न्याय गर्न सक्ने छैन । जन प्रतिबद्ध वौद्धिकताको अझै पनि खोजी परेको हाम्रो देशमा मूल्यांकन जस्तो पत्रिकाले उच्च महत्व राख्दछ । शोषित उत्पीडितहरूको आन्दोलनमा मूल्यांकनको महत्वपूर्ण भूमिका भएकोले पनि यसको दृष्टिकोण सम्बन्धी विचलनबारे तुरुन्तै औलो ठड्याउनु मूल्यांकनका शुभ चिन्तक हामी सबैको कर्तव्य हुन आउँदछ ।

माओका निम्न लिखित हरफहरूले स्वयं मूल्यांकनका सम्पादकहरूलाई पनि उक्त कर्तव्य निर्वाह गर्न अभिप्रेरित गर्ने छ भन्ने मैले आशा राखेको छु-

"आदर्श र यांत्रिक भौतिकवाद, अवसरवाद र दुस्साहसवाद सबैको यो विशेपता हुन्छ कि उनीहरूमा मनोगत र वस्तुगत बीच खाल्डो हुने गर्छ, ज्ञान र व्यवहारमा पृथकता हुन्छ । मार्क्सवादी-लेनिनवादी ज्ञान सिद्धान्त, जसको विशेषता वैज्ञानिक सामाजिक व्यवहार हो, यी गलत विचारधाराहरूको दृढताका साथ विरोध नगरी रहन सक्तैन ।"

❑ ❑

# १९९१ को रुसी सैनिक विद्रोह बैध सावित



*रुसको सर्वोच्च अदालतले अगस्त १९९१ मा राष्ट्रपति गोर्वाचोभ विरुद्ध सैनिक विद्रोह गर्ने तात्कालीन सोभियत थल सेनाध्यक्ष तथा उपरक्षामन्त्री भ्यारेन्निकोभलाई निर्दोष सावित गरेर सारा संसारलाई चकित पारिदिएको छ । यही श्रावण २७ गते गरिएको फैसलामा भनिएको छ- "भ्यारेन्निकोभको कार्यमा सोभियत संघको रक्षा सामर्थ्य र सुरक्षालई क्षति पुऱ्याउने कुनै पूर्वचिन्तन थिएन । उनी आफ्नो कार्यमा सोभियत संघको स्वार्थबाटै निर्देशित थिए ।"*

*स्मरणीय छ- त्यस विद्रोहमा थल सेनाको परिचालन भ्यारेन्निकोभले नै गरेका थिए । र उनलाई राज्य विद्रोह गरेको मुद्दा लगाइएको थियो । तर विद्रोहमा उनको कार्यलाई उनी "सोभियत संघको स्वार्थबाटै निर्देशित थिए" भन्ने फैसला गरेर रुसी सर्वोच्च अदालतले त्यतिखेरको सैनिक विद्रोहलाई गैर कानूनी होइन, बैध र सोभियत संघको लागि आवश्यक ठहऱ्याएको छ । यसबट रुसी सर्वोच्च अदालत सोभियत संघ पुनर्निमाणको पक्षमा रहेछ भन्ने कुरा पनि स्पष्ट भएको छ । यस अर्थमा यो एउटा ऐतिहासिक महत्वको फैसला भएको छ ।*


*उल्लेखनीय छ, यो मुद्दाको अदालतमा बहस हुँदा भ्यारेन्तिकोभले गोर्वाचोभकै अगाडि उनलाई "गद्दार" भनेर आरोप लगाएका थिए ।*

*यसैबीच, गत भाद्र ९ गते रुसका किसान र कम्युनिष्ट कार्यकर्ताहरूले एक विशाल जुलूस गरी प्रतिक्रियावादी येल्तसिन सरकारको राजीनामाको माग गरेका छन् ।*

❑ ❑

प्रतीक्षाको फल मीठो हुन्छ !

नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको अत्याधुनिक स्रोतको रूपमा प्रकाशित हुँदैछ



ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी

मूल्यांकनको सहकर्मी

युवा

मासिक पत्रिका

प्रकाशनको तयारी भैरहेको छ !

युवाहरूको लागि
तपाई कस्तो खालको युवा पत्रिका
चाहनु हुन्छ ?
आफ्ना चाहना र चाहना अनुरूपका
सरल रचनाहरू लेख्ने जमर्को गर्नुस्,
हाम्रो ढोका सधैं खुला रहनेछ ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

फोन : २१३६९४
पो.ब.नं.: ३०२६, काठमाडौं

# हामी होइन, एमाले जिम्मेवार छ

## पाठकको प्रश्नमा क. रोहितको जवाफ



*विभिन्न वामपन्थी नेताहरूसँग आफ्ना जिज्ञासाहरू राखी "मूल्यांकन" मार्फत प्रश्न गर्ने पाठकहरूको पहिलेदेखि नै माग रहिआएकोमा यस अंकबाट हामीले उहाँहरूको माग बमोजिम यो स्तम्भमा पाठकका प्रश्न र नेताहरूका उत्तरहरू प्रस्तुत गर्दैछौं । एक पत्रमा एक प्रश्नभन्दा नबढाई आफ्ना जिज्ञासाहरू सोधी पठाउनु भएमा हामी यहाँहरूका प्रश्नहरू नेताहरूसमक्ष राखी उहाँहरूबाट प्राप्त जवाफ प्रकाशित गर्ने छौं ।*

**हरि रिमाल , चितवन**

*"सानै भए पनि हामीहरूले तपाईंको पार्टी ने.म.कि.पा लाई राम्रै मानिरहेका थियौं । तर यसपालि आजीब लाग्यो । तपाईंले बुर्जुवा व्यवस्थामा यस्तै त हुन्छ भनेर गिरिजाको संसद भंग गर्ने असंवैधानिक र तानाशाही कदमलाई पनि घुमाउरो पाराले समर्थन गर्नु भो । संयुक्त आन्दोलनमा पनि आउनु भएन । तपाईंको जस्तो पाको क्रान्तिकारी पार्टीले किन यस्तो गर्‍यो ? भेउ पाउनै सकिएन । स्पष्ट पारिदिनु हुन्थ्यो कि ?*

**क. रोहितको उत्तरको सारांश**

हाम्रो पार्टी नेपाल मजदूर-किसान पार्टीको नीतिबारे चासो लिनुभएकोमा धन्यवाद !

मैले सडक र सदनमा एक वर्ष अगाडि नै २-४ वटा कुरा प्रष्ट पारेको थिएँ-

एक, संसदीय व्यवस्थामा प्रधानमन्त्रीसँग मध्यावधि निर्वाचनको भरेको बन्दूक रहन्छ ।

दुई, प्रमुख प्रतिपक्षी दलले मध्यावधिको हाँकसँग तर्सने र विरोध गर्ने होइन बरु विपक्षले नै सरकारप्रति विश्वास गुमाएकोमा मध्यावधिको माग गर्नुपर्छ,

तेस्रो, नेपाली कांग्रेस नै गिरिजा हो, गिरिजा नै नेपाली कांग्रेस हो,

चौथो, संसदीय व्यवस्थामा संसदीय दलका नेता प्रधानमन्त्री हुन्छ र पार्टीकै नेता प्रधानमन्त्री हुन्छ, यस अर्थमा अहिले नेपाली कांग्रेसको वास्तविक नेता प्र.म. गिरिजा हो । प्र.म. नेहरु र पार्टी अध्यक्ष इन्दिरा गान्धी, प्र.म. इन्दिरा गान्धी र अध्यक्ष बरुवा आदिको उदाहरण प्रस्तुत गरेको थिएँ ।

पाँचौं, 'सर्वमान्य नेता' कोटमा सिउरिने फूल मात्रै हो- पार्टी र संसदीय पार्टीमा त्यसको खास बन्दोवस्त छैन ।

छैठौं, नेकाको अध्यक्ष भट्टराई माओत्सेतुङ्गको पालाको चिनियाँ कम्युनिष्ट पार्टीको अध्यक्ष होइन, वा कम्युनिष्ट पार्टीहरूको महासचिव होइन । यसकारण वाम आन्दोलन 'सर्वमान्य नेता' र 'अध्यक्ष भट्टराई' को भरमा गरिनु हुन्न आदि आदि ।

एमालेले गिरिजा सरकारलाई पतन गराउन न ३६ समूहको विश्वास प्राप्त गर्ने काम गर्न सक्यो, न त आफूले समर्थन दिने विश्वास दिलाउनसक्यो । यसबारे एमालेका हरेक चाल कच्चा सावित भयो । वामपन्थी पार्टीहरूलाई ने.का. सँगको सम्बन्धमा यसले अँध्यारोमा राख्यो ।

२६ असारको सदनको कार्यक्रमअनुसार संसदले २-४ दिनभित्रै ४ वटा विषयमा निर्णय गर्नुपर्ने थियो । ती हुन्- एक, सरकारको नीति तथा कर्याक्रमबारे धन्यवादको प्रस्ताव पास गर्नु, दोस्रो, पेश्की बजेट पास गर्नु, तेस्रो, धमिजा काण्डमा निर्णय गर्नु र चौथो, बजेटमाथि छलफल गर्नु र निर्णय गर्नु ।

प्रधानमन्त्री गिरिजाको निम्ति सबभन्दा अप्ठेरो र महभियोग सरहको मुद्दा सामना गर्नुपर्ने विषय हो- धमिजा काण्ड, जसबारे संसदीय सार्वजनिक लेखा समितिले आवश्यक बन्दोवस्त गरिसकेकै थियो ।

कथंकदाचित यसबाट पनि सफाई पाएको खण्डमा बजेटको छलफलमा सरकारलाई पतन गराउने संभावनालाई हेर्न सकिन्थ्यो । यसकारण प्र.म. गिरिजाको हकमा नीति तथा कार्यक्रममै सामना गर्नु बेहत्तर थियो ।

उनलाई थाहा थियो- ३६ जना उपस्थित नभएमा नीति तथा कार्यक्रममा अल्पमतमा पारिन्छ । त्यस्तो स्थितिमा पेश्की बजेट पास गर्न अध्यादेश जारी गराउनुपर्ने हुन्छ । तर संसद बसिरहँदा अध्यादेश जारी गरिँदैन । र, संसद भंग गरी नयाँ चुनावको घोषणा गर्ने बाटो खुल्ला हुन्छ, जसको निम्ति प्र.म. गिरिजा पहिले नै तयार थिए ।

यस्ता स्थिति र जटीलताबाट एमाले पूरै अनभिज्ञ देखियो, बरु प्र.म. गिरिजाले चाहेकै स्थिति एमालेले तयार पार्‍यो वा एमाले 'ठूलो षड्यन्त्र' भित्र पर्‍यो वा एमालेले प्रमुख प्रतिपक्षको भूमिका समुचित ढंगले निर्वाह गर्न सकेन ।

एक दिन अगाडि नै प्र.म. गिरिजाले विरामी सभामुखलाई डाक्टरको सल्लाहअनुसार आराम गर्ने र संसदमा उपस्थित नहुने सल्लाह दिनु, अध्यक्ष भट्टराई र ३६ जनालाई सदनमा बोलाई बहुमत प्राप्त गर्न नखोज्नु र स्थगित भएको सदनको बैठकलाई समयमै बसी स्थितिको सामना गर्न खोज्नु वा प्र.म. तयार हुनु आदिले प्र.म. ले चाहेको पाइला एमालेले चालेको प्रष्ट छ ।

अब प्रश्न उठ्न सक्छ- एमाले, ३६ समूह वा अन्य कहाँ-कहाँ को-को षड्यन्त्रका सहभागी भएका छन्- जानी-नजानी वा उग्र वा नरम नाराको घुम्टोमा ?

प्र.म. गिरिजा सरकार अल्पमतमा पर्नासाथ सरकारको राजीनामाको माग संसदीय व्यवस्थामा स्वाभाविक थियो । एमाले संयुक्त सरकारको पक्षमा थियो भने अन्य पार्टीहरू सर्वदलीय सरकारको पक्षमा थिए ।

संसदको बैठक स्थगित भयो । सभामुखको कोठामा सर्वदलीय बैठक बस्यो । प्रश्न पेश्की बजेट पास नभएमा देशको शासन व्यवस्था नचल्ने कुरा उठ्यो । जसको समयमै समाधान नभए अध्यादेश जारी गर्नुपर्ने कुरा पनि उठ्यो । एमाले यसबारे गम्भीर थिएन र खालि 'आज रातिसम्ममा प्र.म. गिरिजाले राजदरबारमा गई राजीनामा दिनुपर्छ' र 'अर्को सरकार एमालेको हुन्छ, भन्ने मात्रै रट लगाइएको थियो ।

त्यसबेला ३६ जनासँग मिलेर एमालेको संयुक्त सरकार बानाउन तयारी गर्ने वा एक महिनाभित्र आफूले सदनमा बहुमत प्राप्त गर्ने जस्ता सल्लाहलाई एमालेका नेताहरूमा सुन्ने धैर्य नै थिएन । तर उता प्र.म. गिरिजा तुरून्तै बालुवाटार गई पुनः आफू संसदीय नेता चुनिए र त्यसैको बलमा राजाकहाँ पुनः आफू सबभन्दा बहुमत भएको पार्टी नेताको दावेदार बन्ने स्थितिमा पुगे ।

यी सबै घटना एक प्रकारले नियोजित र व्यवस्थित देखिन्थ्यो । एमालेको यस्तो कुनै योजना र बन्दोवस्त देखा परेन । त्यसपछिका घटनाबारे सबैलाई प्रष्टै छ ।

संसदीय व्यवस्थामा प्र.म. को हातमा मध्यावधिको भरेको बन्दूक हुन्छ भन्ने थाहा पाएपछि प्रमुख प्रतिपक्ष दलले पहिले नै त्यसको निम्ति तयार रहनुपर्ने थियो । ने.म.कि.पा. ले त नेपाली कांग्रेसको त्यस हाँकलाई पहिले नै स्वीकार गरिसकेकै थियो, त्यस दृष्टिकोणलाई फेर्ने पक्षमा म थिइनं ।

दोस्रो, एमाले न संघर्षको मुद्दामा थियो, न त निर्वाचनको तयारीमा ! साह्रै ठूलो द्विविधामा एमालेका नेताहरू थिए । फेरि नेतृत्व मै मतभिन्नता भएको कुरा बाहिर देखापरिसकेको थियो ।

तेस्रो, मलाई एमाले अन्तिम घडीसम्म संघर्षमा रहनेछ भन्ने विश्वास थिएन र अन्य वामपन्थीहरूलाई संघर्षमा उतारेर एमाले पुनः नेपाली कांग्रेससँग सम्झौतामा पुग्छ, चुनावको तालमेलमा पुग्छ, राजनैतिक पीडित कोषको रकम लिएर निर्वाचन खर्चमा सहयोग पुर्‍याउँछ र स-साना पार्टीको काँधमा बन्दूक अड्याई हित साध्ने, स-साना पार्टीसहितको संयुक्त आन्दोलनको पूँजीबाट चुनावमा नाफा लिने र आन्दोलनलाई चुनावमा प्रयोग गर्ने संभावनाले संयुक्त आन्दोलनप्रति आशंका भएको हो । यसरी वामपन्थी पार्टीहरू र जनता फेरि धोखामा पर्ने छन् भन्ने मेरो विश्लेषण रह्यो । त्यसअनुसार एमालेले साउन ९,१० र ११ गतेको नेपाल बन्द फिर्ता लिने प्रस्ताव नै ल्यायो- नेपाली कांग्रेस (महामन्त्री निधि) सँग समझदारीमा पुगेर । संयुक्त जनमोर्चा र मसालका साथीहरूले अडान नलिएको भए साउन ९ गतेको एक दिने बन्द पनि पूर्ण रुपले फिर्ता लिई जनतालाई फेरि धोखा दिने थियो ।

सं.ज.मो. र मसालका साथीहरूसँग सल्लाह हुँदा हामीले प्रष्ट भाषामा भनेका थियौं- एमाले सत्ताको साझेदारी र निर्वाचनको मुद्दामा छ । यसकारण कुनै पनि बेलामा ने.का. सँग सम्झौता गर्ने संभावना भएको हुनाले आन्दोलन टुंगोमा पुर्‍याउने छैन । यदि एमालेले चुनाव छोडी आन्दोलनलाई टुंगोमा पुर्‍याउने भयो भने हामी कुनै पनि बेला आन्दोलनमा सरिक हुन तयार छौं । तर त्यसको संभावना नदेखिएको हुँदा हाम्रो पार्टीले एक्लै पनि गिरिजाको राजीनामा, संविधानका अप्रजातान्त्रिक धाराहरूको खारेजी र निर्वाचन आयोगको पक्षपाती नीतिको विरोधमा संघर्ष जारी राख्यो ।

त्यसैले, आजको स्थिति आउनुमा हामी होइन, एमालेको संझौतावादी नीति र विश्वासघात जिम्मेवार छ । ❑ ❑

## १७ पेजको बाँकी

- ❑ सेक्रेटरियटका सभापति - क. शेई
- ❑ स्थायी अध्यक्ष मण्डलका सदस्य- क. शोजी नीहारा
- ❑ केन्द्रीय समितिका १४७ सदस्य र ४५ जना बैकल्पिक सदस्य सर्वसम्मतिद्वारा निर्वाचित
- ❑ ५३ सदस्यीय अध्यक्ष मण्डल तथा प्रमुख पदाधिकारीहरूको चुनाव
- ❑ पोलिटब्यूरो सरहको स्थायी अध्यक्ष मण्डलको निर्वाचन
- ❑ गएको महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका सदस्यहरूको तुलनामा १४ जना कम मात्रै निर्वाचित
- ❑ के.स. का सदस्यहरूको औसत उमेर पहिले ५८.३ थियो भने अहिले त्यो घटेर ५४ वर्ष भएको छ ।
- ❑ के.स. मा महिलाहरूको प्रतिनिधित्व १८.९ % बाट बढेर १९.३ % पुगेको छ ।
- ❑ के.स. बाट सेवानिवृत्त भएका १५ जना सदस्यहरूलाई अध्यक्ष मण्डलको मानार्थ सदस्यमा र ३९ जनालाई सल्लाहकार समितिमा राखिएको छ ।

❑ ❑

शुद्धताको प्रतीक राजहंस

सुशील वनस्पति प्रा. लि.

राजहंस

वनस्पति घ्यू सोयाविन तेल

**केवल दिनको रु. १०।- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्**

०१. सदस्य भएको मितिदेखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

०२. केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

०३. सदस्य भएको मिति देखि ३ महिनापछि साना-तिना व्यापार गर्न, साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नु होस्

**हिमालय ढिकुरी कार्यक्रम,**

**नेपाल**

ताहाचल, नेपाल, फोन २७०५८६

नेपाली प्रगतिशील साहित्यिक त्रैमासिकहरू

**वेदना**

**लहर**

**कलम**

पढ्ने गर्नुहोस् ।

# के तपाई मूल्यांकनको नि:शुल्क ग्राहक बन्न चाहनु हुन्छ ?

मूल्यांकनको नियमित ग्राहक बनाउनु होस् तपाई स्वत: यसको नि:शुल्क ग्राहक बन्नुहुनेछ ।

मूल्यांकन ग्राहक अभियान अन्तर्गत यसको नियमित गग्राहक बनाउने प्रत्येक व्यक्तिलाई प्रोत्साहन स्वरुप निम्नानुसार नि:शुल्क ग्राहक बनाइने छ:

५ जना दुई वर्षे ग्राहक बनाउनेलाई एक वर्षको नि:शुल्क ग्राहक
१० जना वार्षिक ग्राहक बनाउनेलाई एक वर्षको नि:शुल्क ग्राहक
५ जना वार्षिक ग्राहक बनाउनेलाई ६ महिनाको नि:शुल्क ग्राहक
१० जना अर्ध वार्षिक ग्राहक बनाउनेलाई ६ महिनाको नि:शुल्क ग्राहक
५ जना अर्ध वार्षिक ग्राहक बनाउनेलाई ३ महिनाको नि:शुल्क ग्राहक

**मूल्यांकन ग्राहक अभियान**

**के तपाई आफ्नै घरमा बसी–बसी मूल्यांकन पढ्न चाहनुहुन्छ ? मूल्यांकनको नियमित ग्राहक बन्नुहोस् र ग्राहक शु:ल्क र हुलाक महशूल हामीकहाँ पठाउनु होस् । हामी हुलाकमार्फत तपाईको घर घरमा पत्रिका पुऱ्याइदिन्छौं ।**

| अवधि | पाइने अंक | ग्राहक महशूल दर | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल | हुलाक शुल्क | भारत | हुलाक शुल्क | अन्य मुलुक |
| बार्षिक | १२ अंक | रू. १७०।- | रू. ३०।- | भा.रू. १५०।- | भा.रू. ३०।- | अमेरिकी डलर १२ |
| अर्द्ध बार्षिक | ६ अंक | रू. ८५।- | रू.१५।- | भा.रू. ७५।- | भा.रू. १५।- | अमेरिकी डलर ६ |
| दुई वर्षे | २४ अंक | रू. ३३०।- | रू. ६०।- | भा.रू. २९०।- | भा.रू. ६०।- | अमेरिकी डलर २३ |
| तीन वर्ष | ३६ अंक | रू. ५००।- | रू. ९०।- | भा.रू. ४४०।- | भा.रू. ९०।- | अमेरिकी डलर ३४ |

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**


दशौं वर्षदेखि सबैको
स्वाद तथा सन्तुष्टिको प्रतिक
रारा
सबै · लाई मन पर्ने, सबै को
अब तपाईंको लागि !
रारा तैयारी चाउचाउ का प्याकेटहरुभित्र
▪ स्कुटर ▪ फ्रीज
▪ सिलाई मेशिन
▪ राईस कुकर ▪ फुटबल
का साथै रु. ५/-, २/- र १/- का नगद उपहार कुपनहरु पनि राखिएकाछन् । रारा तैयारी चाउचाउको स्वाद लिनुहोस् अनि विभिन्न आकर्षक उपहारहरु आजै प्राप्त गर्नुहोस् ।
छिटो गर्नुहोस्, यो योजना नेपाल अधिराज्यभरी सीमित अवधीका लागि मात्र लागू गरिएकोछ ।
उपहारका लागि नजिकका अधिकृत बिक्रेताहरुसँग सम्पर्क राख्नुहोस् ।
गण्डकी नुडल्स् प्रा. लि.